# विषय- सूची


| | | पृ.सं. |
|---|---|---|
| | **कार्यकारी सारांश** | **i - iv** |
| १ | परिचय | १-३ |
| २ | अध्ययन विधि र सीमाहरु | ४ |
| ३ | समष्टिगत आर्थिक स्थिति | ५-२२ |
| | ३.१ आर्थिक बृद्धि | |
| | ३.२ राष्ट्रिय उत्पादक स्थिति | |
| | ३.२.१ कृषि क्षेत्र | |
| | ३.२.२ उत्पादक मूलक औद्योगिक क्षेत्र | |
| | ३.२.३ अन्य क्षेत्र | |
| | ३.२.४ पर्यटन क्षेत्र | |
| | ३.३ मूल्य स्थिति | |
| | ३.३.१ शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क | |
| | ३.३.२ मूल्य बृद्धि दरको प्रक्षेपण | |
| | ३.३.३ मौद्रिक स्थिति एवं मौद्रिक योगाङ्कहरुको प्रक्षेपण | |
| | ३.४ बैदेशिक ब्यापार | |
| | ३.५ शोधान्तरको स्थिति | |
| | ३.६ विदेशी विनिमय संचिति | |
| | ३.६.१ विदेशी विनिमय संचितिको अनुमान | |
| | ३.७ वित्तीय संस्था र पूँजी बजार | |
| | ३.८ वित्तीय क्षेत्र सुधार | |
| | ३.८.१ नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनरसंरचना | |
| | ३.८.२ नेपाल राष्ट्र बैंकको सुदृढीकरण | |
| | ३.८.३ वित्तीय क्षेत्रको क्षमता अभिबृद्धि | |

३.९ आन्तरिक ऋण व्यवस्थापन

३.१० आ.ब. २०६२/०६३ को प्रथम पाँच महिना (मार्ग मसान्त) को लघु वित्त प्रगति विवरण

क. ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम [Production Credit for Rural Women (PCRW)]

ख. महिलाका लागि लघु कर्जा परियोजना [Micro Credit Project for Women (MCPW)]

ग. पश्चिम तराई गरीबी निवारण आयोजना [Poverty Alleviation Project in Western Terai (PAPWT)]

घ. सामुदायिक भूमिगत जल सिंचाई सेक्टर आयोजना [Community Ground Water Irrigation Sector Project (CGISP)]

ङ. ग्रामीण स्वावलम्बन कोष (RSRF)

च.ग्रामीण विकास बैंकहरु

४ सार्वजनिक संस्थानहरुको निजीकरण २३-२५

५ वैदेशिक स्रोत परिचालन २६-२७

६ बजेटका नीति तथा कार्यक्रमहरुको प्रगति विवरण २८-४२

(क) नीति तथा कार्यक्रमहरुको कार्यान्वयन स्थिती

(ख) कायकार्यान्वयन नभएका वा न्यून प्रगती भएका तथा समिक्षा अवधि सम्म पनि प्रगती विवरण प्राप्त हुन नआएका नीति तथा कार्यक्रम

७ अर्धवार्षिक खर्च र खर्चका स्रोतहरुको विश्लेषण ४३-४८

७.१ पुस मसान्तसम्मको खर्चको स्थिति

७.२ पुससम्मको साधन परिचालन

८ उच्च प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयन प्रगति ४९-७९

९ संशोधित आय व्यय अनुमान र सोका आधारहरु ८०-८३

९.१ समष्टिगत आर्थिक वृद्धि

९.२ राजस्व अनुमान

९.३ स्रोत परिचालनका लागि बांकी अवधिमा गर्नु पर्ने काम

| | | |
|---|---|---|
| १० | सुधार कार्यक्रमहरुको समीक्षा | ८४-८५ |
| | १०.१ शासकीय सुधार कार्यक्रम, २०६० | |
| | १०.२ सार्वजनिक क्षेत्र व्यवस्थापन कार्यक्रम | |
| ११ | निश्कर्ष | ८६-८७ |

## अनुसूचीहरु

| | |
|---|---|
| १ | आर्थिक वर्ष २०६२ को पुस महिनासम्मको खर्च र संशोधित अनुमान |
| २ | आर्थिक वर्ष २०६२/६३ को पुस महिनासम्मको क्षेत्रगत खर्च |
| ३ | आर्थिक वर्ष २०६२/६३ को पुस महिनासम्मको आर्थिक वर्गीकरण अनुसारको खर्च |
| ४ | आर्थिक वर्ष २०६२/६३ पुस महिनासम्मको राजस्व असूली |
| ५ | प्रत्यक्ष भुक्तानीतर्फ २०६२ पुससम्मको खर्च विवरण |
| ६ | थप बजेट माग/निकासाको स्थिति |
| ७ | २०६२ पुस मसान्तसम्म श्री ५ को सरकारले उठाएको आन्तरिक ऋण वापतको कूल दायित्व |
| ८ | शासकीय सुधार कार्यक्रम कार्यान्वयन क्रममा सहमति भएका विषयहरु को कार्यान्वयन अवस्था |

# कार्यकारी सारांश

चालु आर्थिक वर्ष २०६२।६३ को बजेटका प्रमुख उद्देश्यहरु शान्ति वहालीको लागि लगानी गर्ने, आर्थिक क्षेत्रको विकासका निजी क्षेत्रलाई नेतृत्वदायी भूमिकामा स्थापित गर्न मार्ग प्रशस्त गर्ने तथा अति गरिव एवं पिछडिएका वर्गको आर्थिक, मानवीय र सामाजिक परिसूचकमा सुधार ल्याउने रहेको थियो । बजेटका उल्लिखित उद्देश्यहरु हासील गर्ने तर्फ विगत ६ महिनामा भएका प्रगतिहरुको मूल्यांकन गर्न र बजेटका उद्देश्यहरु हासिल गर्न आर्थिक वर्षको वांकी अवधिभित्र चाल्नु पर्ने कदम समेतका लागि प्रस्तुत मध्यावधि मूल्यांकन प्रतिवेदन तयार गरिएको हो ।

यो मूल्यांकन प्रतिवेदन वस्तुतः देशको समष्टिगत आर्थिक स्थिति, सार्वजनिक संस्थानहरुको निजीकरण तथा व्यवस्थापकीय सुधार, बैदेशिक श्रोत परिचालन, बजेटका नीति तथा कार्यक्रमहरुको प्रगति विवरण, बजेट कार्यान्वयन तथा खर्चको अवस्था एवं उच्च प्राथमिकता प्राप्त केही आयोजनाहरुको कार्यान्वयन प्रगतिमा आधारित रहेको छ । श्री ५ को सरकारले विगत केही वर्षदेखि संचालन गरेका सुधार कार्यक्रमहरुको समीक्षा समेत यो प्रतिवेदनमा समेटिएका छन् ।

चालू आर्थिक वर्षमा समग्र आर्थिक वृद्धिदर उत्पादनको मूल्यमा ४.५ प्रतिशत हुने प्रक्षेपण गरिएकोमा विगत ६ महिनाको प्रगतिका आधारमा यस्तो वृद्धिदर ३.५ प्रतिशत रहने अनुमान छ ।

चालु आर्थिक वर्षको प्रथम ६ महिनाको औसत मूल्य सूचकांङ्क ७ प्रतिशत ले वृद्धि भएको छ भने गत वर्ष यस्तो वृद्धिदर ४.६ प्रतिशत रहेको थियो । यसो हुनको प्रमुख कारणमा अन्तर्राष्ट्रिय तवरमा नै पेट्रोलियम पदार्थको मूल्यमा बृद्धि भईरहेको र सोको आधारमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गरिनु हो । देशको समुचित आर्थिक स्थायीत्वको लागि २०६२ पौष मसान्त पछि भन्सार दरबन्दीमा पूनरावलोकन गरिनुका साथै विल बिजक जारी गर्ने प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी बजार अनुगमन क्षमता अभिबृद्धि जस्ता कदमहरु चालीएको फलस्वरुप चालु आर्थिक बर्षको मूल्य बृद्धि दर ७ प्रतिशतमा नै स्थिर रहने अनुमान गरिएको छ । तथापी, यो प्रतिवेदन तयार गर्दा गर्दै पेट्रोलियम पदार्थको मूल्यमा पूनःबृद्धि भएका कारणबाट मूल्य बृद्धिमा थप चाप पर्न जाने छ ।

मुद्रा प्रदाय तर्फ चालु आर्थिक वर्षको प्रथम पाँच महिनामा विस्तृत मुद्रा प्रदायको वृद्धिदर ४.८ प्रतिशत रहेको छ, जवकी गत वर्षको सोही अवधिमा यस्तो वृद्धिदर २.५ प्रतिशत रहेको थियो । खूद वैदेशिक तथा आन्तरिक सम्पत्तिः दुवैतर्फको वृद्धिदर गत वर्षको तुलनामा यस वर्ष उच्च रहन गएको कारणले गर्दा विस्तृत मुद्रा प्रदाय अघिल्लो वर्षको तुलनामा बढ्न गएको हो । साथै, मुद्रा प्रदायको अर्को विस्तारकारी कारक आन्तरिक कर्जा यस वर्ष ४ प्रतिशत ले वृद्धि भएको छ । गत वर्ष कूल आन्तरिक कर्जा ४ प्रतिशत कै हाराहारीमा वृद्धि भएको थियो । मूलत : निजी क्षेत्रमा प्रवाहित बैंक कर्जामा विस्तार आएको कारण कूल आन्तरिक कर्जामा बृद्धि हुन गएको छ ।

गत वर्षको प्रथम पाँच महिनामा ४.२ प्रतिशतले बढेको आवधिक निक्षेप यस वर्ष ५.८ प्रतिशतले बढेको छ । निजी क्षेत्रको विप्रेषण आय र बढ्दो निर्यातका कारण यस वर्ष आवधिक निक्षेप वढी दरले वृद्धि हुन गएको हो । यसका साथै चालु आर्थिक बर्षको मंसिर मसान्तसम्ममा वाणिज्य बैंकहरुवाट निजी क्षेत्रमा गएको कर्जा ६.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जामा ६.४ प्रतिशतले वृद्धि हुन गएको थियो ।

वैदेशिक व्यापारतर्फ चालु आर्थिक वर्षको प्रथम ६ महिनामा निर्यातको तुलनामा आयातमा अत्यन्त ठूलो बृद्धि भएकाले ब्यापार घाटा तीब्र रुपमा बढेको छ । यो अवधिमा कूल निर्यात गत वर्षको सोही अवधिको तुलनामा १०.५ प्रतिशतले वृद्धि भई रु.३१ अर्व ०३ करोड पुगेको छ भने गत वर्ष सोही अवधिमा ८.८ प्रतिशतले बृद्धि भएको कूल आयात यस वर्ष १८.६ प्रतिशतले बढी रु.८२ अर्व १५ करोड पुगेको छ ।

विदेशी मुद्रा संचिति तर्फ गत वर्षको मंसीर मसान्तमा १.४ प्रतिशतले घटेको तुलनामा यस वर्षको सोही अवधिमा ७.८ प्रतिशतले वृद्धि भएको छ । यस वर्षको अन्तसम्ममा वैदेशिक मुद्राको सञ्चिति रु. १४० अर्व पुगी १०.४ महिनाको वस्तु आयात र ८.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने अनुमान गरिएको छ ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा गत वर्षको सोही अवधिको तुलनामा शेयर बजारको कारोवारमा सुधार आई नेप्से परिसूचक विन्दुगत आधारमा २७.५ ले बढी ३०५.५ पुगेको छ । २०६१ पुस मसान्तमा रु.४६ अर्व ४६ करोडको बजार पूँजीकरण भएकोमा यो बर्षको पौष मसान्तसम्म ६२.७४ प्रतिशतले बृद्धि भई रु. ७४ अर्व ५ करोड पुगेको छ ।

सार्वजनिक संस्थानहरुले सरकारमाथि सिर्जना गरेको दायित्व कम गर्दै लैजाने नीति अनुरुप यस्ता संस्थाहरुलाई क्रमशः खारेज /निजीकरण/व्यवस्थापन सुधार गर्ने नीतिलाई निरन्तरता दिईएको छ । हालै मात्र पेट्रोलियम पदार्थको मूल्य स्वचालित रुपमा निर्धारण हुने व्यवस्था श्री ५ को सरकारले मिलाएको छ।

वैदेशिक स्रोत परिचालनतर्फ चालु आर्थिक वर्षको प्रथम ६ महिनामा रु. १२ अर्व ३५ करोड ७५ लाख अनुदान सहायता र रु. १ अर्व ९२ करोड ५४ लाख ऋण सहायता गरी जम्मा रु. १४ अर्व २८ करोड २९ लाख बराबरको वैदेशिक सहायता प्राप्त हुनेगरी सम्झौता भएको छ । गत वर्षको सोही अवधिमा रु. २३ अर्व १२ करोड ७८ लाख रहेको थियो ।

आर्थिक वर्ष २०६२।६३ को बजेट वक्तव्यमा घोषित नीति तथा कार्यक्रमहरुको हालसम्मको कार्यान्वयन स्थिति विश्लेषण गर्दा केही नीति तथा कार्यक्रम तोकिएको समयभित्रै सम्पन्न वा अधिकांश रुपमा सम्पन्न भएका छन्, केही कार्यान्वयनको क्रममा रहेका छन् भने केही बाँकी नीति कार्यक्रमहरुको प्रगति नगन्य वा कुनै प्रगति नै हुन नसकेको स्थिति छ । यद्यपि, यस बर्ष देखि अर्थ मन्त्रालयले बजेट बक्तव्यद्धारा घोषित नीतिहरुको कार्यान्वयन स्थितिको अर्थमन्त्री स्तरबाटै अनुगमन गर्ने गरेकोले यी नीति तथा कार्यक्रमहरुको कर्यान्वयन तुलनात्मक रुपले प्रभावकारी हुने देखिन्छ ।

विकास खर्च प्रभावकारी रुपमा हुने गराउन प्रथम प्राथमिकता प्राप्त आयोजनाहरुलाई निर्वाध रुपमा निकासा प्रदान गर्ने व्यवस्था गरिएको छ । पुस मसान्तसम्म जम्मा खर्च रु.४० अर्व २७ करोड ४६ लाख भएको छ जुन गत वर्षको सोही अवधिको तुलनामा ८.९% बढी छ । प्रथम छ महिनामा चालु खर्च रु.२८ अर्व ५४ करोड, पूँजीगत खर्च रु.४ अर्व ९० करोड र ऋणको साँवा भुक्तानी रु.४ अर्व २४ करोड भएको छ । गत आर्थिक वर्षको तुलनामा समग्रमा साधारण खर्च बढेको छ भने प्राप्त विवरणका आधारमा विकास खर्च प्रथम छ महिनामा रु.१२ अर्व २७ करोड पुगी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७% ले वृद्धि भएको देखिन्छ । क्षेत्रगत आधारमा प्रथम छ महिनामा सवैभन्दा बढी खर्च शिक्षा क्षेत्रमा रु. ७ अर्व ८७ करोड ( नगद खर्च मात्र) भएको छ । खर्चको प्राथमिकीकरणका कारणले गर्दा खर्च गर्ने क्षमतामा वृद्धि भएको देखिन थालेको छ ।

राजश्व असूली तर्फ पुस मसान्तसम्ममा रु.३१ अर्व ५८ करोड ४९ लाख राजश्व संकलन भै गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.९% ले वृद्धि भएको छ । यद्यपि, गत वर्ष यसै अवधिको राजश्व संकलन वृद्धिदर १२.२% रहेको थियो । राजश्व असूली एवं खर्च दुबैको बृद्धि भएतापनि खर्चको तुलनामा राजश्व बृद्धिदर कम रहेको छ ।

उच्च प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयन स्थिति विश्लेषण गर्दा केही आयोजनाहरुको प्रगति अपेक्षित रुपमा भएको पाइएको छ । यस्ता आयोजनाहरुमा विशेषतः कर्णाली राजमार्ग (सुर्खेत–जुम्ला खण्ड) को निर्माण कार्य लक्ष्य अनुसार सम्पनन हुने देखिएको छ भने मध्य मर्स्याङदी जलविद्युत आयोजनातर्फ पनि उत्साहजनक प्रगति भएको छ । मुलुकमा विद्यमान शान्ति सुरक्षाको समस्याले गर्दा केही आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा अवरोध आई प्रथम ६ महिनाको प्रगति न्यून मात्र देखिएको छ । उदाहरणको लागि, मेलम्ची आयोजनाको कूल निर्माणमध्ये यस वर्ष मूल प्रवेशमार्ग निर्माण १२.२%, मूल प्रवेशमार्ग स्तर सुधार २२.७१% र एडिट प्रवेश मार्ग निर्माण ५७.१८% गर्ने लक्ष्य रहेकोमा चालु आर्थिक बर्षको पौष महिना व्यतित हुँदा यी कार्यहरुको प्रगति क्रमशः ४.५%, ७.९४% र २०.४४% मात्र रहेको छ । त्यस्तै गरी शिक्षा तर्फ सबैका लागि शिक्षा र विद्यालय हस्तान्तरण कार्यक्रम अर्न्तगत आर्थिक बर्ष भरीमा २००० वटा विद्यालय समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम रहेकोमा १९७ वटा विद्यालयहरु मात्र हस्तान्तरण हुनु ले बाँकी अवधिमा लक्ष्य अनुसार प्रगति नहुने स्पष्ट देखिएको छ । अतः यसका लागि विशेष प्रभावकारी कदमहरु अपनाउन आवश्यक देखिन्छ ।

चालु आर्थिक वर्षको बजेटको मध्यावधि मूल्याङ्कन गर्दा श्री ५ को सरकारका सुधार कार्यक्रमहरुको प्रगति स्थिति पनि समेटिएको छ । शासकीय सुधार कार्यक्रम अन्तर्गत केही मन्त्रालयहरुमा कार्यदक्षता तथा परिवर्तन इकाईहरु क्रियाशील रहेका एवं प्रत्येक मन्त्रालयहरुमा महिला सम्पर्क व्यक्ति तोकि सकिएकोछ । महिला जनजाती तथा दलितलाई निजामती सेवामा आरक्षण प्रदान गर्ने, सरकारको आकार घटाउने (Right Sizing) जस्ता सुधारका लागि शासकीय सुधारको मार्गचित्र अनुरुप काम भइरहेको छ ।

सार्वजनिक क्षेत्र व्यवस्थापन कार्यक्रम (Public Sector Management Program) अन्तर्गत सरकारलाई सार्वजनिक क्षेत्रमा शासकीय सवलीकरण, सरकारको वित्तीय स्थितिमा सुधार, सार्वजनिक संस्थानवाट सरकारको असंलग्नता लगायतका विषयमा गरिएका सुधार प्रतिवद्धताहरुको कार्यान्वयन सामान्य रहेको छ । संस्थान सुधार अन्तर्गत पेट्रोलियम पदार्थमा स्वचालीत मूल्य निर्धारण प्रणाली लागु गरि एउटा सासिक फड्को मारिएको छ ।

खर्च र साधन परिचालन बीचको खाडल समीक्षा अवधिमा गहिरिदै गएको देखिदा विगत केही बर्ष देखि कायम गरिदै आएको वित्तीय अनुशासनलाई निरन्तरता दिन यस बर्ष विशेष चनाखो रहनु पर्ने देखिन्छ । वित्तीय घाटा लक्षित सीमा भन्दा बढी हुन नदिन तत्कालै साधारण प्रशासन खर्चमा मितव्ययिता सम्बन्धी उपायहरु अवलम्बन गर्नु पर्ने देखिएको छ । यसै अवधिमा मुद्रास्फिति दरको बृद्धि उच्च रहन गएकोले यसलाई वाञ्छित सीमा भित्र राख्ने गरी मौद्रिक नीतिको परिचालन गर्नुपर्ने भएको छ । यसैगरी राजश्व सम्बन्धमा २०६२ माघ १ गते बाट परिवर्तन गरिएका नीतिगत व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गरी लक्ष्य अनुरुप राजस्व संकलन गर्न विशेष प्रयास हुनु पर्ने देखिन्छ ।

# १. परिचय

प्रजातान्त्रको निष्ठापूर्ण अभ्यास, सार्थक बजारमुखी अर्थतन्त्र, सुशासन, पारदर्शिता र विधिको शासनलाई प्रमुख आधारको रुपमा लिई बहुदलीय व्यवस्था लाई सुदृढ बनाउने लक्ष्य अनुरुप चालु आर्थिक बर्ष २०६२/६३ को बजेट तर्जुमा गरीएको हो । श्री ५ महाराजाधिराज सरकारबाट २०६१ माघ १९ गते चालिबक्सेको ऐतिहासिक कदमको भावना र मर्म, श्री ५ को सरकारले जारी गरेको २१ बुँदे कार्यक्रम र दशौं योजनाद्धारा लक्षित गरीबी निवारण गर्ने उद्देश्य लिएको प्रस्तुत बजेट २०६२ श्रावण १ गते सार्वजनिक प्रकाशमा आएको हो ।

आर्थिक वर्षको प्रथम ६ महिना व्यतित भैसकेको वर्तमान सन्दर्भमा चालु आर्थिक वर्षको बजेटले निर्धारण गरेका समग्र उद्देश्यहरु हासिल गर्नेतर्फ हालसम्म भएका प्रगतिको समीक्षा र आर्थिक वर्षका बाँकी ६ महिनामा उपरोक्त उद्देश्यहरु हासिल गर्नका लागि गर्नुपर्ने प्रयासहरु पहिचान गर्ने समेत उद्देश्यको लागि आर्थिक बर्ष २०६२/६३ को बजेटको मध्यावधि मूल्यांकन प्रतिवेदन तयार गरीएको छ ।

## १.१ बजेटका उद्देश्यहरु :

चालु आर्थिक वर्षको बजेट तर्जुमा गरींदा मुलत : तीन उद्देश्यहरु राखिएका थिए

- शान्ति बाहालीका लागि लगानी गर्ने,
- आर्थिक क्षेत्रको विकासमा निजी क्षेत्रलाई नेतृत्वदायी भूमिकामा स्थापित गर्न मार्ग प्रशस्त गर्ने
- अति गरीब एवं पिछडिएका बर्गको आर्थिक, मानवीय र सामाजिक परिसूचकमा सुधार ल्याउने ।

## १.२ बजेटका रणनीतिहरु :

बजेटले लिएका उद्देश्यहरु हासिल गर्न प्रस्तुत बजेटले निम्न रणनीति अगाडि सारेको थियो :

- जनताको आस्था र विश्वास आर्जन गर्ने कार्यक्रमहरु संचालन गरी आतङ्ककारी गतिविधि माथि नियन्त्रण कायम गरीने ।
- स्रोत-साधनको परिचालनमा वृद्धि गर्न तथा तिनीहरुको उपयोगमा प्रभावकारिता ल्याउन विकासका काममा सरकारी क्षेत्रको अलावा निजी क्षेत्र, गैरसरकारी संस्था, स्थानीय निकाय, सामुदायिक संस्थाको सहभागिता बढाइने र सरकार-निजी क्षेत्र तथा सरकार-जनता साझेदारीमा जोड दिइने ।
- नेपाललाई चीन र भारतवीचको पारवहन क्षेत्रको रुपमा विकास गर्न आवश्यक भौतिक पूर्वाधार र कानूनी संरचना तयार गरीने ।
- स्थानीय क्षेत्रको समस्या समाधानमा जनसहभागिता र विकास कार्यक्रमहरुको उपलब्धिमा तल्लो तहको पहुँच वृद्धि गर्न स्थानीयस्तरमा स्रोत साधनसहित कार्यक्रमहरुको विकेन्द्रीकरण गरीने ।
- सार्वजनिक सेवामा महिला, दलित तथा पिछडिएका वर्गको सहभागिता वृद्धि गरी समावेशी समाज सिर्जना गर्नका लागि प्रवर्द्धनात्मक तथा समयवद्ध सकारात्मक विभेदको कार्यक्रम संचालन गरीने ।
- भ्रष्टाचार विरुद्धको निरोधात्मक तथा उपचारात्मक कारवाईमा तिव्रता ल्याइने र राजनैतिक आग्रहमुक्त, सबल र सक्षम निजामती प्रशासनको विकास गरीने ।

**बक्स १ : गत बर्षको बजेट कार्यान्वयनबाट सिकिएको पाठ**

आर्थिक बर्ष २०६२।६३ को बजेट तर्जुमा गर्दा विगतका आर्थिक बर्षहरुको बजेट नीति तथा कार्यक्रमहरुको कार्यान्वयन स्थितीलाई पाठको रुपमा लिई बजेटलाई बढी यथार्थवादी र कार्यान्वयनमुखी गराउन निम्न पक्षमा विशेष ध्यान दिइएको छ ।

- बिकास एवं सुधारका कार्यक्रमको सफल कार्यान्वयनका लागि निरन्तरता आवश्यक छ । तात्कालिन कमजोरी, असफलता वा समस्याबाट आत्तिएर उद्देश्य–विमुख हुनुको साटो संयम भएर निरन्तर लागी परेमा सुधार कार्यक्रम कार्यान्वयन गर्न सकिन्छ र अपेक्षित लाभ पनि पनि हासिल हुनु सक्दछ ।
- स्थानीय स्तरका विकास कार्यक्रम कार्यान्वयन र सेवा प्रवाहमा स्थानीय समुदायलाई नै स्रोत सम्पन्न गराएर संलग्न हुन दिंदा कार्यान्वयनमा प्रभावकारिता र सेवाको गुणस्तरमा सुधार आउन सक्ने रहेछ । यसबाट भविष्यमा स्रोत सहित निक्षेपण अझै बढाउन पर्ने देखिएको छ ।
- कार्यक्रम कार्यान्वयन गर्ने क्रममा आईपर्ने अवरोधहरुलाई तत्काल संबोधन गर्दै लचिलो र वैकल्पिक कार्यान्वयन प्रक्रिया चाँडो अवलम्बन गर्न सकेमा प्रगति राम्रो हुन सक्ने रहेछ । लचिलो कार्यान्वयन प्रक्रिया (Flexible Implementation Modality) लाई भविष्यमा जोड दिनु आवश्यक छ ।
- समग्र अर्थतन्त्रलाई संकटबाट जोगाइराख्न आर्थिक स्थायित्व अत्यन्त आवश्यक तत्व रहेछ । हाम्रा मौद्रिक र वित्त नीतिमा सन्तुलन कायम राखी आर्थिक स्थायित्व खलबलिन नदिन भविष्यमा पनि चनाखो रहनु आवश्यक छ ।

## १.३ बजेटका नीतिहरु :

बजेटमा प्रस्तुत भएका उद्देश्य र रणनितीहरुको पृष्ठभूमिमा बजेटले लिएका नीतिहरु निम्न अनुसार छन् :

- बाटो बिराएर देश र जनताविरुद्ध हतियार उठाएका, शान्ति र प्रजातन्त्रविरुद्ध अपराधिक कार्यमा संलग्न रहेकाहरुलाई हतियार बुझाएर शान्तिपूर्वक राष्ट्रिय राजनीतिमा समाहित हुन अनुकूल वातावरण तयार गरीने ।
- तीन वर्षभित्र प्रजातान्त्रिक व्यवस्था पुन: सक्रिय तुल्याउन जनप्रतिनिधिमुलक संस्थाहरुमा निर्वाचन गराईने ।
- स्थानीयस्तरमा प्रवाह हुने शिक्षा, स्वास्थ्य, कृषि प्रसार र सबै किसिमका स्थानीय पूर्वाधार निर्माणको अभिभारा र आवश्यक स्रोत स्थानीय निकायहरुलाई प्रदान गर्न पूर्ण निक्षेपण गर्ने कार्य प्रारम्भ गरीने ।
- आर्थिक सुधारका कार्यक्रमहरुलाई निरन्तरता दिंदै सबै आर्थिक कारोवारहरुमा निजी क्षेत्रको प्रवेश र निकास सहज तुल्याउन श्रम कानून लगायत अन्य कानूनमा सुधार गरीने ।
- व्यवसायिक संभावना रहेका भौतिक पूर्वाधारको निर्माण र संचालन सरकार-निजी क्षेत्रको सहभागिता र निर्माण-स्वामित्व-संचालन-हस्तान्तरण (BOOT) को अवधारणामा गरीने ।
- सरकारी संस्थानहरुको एकाधिकारमा रहेका व्यवसायहरुमा निजी क्षेत्रको समेत सहभागिता प्रवर्द्धन गरीनेछ र धितोपत्र बजारको उपयोग गरी सम्भाव्य सरकारी तथा व्यवसायिक संस्थानहरुको पूँजीमा जनस्वामित्वको वृद्धि गरीनेछ । छानिएका संस्थानहरुको निजीकरण प्रक्रियालाई निरन्तरता दिइने ।
- अन्तर्राष्ट्रिय आर्थिक प्रणालीबाट नेपालमा प्रविधि-मिश्रित लगानी भित्र्याउन र अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको आर्थिक हित प्रवर्द्धन गर्न कुटनैतिक निकायहरुलाई समेत परिचालन गरीने ।
- उत्तरी क्षेत्र र मानवीय विकासको सूचकाङ्का आधारमा पछि परेका जिल्लाहरुमा जनसहभागितामा आधारित विकास निर्माणका कार्यक्रम संचालन गर्न लगानी बढाइने । कर्णाली अञ्चलको सर्वपक्षीय विकासका लागि विशेष कार्यक्रम संचालन गरीनेछ ।

## १.४ क्षेत्रगत कार्यक्रम र कूल विनियोजन :

आर्थिक बर्ष २०६२/६३ को बजेटको क्षेत्रगत कार्यक्रम तर्जुमा गर्दा मध्यावधि खर्च संरचना र श्री ५ को सरकारको २१ बुँदे कार्यक्रमको आधारमा शान्ति सुरक्षाको प्रत्याभूति र द्वन्दको समाधान, कृषिको व्यवसायिकरण तथा विविधिकरणका लागि पूर्वाधार तयार, जन स्वामित्वको आधारमा वनको व्यवसायिक उपयोग, भूमि वितरण र उपयोग, निजी क्षेत्र, उद्योग, व्यापार आर्थिक बृद्धिका लागि पूर्वाधार, सडक, विद्युत, संचार, पर्यटन क्षेत्र विकास, बसोबास, शहरी विकास र बातावरण, शिक्षा र जनसाधन विकास, स्वास्थ्य र खानेपानी, महिला तथा बालबालिका विकास, ग्रामीण पूर्वाधार, विकेन्द्रीकरण तथा निक्षेपण, सुशासन र मानवअधिकार, आर्थिक सुधार जस्ता क्षेत्रगत कार्यक्रमहरु अगाडि सारिएको छ ।

चालु आर्थिक वर्षको बजेटले निर्दिष्ट गरेको उद्देश्य प्राप्तिको लागि जम्मा रु. १२६ अर्व ८८ करोड ५१ लाख विनियोजित गरीएको थियो । जसमध्ये चालु खर्चतर्फ रु. ७५ अर्व ८५ करोड, पूँजीगत खर्चतर्फ रु. ३७ अर्व २३ करोड र साँवा भुक्तानीतर्फ रु. १३ अर्व ८० करोड छुट्याइएको छ ।

प्रस्तुत मध्यावधि मूल्यांकनबाट प्राप्त नतिजा अनुसार चालु आर्थिक बर्षको बजेटले निर्दिष्ट गरेका तीन प्रमुख उद्देश्यहरु मध्ये पहिलोमा बाटो बिराएकाहरुबाट केही समय युद्ध बिराम समेत भई शान्ति सुरक्षामा समेत सकारात्मक प्रभाव पर्‍यो २०६२ माघ २६ गते अधिराज्यका ५८ नगरपालिकामा नगर निर्वाचन सम्पन्न भै सक्यो। दोश्रो, आर्थिक क्षेत्रको विकासमा निजी क्षेत्रलाई नेतृत्वदायी भूमिकामा स्थापित गर्न मार्ग प्रशस्त गर्ने उद्देश्य हासिल गर्नको लागि निजी क्षेत्रको नेतृत्वदायी भूमिका प्रवर्द्धन गर्न यस सम्बन्धी ऐन कानूनहरुमा परिमार्जन गर्नका साथै उद्योग तथा ब्यापारलाई प्रतिस्पर्धी बनाउन भन्सारका दरहरुमा ब्यापक कटौती गरीएको छ । यसबाट निजी क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान गरीएको छ । तेश्रो,अति गरीब एवं पिछडिएका बर्गको आर्थिक, मानवीय र सामाजिक परिसूचकमा सुधार ल्याउने उद्देश्य रहेकोमा कर्णाली क्षेत्रका लागि बिशेष व्यवस्था गरीनु बाहेक अरु क्षेत्रको उत्साहप्रद प्रगति नरहेको देखिन्छ । बिगत ६ महिनामा आर्थिक बृद्धिदर ३.५ प्रतिशत मात्र रही गरीबी निवारणमा ठोस टेवा पुग्न सकेन् ।

संक्षेपमा, प्रस्तुत मध्यावधि मूल्यांकनबाट चालु आर्थिक वर्षको बजेटले प्रक्षेपित गरेका लक्ष्यहरु आंशिक रुपमा हासिल हुने देखिएको छ । आतंकका कारण सिर्जित शान्ति सुरक्षाको समस्या बजेट कार्यान्वयनमा प्रमुख चुनौतीको रुपमा रहिरहेको छ ।

# २. अध्ययन विधि र सीमाहरु

प्रस्तुत मध्यावधि मूल्यांकन आर्थिक बर्ष २०६२।६३ को आय व्ययको सार्वजनिक वक्तव्यबाट निर्धारित गरीएका उद्धेश्य, नीति एवं कार्यक्रमहरुमा भएका प्रगतिहरुको मूल्यांकन हो । यो मूल्यांकनको प्रमुख आधारको रुपमा सम्वद्ध मन्त्रालय/विभागवाट प्राप्त प्रगति विवरणहरु र बजेट तथा कार्यक्रम महाशाखाका अधिकृतहरुबाट आयोजनाहरुको स्थलगत अध्ययनको क्रममा सम्बन्धित पदाधिकारीहरु संग भएको भेटघाट र छलफलबाट प्राप्त जानकारीहरु, महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त गत बर्षको यथार्थ खर्च र चालु बर्षको ६ महिनाको खर्चको स्थिति, अर्थ मन्त्रालय अर्न्तगत वैदेशिक सहायता समन्वय महाशाखा, राजस्व महाशाखा, आर्थिक कार्य बिषयक तथा नीति विश्लेषण महाशाखा, संस्थान समन्वय महाशाखाबाट प्राप्त सूचना एवं प्रगति विवरण, नेपाल राष्ट्र बैंकबाट प्राप्त वर्तमान आर्थिक स्थिति प्रतिवेदन र आवधिक कोषको अवस्था, राष्टिय योजना आयोगबाट स्वीकृत बार्षिक कार्यक्रम रहेका छन् ।

# ३.    समष्टिगत आर्थिक स्थिति

## ३.१ आर्थिक बृद्धि

दशौं योजनाले नेपालको आर्थिक बृद्धिदर सामान्य अवस्थामा ४.३ प्रतिशत तथा सुध्रेको अवस्थामा ६.२ प्रतिशत परिलक्षित गरेकोमा योजनाको पहिलो ३ वर्षको औषत बृद्धिदर २.८ प्रतिशत रहेको छ । विगत ३ वर्षको अवधिमा गैर कृषिक्षेत्रको बृद्धिदर क्रमशः घट्दै गएबाट समग्र आर्थिक बृद्धिदर सन्तोषजनक रहन नसकेको हो । आर्थिक वर्ष २०६२।६३ मा कृषि क्षेत्रको बृद्धि दर २.५ प्रतिशत र  गैर कृषि क्षेत्रको आर्थिक बृद्धिदर ३.४ प्रतिशत रहने अनुमानका आधारमा समग्र आर्थिक बृद्धिदर ३.५ रहने प्रक्षेपण रहेको  छ। श्री ५ को सरकारको आय व्ययको सार्वजनिक बतव्यद्धारा चालु आर्थिक बर्षमा समग्र आर्थिक बृद्धि दर ४.५ प्रतिशत हुने अनुमान गरीएको थियो ।

ग्राफ १ आर्थिक बृद्धिदर : प्रक्षेपण र संशोधित अनुमान (प्रतिशतमा)




तालिका १ बिगत ३ बर्षको कूल गार्हस्थ उत्पादन (उत्पादकको मूल्यमा) बृद्धि

| आ.ब. | बृद्धि प्रतिशत |
|---|---|
| २०६०।६१ | ३.४ |
| २०६१।६२ (अपरिस्कृत) | २.५ |
| २०६२।६३ (प्रक्षेपित) | ३.५ |

## ३.२ राष्ट्रिय उत्पादन स्थिती

### ३.२.१ कृषि क्षेत्र

आर्थिक वर्ष २०६२।६३ को हालसम्मको उपलब्ध तथ्याङ्कको आधारमा धानको उत्पादन १.९ प्रतिशतले घट्ने, मकै र कोदोको उत्पादनमा क्रमशः १.१ प्रतिशत तथा ०.४ प्रतिशतको सीमान्त बृद्धि हुने प्रारम्भिक अनुमान रहेको र अन्य कृषिवालीको उत्पादन गतवर्षकै स्तरमा रहने आधारमा चालू वर्ष समग्र कृषि उत्पादन बृद्धिदरमा कमी आउने अनुमान गरीएको छ । चालु आर्थिक वर्षमा कृषि क्षेत्रको आर्थिक बृद्धिदर ४ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको थियो । मुलुकको पूर्वाञ्चल तथा मध्यमाञ्चलका तराई जिल्लाहरुमा यसवर्ष आषाढ–श्रावण महिनामा कम वर्षा भई खडेरी पर्न गएको कारण समयमै रोपाई हुन नसकेबाट धानको उत्पादन घट्न गएको छ ।

**बक्स २ मौसमी प्रतिकूलताले कृषि क्षेत्रको बृद्धिदर घटयो ।**

मुलुकको पूर्वाञ्चल तथा मध्यमाञ्चलका तराईका जिल्लाहरुमा यस बर्ष आषाढ – श्रावण महिनामा औषतभन्दा आधा कम बर्षा भई खडेरी पर्न गएको कारणले समयमै रोपाई हुन नसकेबाट धानको उत्पादन १.९ प्रतिशतले घट्ने प्रारम्भिक अनुमान रहेको छ । त्यसैगरी, प्रतिकूल मौसमी अवस्थाका कारण मकै उत्पादनमा समेत नराम्रो प्रभाव परेको छ । जसले गर्दा आर्थिक बृद्धिदर ४ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको कृषि क्षेत्रको बृद्धिदर २.५ प्रतिशत मात्र हुने अनुमान छ।

ग्राफ २ कृषि क्षेत्रको आर्थिक बृद्धिदर : प्रक्षेपित अनुमान र संशोधित अनुमान (प्रतिशत)




### ३.२.२ उत्पादनमूलक औद्योगिक क्षेत्र

आर्थिक वर्ष २०६१।६२ को प्रथम त्रैमासिमा औद्योगिक उत्पादन सूचकांक (उत्पादनमूलक उद्योगहरुको सर्भेक्षण २००१/०२) ३.९७ प्रतिशतले बढेकोमा चालु वर्षको सोही अवधिमा यस्तो बृद्धिदर २.३५ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ । औद्योगिक उत्पादन सूचकांकमा समेटिएका ३४ उत्पादनहरुमध्ये ३२.६५ प्रतिशत भार रहेका ६ वस्तुहरुको उत्पादन १.१८ प्रतिशतदेखि २४.५३ प्रतिशतसम्मले घट्नु तथा ३०.२७ प्रतिशत भार रहेका १२ औद्योगिक उत्पादनहरुको घट्दो बृद्धिदरका कारण समग्र औद्योगिक उत्पादन बृद्धिदरमा कमी आएको हो । वस्तुगत आधारमा अधिकतम २४.५३ प्रतिशतले तयारी पोशाकको उत्पादन घटन गएको छ भने न्यूनतम १.१८ प्रतिशतले पश्मिनाको उत्पादन घटेको छ । त्यसैगरी काठ, कागज, समाचारपत्र तथा ईटाको उत्पादनमा ह्रास आएको छ । औद्योगिक सूचकांकका वस्तुहरुमध्ये १३ वटा उत्पादनहरु न्यूनतम १.६३ प्रतिशतदेखि अधिकतम १०.५५ प्रतिशतसम्मले बढेको छ भने सिन्थेटिक कपडाको बृद्धिदर शून्य रहेको छ ।

**बक्स ३ शान्ति सुरक्षाको अवस्थामा आएको केही सुधारले गैह्र कृषि क्षेत्रमा सुधारको संकेत**

शान्ति सुरक्षाको अवस्थामा आएको केही सुधारले गत आर्थिक बर्षको प्रथम चौमासको तुलनामा यो वर्षको सोही अवधिमा औद्योगिक कच्चा पदार्थ तथा पूँजीगत वस्तुको आयातमा करीव ५४ प्रतिशतले बृद्धि हुनु, कूल निर्यात बृद्धिदर १७.२ प्रतिशत पुग्नु, कूल आयात ३६.५ प्रतिशतले बढनु, पूँजीगत खर्च करीब ६६ प्रतिशतले बढनु निजीक्षेत्रको विप्रेषण (Remittance) १७.९ प्रतिशतले बढनु र निजि क्षेत्रमा प्रवाह हुने कर्जामा विस्तार हुनु आदि कारणले चालु बर्ष गैर कृषि क्षेत्रमा सुधार आउने अनुमान रहेको छ ।

ग्राफ ३ : गैह्र कृषि क्षेत्रको आर्थिक बृद्धिदर (प्रतिशत)




## ३.२.३ अन्य क्षेत्र

शान्ति सुरक्षाको अवस्थामा आएको क्रमिक सुधार, अघिल्लो आर्थिक वर्षको प्रथम चौमासको तुलनामा यसवर्षको सोही अवधिमा औद्योगिक कच्चा पदार्थ तथा पूंजिगत वस्तुको आयात करिव ५४ प्रतिशतले बढ्नु, कुल निर्यात बृद्धिदर ११.३ प्रतिशतबाट बृद्धि भई १७.२ प्रतिशत पुग्नु तथा कुल आयात अघिल्लो वर्ष ०.८ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ३६.५ प्रतिशतले बढ्नु, सरकारको पूंजीगत खर्च करिब ६६ प्रतिशतले बढनु, निजिक्षेत्रको विप्रेषण गतवर्ष पहिलो तीन महिनामा ९.० प्रतिशतले घटेकोमा चालुवर्षको सोही अवधिमा १७.९ प्रतिशतले बढ्नु, निजिक्षेत्रमा प्रवाह हुने कर्जामा विस्तार हुनाको कारण चालु वर्ष गैर कृषि क्षेत्रमा सुधार आउने अनुमान रहेको छ ।

## ३.२.४ पर्यटन क्षेत्र

सन् २००५ को जनवरीदेखि डिसेम्बरसम्मको अवधिमा हवाईमार्गवाट नेपाल भ्रमणमा आएका कुल पर्यटक संख्यामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३.९ प्रतिशतले कमी आई २७७१२९ पुगेको छ । यसमध्ये भारतीय पर्यटकहरुको आगमन संख्यामा ८.२ प्रतिशतले बृद्धि भई ९३४३० पुगेको छ भने तेस्रो मुलुकतर्फको पर्यटक आगमनमा ९.१ प्रतिशतले कमी आई १८३६९९ मा झरेको छ । सन् २००४ मा नेपाल आउने कुल पर्यटक संख्यामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ८.६ प्रतिशतले बृद्धि भएको थियो । सन् २००५ को जुन महिनादेखि कुल पर्यटक आगमनमा सुधार आएको छ । सन् २००४ को जुनदेखि डिसेम्वरसम्ममा ९.५ प्रतिशतले घटेको कुल पर्यटक संख्या सन् २००५ को सोही अवधिमा १७ प्रतिशतले बढेको छ । सन् २००५ को जनवरीदेखि अगस्टसम्म तेस्रो मुलुकबाट आउने पर्यटक घटेकोमा सेप्टेम्वरदेखि डिसेम्बरसम्मको अवधिमा सन् २००४ को सोही अवधिको तुलनामा १३.६ प्रतिशतले पर्यटक आगमनमा बृद्धि भएको छ । भारतीय पर्यटक आगमनतर्फ समेत सन् २००५ को मे महिनासम्म नकरात्मक बृद्धिदर देखिएतापनि जुन महिनादेखि डिसेम्वरसम्मको अवधिमा भारतीय पर्यटक आगमन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३८.१ प्रतिशतले बढेको छ ।

ग्राफ ४ : विगत ३ बर्षको पर्यटक आगमन संख्या




## ३.३ मूल्य स्थिति

### ३.३.१ शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क

विन्दुगत आधारमा २०६२ पुस महिनाको शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धिदर ७ प्रतिशत रहन गएको छ । गत वर्ष सोही अवधिमा यस्तो वृद्धिदर ४.६ प्रतिशत रहेको थियो । समीक्षा अवधि (२०६१ मार्गदेखि २०६२ मार्गसम्म) मा २०६१ पौष र २०६२ भाद्रमा गरी २ पटक पेट्रोलियम पदार्थको मूल्य वृद्धि, २०६१ माघमा मूल्य अभिवृद्धि करको दरमा वृद्धि, मौसमको प्रतिकूलताको कारण खाद्यान्न उत्पादन विशेष गरी धानवालीको उत्पादनमा आएको ह्रासको कारण चामलको मूल्यमा पर्न गएको चाप एवं दालको मूल्यमा भएको बृद्धिको आदि कारणले गत वर्षको तुलनामा यस वर्षको मूल्य सूचकाङ्क उच्च दरले वृद्धि हुन गएको हो । समूहगत रुपमा गत वर्ष ३.४ प्रतिशतले वढेको खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क यस वर्ष ८.१ प्रतिशतले बढ्न गएको छ । त्यसै गरी गैर खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क गत वर्ष ५.७ प्रतिशतले वढेकोमा यस वर्ष ५.९ प्रतिशतले वढेको छ । क्षेत्रगत आधारमा काठमाडौं उपत्यका, तराई र पहाडी क्षेत्रको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ६.९ प्रतिशत, ९.७ प्रतिशत र ९.५ प्रतिशत रहेको छ । गत वर्ष यस्तो वृद्धिदर ४.६ प्रतिशत, २.६ प्रतिशत र २.३ प्रतिशत रहेको थियो । २०६२ आषाढको तुलनामा २०६२ मार्गमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क ३.७ प्रतिशतले वृद्धि भएको छ भने गत वर्ष यस्तो वृद्धिदर १.७ प्रतिशत रहेको थियो । समूहगत रुपमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्कको वृद्धिदर ३.९ प्रतिशत र गैर खाद्य तथा सेवा समूहको ३.५ प्रतिशत रहेको छ ।

**बक्स ४ : मूल्य सूचकाङ्कमा बृद्धि**

२०६१ पौष र २०६२ भाद्रमा गरी २ पटक पेट्रोलियम पदार्थको मूल्य बृद्धि, २०६१ सालमा मूल्य अभिबृद्धि करको दरमा बृद्धि, मौसमको प्रतिकूलताको कारण खाद्यान्न उत्पादन विशेष गरी धान बालीको उत्पादनमा आएको ह्रास आदि कारणले गत बर्षको तुलनामा यस बर्षको प्रथम पाँच महिनामा मूल्य सूचकाङ्क ८.१ प्रतिशतले बृद्धि हुन गएको छ । ६ महिनाको औसत मूल्य बृद्धि दर ७.३ प्रतिशत रहने अनुमान गरीएको छ भने आ.ब. २०६२।६३ को मुद्रा स्फीति ७.० प्रतिशतको हाराहारीमा रहने प्रक्षेपण गरीएको छ ।

गत वर्ष यस्तो वृद्धिदर क्रमशः ०.८ प्रतिशत र २.६ प्रतिशत रहेको थियो । क्षेत्रगत आधारमा समीक्षा अवधिमा काठमाडौं उपत्यका, तराई र पहाडी क्षेत्रको मूल्य सूचकाङ्क क्रमशः ३.८ प्रतिशत, ३.९ प्रतिशत र ३.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धिदर क्रमशः २.४ प्रतिशत, १.५ प्रतिशत र १.१ प्रतिशत रहेको थियो ।

## ३.३.२ मूल्य बृद्धि दरको प्रक्षेपण

२०६१ पौष र २०६२ भाद्र महिनामा पेट्रोलियम पदार्थको मूल्य बढेको, २०६१ माघदेखि लागु हुने गरी मूल्य अभिवृद्धि करको दर १० प्रतिशतबाट बढाई १३ प्रतिशत पुर्‍याइएको साथै मौसमको प्रतिकूलताले खाद्यान्न उत्पादन विशेष गरी धानवाली उत्पादनमा आएको ऱ्हास आदिका कारण यस आर्थिक वर्षको समग्र मूल्य स्थितिमा चाप पर्ने देखिएको छ ।

२०६२ श्रावणमा सार्वजनिक गरीएको मौद्रिक नीतिमा आर्थिक बर्ष २०६२।६३ मा औषत मुद्रास्फीति दर करिव ५.० प्रतिशतमा रहने पूर्वानुमान गरीएकोमा चालु आर्थिक वर्षको प्रथम पाँच महिनासम्मको उपलब्ध तथ्याङ्कको आधारमा विश्लेषण गर्दा देशको मुद्रास्फीति केही उच्च रहने देखिएको छ । गत वर्ष ४.५ प्रतिशतमा रहेको मुद्रास्फीति चालु वर्ष ७.० प्रतिशतको हाराहारीमा पुग्ने संशोधित अनुमान गरीएको छ ।

### तालिका २ : तुलनात्मक औषत मूल्य वृद्धिदर

प्रतिशत परिवर्तन

| समूह | २०६१/०६२ | | | २०६२/०६३ | | |
|---|---|---|---|---|---|---|
| | प्रथम ६ महिना | बाँकी सात महिना | वार्षिक | प्रथम पाँच महिना | बाँकी सात महिना # | वार्षिक # |
| कूल सूचकाङ्क | ४.६ | ४.४ | ४.५ | ७.० | ७.० | ७.० |

# *अनुमानित ।*

चालु आर्थिक वर्षको पहिलो ६ महिनाको औषत मूल्य वृद्धिदर ७ प्रतिशत रहेता पनि आर्थिक वर्षको पछिल्लो ६ महिनाको औषत मूल्य वृद्धिदर पनि ७ प्रतिशत रहने अनुमानका आधारमा आर्थिक बर्ष २०६२।६३ को मुद्राफ्स्फीति ७.० प्रतिशतको हाराहारीमा रहने प्रक्षेपण गरीएको छ । सो प्रक्षेपण गर्दा निम्नानुसारका अवस्थालाई आधार मानिएको छः

- मौसम प्रतिकूलताको कारण खाद्यान्न बाली विशेष गरी धानवालीको उत्पादनमा ह्रास आएको कारण चामलको मूल्यमा चाप पर्ने ।
- सरकार नियन्त्रित वस्तुहरुको मूल्यमा वृद्धि नहुने ।
- विगतका समयमा विश्वमा घटेका दैवी प्रकोपका घटनाका कारण आयातित वस्तुहरुको मूल्यमा समेत चाप पर्ने ।
- भारतीय मुद्रास्फीति ५.० प्रतिशतभन्दा माथि नै रहने ।

### ३.३.३ मौद्रिक स्थिति एबं मौद्रिक योगाङ्कहरुको प्रक्षेपण

आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनासम्ममा विस्तृत मुद्राप्रदाय तथा संकुचित मुद्राप्रदाय दुवैको वृद्धिदरमा विस्तार आएको छ । विस्तृत मुद्राप्रदाय समीक्षा अवधिमा ४.८ प्रतिशतले वृद्धि भएको छ भने संकुचित मुद्रा २.६ प्रतिशतले बढेको छ । आर्थिक बर्ष २०६२/६३ को अन्त्यसम्ममा यी मौद्रिक योगाङ्कहरु कमशः १२.५ प्रतिशत र ११.० प्रतिशतले बढ्ने प्रक्षेपण गरीएको छ । यस आर्थिक वर्षमा आर्थिक वृद्धिदर ३.५ प्रतिशत र मुद्रास्फीति ७.० प्रतिशत रहने अनुमानका आधारमा सो प्रक्षेपण गरीएको हो । मुद्राप्रदायको विस्तारकारी कारक, खुद वैदेशिक सम्पत्ति आर्थिक बर्ष २०६२/६३ को प्रथम पाँच महिनासम्ममा ९.२ प्रतिशतले बढेको छ भने यो आर्थिक वर्षको अन्त्यसम्ममा खुद वैदेशिक सम्पत्ति ५.१ प्रतिशतले बढ्ने प्रक्षेपण गरीएको छ । विप्रेषण आप्रवाहमा वृद्धि हुने अनुमानका आधारमा सो प्रक्षेपण गरीएको हो ।

यसैगरी मुद्रा प्रदायको अर्को विस्तारकारी कारक कूल आन्तरिक कर्जा आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनासम्ममा ४ प्रतिशतले बढेको छ । मुख्यत: निजी क्षेत्रमा जाने कर्जामा भएको वृद्धिको कारणले कुल आन्तरिक कर्जामा वृद्धि भएको हो । सो कर्जा आर्थिक बर्ष २०६२/६३ को अन्त्यसम्ममा १४.२ प्रतिशतले बढ्ने प्रक्षेपण गरीएको छ । आन्तरिक कर्जाको सबैभन्दा महत्वपूर्ण अंश निजी क्षेत्रमा जाने कर्जा आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनासम्ममा ६.१ प्रतिशतले बढेको छ । सो कर्जा आर्थिक बर्ष २०६२/६३ को अन्त्यसम्ममा १६.३ प्रतिशतले बढ्ने प्रक्षेपण गरीएको छ । आयात एबं उपभोग कर्जामा विस्तार हुने अनुमानको आधारमा सो प्रक्षेपण गरीएको हो । मौद्रिक क्षेत्रको खुद आन्तरिक सम्पत्ति आर्थिक बर्ष २०६२/६३ को प्रथम पाँच महिनासम्ममा ४.६ प्रतिशतले बढेको छ भने यस आर्थिक वर्षको अन्त्यसम्ममा १६.६ प्रतिशतले बढ्ने प्रक्षेपण गरीएको छ । मुद्राप्रदायको संकुचनकारी कारक खुद अमौद्रिक दायित्व आर्थिक बर्ष २०६२/६३ को प्रथम पाँच महिनासम्ममा १.२ प्रतिशतको सीमान्त दरले मात्र वृद्धि भएको छ भने यस आर्थिक वर्षको अन्त्यसम्ममा सो दायित्व ९.१ प्रतिशतले बढ्ने प्रक्षेपण छ ।

तालिका ३ : मौद्रिक योगाङ्कहरुको वृद्धिदर (प्रतिशतमा)

| | आर्थिक बर्ष २०६२/६३ को प्रथम पाँच महिना | आर्थिक बर्ष २०६२/६३ को अनुमान |
|---|---|---|
| संकुचित मुद्राप्रदाय | २.६ | ११.० |
| विस्तृत मुद्राप्रदाय | ४.८ | १२.५ |
| कूल आन्तरिक कर्जा | ४.० | १४.२ |
| निजी क्षेत्रमा जाने कर्जा | ६.१ | १६.३ |
| खुद वैदेशिक सम्पत्ति | ९.२ | ५.१ |
| खुद आन्तरिक सम्पत्ति | ४.६ | १६.६ |
| खुद अमौद्रिक दायित्व | १.२ | ९.१ |

## ३.४ वैदेशिक व्यापार

आर्थिक बर्ष २०६२/६३ को प्रथम ६ महिनामा कुल निर्यात १०.५ प्रतिशतले बृद्धि भई रु ३१ अर्ब ०३ करोड पुगेको छ भने कुल आयात १८.६ प्रतिशतले बढी रु ८२ अर्ब १४ करोड पुगेको छ । फलस्वरुप, कुल व्यापार घाटा २४.१ प्रतिशतले बढी रु ५१ अर्ब ११ करोड पुगेको छ भने कुल व्यापार १६.३ प्रतिशतले बढी रु. ११३ अर्ब १८ करोड पुगेको छ । गत बर्षको सोही अवधिमा कुल निर्यात ८.८ प्रतिशत बढेको तथा कुल आयात ७ प्रतिशतले बढेको कारण व्यापार घाटा १० प्रतिशत मात्र रहेको थियो भने कुल व्यापार ८.३ प्रतिशतले बढेको थियो ।

**बक्स ५ : प्रथम ६ महिनामा आयात , निर्यात र ब्यापार घाटा बृद्धि उच्च रहयो ।**

आर्थिक बर्ष २०६२।६३ को प्रथम ६ महिनामा निर्यात १०.२ प्रतिशतले बृद्धि भई रु.३१ अर्ब ०३ करोड पुगेको छ । आयात १८.६ प्रतिशतले बृद्धि भई ८२ अर्ब १४ करोड पुगेको छ र ब्यापार घाटा २४.१ प्रतिशतले बृद्धि भई ५१ अर्ब ११ करोड पुगेको छ । गत बर्षको प्रथम ६ महिनामा २४.१ प्रतिशतले बृद्धि भएको भारततर्फको निर्यात यस बर्ष १९.४ प्रतिशतले बृद्धि भई रु. २१ अर्ब ४७ करोड पुगेको छ । त्यसैगरी अन्य मुलुकतर्फको निर्यात भने गत बर्ष १४ प्रतिशतले ह्रास भएकोमा यस बर्ष ५.३ प्रतिशतले घटी रु ९ अर्ब ५६ करोडमा सीमित भएको छ । गत बर्ष १६ प्रतिशतले बढेको भारतबाट भएको आयात यस बर्ष २२.८ प्रतिशतले बृद्धि भई रु. ५० अर्ब ६७ करोड पुगेको छ भने अन्य मुलुकबाट भएको आयात गत बर्ष ०.४ प्रतिशतले घटेकोमा यस बर्ष १२.४ प्रतिशतले बढी रु. ३१ अर्ब ४७ करोड पुगेको छ ।

### तालिका ४ : बैदेशिक व्यापारको तुलनात्मक विवरण

आर्थिक वर्ष २०६२/६३ प्रथम चार महिना — रु. करोडमा

| | २००२/०३ | २००३/०४(प) | २००४/०५(अ) | २००५/०६(अ) | प्रतिशत परिवर्तन | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २००३/०४ | २००४/०५ | २००५/०६ |
| कुल निर्यात | २३७६.४ | २६२३.५ | २८०७.९ | ३१०३.५ | १०.४ | ७.० | १०.५ |
| भारत | १२७०.० | १४४८.७ | १७९७.७ | २१४७.३ | १४.१ | २४.१ | १९.४ |
| अन्य मुलुक | ११०६.४ | ११७४.७ | १०१०.२ | ९५६.२ | ६.२ | -१४.० | -५.३ |
| कुल आयात | ५७८०.८ | ६३६९.३ | ६९२७.८ | ८२१४.७ | १०.२ | ८.८ | १८.६ |
| भारत | ३२१९.० | ३५५८.४ | ४१२७.० | ५०६७.२ | १०.५ | १६.० | २२.८ |
| अन्य मुलुक | २५६१.८ | २८१०.९ | २८००.८ | ३१४७.५ | ९.७ | -०.४ | १२.४ |
| कुल व्यापार घाटा | -३४०४.५ | -३७४५.९ | -४११९.८ | -५१११.२ | १०.० | १०.० | २४.१ |
| भारत | -१९४९.१ | -२१०९.७ | -२३२९.३ | -२९१९.९ | ८.२ | १०.४ | २५.४ |
| अन्य मुलुक | -१४५५.४ | -१६३६.२ | -१७९०.५ | -२१९१.३ | १२.४ | ९.४ | २२.४ |
| कुल बैदेशिक व्यापार | ८१५७.२ | ८९९२.७ | ९७३५.६ | ११३१८.१ | १०.२ | ८.३ | १६.३ |
| भारत | ४४८९.० | ५००७.१ | ५९२४.७ | ७२१४.४ | ११.५ | १८.३ | २१.८ |
| अन्य मुलुक | ३६६८.२ | ३९८५.६ | ३८१०.९ | ४१०३.७ | ८.७ | -४.४ | ७.७ |

श्रोत : नेपालराष्ट बैक, २०६२,

* भन्सार तथ्यांकमा आधारित, प= परिष्कृत , अ= अपरिष्कृत

## ३.५ शोधनान्तर स्थिति

आर्थिक वर्ष २०६२।६३ को शोधनान्तर तथ्याङ्क अनुसार यस वर्षको प्रथम चार महिनामा रु. ४ अर्ब १२ करोड शोधनान्तर बचत भएको छ । बैंकिङ्ग क्षेत्रमार्फत आउने निजी क्षेत्रको विप्रेषणमा वृद्धिको कारण शोधनान्तरमा यस्तो बचत सृजना भएको हो ।

आर्थिक वर्ष २०६२।६३ को प्रथम तीन महिनामा चालू खाता (Current Account) रु. २ अर्ब ३९ करोडले बचत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खातामा रु. ८ अर्ब ५८ करोडले घाटा भएको थियो । ट्रान्सफर आयतर्फ निजी क्षेत्रको विप्रेषण (Workers' Remittances) यस अवधिमा ३०.३ प्रतिशतले वृद्धि भई रु. २७ अर्ब ०६ करोड पुगेको छ ।

पूँजी खाता अन्तंगत यस वर्ष रु. १ अर्ब १८ करोड बराबर पूँजीगत ट्रान्सफर प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु.४७ करोड प्राप्त भएको थियो । वित्तीय खाता (Financial Account) तर्फ यस वर्षको पहिलो चार महिनामा रु.१ अर्ब २२ करोड बराबरको सरकारी ऋण आप्रवाह भएको छ भने साँवा भुक्तानी रु. १ अर्ब रहेको छ । गत वर्षको सोही अवधिमा रु.८२ करोड सरकारी ऋण आप्रवाह भएको थियो । समीक्षा अवधिमा विदेशी मुद्रा तथा निक्षेप दायित्व रु.१ अर्ब ७७ करोडले बढेको छ ।

## ३.६ विदेशी विनिमय संचिति

कुल विदेशी विनिमय संचिति २०६१ मंसिर मसान्तमा १.४ प्रतिशतले ह्रास भएको तुलनामा २०६२ मंसिर मसान्तमा ७.८ प्रतिशतले बढेर रु. १ खर्ब ४० अर्ब पुगेको छ । २०६१ मंसीरको तुलनामा २०६२ मंसिरमा परिवर्त्य बिदेशी विनिमय संचिति ७.९ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ३३ अर्ब ८२ करोड पुगेको छ भने अपरिवर्त्य संचिति यस अवधिमा ५.५ प्रतिशतले बढेको छ । यस वर्षको प्रथम पाँच महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तरले १०.४ महिनाको वस्तु आयात र ८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको देखिन्छ ।

### ३.६.१ विदेशी विनिमय संचितिको अनुमान :

चालू आर्थिक वर्षको अन्त्यसम्ममा निर्यातको भन्दा आयातको वृद्धिदर अधिक रही व्यापार घाटामा उल्लेख्य विस्तार आउने अनुमान छ । तथापि निजी क्षेत्रको विप्रेषणमा उत्साहजनक वृद्धि भई चालू खातामा बचत सृजना हुने तथा समग्र शोधनान्तर स्थिति सन्तोषप्रद रहने र तदनुरुप विदेशी मुद्रा संचितिमा पनि वृद्धि हुने अनुमान छ ।

भारततर्फको निर्यात वृद्धिको क्रम कायमै रही चालू आर्थिक वर्षको अन्त्यसम्ममा कुल निर्यात करीब ११.५ प्रतिशतले वृद्धि भई रु. ६६ अर्ब ४० करोड पुग्ने अनुमान रहेको छ । चालू आर्थिक वर्षको प्रथम चार महिनामा औद्योगिक कच्चा पदार्थ तथा पेट्रोलियम पदार्थको आयातमा भएको अत्याधिक वृद्धिका कारण कुल आयात निकै तीव्र दरले बढेतापनि वर्षको अन्त्यसम्ममा कुल आयात वृद्धिदर २०.० प्रतिशतको हाराहारीमा रहन गई कुल आयात रु. १५६ अर्ब १४ करोड पुग्ने अनुमान गरीएको छ । फलस्वरुप, चालू आर्थिक वर्षको अन्त्यसम्ममा व्यापार घाटा २७.१ प्रतिशतले बढ्न गई रु. ८९ अर्ब ७४ करोड पुग्ने अनुमान रहेको छ । पर्यटकीय क्रियाकलापको वातावरणमा अपेक्षित सुधार हुन नसकेको कारण चालू वर्षको प्रथम चार महिनासम्ममा पर्यटन आयमा उल्लेख्य कमी आएको भएतापनि यस स्थितिमा क्रमिक सुधार हुँदै जाने अपेक्षाको आधारमा वर्षको अन्त्यसम्ममा पर्यटन आय गत वर्षकै हाराहारीमा रहने तथा यातायात सेवा भुक्तानी उच्च दरमा वृद्धि हुने अनुमानको आधारमा खुद सेवा आय यस वर्ष ऋणात्मक रहने अनुमान गरीएको छ ।

विदेशमा काम गर्न जाने हालको प्रवृत्ति एवं चालू वर्षको प्रथम चार महिनामा भएको विप्रेषण आप्रवाहलाई दृष्टिगत गर्दा यस वर्षको अन्त्यसम्ममा निजी क्षेत्रको विप्रेषण आय १५.० प्रतिशतले वृद्धि हुन गइ रु. ७५ अर्ब २६ करोड पुग्ने अनुमान गरीएको छ । फलस्वरुप, ट्रान्सफर आयले उच्च स्तरमा रहने व्यापार घाटालाई पुरा गर्नुका अतिरिक्त चालू खातामा करीब रु. १७ अर्ब बचत सृजना गर्ने अनुमान छ ।

चालू आर्थिक वर्षमा पूँजीगत ट्रान्सफर गत वर्षकै हाराहारीमा रहने अनुमान छ । विप्रेषण आयको उच्च बृद्धि समेतको कारणले यो बर्ष विदेशी मुद्रा संचिति वृद्धि भई रु. १३७ अर्ब ४७ करोड पुग्ने अनुमान रहेको छ । विदेशी विनिमय संचितिको उक्त स्तर १०.६ महिनाको वस्तु आयात र ९.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने अनुमान रहेको छ ।

## ३.७ वित्तीय संस्था र पूँजी बजार

श्री ५ को सरकारले आर्थिक वर्ष २०६२।६३ को बजेटमा उल्लेख गरेको वित्तीय संस्था र पूँजी बजार सम्बन्धी नीति तथा कार्यक्रमहरुको २०६२ मार्ग मसान्त सम्मको कार्यान्वयन स्थिति र त्यसबाट उक्त क्षेत्रमा पर्न गएको असर निम्नानुसार रहेका छन् :

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको ५ प्रतिशत शेयर कर्मचारीलाई र १० प्रतिशत शेयर धितोपत्र बजार मार्फत सर्वसाधारणलाई बिक्री वितरण गर्ने सन्दर्भमा आवश्यक प्रक्रिया सुरु भएको छ । साथै, सरकारी स्वामित्वमा रहेका विभिन्न संस्थानहरुलाई निजीकरण गर्ने कार्य विद्यमान निजीकरण ऐन, २०५० मा भएका केही प्रावधानहरुको कारणले ढिलो हुन गएको तथ्यलाई ध्यानमा राखी उक्त ऐनमा आवश्यक संशोधन गर्नको लागि अर्थ मन्त्रालयमा एक कार्यदल गठन गरीसकिएको र उक्त कार्यदलले सो सम्बन्धमा अध्ययन गरीरहेको छ । कार्यदलको प्रतिवेदन प्राप्त भएपछि उक्त ऐनमा आवश्यक संशोधन गरीने भएको छ । विद्यमान निजीकरण ऐनमा आवश्यक संशोधन पश्चात निजीकरण प्रक्रियामा रहेको अवरोध र ढिलासुस्तीको अन्त्य भई निजीकरण प्रक्रियाले एउटा नयाँ गति लिने र विभिन्न कम्पनीहरुको शेयर धितोपत्र बजारमा सूचीकरण हुन गई धितोपत्रको कारोबार मूल्य एवं संख्यामा समेत उल्लेखनीय सुधार आई समग्र वित्तीय क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

**बक्स ६ : कर नीतिको धितोपत्र बजारमा सकारात्मक प्रभाव**

धितोपत्र बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीहरुको व्यवसाय करमा सोही प्रकृतिका अन्य कम्पनीका व्यावसायिक सङ्गठनले तिर्नुपर्ने करको दरभन्दा २ प्रतिशत बिन्दुले कम गरीएको प्रभाव स्वरुप धितोपत्र बजारमा सूचीकृत हुने कम्पनीहरुको संख्यामा ११८ बाट बृद्धि भई १२७ पुगेको छ।

नेपाल विद्युत् प्राधिकरणले आर्थिक वर्ष २०६२।६३ मा २० देखि ३० वर्ष अवधिका विद्युत् ऋणपत्र (Power Bond) हरु जारी गर्ने प्रयोजनको लागि परामर्शदाता (consultant) को चयन गरेकोमा उक्त परामर्शदाताद्वारा आफ्नो प्रारम्भिक प्रतिवेदन बुझाइसकेको छ । उक्त प्रतिवेदनलाई प्राधिकरण र श्री ५ को सरकारबाट अध्ययन गरीएपछि अन्तिम रुप दिइनेछ र विद्युत् ऋणपत्र जारी गर्नको लागि बिक्री प्रबन्धक (Issue Manager) नियुक्त गरी ऋणपत्रको सार्वजनिक निष्काशन गरीनेछ । उक्त कार्य पश्चात् एकातिर अवकाश कोष सञ्चालन गर्ने कम्पनीहरु, बीमा कम्पनीहरु र सर्वसाधारणलाई समेत उपयुक्त लगानी सयन्त्र प्राप्त हुनेछ भने अर्कोतर्फ ऋण पत्रको बजार र कारोबारमा समेत वृद्धि भई समग्र वित्तीय क्षेत्रमा अनुकूल प्रभाव पर्न जाने देखिन्छ ।

**बक्स ७ : वित्तीय संस्थाहरुको संरचनात्मक सुधारमा भएको प्रगति**

१. नेपाल दूर सचार संस्थाको ५% शेयर कर्मचारी र १० प्रतिशत शेयर सर्व साधारणलाई विक्री गर्ने प्रक्रिया शुरु
२. बीमा व्यवसाय ऐन र नियमावलीमा संशोधनको प्रक्रिया आरम्भ
३. पूर्वाञ्चल ग्रामीण विकास बैंकको निजीकरण कार्यक्रम आंशिकरुपमा सम्पन्न
४. कृषि विकास बैंक कम्पनीमा परिणत
५. ट्रष्टीको रुपमा अवकाश कोष संचालन गर्न कर्मचारी संचय कोष, नागरीक लगानी कोष र हुलाक बचत बैंक जस्ता संस्थाहरुको नियमन गर्ने संयन्त्रको विकास यसै आर्थिक बर्षको अन्त्य सम्म हुने ।

विद्यमान बीमा व्यवसाय ऐन र सोसँग सम्बन्धित विनियमावलीमा केही संशोधन गर्न आवश्यक देखिएकोले संशोधनको प्रक्रिया बीमा समितिमार्फत सुरु भइसकेको छ । उल्लिखित कार्य सम्पन्न भएपछि बीमा व्यवसाय प्रतिस्पर्धी र भरपर्दो हुनुको साथै यसबाट नेपाली बीमा कम्पनीहरुको बाह्य बजारमा प्रवेशको लागि मार्ग प्रशस्त हुने अपेक्षा राखिएको छ ।

नेपाल राष्ट्र बैंकबाट कार्यान्वयन भइरहेको ग्रामीण विकास बैंकको संरचनात्मक सुधार कार्यक्रमअन्तर्गत पूर्वाञ्चल ग्रामीण विकास बैंकको निजीकरण कार्यक्रम आंशिक रुपमा सम्पन्न भएको छ । उक्त बैंकमा नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको ६६ प्रतिशत शेयरमध्ये ५६ प्रतिशत निजीकरण गर्ने उद्देश्य रहेकोमा हाल ३० प्रतिशत शेयर बिक्री भइसकेको र बाँकी शेयर पनि बिक्री गर्ने प्रक्रिया जारी रहेको छ । साथै, संरचनात्मक सुधार कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन भएमा अन्य ग्रामीण विकास बैंकहरु समेत मुनाफामा सञ्चालन हुनसक्ने सम्भावना भएकोले भविष्यमा अन्य ग्रामीण विकास बैंकहरुको पनि निजीकरण हुनसक्ने सम्भावना बढ्दै गएको देखिन्छ ।

यसरी सम्पूर्ण ग्रामीण विकास बैंकको निजीकरण कार्यक्रम सम्पन्न भएमा यी बैंकहरुमा निजी क्षेत्रको प्रवेशले बैंकहरुको समग्र कार्यकुलतामा अभिवृद्धि भई मुनाफा समेत बढ्ने हुदाँ यसबाट लघु वित्त सेवामा दीगोपना (sustainability) आउने छ, जसको फलस्वरुप ग्रामीण गरीबीमा समेतसुधार आउने अपेक्षा गर्न सकिन्छ । कृषि विकास बैंकलाई कम्पनीको रुपमा दर्ता गरीसकिएको सन्दर्भमा उक्त बैंक भविष्यमा उद्योग, पूर्वाधार विकासजस्ता राष्टि्रय अर्थतन्त्रको लागि महत्वपूर्ण रहेको क्षेत्रमा लगानी गर्न सक्षम वित्तीय संस्थाको रुपमा रुपान्तरण हुने अपेक्षा गरीएको छ ।

सहकारी संस्थाहरुका सदस्यहरुबीच ऋण प्रवाह गर्दा राखिने धितो सम्पत्तिको दृष्टिबन्धक पारित गर्दा रु १ लाखसम्मको लिखतमा रजिष्ट्रेशन दस्तुर पूर्ण रुपमा छुट दिइएबाट ऋणीहरुको कर्जा लागत घट्न गई परियोजनाको प्रतिफलमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरीएको छ ।

**बक्स ८ : नेप्से परिसूचकमा उच्च बृद्धि ।**

आर्थिक बर्ष २०६१।६२ को पहिलो ६ हिनामा १५ प्रतिशतले मात्र बढेको नेप्से परिसूचक चालु आर्थिक बर्षको सोही अवधिमा २७.५ प्रतिशतले बढन गई ३०५.५ पुगेको छ । वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरुको नाफामा क्रमिक रुपले वृद्धि भएकोले लगानीकर्ताहरु शेयर बजारप्रति आकर्षित हुन गएका कारण नेप्से परिसूचक बढेको हो ।

चालु आर्थिक वर्ष २०६२।६३ को प्रथम पाँच महिनामा १० वटा वित्तीय संस्थाहरुले सर्वसाधारणबाट रु ७५ करोड ५ लाख बराबरको पूँजी सङ्कलन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका छन् । जसमध्ये पाँच वटा वित्तीय संस्थाहरुले साधारण शेयर मार्फत रु २० करोड ५५ लाख, तीन वटा संस्थाहरुले अग्राधिकार शेयर मार्फत रु ३४ करोड ५० लाख र एउटा संस्थाले ऋणपत्र (Debenture) मार्फत रु २० करोड बराबरको पूँजी सङ्कलन गर्न स्वीकृति प्राप्त गरेका छन् ।

आर्थिक वर्ष २०६१।६२ को प्रथम पाँच महिनामा नेप्सेमा सूचीकृत हुने कम्पनीहरुको संख्या ११८ रहेकोमा आर्थिक बर्ष २०६२।६३ को सोही अवधिमा सो संख्यामा बृद्धि भई १२७ पुगेको छ । आर्थिक बर्ष २०६२।६३ को प्रथम पाँच महिनामा थप दुई वटा नयाँ कम्पनीहरु नेप्सेमा सूचीकृत भएका छन् भने अघिल्लो वर्षको सोही अवधिमा चार वटा नयाँ कम्पनीहरु सूचीकृत भएका थिए ।

आर्थिक वर्ष २०६२।६३ को प्रथम पाँच महिनाको अन्त्यमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण ४९.२ प्रतिशतले वृद्धि भई रु ६९ अर्ब ३४ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा बजार पूँजीकरण रु ४६ अर्ब ४६ करोड रहेको थियो । बैंक तथा वित्तीय संस्थाहरुको शेयर मूल्यमा वृद्धिभएको, नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई पूँजी वृद्धि गर्न दिएको निर्देशन कार्यान्वयन भएको तथा थप नयाँ कम्पनीहरु नेप्सेमा सूचीकृत भएकाले बजार पूँजीकरणमा वृद्धि भएको हो ।

## ३.८ वित्तीय क्षेत्र सुधार

वित्तीय क्षेत्र सुधार कार्यक्रम विश्व बैंक, डि.एफ.आइ.डीका ऋण तथा अनुदान सहयोग र श्री ५ को सरकारको स्रोतबाट संचालन भइरहेको छ । वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनरसंरचना, नेपाल राष्ट्र बैंकको Reengineering र वित्तीय क्षेत्रको सक्षमता अभिवृद्धि कार्यक्रमहरु संचालन गरीएको छ ।

### ३.८.१ नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनरसंरचना

बित्तिय क्षेत्र सुधार कार्यक्रमको सिलसिलामा देशका प्रमुख दुई ठूला बैंकको व्यावस्थापन करारमा दिई कार्य संचालन गर्ने कार्य विगत ३ बर्ष देखि संचालन भै आएको छ। व्यवस्थापन करारबाट उक्त बैंकहरुको संचालनमा सकारात्मक परिवर्तन आएकोले उपरोक्त बैंकहरुको व्यवस्थापन करार अवधि थप गर्दै लगिएको छ ।

**बक्स ९ : वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत पूनसंरचनाको कार्यक्रम कार्यान्वयनबाट मुनाफाको स्थितिमा फर्किए दुई ठूला बाणिज्य बैकहरु**

| नेपाल बैक लिमिटेड | राष्ट्रिय बाणिज्य बैक |
|---|---|
| २०५६ साल देखि अरबौ घाटा व्यहोर्दै आएको नेपाल बैक लिमिटेड आर्थिक बर्ष २०६०।६१ र २०६१।६२ मा घाटाको स्थितिबाट सुधार भई क्रमश: रु.७१.०३ करोड र रु.१७३.०१ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ । | आर्थिक बर्ष २०५९।६० यो बैकको खुद नोक्सान रु.४८ करोड रहेकोमा आर्थिक बर्ष २०६०।६१ र २०६१।६२ मा क्रमश रु. १०४.०१ करोड र रु. १३२.२९ करोड खुद मुनाफा आर्जन गर्न सकेको छ । |

उक्त बैंकहरुमा बैंकिङ्ग वीज्ञको नेतृत्वमा व्यवस्थापन समूह गठन गरी बैंक पुर्नसंरचना गर्ने कार्य शुरु गरीएपछि देहाय बमोजिमका प्रगतिहरु भएको पाइएको छ ।

(क) **मुनाफा स्थितिमा सुधार :** माथि बक्स नं ९ मा प्रस्तुत गरीए अनुसार २०५६ सालदेखि वार्षिक अरवौं रकम घाटा गर्दै आएको नेपाल बैंक लिमीटेडले आर्थिक बर्ष २०५९।६० मा खुद नोक्सान घटाएर करिब रु. २५ करोडमा सिमित राखेको छ । आर्थिक बर्ष २०६०।६१ र आर्थिक बर्ष २०६१।६२ मा घाटाको स्थितिबाट सुधार भई सो बैंकले क्रमश: रु. ७१.०३ करोड र रु.१७३.०१ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ । त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकको आर्थिक बर्ष २०५९।६० मा बैंकको खुद नोक्सान रु.४८ करोडमा रहेकोमा आर्थिक बर्ष २०६०।६१ र आर्थिक बर्ष २०६१।६२ मा सो बैंकले क्रमश: रु. १०४.०१ करोड र रु १३२.२९ करोड खुद मुनाफा आर्जन गर्न सकेको छ । यसरी दुवै बैंक मूनाफाको स्थितिमा फर्किएका छन् ।

(ख) **पूँजीकोषमा सुधार** : दुवै बैंकको ऋणात्मक पूँजीकोषमा क्रमशः सुधार हुन थालेको छ । नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनरसंरचना गर्ने कार्यको शुरुवात भएपछि २०६० आषाढ मसान्तमा नेपाल बैंक लिमिटेडको कुल पूँजीकोष रु. ९.८ अर्बले ऋणात्मक रहेकोमा २०६१ आषाढ मसान्त र २०६२ आषाढ मसान्तमा सो बैंकको पूँजीकोष क्रमशः रु. ९ अर्ब र रु.७.१२ अर्बले ऋणात्मक रहन गएको छ । यसैगरी राष्ट्रिय वाणिज्य बैंकको २०६० आषाढ मसान्तमा कूल पूँजीकोष रु. २२.३९ अर्बले ऋणात्मक रहेकोमा २०६१ आषाढ मसान्त र २०६२ आषाढ मसान्तमा ऋणात्मक स्थितिमा कमी आई उक्त पूँजीकोष क्रमशः रु. २१.० र रु.२०.०७ अर्बले ऋणात्मक रहन गएको छ ।

(ग) **निष्कृय कर्जाको मात्रा घट्न थालेको** :आशा गरे अनुरुप निष्कृय कर्जाको मात्रा नघटेता पनि सोको स्तर भने घट्न थालेको छ । नेपाल बैंक लिमिटेडको कुल कर्जामा भाखा नाघेको कर्जा (NPA) २०६० आषाढ मसान्तमा ६०.५ प्रतिशत रहेकोमा २०६१ आषाढ मसान्त र २०६२ आषाढ मसान्तमा त्यस्तो खराब कर्जा क्रमशः ५३.७४ प्रतिशत र ५२.५७ प्रतिशतमा सिमीत गरीएको छ । यसैगरी, राष्ट्रिय वाणिज्य बैंकमा पनि भाखा नाघेको कर्जा २०६० आषाढ मसान्तमा ६०.२ प्रतिशत रहेकोमा २०६१ आषाढ मसान्त र २०६१ आषाढ मसान्तमा त्यस्तो खराब कर्जा क्रमशः ५७.६ प्रतिशत र ५१ प्रतिशत कायम रहन गएको छ ।

(घ) **लेखा परिक्षण गर्ने कार्य सम्पन्न** : दुवै बैंकको विगत केही वर्षदेखि लेखा परिक्षण हुन नसकि रहेकोमा नेपाल बैंक लिमिटेडमा व्यवस्थापन समूह आएपछि आर्थिक बर्ष२०५६।५७, २०५७।५८, २०५८।५९, २०५९।६०, २०६०।६१, २०६१।६२ सम्मको लेखा परीक्षण गर्ने कार्य सम्पन्न भई सकेको छ । लेखा परीक्षण विवरणहरु अद्यावधिक गरीएका छन् । साथै, त्रैमासिक रुपमा वित्तीय विवरणहरु नियमित रुपमा प्रकाशन हुन थालेका छन् । त्यस्तै, राष्ट्रिय वाणिज्य बैंकमा नयाँ व्यवस्थापनको नियुक्तिपछि आर्थिक बर्ष २०५८।५९, २०५९।६०, २०६०।६१, २०६१।६२ सम्मको लेखा परिक्षण गर्ने कार्य सम्पन्न गरेको छ ।

(ङ) **मानव संसाधन विकाश तथा व्यवस्थापन** : दुवै बैंकमा आवश्यक पर्ने जनशक्तिको योजनावद्ध विकाश गरी जनशक्तिलाई उपयुक्त स्तरमा ल्याउन दुवै बैंकले Management Plan, Human Resource Development Plan, Skill Enhancement Plan बनाई लागू गरीसकेका छन । Staff Need Assessment गर्ने कार्य सम्पन्न भएको छ । त्यसैगरी दुवै बैंकले Capital Plan, Successor Plan नेपाल राष्ट्र बैंक समक्ष पेश गरीसकेका छन् । राष्ट्रिय बाणीज्य बैंकले कर्जा अपलेखन विनीयमावली तयार गरी लागू गरेको छ भने नेपाल बैङ्क लिमिटेडले कर्जा अपलेखन विनीयमावली स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष पेश गरेको छ । कर्मचारीको संख्यालाई उपयुक्त स्तरमा राख्न VRS लागु गरी नेपाल बैङ्क लिमिटेडमा रहेको कर्मचारी संख्या ५३२२ बाट घटाई २०६१ आषाढ मसान्तमा ३८१८ मा र २०६२ आषाढ मसान्तमा २९१२ मा झारेको छ । त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकमा रहेको कर्मचारी संख्या ५४२२ बाट घटाएर २०६१ आषाढ मसान्तमा ३८२२ र २०६२ आषाढ मसान्तमा ३५४१ मा सिमित राख्न सकेको देखिन्छ ।

(च) **संचालन प्रणाली तथा आन्तरिक व्यवस्थापनमा सुधार** : व्यवस्थापन समुहले बैंकिङ्ग प्रणालीलाई भित्रैबाट मजबुत तथा सक्षम बनाउन विभिन्न किसिमका योजना, नीति, मार्गदर्शन वनाई लागू गरी सकेको छ । खासगरी कर्जा व्यवस्थापनमा सुधार ल्याउन कर्जा नीति तथा निर्देशिका बनाई लागू गरेको, सम्पत्ति तथा दायित्व व्यवस्थापन तर्फ ALM Guidelines बनाई लागू गरेको, Asset Liability Committee- ALCO गठन भएको छ । नया लेखा निर्देशिका, आन्तरिक लेखा परिक्षण निर्देशिका, लेखा शिर्षक वर्गीकरण निर्देशिका HR Plan, Skill Enhancement Plan, Portfolio Status and Plan, Budget Plan, Strategic Plan आदि तर्जुमा गरी लागू भएका छन् ।

(छ) **कम्प्यूटर प्रविधिको उपयोग**: बैकिङ्ग कारोवारलाई कम्प्युटर पद्धतिबाट सम्पन्न गरी छिटो छरितो तथा व्यवस्थित बनाउने सम्वन्धमा सुचना प्रबिधि सम्वन्धी योजना तर्जुमा भइ सोही अनुरुप शाखाहरुमा कम्प्युटराइजेशनको कार्य शुरु भएको छ । वाणिज्य बैंकमा २०६२ आषाढ मसान्त सम्ममा ३ वटा शाखामा र नेपाल बैंक लिमिटेडमा ३० वटा शाखाहरुमा कम्प्युटराइजेशनको कार्य भएको छ ।

संक्षेपमा भन्नुपर्दा, पुनरसंरचना गर्न थालिएका दुवै बैंकहरुमा भाखा नाघेको कर्जाको असुली तर्फको प्रगति खासै सन्तोषजनक रहेको नदेखिएतापनि दुवै बैंकहरुले हालसम्म विविध क्षेत्रमा हासिल गरेको प्रगतिलाई समग्रमा समीक्षा गर्दा दुवै बैंकले आर्थिक बर्ष २०६०।६१ देखि खूद मुनाफा आर्जन गरेको, बैंकको ऋणात्मक पूँजीकोषलाई घटाउदै लगेको, बैंकलाई स्थिरता प्रदान गर्ने सम्बन्धमा व्यवस्थापन समूहले अन्तराष्ट्रिय स्तरका विभिन्न निर्देशिका, नीति, नियमहरु तयार गरी लागु गरेको र बैंकहरुभित्र अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य व्यवस्था तथा शैलीहरु तर्जुमा गरी सोको कार्यान्वयन गरीरहेको तथ्यलाई दृष्टिगत गर्दा हालसम्म भएको प्रगतिलाई सन्तोषजनक रुपमा लिन सकिन्छ ।

### ३.८.२ नेपाल राष्ट्र बैंकको सुदृढीकरण

बैंकिङ्ग क्षेत्रमा प्रवेश गरेका नयाँ नयाँ प्रविधिको विकाससँगै स्वच्छ र प्रतिस्पर्धात्मक किसिमले यस क्षेत्रको विकासमा टेवा पुऱ्याउन नेपाल राष्ट्र बैंकको नियमन क्षमतामा अभिवृद्धि गर्ने सन्दर्भमा विदेशी परामर्शदाताको विगत २ वर्षसम्म सहयोग समेत लिई अन्तरराष्ट्रिय स्तरको नियमन व्यवस्था तर्जुमा गर्ने कार्य गरीसकिएको छ । यसका अतिरिक्त बैंकको निरीक्षण तथा सुपरीवेक्षण क्षमतामा अभिवृद्धि गर्न अन्तरराष्ट्रिय स्तरको स्थलगत निरीक्षण तथा सुपरिवेक्षण निर्देशिका समेत तयार गरी लागू गरीसकिएको छ । वित्तीय क्षेत्र सुधार कार्यक्रमको प्रथम र दोस्रो चरण अन्तर्गत नेपाल राष्ट्र बैंकको Re-engineering सम्बन्धी कार्यहरु संचालनमा रहेका छन् । हाल नेपाल राष्ट्र बैंक Re-Engineering सम्बन्धमा निम्न बमोजिम प्रगति भएको छ

(क) नेपाल राष्ट्र बैंकको संगठनात्मक संरचनामा कामको प्रकृति अनुसार समायोजन गरी नयाँ संगठनात्मक संरचना लागू गरीएको,

(ख) बैंकले कर्मचारी कटौती गर्ने उद्देश्यले तीन चरणमा स्वेक्षिक अवकास योजना लागू गरेकोमा सो योजना अन्तरगत ५७१ र अनिवार्य अवकाश योजना अन्तर्गत ११ जना कर्मचारीले अवकास लिएका,

(ग) निरीक्षण तथा सुपरिवेक्षण कार्यमा दक्षता ल्याउनका लागि ३० जना कर्मचारीहरुलाई परामर्शदाताहरुबाट On the Job Training प्रदान गरीएको,

(घ) Off-site Manual तयार भई लागु गरीएको,

(ङ) वित्तीय क्षेत्र सुधार कार्यक्रमको प्रथमचरण अन्तर्गत NRB Re-engineering कार्यको लागि नियुक्त परामर्शदातृ संस्थाको सम्झौता अवधि समाप्त भई सकेको र वित्तीय क्षेत्र सुधार कार्यक्रमको दोस्रो चरण अन्तर्गत NRB Re-engineering कार्यको लागि नयाँ परामर्शदाताहरु नियुक्त गर्ने कार्य भएको,

(छ) नेपाल राष्ट्र बैंकको IT System लाई Modernization गर्नको लागि NRB IT Platform स्थापना गरीएको एवं बैंकको सूचना प्रविधिको विकाश गर्न Protopype development को कार्य परामर्शदाताहरुबाट सम्पन्न गरीएको,

(ज) नेपाल राष्ट्र बैंकको Bankers Training Centre (BTC) लाई Strengthening and Modernizing गर्ने कार्य शुरु भईसकेको,

(ञ) नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको कार्यहरु व्यवस्थित र सूचारु रुपमा संचालन गर्नका लागि आवश्यक MIS प्रविधिको विकास गर्न ग्लोबल टेण्डर मार्फत छनौट भएका संस्थाहरुसँग सम्झौता भई आवश्यक Software तथा Hardware Installation गर्ने कार्य भई रहेका,

### ३.८.३ वित्तीय क्षेत्रको क्षमता अभिबृद्धि

समग्र वित्तीय क्षेत्रको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले कर्जा सूचना केन्द्रलाई सुदृढीकरण गर्ने, सम्पत्ति व्यवस्थापन निगमको स्थापना गर्ने, बैंक तथा वित्तीय संस्थाहरुको जनशक्तिलाई तालिम प्रदान गरी निजहरुको शिक्षा अभिबृद्धि गर्नको लागि तालीम केन्द्रको स्थापना गर्ने जस्ता महत्वपूर्ण कार्यहरुको समेत शुरुवात गरीसकिएको छ ।

त्यसैगरी बैंकिङ्ग क्षेत्रमा प्रवेश गरेका नयाँ प्रविधिको विकाससँगै स्वच्छ र प्रतिस्पर्धात्मक किसिमले यस क्षेत्रको विकासमा टेवा पुऱ्याउन नेपाल राष्ट्र बैंकको नियमन क्षमतामा अभिवृद्धि गर्ने सन्दर्भमा विदेशी परामर्शदाताको विगत ३ वर्षसम्म सहयोग समेत लिई अन्तरराष्ट्रिय स्तरको नियमन जारी गरीएको छ । जस अर्न्तगत बैंक तथा बित्तीय संस्थाहरुले कायम राख्नू पर्ने न्यूनतम पूँजी कोष, कर्जा बर्गिकरण तथा कर्जा नोक्सानी ब्यबस्था, प्रति ग्राहक कर्जा सीमा सम्बन्धी ब्यबस्था, बैंक तथा बित्तीय संस्थाहरुले पालना गर्नुपर्ने लेखा नीति तथा बित्तीय बिबरणको ढाँचा सम्बन्धी ब्यबस्था,जोखिम न्युनीकरण सम्बन्धी ब्यबस्था,संस्थागत सुशासन सम्बन्धी ब्यबस्था, शाखाहरु संबन्धि व्यवस्था, सहवित्तीयकरण कर्जा, वित्तीय श्रोतको संकलन, अनिवार्य नगद मैाज्दात लगायतका विषयहरुलाई समावेश गरीएका छन् । यसका अतिरिक्त बैंकको निरीक्षण तथा सुपरीवेक्षण क्षमतामा अभिवृद्धि गर्न अन्तरराष्ट्रिय स्तरको स्थलगत तथा गैह स्थलगत निरीक्षण तथा सुपरिवेक्षण निर्देशिका समेत तयार गरी लागू गरीसकिएको छ ।

साख मूल्याङकन संस्था ऐन, सम्पत्ती व्यवस्थापन निगम ऐन, ट्रष्टी ऐन, मुद्रा निर्मलीकरण जस्ता ऐनका मस्यौदा तैयार भई श्री ५ को सरकार समक्ष पेश भईसकेको छ । गाभिने वा प्राप्त गर्ने ऐन निर्माण नभएसम्म यस सम्बन्धी कार्य सन्चालन हुन सकोस् भन्ने उद्देश्यले बैंक तथा वित्तीय संस्था अध्यादेशमा पनि केही प्रावधान्हरु राखिएको छ । तर यस सम्बन्धी छुट्टै ऐन तर्जुमा गर्ने लक्ष्य पनि वित्तीय क्षेत्र सुधार कार्यक्रमले लिएको छ । नेपालमा घरजग्गा वाहेक अन्य चल सम्पत्तिहरु पनि रजिष्टर्ड हुने र धितो राख्न सकिने व्यवस्थालाई व्यवस्थित गर्न सुरक्षित कारोवार अध्यादेश हाल कार्यान्वयनमा आईसकेको छ । त्यसका साथै दामासाही ऐन पनि कार्यान्वयनमा आइसकेको छ । बैंकिङ क्षेत्रको वढदो खराव कर्जाको समस्यालाई समाधान गर्न सघाउ पु-याउने उद्देश्यले ऋण असुली ऐन तर्जुमा भई ऋण असुली न्यायाधिकरणको स्थापना समेत भईसकेको छ । नेपाल राष्ट्र बैंक ऐन २०५८ मा व्यवस्था भए वमोजिम कर्जा सूचना केन्द्रको विनियमावली तयार भै कार्यान्वयन समेत भैसकेको छ । यसप्रकार केही ऐनहरु आइसकेका छन भने केही ऐनहरुका मस्यौदा तैयार भईसकेका तथा केही तैयार हुने क्रममा रहेका छन् । यसले गर्दा वित्तीय क्षेत्र संग सम्बन्धीत कानूनी संरचना वलियो र परिष्कृत हुदै गएको छ । परिमार्जन/संशोधन र थप गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ जारी भई लागु समेत भएको छ ।

## ३.९ आन्तरिक ऋण व्यवस्थापन

आर्थिक वर्ष २०६२।६३ को कुल आन्तरिक ऋण रु. ११८५.०० करोड उठाउने लक्ष्य अनुरुप आर्थिक वर्ष २०६२।६३ को ऋणपत्र निष्काशन तालिका सार्वजनिक गरीएको छ । ऋणपत्रको निष्काशन तालिका अनुसार प्रथम त्रयमासमा ट्रेजरी बिल रु. ११८.५० करोड निष्काशन गरीयो भने दोस्रो त्रयमासमा ट्रेजरी बिल, विकास ऋणपत्र तथा विशेष ऋणपत्र गरी रु. २९६.२५ करोड निष्काशन गर्ने लक्ष्य रहेको छ । मौद्रिक नीति परिचालन गर्न अर्थतन्त्रमा रहेको तरलता स्थिति हेरी खुला बजार संचालन समितिले निर्णय गरे बमोजि १ पटक रिपो तथा २ पटक आउटराईट पर्चेज गरी तरलता प्रवाह गरीयो भने तरलता प्रशोचन गर्ने क्रममा ४ पटक रिभर्स रिपो तथा ८ पटक आउटराईट सेल गरीयो ।

## ३.१० आ.ब. २०६२/०६३ को प्रथम पाँच महिना (मार्ग मसान्त) को लघु वित्त प्रगति विवरण

नेपाल राष्ट्र बैंकले देशको आर्थिक, सामाजिक संरचनालाई दृष्टिगत गरी विगतदेखि नै लघुवित्तीय क्षेत्रमा आफ्नो नीति तथा कार्यक्रम मार्फत सघाउँदै आएको छ । वर्तमान परिप्रेक्ष्यमा वित्तीय क्षेत्रमा संख्यात्मक हिसाबले थुप्रै बैंक तथा वित्तीय संस्थाहरुको स्थापना भैसकेतापनि ग्रामीण क्षेत्र तथा विपन्न वर्गमा कर्जाको पहुँच अपेक्षित रुपले नभइरहेको सन्दर्भमा यस बैंकले अझै लघु वित्त सेवा मार्फत ग्रामीण क्षेत्रमा वित्तीय सेवा पुऱ्याउनु पर्ने आवश्यकता छँदैछ ।

जनसंख्याको ठूलो हिस्सा समेट्ने ग्रामीण क्षेत्रका विपन्न वर्गमा लघु कर्जा, वचत तथा बीमा जस्ता वित्तीय सेवा प्रदान गरी उनीहरुको जीवनस्तर उकास्न परियोजनामुखी आयमूलक कार्यक्रमहरुको सञ्चालन गर्ने सन्दर्भमा

नेपाल राष्ट्र बैंकले श्री ५ को सरकार र अन्य अन्तर्राष्ट्रिय दातृ संस्थाहरुसँग समन्वय गरी यस्ता कार्यक्रमहरु विभिन्न सरकारी तथा गैर-सरकारी संस्था मार्फत विशेषगरी ग्रामीण र लक्षित वर्गमा पुऱ्याईरहेको छ । नेपाल राष्ट्र बैंकले आर्थिक बर्ष ०६२/६३ को मार्ग महिनासम्ममा लघु वित्त अन्तर्गत गरेका कार्यहरुको विवरण यस प्रकार छन्:

### क. ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम [Production Credit for Rural Women (PCRW)]

ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न महिलाहरुमा संस्थागत ऋणको पहुँच बढाई आय तथा रोजगारमूलक कार्यक्रमको माध्यमले ग्रामीण महिलाहरुको सामाजिक एवं आर्थिक अवस्थामा सुधार ल्याउने उद्देश्यले आर्थिक बर्ष २०३८/३९ मा शुरु गरीएको ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम (PCRW) आर्थिक बर्ष २०४५/४६ मा श्री ५ सरकार र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) सँग भएको ऋण सम्झौता अनुसार पटक पटक गरी २०५५ आषाढ मसान्तसम्म रु. २३.४६ करोड सहभागी वित्तीय संस्थाहरु नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकलाई कर्जाको रुपमा वितरण भएको छ । हाल यो परियोजनाको कार्यान्वयन अवधि समाप्त भैसकेको हुँदा सहभागी वित्तीय संस्थाहरुबाट कर्जा असुली हुने क्रम जारी रहेको छ भने नेपाल राष्ट्र बैंकले श्री ५ को सरकारलाई २०६२ साल पौष मसान्तसम्मको साँवा वापत बुझाउनु पर्ने रु.८ करोड २१ लाख र व्याज वापत रु.३ करोड ७० लाख श्री ५ को सरकारलाई बुझाई सकेको छ । यस कार्यक्रम अन्तरगत वितरित कर्जा रकममध्ये २०६२ साल कार्तिक मसान्तमा रु.१० करोड ५८ लाख सहभागी २ वटा बैंकहरुसँग उठाउन बाँकी रहेको छ । एउटा सहभागी बैंक नेपाल बैंक लिमिटेडबाट यस कर्जा कार्यक्रम अन्तर्गतको सम्पूर्ण रकम असूली भैसकेको छ ।

### ख. महिलाका लागि लघु कर्जा परियोजना [Micro Credit Project for Women (MCPW)]

श्री ५ को सरकार र एशियाली विकास बैंक बीच सेप्टेम्बर १६, १९९३ मा सम्पन्न ऋण सम्झौता बमोजिम PCRW को पुरक परियोजनाको रुपमा आएको यो परियोजना कार्यान्वयनको भौतिक अवधि जुन ३०, २००२ मा सम्पन्न भैसकेको छ । यस परियोजना अन्तर्गत महिलाहरुलाई ग्रामीण क्षेत्रमा कृषि एवं लघु व्यवसाय र शहरी क्षेत्रमा कृषि, लघु र साना व्यवसायहरु संचालन गर्न सामूहिक जमानीका साथै व्यक्तिगत तवरमा पनि कर्जा प्रदान गर्न सकिने व्यवस्था रहेको थियो । यस परियोजना अन्तर्गत महिला विकास महाशाखा र गैर-सरकारी संस्थाहरुद्वारा ४ देखि १० जनासम्म महिलाहरुको समूह गठन गरी उनीहरुलाई सीपमूलक तालिम प्रदान गरी प्रतिव्यक्ति विना धितो समूह जमानीमा कृषिमा रु.३० हजारसम्म, लघु व्यवसायमा रु.४० हजारसम्म र शहरी क्षेत्रमा साना व्यवसायको लागि यथेष्ठ सम्पत्तिको धितोमा रु.५० हजारदेखि रु. २ लाख ५० हजारसम्म कर्जा प्रदान गरीन्छ । यस आयोजना अन्तरगत राष्ट्रिय वाणिज्य बैंकका १६ वटा शाखा र नेपाल बैंक लिमिटेडका २६ वटा शाखाहरु गरी जम्मा ४२ वटा शाखाहरुबाट आर्थिक बर्ष ०५१/५२ देखि कर्जा प्रवाह हुँदै आएको छ। यस बैंकले श्री ५ को सरकारलाई २०६२ साल कार्तिक मसान्तसम्ममा साँवा वापत रु.३ करोड ५ लाख र व्याज रु.२ करोड ६८ लाख गरी जम्मा रु.५ करोड ७३ लाख बुझाईसकेको छ । यस आयोजना अन्तरगत सहभागी २ वटा बैंकहरुलाई वितरित ऋण रकममध्ये असूल हुनुपर्ने बाँकी सम्पूर्ण रकम चुक्ता भईसकेको छ ।

### ग. पश्चिम तराई गरीबी निवारण आयोजना [Poverty Alleviation Project in Western Terai (PAPWT)]

श्री ५ को सरकार र कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD) बीच मिति २०५४ माघ २७ मा सम्पन्न ऋण सम्झौता बमोजिम पश्चिम तराईका ८ जिल्लाका विपन्न महिलाहरुको आर्थिक एवं सामाजिक स्थितिमा सुधार ल्याउन र सहभागी शाखाहरुको वित्तीय स्थितिमा सुधार गर्ने उद्देश्यले आर्थिक बर्ष २०५५/०५६ देखि पश्चिम तराई गरीबी निवारण आयोजना कार्यान्वयनमा आएको हो । यो आयोजना पश्चिम तराईका कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङ्ग, कपिलवस्तु, रुपन्देही र नवलपरासीमा संचालित छ । यस आयोजनामा सहभागी वित्तीय संस्थाहरुमा पश्चिमाञ्चल, मध्य-पश्चिमाञ्चल र सुदूर-पश्चिमाञ्चल ग्रामीण विकास बैंक, निर्धन उत्थान बैंक र स्वावलम्बन विकास केन्द्र रहेका छन् । यस आयोजना कार्यान्वयनको लागि नेपाल राष्ट्र बैंकले

श्री ५ को सरकारबाट रु.१३ करोड १४ लाख ९ हजार ऋण प्राप्त गरेको र उक्त सम्पूर्ण रकम नेपाल राष्ट्र बैंकले सहभागी वित्तीय संस्थाहरुमा लगानी गरेको छ ।

श्री ५ को सरकार र कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोषबीच भएको सम्झौता अनुसार यस आयोजनाको समयावधि ३१ डिसेम्बर २००४ सम्म रहेको र हाल यस आयोजनाको समयावधि समाप्त भैसकेको छ । आयोजना अन्तरगत सहभागी वित्तीय संस्थाहरुलाई प्रदान भएको कुल ऋण रकम रु.१३ करोड ६७ लाख ४५ हजार (श्री ५ को सरकारबाट प्राप्त रु.१३ करोड १४ लाख ९ हजार र घुम्ति कोष अन्तरगत ५३ लाख ३६ हजार) मध्ये २०६२ कार्तिक मसान्तसम्ममा रु.५ करोड ४३ लाख २३ हजार असूली भई रु.८ करोड २४ लाख २२ हजार लगानीमा रहिरहेको छ । यस आयोजनाबाट आयोजना अवधिमा करिब २२ हजार ऋणी परिवार लाभान्वित भएका छन् ।

### घ. सामुदायिक भूमिगत जल सिंचाई सेक्टर आयोजना [Community Ground Water Irrigation Sector Project (CGISP)]

श्री ५ को सरकारको २० वर्षे दीर्घकालीन कृषि योजना (Agriculture Perspective Plan) अर्न्तगत कृषि उत्पादन वृद्धि गरी साना तथा सिमान्त कृषकहरुको आय वृद्धि गर्ने उद्देश्यले एशियाली विकास बैंक संग सम्पन्न ऋण सम्झौता अनुसार पूर्वी तथा मध्य तराईका १२ जिल्लामा सामुदायिक भूमिगत जल सिंचाई सेक्टर परियोजना संचालन भएको छ । आयोजना संचालनका लागि प्राप्त हुने एस.डी.आर.२ करोड १९ लाख २ हजारमध्ये एस.डी.आर.९९ लाख २९ हजार बराबरको रकम कृषकहरुलाई स्यालो ट्यूबवेल जडान र बाली उत्पादन कार्यका लागि कर्जाको रुपमा उपलब्ध गराइनेछ । कर्जाको लागि प्राप्त हुने रकम “ग्रामीण स्वावलम्बन कोष” मा प्राप्त भई कोषबाट आयोजनामा सहभागी वित्तीय संस्थाहरु मार्फत उक्त कर्जा रकम कृषकहरुलाई उपलब्ध हुँदै आएको छ । आयोजना अवधिभरमा १३ हजार ५ सय समुहगत रुपमा र १ हजार ५ सय व्यक्तिगत रुपमा गरी जम्मा १५,००० स्यालो ट्यूबवेल जडान गर्न कर्जा प्रदान गर्ने लक्ष्य राखिएको छ भने यसबाट कुल ६० हजार हेक्टर जमीनमा सिंचाई सुविधा उपलब्ध हुने अनुमान गरीएको छ । साथै, आयोजना कार्यान्वयनबाट करिब १,१०,००० सीमान्त परिवारका ६,५७,००० व्यक्ति (जसमध्ये ५० प्रतिशत गरीबीको रेखामुनिका जनता) लाभान्वित हुने अनुमान गरीएको छ ।

CGISP कार्यक्रम अन्तरगत सहभागी वित्तीय संस्थाहरुद्वारा आर्थिक वर्ष २०५७/०५८ देखि लगानी कार्य थालनी भएकोमा २०६२ मार्ग मसातसम्ममा ३,८७७ समूहगत र ११ व्यक्तिगत गरी ३,८८८ स्यालो ट्यूबवेलमा जम्मा रु.११ करोड ४२ लाख ४७ हजार लगानी भएको छ । यसबाट १८,००७ विगाहा क्षेत्रफलमा सिंचाई पुग्ने भई १५,८२२ सीमान्त कृषक परिवारहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । यस आयोजनाको कार्यान्वयन अवधि २०६२।४।१६ सम्म रहेकोमा एशियाली विकास बैंकले मिति २०६३।४।१६ (३१ जुलाई, २००६) सम्मको लागि अवधि थप गरीसकेको र यस अवधिको कार्यान्वयन प्रगतिको आधारमा पुनः अर्को एक वर्ष थप हुने जानकारी समेत प्राप्त हुन आएको छ ।

### ङ. ग्रामीण स्वावलम्बन कोष (RSRF)

ग्रामीण क्षेत्रमा बसोवास गर्ने विपन्न वर्गको उत्थानका लागि आय एवं स्वरोजगारमूलक व्यवसायहरु सञ्चालन गर्न ग्रामीण क्षेत्रमा काम गर्ने गैर-सरकारी/सहकारी संस्थाहरुको संस्थागत विकासमा सहयोग पुऱ्याई ती संस्थाहरु मार्फत थोक कर्जा उपलब्ध गराई उनीहरुको आर्थिक स्तरमा सुधार ल्याउनका लागि थोक कर्जा प्रदान गर्न २०४७ सालमा स्थापना भएको ग्रामीण स्वावलम्बन कोषले स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग हुने गरी लक्षित वर्गको आर्थिक एवं सामाजिक विकास गर्न थोक कर्जा उपलब्ध गराउँदै आएको छ । कोषबाट विपन्न वर्गको उत्थानका लागि पहिलो पटक प्रतिव्यक्ति रु.३० हजार, दोश्रो पटक रु.३५ हजार र तेश्रो पटक रु.४० हजारसम्म लघु कर्जा उपलब्ध गराउन सकिने व्यवस्था छ । श्री ५ को सरकारबाट उक्त कार्यका लागि रु.४ करोडको पूँजी उपलब्धि गराइएको छ ।

संस्था दर्ता भई विगत एक वर्ष अगाडिदेखि नै वचत र कर्जाको कारोवार गरीरहेका र आफ्ना सदस्यहरुमध्ये कम्तिमा ७० प्रतिशत सदस्यहरुबाट नियमित वचत संकलन गरेका संस्थाहरुलाई बढीमा ३ वर्षका लागि कोषबाट कर्जा उपलब्ध गराउने व्यवस्था रहेको छ । कोषले गाउँमा बसोवास गरीआएका आफ्नो वा आफ्नो एकाघर परिवारको नाममा पहाडमा १५ रोपनी र तराईमा १ विघासम्म जमीन भएको, आफ्नो वा आफ्नो एकाघर परिवारका सदस्यको नियमित आयस्रोत नभई वर्षभरि खान लाउन नपुग्ने, सरकारी निकाय वा बैंक तथा वित्तीय संस्थाबाट सञ्चालित आयमूलक कार्यक्रमद्वारा कर्जा सहयोग प्राप्त गरी तिर्नुपर्ने बाँकी कर्जा नदेखिएको व्यक्तिहरुलाई लक्षित वर्गमा समेटी गैर-सरकारी/सहकारी संस्था मार्फत त्यस्ता वर्गहरुलाई आयमूलक स्वरोजगार परियोजना सञ्चालन गर्न कर्जा उपलब्ध गराउँदै आएको छ ।

कोषबाट वार्षिक ८ प्रतिशत व्याज दरमा गैर-सरकारी/सहकारी संस्थाहरुलाई थोक कर्जा उपलब्ध गराउने व्यवस्था छ । तर वितरित कर्जा संस्थाहरुले कोषबाट तोकिएको कर्जा भुक्तानी तालिका अनुसार साँवा र व्याज बुझाएमा बुझाएको व्याजको ७५ प्रतिशतले हुन आउने रकम सम्बन्धित संस्थाको विकासका लागि फिर्ता गर्ने व्यवस्था हुँदा कोषको खूद व्याज वार्षिक २ प्रतिशत मात्र रहेको छ । साथै संस्थालाई स्वीकृत कर्जामध्ये पहिलो किस्ता वितरण गर्दा बढीमा ६ महिनासम्म निर्व्याजी कर्जा दिने प्रावधान समेत रहेको छ ।

कोषबाट २०६२ साल आश्विन मसान्तसम्ममा ५० वटा गैर-सरकारी संस्था र १६९ वटा सहकारी संस्थाहरुलाई रु.८ करोड २५ लाख ३१ हजार कर्जा प्रवाह भएको छ। उक्त कर्जामध्ये रु.५ करोड ७८ लाख ७१ हजार असूली भई रु.२ करोड ४६ लाख ५० हजार कर्जा उठाउन बाँकी देखिएको छ । २०६२ आश्विन मसान्तसम्ममा कर्जा असूली दर ९१.० प्रतिशत रहेको छ । कोषबाट उपलब्ध गराइएको कर्जाबाट गैर-सरकारी संस्थाले २६ जिल्लामा र सहकारी संस्थाले ४७ जिल्लामा सेवा पुऱ्याएका छन् । यसरी कोषबाट २०६२ आश्विन मसान्तसम्ममा ४७ जिल्लाको ९,५९४ घर परिवार प्रत्यक्ष रुपले लाभान्वित भएका छन् ।

नेपाल राष्ट्र बैंकले दीर्घकालीन कर्जाका लागि आर्थिक बर्ष २०५९/६० को मुनाफाबाट रु.१० करोड र आर्थिक बर्ष ०६०/६१ मा रु.७ करोड ४८ लाख र आर्थिक बर्ष २०६१/६२ मा रु.७ करोड ८६ लाख रकम गरी जम्मा रु.२५.३४ करोड उपलब्ध गराई ग्रामीण कर्जाको परिमाण बढाउने कार्यलाई निरन्तरता प्रदान गरिरहेकोछ र यसबाट कोषले कृषि विकास बैंक र लघु वित्त सम्बन्धी कारोवार गर्ने विकास बैंकहरु मार्फत गरीबी निवारणको कार्यमा कर्जा उपलब्ध गराउन थप सहयोग पुगेको छ ।

राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरुमा दीर्घकालीन पूँजी मागको आवश्यकतालाई मध्यनजर राखी कोषबाट चिया, अलैंची, शितभण्डार जस्ता उद्देश्यहरुमा कृषि विकास बैंक र ग्रामीण क्षेत्रका अति विपन्न वर्गमा लघु कर्जा प्रदान गर्न लघु वित्त सम्बन्धी कारोवार गर्ने विकास बैंकहरुलाई दीर्घकालीन कर्जा प्रदान गर्ने समेत व्यवस्था रहे बमोजिम आर्थिक बर्ष २०६०/०६१ मा रु.५ करोड ७० लाख र ०६१/६२ मा रु.५ करोड २२ लाख गरी जम्मा रु.१०.९२ करोड लगानी भैसकेको छ । साथै, आर्थिक बर्ष २०६१/०६२ देखि कोष आफ्नै आम्दानीमा संचालित हुन थालेको छ ।

### च.ग्रामीण विकास बैंकहरु

ग्रामीण क्षेत्रमा बसोवास गरीरहेका विपन्न महिलाको आर्थिक स्थितिमा सुधार ल्याउने उद्देश्यले अधिरज्यका पाँचवटै विकास क्षेत्रमा स्थापित पाँचवटा ग्रामीण विकास बैंकहरुले वि.सं. २०६२ आश्विन मसान्तसम्ममा कुल १,४५,३५७ ग्रामीण महिला सदस्यलाई करिब रु. १२ अरब ७६ करोड कर्जा प्रवाह गरेको र सोमध्ये रु. ११ अरब २५ करोड असुली भई रु.१ अरब ५१ करोड कर्जा बाँकी रहेको छ । यी बैंकहरुले वि.सं. २०६२ आषाढ मसान्तसम्ममा अधिराज्यका ४५ जिल्लाका १,०१५ गाउँ विकास समितिहरुमा ५,०९० केन्द्र (Centre) मार्फत लघु वित्तीय सेवा उपलब्ध गराएका छन् । लघु उद्यम तथा व्यवसायहरुको माध्यमबाट आय आर्जनका अवसरहरु बृद्धि गरी ग्रामीण क्षेत्रमा व्याप्त रहेको गरीबी घटाउनका लागि यी बैंकहरुको योगदान महत्वपूर्ण रहेको छ । ग्रामीण विकास बैंकहरुले ग्रामीण क्षेत्रका जनताको घरदैलोमा गई सेवा पुऱ्याउँदै आएका छन् ।

**बक्स १० : लघु उद्यम तथा व्यवसायहरुका लागि ग्रामीण विकास बैंकहरु**

विपन्न ग्रामीण महिलाहरुको आर्थिक स्थितिमा सुधार ल्याउने उद्देश्यले स्थापित ग्रामीण विकास बैंकहरुले २०६२ आश्विन मसान्त सम्ममा कूल १४५३५७ ग्रामीण महिलाहरुलाई करिव रु. १२ अर्व ७६ करोड कर्जा प्रवाह गरेका छन्। सो मध्ये रु. ११ अरब २५ करोड अर्थात ८८.१७ प्रतिशत असूली भई रु. १ अर्व ५१ करोड अर्थात ११.८३ प्रतिशत कर्जा असूली बाँकी रहेको छ।

पाँचवटा ग्रामीण विकास बैंकहरुमध्ये पश्चिमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड मात्र नाफामा सञ्चालन हुन सकिरहेकामा २०५८ भाद्रमा ५ वर्षे संरचनात्मक सुधार कार्यक्रम थालनी भएपछि आर्थिक बर्ष २०५९/०६० देखि पूर्वाञ्चल ग्रामीण विकास बैंक लिमिटेड पनि नाफामा आएको छ । साथै, श्री ५ को सरकार र नेपाल राष्ट्र बैंकले २०५७ आषाढ मसान्तसम्मको कुल संचित नोक्सानी व्यहोरिदिए पश्चात् यी बैंकहरुमध्ये केहीको वित्तीय अवस्था क्रमशः सुधार हुँदै आएको छ । यी बैंकहरुलाई पाँच वर्षभित्रमा वित्तीय दृष्टिले स्वसक्षम बनाउन उत्पादकत्व वृद्धि र खर्च कम गर्ने विभिन्न कार्यहरुको थालनी भएकोले नोक्सानीमा सञ्चालित ग्रामीण बैंकमध्ये केहीको सुधार भैसकेको कुनैको वित्तीय अवस्था आगामी दिनमा सुधार हुने अपेक्षा गरीएको छ ।

यसैगरी संरचनात्मक सुधार कार्यक्रमकै क्रममा नाफामा रहेका ग्रामीण विकास बैंकहरुलाई क्रमशः निजीकरण गर्ने उद्देश्य अनुरुप हाल नाफामा सञ्चालन भइरहेको पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि. बाट निजीकरण कार्यको शुरुवात भै नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको ६१ प्रतिशत शेयरमध्ये ५१ प्रतिशत शेयर निजीक्षेत्रलाई हस्तान्तरण बिक्री गर्ने प्रकृयाको थालनी भई २०६२ आषाढ मसान्तसम्ममा ५१ प्रतिशत शेयर निजीक्षेत्रमा हस्तान्तरण भईसकेको छ । पूर्वाञ्चल ग्रामीण विकास बैंक लिमिटेड लाई निजीकरण गर्ने सिलसिलामा निजीक्षेत्रलाई ५६.७५ प्रतिशत शेयर बिक्री गर्ने प्रकृया थालनी भैसकेको छ।

# ४. सार्वजनिक संस्थानहरुको निजीकरण

सार्वजनिक संस्थाहरुलाई आवश्यकतानुसार खारेज/निजीकरण/व्यवस्थापन सुधार गर्ने श्री ५ को सरकारको नीति अनुसार नेपाल आयल निगमले गरी आएको कारोबारमा नीजि क्षेत्रलाई संलग्न गराउने,पेट्रोलियम पदार्थको मूल्य निर्धारण स्वचालित रुपमा गर्ने, नेशनल कन्स्ट्रक्सन कम्पनी, नेशनल ड्रिलिङ्ग कम्पनी जस्ता प्रतिस्पर्धात्मक बजारमा आफ्नो ठाउँ बनाउँन नसक्ने संस्था खारेज गर्ने, नेपाल औद्योगिक विकास निगम र लुम्बिनी चिनी कारखाना निजीकरण गर्ने, शाही नेपाल वायुसेवा निगमको निजीकरण प्रक्रिया अगाडि बढाउने, नेपाल दूर संचार कम्पनी लिमिटेडको ५ प्रतिशत शेयर कर्मचारीलाई र १० प्रतिशत शेयर सर्वसाधारणलाई विक्री वितरण गर्ने, निजीकरण ऐन, २०५० मा आवश्यक संशोधन गर्ने लगायतका कार्यक्रमहरु चालु आर्थिक बर्षमा तय गरिएका थिए । उल्लिखित कार्यक्रमको सम्बन्धमा हालसम्म भएको प्रगति निम्नानुसार छ :

(क) **लुम्बिनी चिनी कारखाना**लाई श्री ५ को सरकार (मं.प.)को निर्णयबाट खारेज गरी २०६२ भाद्र १ गतेदेखि सम्पूर्ण कर्मचारीहरुलाई थप सुविधा सहित अवकाश दिने र कारखानाको सम्पत्ती विक्री र जग्गा र भवन २५ वर्षको लागि भाडामा दिने गरी निजीकरण गर्ने निर्णय भए अनुसार कर्मचारीहरुको दायित्व यकिन गरी फरफारक गर्ने कार्य भैरहेको छ । साथै श्री ५ को सरकार (मन्त्रीपरिषद) को निर्णय अनुसार श्री श्रीकृष्ण आयल रिफाईनरी एण्ड भेजिटेवल घि ईन्डष्ट्रिज (प्रा.) लि. संग मिति २०६२।९।२४ मा सम्पत्ति बिक्री र भाडामा दिने सम्झौताहरु सम्पन्न भएका छन् । हाल कारखाना निजी क्षेत्रलाई हस्तान्तरण गर्ने कार्य प्राय सम्पन्न भइसकेको छ र कारखाना यसै सिजनमा संचालन गर्ने लक्ष्य रहेको छ ।

(ख) **नेपाल रोजीन एण्ड टर्पेन्टाइन लि.** को विगतमा शुरु गरीएको निजीकरण प्रक्रिया रद्द गरी पुनः कारखानाको सम्पत्ति बेचविखन र जग्गा तथा भवन १० वर्षको लागि भाडामा दिने गरी निजीकरणको प्रक्रिया अगाडि बढाइएकोमा ७ वटा प्रस्तावकहरुबाट प्रस्ताव प्राप्त भई प्राविधिक प्रस्तावहरुको मूल्यांकन कार्य भैरहेको छ ।

(ग) **नेपाल आयल निगमको** पेट्रोलियम पदार्थको मूल्य निर्धारण अन्तराष्ट्रिय बजार मूल्यमा आधारित सूची अनुरुप स्वचालित रुपमा गर्ने व्यवस्था मिलाई निगमको व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता गराइने बिषयमा राष्ट्रिय योजना आयोगका मा. सदस्यज्यूको संयोजकत्वमा अर्थ, उद्योग, बाणिज्य तथा आपुर्ती मन्त्रालयका सचिबहरु सम्मिलित समिति गठन भै सो समितिको सिफारीश अनुरुप स्वचालित मूल्य निर्धारण प्रकृया संचालनमा आईसकेको छ ।

(घ) **कृषि चुन उद्योग लि.** को कृषि चुन उत्पादन गर्ने मेशिन लगायतका उपकरण हेटौडा सिमेण्ट उद्योगमा स्थानान्तरण गरी कृषि चुन उत्पादन गर्ने गरी निर्णय भई सकेको छ भने कर्मचारीहरुको सम्पूर्ण दायित्व भुक्तानी गरी अबकास दिई सकिएको छ । यस उद्योगको मिति २०६२।९।२८ मा सम्पन्न साधारण सभाबाट कम्पनीलाई खारेजीमा लैजान निर्णय गरी सो को लागि श्री ५ को सरकार समक्ष सिफारिश गरेको छ ।

(ङ) **नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल** र **नेपाल ड्रिलिङ्ग कम्पनीलाई** खारेजीमा लैजान सम्बन्धित मन्त्रालय क्रमशः भौतिक योजना तथा निर्माण र जलश्रोत मन्त्रालयलाई लेखि पठाएकोमा हालसम्म खारेजीको प्रक्रिया शुरु हुन सकेको छैन ।

(च) **नेपाल औद्योगिक विकास निगमलाई** निजीकरण गर्ने सम्बन्धमा निगमको सम्पत्ति एव व्यवसायको मूल्याङ्कनको कार्य भैरहेको साथै, २०६२ माघ १६ सम्ममा बैक तथा बित्तीय संस्था अध्यादेश, २०६२ अन्तर्गत दर्ता गर्नुपर्ने भएकोले निगमलाई निजीकरण समितिबाट “ख” वर्गमा दर्ता गर्न निर्देशन दिई सकिएको छ ।

(छ) **शाही नेपाल वायु सेवा निगमको** सम्बन्धमा अन्तर्राष्ट्रिय नागरीक उड्डयन संस्था (ICAO) बाट भएको अध्ययन प्रतिवेदन समेतको पुनरावलोकन गरी निजीकरण प्रक्रिया अगाडि बढाउने भनिएकोमा संस्कृती, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयबाट निजीकरण गर्ने निकाय, प्रकृया, स्वेच्छिक अबकाश योजना जस्ता कुरामा टूंगोमा पुक्ने प्रकृया शुरु भएको छ ।

(ज) **नेपाल दूर संचार कम्पनीको** ५ प्रतिशत शेयर कर्मचारीलाई र १० प्रतिशत शेयर सर्वसाधारणलाई धितोपत्र बजार मार्फत विक्री प्रकृया कार्यान्यन हुदैछ ।

(झ) **पश्चिमाचंल ग्रामीण बिकास बैंक**मा रहेको श्री ५ को सरकारको रु १००।– दरका ९९,००० कित्ता शेयर बिक्री गरी निजीकरण गर्न निजीकरण समितिको सिफारिस अनुसार स्वीकृतीको लागि श्री ५ को सरकार (मं.प.) समक्ष पेश गरी सकिएको छ ।

(ञ) **नेपाल रोप वे** को निजीकरण सम्बन्धमा अध्ययन गर्न परामर्शदाता नियुक्त गरीएको छ ।

(ट) **निजीकरण ऐन, २०५० मा** आवश्यक संशोधन गर्ने सम्बन्धमा अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र उद्योग, बाणिज्य तथा आपुर्ती मन्त्रालयका प्रतिनिधी रहेको कार्यदल गठनभै कार्यरत रहेको छ ।

## विगत वर्षदेखि निजीकरण र खारेजी प्रक्रियामा रहेका संस्थानहरु सम्बन्धमा देहाय बमोजिमको स्थिति रहेको :

१) **वीरगञ्ज चिनी कारखाना लि.** .- श्री ५ को सरकार (मं.प.) को मिति २०५९।११।१६ को निर्णयबाट यस कारखानालाई निजीकरण ऐन, २०५० को दफा १६ अनुसार खारेज गरी निजीकरण प्रक्रिया शुरु गरीएकोमा तिन पटक बोलपत्र आव्हान गर्दा पनि मेशिन लगायतको सम्पति विक्री हुन नसकेकोले कारखाना संचालन हुन सक्ने नसक्ने सम्बन्धमा समग्र कारखानाको सम्भाव्यताको मूल्यांकन गर्न मूल्यांकनकर्ता तोकिएको छ । कारखानाको सिमरास्थित उखु फार्म विशेष आर्थिक क्षेत्र (Special Economic Zone) लाई हस्तान्तरण गरीएको छ ।

२) **कृषि औजार कारखाना:** श्री ५ को सरकार (मं.प.) को मिति २०५९।१२।४ को निर्णयबाट यस कारखानालाई निजीकरण ऐन, २०५० को दफा १६ अनुसार खारेज गरी सम्पती बेच बिखन गरी निजीकरण गर्ने निर्णय भएकोमा साविक खरिदकर्तासँग सम्झौता भंग भएको र कारखाना खारेज सम्बन्धमा सम्मानित अदालतमा रिट परेकाले निजीकरणको प्रकृया अगाडि वढाउन सकिएको छैन । कर्मचारीहरुको दायित्व फरफारकको कार्य जारी रहेको र कारखानाको विगत १० वर्षदेखि बाँकी रहेको लेखापरीक्षण कार्य सम्पन्न गरीएको छ ।

३) **हिमाल सिमेन्ट कम्पनी:** श्री ५ को सरकार (मं.प.) को मिति २०५९।११।१६ को निर्णयबाट कम्पनी खारेज गर्न मुख्य शेयरधनि नेपाल औद्योगिक विकास निगमलाई निर्देशन दिइएकोमा सो को प्रक्रिया हालसम्म शुरु भएको छैन । कर्मचारीहरुको दायित्व श्री ५ को सरकारबाट बजेट निकासा गरी भुक्तानी गरीएको छ ।

४) **घरेलु शिल्पकला विक्रि भण्डार लिमिटेड** : २०५९ सालमा नै खारेज गर्ने निर्णय भै लिक्वीडेटर नियुक्ती भई लिक्विडेशन कार्य समाप्त भई कम्पनीको अन्तिम खारेजी समेत गरी सकिएको छ ।

५) **नेपाल कोल लिमिटेड** : लेखा हिसाब अद्यावधिक नभई लेखा परीक्षण सम्पन्न हुन नसक्दा खारेजीको कार्य सम्पन्न हुन बाकी रहेको छ ।

६) **हेटौडा कपडा उद्योग लिमिटेड** : लिक्विडेशन कार्य सन्तोषजनक रुपबाट तोकिए अनुसार सम्पन्न हुन सकेको छैन । हालसम्म श्री ५ को सरकारबाट निकासा भएको रकमबाट दायित्व भूक्तानी गर्ने कार्य मात्र भएको छ ।

निजीकरण भै सकेका संस्थानका खरिदकर्ताहरुले बुझाउन बाँकी रकम, समायोजन गर्नु पर्ने बिषयका सम्वन्धमा **नेपाल ढलौट उद्योग** र **बालाजु कपडा उद्योगको** समायोजन सम्बन्धी विवाद निरुपण गरीएको छ । **रघुपति जुट मिल्स**को हिसाब समायोजन र सर्बसाधारण र कर्मचारीको लागि छुटयाईएको बाकी शेयर शेयर खरिद बिक्री संभौता अनुसार खरिदकर्त्ताले खरिद गर्नु पर्ने हुदा सो सहित सबै विवाद समाधान गर्ने तर्फ प्रयास भैरहेको छ । साथै **नेपाल चिया विकास निगम**को सम्झौता कार्यान्वयन अर्थात समापन मिति,

भाडा रकम र समायोजन सम्बन्धमा देखिएको विवाद समाधान गर्ने सम्वन्धमा निजीकरण समितिमा विचाराधीन रहेको छ । यसैगरी **नै वुटवल पावर कम्पनी**ले आर्थिक बर्ष २०५७।०५८ मा घोषणा गरेको लाभाशं मध्ये वुझाउन बाँकी ५० प्रतिशत लाभांश बुझाउन लगाउने निर्णय भएको छ ।

८) पहिलो चरणमा निजीकरण भएका **बाँसवारी छाला जुत्ता कारखाना, हरिसिद्धि ईटा टायल कारखाना, हरिसिद्धि र भृकुटी कागज कारखानाका** लिक्विडेशन कार्य सम्पन्न भएको छ ।

९) **भक्तपुर ईटा कारखाना**को खरिदकर्तासँग लिनुपर्ने रकम बुझाउन लगाउने निर्णय भई पत्राचार गरीसकिएको छ भने पुरानो कारखाना भाडामा लिने पक्षसंग श्री ५को सरकारले लिनु पर्ने रकम यकिन गरी अशुल उपर गर्न लेखी पठाईएको छ । साथै कारखानाको लेखा परिक्षण सम्पन्न गरी कारखानालाई विधिवत अन्तिम खारेज गर्न लिक्विडेटर नियुक्ति समेत गरीसकिएको छ ।

(ड) **संस्थान सुधार**

१) संचालक समिति अध्यक्ष तथा कार्यकारी प्रमुखसँग **कार्य सम्पादन संझौता(Performance Contract)** गरी व्यवस्थापन सुधार गर्ने नीति अनुसार विगत वर्षमा **कर्मचारी संचय कोष, जनक शिक्षा सामाग्री केन्द्र लि., कृषि विकास बैंक, उदयपुर सिमेन्ट उद्योग र हेटौडा सिमेण्ट उद्योग** सहितका संचालक समिति अध्यक्ष तथा कार्यकारी प्रमुखसँग कार्य सम्पादन सम्झौता सम्पन्न भएकोमा सोको स्वतन्त्र मूल्यांकनकर्ताबाट मूल्यांकन गराई उच्चस्तरीय समितिमा प्रस्तुत गर्न सम्बन्धित संस्थानलाई निर्देशन दिइ सकिएको छ ।

२) सार्बजनिक संस्थानहरुमा दीर्घकालीन दायित्व न्यून पार्न यस समीक्षा अबधिमा बिभिन्न संस्थानहरुमा ७२ बिभिन्न स्तरका दरबन्दी खारेज गरीएको छ ।

# ५.   बैदेशिक स्रोत परिचालन

चालू आर्थिक वर्ष २०६२/०६३ को प्रथम ६ महिना वैदेशिक सहायता परिचालनको दृष्टिले मिश्रित रह्यो । यस अवधिमा करिव रु. १२ अर्व ३५ करोड ७५ लाख अनुदान सहायता र रु. १ अर्व ९२ करोड ५४ लाख ऋण सहायता गरी जम्मा रु. १४ अर्व २८ करोड २९ लाख वरावरको वैदेशिक सहायता प्राप्त हुने गरी सम्झौताहरु सम्पन्न भएका छन । यसरी प्राप्त हुने वैदेशिक सहायता मध्ये अनुदान तर्फ द्विपक्षीय श्रोत वाट रु ८ अर्व ९७ करोड ९३ लाख र वहुपक्षीय श्रोतवाट रु. ३ अर्व ३७ करोड ८२ लाख प्राप्त हुने भएको छ भने ऋण तर्फ वहुपक्षीय श्रोतवाट रु. १ अर्व ९२ करोड ५४ लाख प्राप्त हुने भएको छ ।

ग्राफ : बैदेशिक सहायताको तुलनात्मक स्थिति (रु.लाखमा)




चालु आर्थिक वर्षमा ग्रामिण जीवनस्तरमा सुधार ल्याउन ग्रामिण सडक निर्माण तथा मर्मत एवं छोटा पुल निर्माण गर्ने कार्यक्रम रहेको ग्रामिण पहुँच सुधार तथा विकेन्द्रीकरण आयोजनाका लागि विश्व बैंकसंग करिव रु. २ अरव २४ करोड ८६ लाख अनुदान सहायता प्राप्त हुने गरी सम्झौता सम्पन्न भएको छ । त्यस्तै भारत सरकारको रु. ५ अर्व ६ करोड अनुदान सहयोगमा भारत र नेपाल वीच ४ वटा भन्सार नाकाहरुमा अत्यावश्यक भौतिक संरचनाहरुको निर्माण गरीने भएको छ । जसलाई दुइदेश बीच व्यापार बृद्धि तथा आवागमनमा सहजता हुन गई नेपालको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिईएको छ ।

यसैगरी चीन सरकारसँग करिव रु. ८६ करोड ४० लाख वरावरको वजेट सहायता कार्यक्रम सम्बन्धी सम्झौता पनि सम्पन्न भएको छ । यसको अलावा कृषकहरुको आय आर्जन बढाई गरीवी निवारणमा सहयोग पुऱ्याउन कृषक व्यवस्थित सिंचाई प्रणालीको पुनर्स्थापना गर्ने एवं सिंचाईको अधिक लाभ उठाइ कृषि उत्पादकत्वमा बृद्धि ल्याउने जस्ता कार्यक्रम रहेको एशियाली विकास वैंकको करिव रु. १ अरव ४१ करोड ९३ लाख ऋण सहायतामा सञ्चालन हुने समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना एवं जापान सरकारबाट प्राप्त ऋण मोचन कार्यक्रम सम्बन्धी सम्झौताहरु पनि सम्पन्न भएका छन् ।

गत आर्थिक वर्ष ०६१/०६२ को प्रथम ६ महिनामा रु. १५ अर्व २८ करोड ३३ लाख अनुदान सहायता र रु. ९ अर्व १९ करोड ३ लाख ऋण सहायता गरी जम्मा रु. २४ अर्व ४७ करोड ३६ लाख प्राप्त हुने गरी सम्झौताहरु सम्पन्न भएका थिए । गत आर्थिक वर्षको प्रथम ६ महिनामा वेलायत सरकारको अनुदान सहायतामा सञ्चालन गरीने ५ वर्ष सञ्चालन अवधि रहेको राष्ट्रिय सुरक्षित मातृत्व कार्यक्रमका लागि करिव रु. २ अर्व ७२ करोड वरावरको सम्झौतामा हस्ताक्षर भएको थियो । त्यस्तै विश्व वैंकको करिव रु. ३ अरव ७३ करोड २० लाख ऋण तथा डेनमार्क, फिनल्याण्ड तथा नर्वे सरकारको करिव रु. ५ अर्व २१ करोड ९२ लाख अनुदान सहयोगमा सञ्चालन हुने ५ वर्षे अवधि रहेको सवैका लागि शिक्षा कार्यक्रमका लागि सम्झौताहरु समेत सम्पन्न भएका

थिए । यसको अलावा ५ वर्ष अवधिको विश्व वैंकको करिव रु. १ अर्व ८८ करोड ८३ लाख ऋण सहयोगमा सञ्चालन हुने दोश्रो ग्रामिण खानेपानी तथा सरसफाई आयोजनाका लागि समेत सम्झौता सम्पन्न भएको थियो ।

यसैगरी विश्व वैंककै करिव १ अर्व १२ करोड १८ लाख अनुदान सहायतामा सञ्चालन हुने ४ वर्ष अवधिको गरीवी निवारण कोष आयोजना तथा करिव रु. २ अर्व ९१ करोड ९६ लाख अनुदान र करिव रु. ७२ करोड ९९ लाख ऋण सहायतामा सञ्चालन हुने ५ वर्ष अवधिको स्वास्थ्य क्षेत्र सुधार आयोजनाका लागि समेत सम्झौता सम्पन्न भएका थिए । यस्तै ६ वर्ष सञ्चालन अवधि रहेको एशियाली विकास वैंकको करिव २ अर्व ८४ करोड ऋण सहायतामा सञ्चालन हुने विकेन्द्रीत ग्रामिण पूर्वाधार एवं जीविकोपार्जन कार्यक्रमको लागि समेत सम्झौता सम्पन्न भएको थियो ।

# ६.    बजेटका नीति तथा कार्यक्रमहरुको प्रगति विवरण

आर्थिक वर्ष २०६२।६३ को बजेट बक्तव्यमा घोषित नयाँ नीतिहरु र निरन्तरता दिइएका नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न/गराउन आर्थिक वर्षको प्रारम्भ मै विशेष कदमहरु चालियो। यस अन्तर्गत साउन महिनामै बजेट बक्तव्यको बूंदागत रुपमा घोषित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने निकाय, ती निकायले कार्य सम्पन्न गर्ने समयावधि र त्यसलाई निरन्तर रुपमा अनुगमन गर्ने निकाय/पदाधिकारी समेत तोकियो। यसका अतिरिक्त बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने समयबद्ध कार्ययोजना समेत बनाइयो र सो कार्य योजना बमोजिम हाल ती नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा छन्। यस बर्ष देखि अर्थ मन्त्रालयले बजेट बक्तव्यबाट घोषित नीतिहरुको कार्यान्वयन स्थिति सम्बन्धमा सम्बन्धित मन्त्रालयका सचिवहरुलाई चरण चरणमा आमन्त्रण गरी माननीय अर्थमन्त्रीज्यूको अध्यक्षतामा समीक्षा बैठकहरु समेत संचालन गरेको छ।

बजेटका उल्लेखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयन स्थिति अध्ययन गर्दा केही नीतिहरु तोकिएको समयभित्रै सम्पन्न भएका छन्, केही कार्यान्वयनको क्रममा रहेका र अन्य केही नीतिहरुको कार्यान्वयनमा हालसम्म कुनै प्रगति हुन सकेको छैन।

बजेट नीति तथा कार्यक्रमहरुको कार्यान्वयन स्थितिलाई यथार्थ रुपमा प्रस्तुत गर्ने क्रममा पुस मसान्तसम्म कार्यान्वयनमा रहेका केही नीति तथा कार्यक्रमको विवरण नमूनाको रुपमा उल्लेख गरिएको छ।

पुस मसान्तसम्मको प्रगति हेर्दा धेरैजसो नीति कार्यक्रमहरु कार्यान्वयनको स्थिति मध्यमखालको देखिन्छ। कतिपय मन्त्रालयले आफ्नो जिम्मेवारीका नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति प्रस्तुत गर्दा "लक्ष्य अनुसारको प्रगति भैरहेको" वा "गृहकार्य भैरहेको" भनेर कार्यान्वयन स्थितिलाई पारदर्शी रुपमा प्रस्तुत नगरेको पनि पाईएको छ। नीति कार्यान्वयनमा रहेका जिम्मेवार निकायले कार्य प्रगतिलाई यथार्थ रुपमा प्रस्तुत गर्ने हो भने नीति कार्यान्वयन तथा अनुगमन दुवै तर्फ सघाउ पुग्न जाने हुन्छ।

## (क)  नीति तथा कार्यक्रमहरुको कार्यान्वयन स्थिती

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| ३४. | द्वन्दपीडितहरुलाई रोजगारीका अवसरहरु तथा राहत उपलब्ध गराउन पञ्जीकृत द्वन्दपीडितहरु समेत संलग्न भएको समिति बनाई उनीहरुको संलग्नताबाट पूर्वाधार निर्माणका काम वा आयआर्जनका कार्यक्रम संचालन गरीनेछ। विस्थापित नागरीकहरुले आधारभूत सार्वजनिक सेवा निर्वाध रुपमा प्राप्त गर्न सक्ने व्यवस्था गरीनेछ। द्वन्दपीडित भई आन्तरिक रुपले विस्थापित व्यक्तिहरुलाई रोजगार तथा स्वरोजगार प्राप्त गर्न सक्षम तुल्याउने उद्देश्यले व्यवसायिक प्रशिक्षण नि:शुल्क प्रदान गरीनेछ। | गृह मन्त्रालय<br>श्रम तथा यातायात व्यवस्था मन्त्रालय उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय<br>सम्बन्धित सवै मन्त्रालय | वर्षभरी | तालिमतर्फ लामो अवधि (१ देखि ६ महिने) को ५८२ जनालाई सम्पन्न, छोटो अवधि (१ महिने) को ३२७ जनालाई सम्पन्न, विशेष कार्यक्रम, ३४० जनालाई, द्वन्द्व पीडित, दलित, जनजाति र महिला २४२ र उद्यमशीलता ४०९ जना सम्पन्न भएको। |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| ३६. | मानव विकास सूचकाङ्कले पछि परेका ४० जिल्लामा सामुदायिक सक्रियता र सहभागितामुलक विशेष कार्यक्रम संचालन गरीने<br>सडक सुविधाको पहुँच अत्यन्त कम भई पछि परेका जिल्लाहरुमा विकेन्द्रीत अवधारणा अनुरुप सडकको पहुँच, पूर्वाधार र जिविकोपार्जन सम्वन्धी कार्यक्रम संचालन गर्न ग्रामीण पहुँच सुधार र ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन कार्यक्रम संचालन गरीने | स्थानीय विकास मन्त्रालय | वर्षभरी | ▪ कार्यविधि स्विकृति भईसकेको<br>▪बजेट बाँडफाँड भईसकेको ।<br>▪अख्तियारी गइसकेको ।<br>▪कार्यक्रम स्विकृती कार्यविधि अनुसार जिल्लाबाटै हुने ।<br>▪कार्ययोजना तयार भएको ।<br>▪७ जिल्लामा टेण्डर भैसकेको, ४ वटामा एकहप्ताभित्र टेण्डर हुने प्रकृयामा, बाँकी जिल्लाहरुमा निकट भविष्यमै टेण्डर गर्ने अवस्था रहेको ।<br>▪TOR बनाउने काम भैरहेको ।<br>▪परामर्शदाताले काम सन्चालन गरीरहेको ।<br>▪अभिमुखिकरण गोष्ठी सम्पन्न भई आयोजना छनौट प्रकृया भैरहेको । |
| ४०. | राजमार्ग वरपरका क्षेत्रहरुमा वातावरणीय उपयुक्तता अनुरुप एक गाउँ एक उत्पादनको अवधारणामा च्याउ, आलु तथा तरकारी, सुन्तलाजातका फलफूल, केरा, मेवा, अदुवा खेती, रेशम खेती, जडिबुटि, दुग्ध व्यवसाय एवं पशुपंक्षी पालनको व्यवसायिक प्रवर्द्धन गर्न राजमार्ग विशेष कार्यक्रम संचालन गरिनेछ । राजमार्ग आसपासका भूमिहिन कृषकहरुलाई छेउछाउका नदीहरु तथा प्राकृतिक तालहरु मा मत्स्यपालनका लागि प्रविधि र पूर्वाधार सहयोग उपलव्ध गराइनेछ । | कृषि तथा सहकारी मन्त्रालय | वर्षभरी | सम्बन्धित जि.कृ.बि.का.हरुको नियमित कार्यक्रम अन्तरगत समूह गठन तथा परिचालनको कार्य भएको ।<br>नियमित स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन भईरहेको । |
| ४१. | कर्णाली अञ्चल विशेष कृषि विकास कार्यक्रम अन्तर्गत स्याउ र आलुको व्यवसायिक खेती प्रवर्द्धन गर्न वातावरण-मैत्री प्रविधि प्रयोग गरी १० वटा सेलर भण्डार तथा शीत भण्डार निर्माण गरिनेछ । कर्णाली अञ्चलको कृषि उपजको पहुँच बजारसम्म सहज तुल्याउन डोल्पाको जुफाल, जुम्लाको चन्दननाथ, हुम्लाको सिमिकोट र कालिकोटको मान्ममा संकलन केन्द्रको निर्माण गरिनेछ । | कृषि तथा सहकारी मन्त्रालय | वर्षभरी | कार्यविधिको मस्यौदा तर्जुमा गरी सकिएको ।<br>कार्यविधि स्वीकृत भैसकेको ।<br>कार्यक्रम स्वीकृत भैसकेको ।<br>स्वीकृति भईसकेको कार्यविधि र अख्तियारी सम्बन्धित कार्यालयमा पठाई सकिएको र ती कार्यालयहरुले कार्यक्रम संचालन को कार्यलाई अगाडी बढाएको ।<br>कार्यक्रम संचालनको लागि आवश्यक प्रक्रिया थालनी भएको<br>नियमित अनुगमन भैरहेको र कार्यक्रम कार्यान्वयन प्रभावकारी गराउन सम्बन्धित सरोकारवाला हरुको सहभागितामा कार्तिक २७-२८ मा सुर्खेतमा छलफल कार्यक्रमको आयोजना गरिएको । |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| ४२. | कृषि क्षेत्रको विशेष कार्यक्रम संचालन हुने जिल्लाहरु, गरिबी निवारण कोषले सहयोग गर्ने जिल्लाहरु बाहेकका अति विपन्न वर्गको जनघनत्व बढी भएका दश जिल्लाहरुमा ५० हजार घर परिवारलाई लक्षित गरी उनीहरुको सम्भाव्यता अनुरुपको कृषि कार्यक्रम संचालन गर्ने | कृषि तथा सहकारी मन्त्रालय | वर्षभरी | लक्षित कार्यक्रमको कार्यविधि, अख्तियारी तथा स्वीकृत कार्यक्रम जिल्लाहरुमा पठाउने कार्य भएको । कार्यक्रम कार्यान्वयनको लागि प्रारम्भिक कार्य शुरु भएको ।<br>अति विपन्न समुदायलाई समूह/समितिमा आबद्ध गर्ने कार्य भैरहेको । |
| ४४. | परीक्षणको रुपमा १५० वटा साना सिंचाई आयोजनाहरु सहकारिताको आधारमा संचालन गरिनेछ । | कृषि तथा सहकारी मन्त्रालय | वर्षभरी | कार्यक्रम स्वीकृत भैसकेको ।<br>सहकारी संस्थाहरुबाट स्कीम माग गर्ने कार्य भैरहेको<br>आयोजना संचालनका लागि पर्न आएका निवेदनहरुको छनौट गर्ने कार्य भईरहेको ।<br>आयोजना कार्यान्वयनको प्रकृया अगाडि बढी रहेको |
| ४६. | विश्व व्यापार संगठनमा नेपालको प्रवेशपछि नेपाली कृषिजन्य उपज र प्रशोधित खाद्य पदार्थको निर्यात प्रवर्द्धनका लागि प्रतिस्पर्धात्मक गुणस्तर सुनिश्चित गर्न क्वारेन्टाइन तथा खाद्य प्रयोगशालाका संयन्त्रहरु सुदृढ गरिनेछ । | कृषि तथा सहकारी मन्त्रालय | वर्षभरी | ल्याव सामान खरीदको लागि कारवाही अगाडि बढी रहेको ।<br>हालसम्म ३०३० वटा स्वस्थताको प्रमाणपत्र वितरण भएको ।<br>हालसम्म ३०७४१ वटा पैठारी इजाजत वितरण भएको ।<br>कृषिजन्य बस्तुको आयात निर्यातको अभिलेख अध्यावधिक गर्ने कार्य भैरहेको ।<br>टेण्डर प्रक्रिया पुरा भई मूल्यांकन गर्ने कार्य भैरहेको |
| ५० | कृषि उत्पादकत्व वृद्धिका लागि सिंचाई सुविधा उपलव्ध भएका क्षेत्रहरुमा कृषकहरुको सहभागितामा नियमित मरम्मत सम्भार सुनिश्चित गर्न जल-उपभोक्ता समूहहरुको क्षमता अभिवृद्धि कार्यक्रमलाई सुदृढ गरिनेछ । थप सिंचित क्षेत्रको विस्तार गर्न सामुदायिक सिंचाई आयोजनामा जोड दिइनेछ । | जलस्रोत मन्त्रालय | वर्षभरी | जल उपभोक्ता समूहहरुको क्षमता अभिबृद्धि कार्यकमको सिलसिलामा कमला (पूर्वी र पश्चिमी नहर ), पथरैया तथा मोहना सिंचाइ प्रणालीहरुमा २५/२५ जना गरी जम्मा १०० जना कृषक सहभागीहरुलाई सिंचाइ प्रणालीको भौतिक सुदृढीकरण तथा मर्मत ब्यबस्थापन तालिम सम्पन्न गरीएको छ । भैरहबा लुम्बिनी भूमिगत जल सिंचाइ प्रणालीमा सिंचाइ सेवा शुल्क प्रशासन तथा कार्यान्वयन सम्बन्धी तालिम ५० जना उपभोक्ता कृषकहरुलाई र त्यसैगरी पथरैया र मोहना सिंचाइ प्रणालीहरुमा सुशासन सम्बन्धी तालिम ५० जना उपभोक्ताहरुलाई दिइएको छ । यसकासाथै सिंचाइ सेवा शुल्क सघन कार्यकममा डिभिजन प्रमुख तथा इन्जिनियरको काम, कर्त्तब्य सम्बन्धी गोष्ठी सम्पन्न भएको छ । सिंचाइ सेवा |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| | | | | शुल्क सघन कार्यक्रम सम्बन्धमा ज.उ.स. प्रतिनिधिहरु लाई कार्यक्रमबारे जानकारि दिन १ दिने गोष्ठी हालै सम्पन्न गरीएको छ । सो गोष्ठीमा २५ जना ज.उ.स. प्रतिनिधिहरुको सहभागिता थियो । मर्मत संभार प्रणालीहरुमा क्षमता अभिबृद्धि तालिम अन्तर्गत कोशी पम्प तथा बितरण प्रणालीमा सिंचाइ सेवा शुल्क सम्बन्धी तालिम २ गोटा मार्फत् ५० जना प्रतिनिधिहरुलाई तालिम दिइएको छ । |
| ५१. | तराईका ३२ जिल्लामा ४,४०० स्यालो ट्यूववेल र ७२ वटा डीप ट्यूववेल निर्माण सम्पन्न गरी थप १९,००० हेक्टरमा बाह्रै महिना सिंचाई सुविधा उपलव्ध गराइनेछ । | ▪जलस्रोत मन्त्रालय र अर्थ मन्त्रालय, आ.का.वि महाशाखा | वर्षभरी | यस आर्थिक बर्षको कार्यक्रम अनुसार २ गोटा डिप टयुववेल निर्माण भै सकेको छ भने स्यालो टयुववेलतर्फ ७०० गोटा स्यालो टयुववेल निर्माण गरी थप २५०० हेक्टरमा सिंचाइ सुबिधा उपलाब्ध गराइएको छ । |
| ५२. | सिक्टा सिंचाई योजनाको हेडवर्क्स र डिसिल्टिङ बेसीन निर्माण कार्य प्रारम्भ गर्ने । | ▪जलस्रोत मन्त्रालय | वर्षभरी | हेडवर्क्स को लागत अनुमान स्वीकृत भै ठेकेदारको पूर्व योग्यता निर्धारण गर्न प्राप्त प्रस्तावहरुको मूल्यांकन कार्य पूरा गरीएको र सो स्वीकृत हुने प्रकृयामा रहेको । |
| ५३ | सडक सुरक्षा गर्ने, उकास जग्गा प्राप्त गर्ने र जनधनको क्षति न्यूनीकरण गर्ने लक्ष्य सहित ७२४ स्थानहरुमा नदी तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम संचालन गर्ने । | ▪ जलश्रोत मन्त्रालय | बर्षभरी | <u>**सडक सुरक्षा अर्न्तगत :**</u><br>क) मुग्लीङ्ग–नारायणघाट जल उत्पन्न प्रकोप नियन्त्रण आयोजना चालु आर्थिक बर्षको स्वीकृत कार्यक्रम अनुसार हाल सम्म जम्मा रु.६ करोड १३ लाखको बोलपत्र आव्हान भएको ।<br><u>**निर्माण कार्यहरु :**</u><br>चैनेज १८४६० मा ७ गोटा चेक ड्याम मध्ये ४ गोटा (६०%) सम्पन्न ।<br>चैनेज २३५०० मा गेग्रान बहाव तथा पहिरो नियन्त्रण कार्य ३०% सम्पन्न ।<br>चैनेज २३७४० मा १५ गोटा चेक ड्यामहरुमध्ये ५ गोटा (३०%)सम्पन्न ।<br>चैनेज २३४७४० मा गेग्रान बहाव तथा पहिरो नियन्त्रण कार्य ३५% सम्पन्न ।<br>चैनेज ३०८९० मा ३ गोटा चेक ड्याम मध्ये करिव ९०%सम्पन्न ।<br>खहरे खोलामा २ गोटा कंक्रिट सावो ड्यामहरुको निर्माण गर्नु पर्नेमा हालसम्म ५०% प्रगति |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| | | | | भएको ।<br>रुवा खोलामा २ गोटा कंक्रिट सावो ड्यामहरुको निर्माण गर्नुपर्नेमा हालसम्म ३५% प्रगति भएको ।<br>३ गोटा खोल्सी/पहिरोहरुको सर्भेक्षण कार्य सम्पन्न ।<br>**ख) सिन्धूली–बर्दिवास जल उत्पन्न प्रकोपा नियन्त्रण आयोजना**<br>सर्भेक्षण कार्य सम्पन्न ।<br>लागत ईष्टिमेट स्वीकृत भै टेण्डर आव्हान भएको ।<br>ग) जनधनको क्षति न्यूनीकरण गर्ने **लक्ष्य सहित ७२४ स्थानहरुमा नदी तथा जलद उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम संचालन गर्ने :**<br>स्थलगत विशेष कार्यक्रम अर्न्तगत जिल्लास्तरमा संचालन गरिने नदी तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रमहरुको सर्भेक्षण र ल.ई. कार्यहरु पुरा भएको ।<br>५० गोटा नदी नियन्त्रण योजनाको निर्माण कार्य पुरा भएको । |
| ५५ | नेपालको सामुदायिक वन व्यवस्थापन प्रणाली अन्य देशका लागि पनि अनुकरणीय बनेको छ। यसै प्रणालीलाई थप सुदृढ गर्दै वन उपभोक्ता समूहभित्रका महिला, दलित र उत्पीडित वर्गका अति गरिव परिवारहरुको लागि जडीवुटी तथा गैरकाष्ठ वन पैदावरमा आधारित आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछन् । गरिबीको रेखामुनि रहेका दलित, जनजाती र न्यून आय भएका समूहहरुलाई गैरसरकारी तथा सामुदायिक संस्थाहरु मार्फत परिचालन गरी कवुलियती वन हस्तान्तरण गरिनेछ । | वन तथा भू-संरक्षण मन्त्रालय | वर्षभरी | **वन विभाग तर्फ :**<br>२९ वटा सामुदायिक वन उपभोक्ता समूहहरुको सम्पन्नता स्तरीकरण कार्य सम्पन्न भएको ।<br>२ वटा गरिवमुखि उपसमूहहरु गठन भइं कायंक्रम संचालन भई रहेको ।<br>१५ वटा उपसमूहको कार्यक्रम तयार भै रहेको ।<br>११३ समूह गठन भएको । |
| ५७ | दशौं योजनाले निर्दिष्ट गरे अनुसार ४० प्रतिशत वन क्षेत्र कायम राख्ने प्रतिवद्धता लागू गर्न सामान्यतया वन क्षेत्र अन्य प्रयोजनको लागि दिइने छैन । तर राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना संचालन गर्दा अन्य विकल्प नभई वन क्षेत्रको जग्गा प्रयोग गर्नु पर्ने अवस्था आएमा त्यस्तो प्रयोजनको लागि वन क्षेत्र दिंदा वनको कूल क्षेत्रफल नघट्ने गरी सट्टा भर्नाको व्यवस्था मिलाइने छ । | वन तथा भू-संरक्षण मन्त्रालय | वर्षभरी | **वन विभाग तर्फ :**<br>४० प्रतिशत वन क्षेत्र कायम राख्न जग्गा माग गर्ने निकायहरु लाइं जानकारी गराइएको ।<br>अधिराज्यको वनजंगललाई ४० प्रतिशत वन क्षेत्र कायम गर्न सम्वन्धित निकायहरु मा समन्वयात्मक सम्वन्ध कायम गरिएको । |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| ६१. | भूमिमा भूमिहिन कृषकहरुको पहुँच बढाउने गरी भूमि बैंकको स्थापना गरीनेछ । | भूमि सुधार तथा व्यवस्था मन्त्रालय<br>अर्थ मन्त्रालय, आ.का.वि. महाशाखा | वर्षभरी | भूमि बैंक सम्वन्धमा अध्ययन प्रतिवेदनबाट अल्पकालिन कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा सहुलियत ऋण उपलव्ध गराउन ५ करोड कृ.वि.बैंकलाई उपलव्ध गराईएको साथै जग्गा खरिद गर्न ऋण उपलव्ध गराउने कार्यविधि २०६२ म.प.बाट स्वीकृत भै कार्यान्वयन गर्ने क्रममा ऋण मोचन कोषको रकम मध्ये रु. ६ लाख ५० हजार खर्च गर्न स्वीकृती भै निकासा भएको । लगानी गर्ने सम्वन्धमा प्रारम्भिक कार्य भैरहेको ।<br>सुकुम्वासी समस्या अध्ययन तथा सुझाव समितिले प्रतिवेदन पेश गरेको |
| ६२. | मुक्त कमैया परिवारलाई आय आर्जनका अवसर उपलव्ध गराउन विभिन्न किसिमका सीपमूलक तालीम कार्यक्रम सञ्चालन गरीनेछ र समूह मार्फत कम व्याज दरमा आय आर्जन कार्यक्रमका लागि ऋण प्रदान गरीनेछ । | भूमि सुधार तथा व्यवस्था मन्त्रालय | वर्षभरी | भोग गर्न नपाएको सट्टा जग्गा उपलव्ध गराउन स्थलगत कार्य चालु रहेको । ४३ जनालाई सिपमूलक तालिम र २० जनालाई सिकर्मी तालिम प्रदान गरीएको । |
| ६८ | विदेशी पूँजी र प्रविधिको आगमन सहज तुल्याउन विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको नकारात्मक सूचीमा रहेका २३ वटा उद्योगहरुमध्ये चलचित्र व्यवसाय, बहुराष्ट्रिय श्रृंखला (Chain) को सहभागिता रहने खुद्रा व्यवसाय, ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, वाटर र्‍याफ्टिङ, पोनी ट्रेकिङ, अश्वारोहण, मदिरा तथा चुरोट, पर्यटक आवास, व्यवस्थापन, लेखा, इन्जिनियरिङ, कानूनी जस्ता परामर्श सेवा व्यवसायहरुलाई सो सूचीबाट हटाउन कानूनी व्यवस्था गरीनेछ । | उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय | २०६२ पुस | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को संशोधनको लागि मस्यौदा तयार भई मन्त्रालयमा पेश भएकोमा मिति २०६२।८।६ को राजपत्रमा उक्त ऐनको अनुसूचीको खण्ड (ख) मा संशोधन भै सूचना प्रकाशन भएको । |
| ७९. | गैर-आवासीय नेपाली सम्वन्धी अध्यादेश जारी गरीनेछ । | परराष्ट्र मन्त्रालय, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय, कानून महाशाखा | २०६२ असोज मसान्त | गैर आवासीय नेपाली सम्बन्धी अध्यादेश, २०६२ मिति ०६२।५।१७ मा जारी भएको । |
| ८८. | सत्तरी मेगावाटको मध्यमर्स्याङ्दी जलविद्युत परियोजनाको निर्माण नयाँ कार्यतालिका अनुसार छिटो सम्पन्न गर्ने | जलस्रोत मन्त्रालय, नेपाल विद्युत प्राधिकरण | वर्षभरी | परियोजनाको हालसम्मको प्रगति ६९ प्रतिशत रहेको । |
| ८९. | १०० वटा क्षेत्रमा विद्युत वितरण गर्ने जिम्मा सामुदायिक विद्युत वितरक संस्थाहरुलाई दिइनेछ । | जलस्रोत मन्त्रालय, नेपाल विद्युत प्राधिकरण | वर्षभरी | विद्यमान वितरण सेवा सञ्चालन तथा ग्रामीण विधुतीकरण समेत गरी वितरण सेवा सञ्चालन गर्न |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| | | | | निवेदन दिने संस्था हालसम्म ३५१ मध्ये १४९ वटा स्वीकृत भई ११३ वटा संस्थासँग सम्झौता भएको र सम्झौता भएको ११३ वटा संस्थाहरु मध्ये १४ वटा संस्थाहरु वितरण प्रणाली सञ्चालनमा रहेका छन् । ग्रामीण विद्युतीकरण गरी वितरण सेवा सञ्चालन गर्न निवेदन दिने संस्थाहरुको संख्या १५५ रहेको छ । सो कार्यक्रमका लागि लागत स्कीम रु १ अर्ब १४ करोड ७२ लाख ४५ हजार र सहभागीता रकम रु २२ करोड ९४ लाख ४९ हजार को प्रस्ताव प्राप्त भएको छ । सो मध्ये सामुदायिक ग्रामीण विद्युतीकरणको कोषमा रु १३ करोड ५८ लाख ३१ हजार जम्मा भएको छ । यस आर्थिक बर्षमा सञ्चालनको लागि स्वीकृत भएका संस्थाहरु १८ वटा । गत आर्थिक बर्ष ०६१।६२ मा सामुदायिक विद्युतीकरणका लागि स्वीकृत भई विद्युतीकरण गर्नका लागि बोलपत्र आह्वान गरीसकिएको संस्थाहरु ५० वटा । |
| ९५ | पर्यटन क्षेत्रको छविलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा अभिवृद्धि गर्न पर्यटन प्रवर्द्धनलाई जोड दिइनेछ। यसको लागि विदेशी पर्यटन पत्रकार, पर्यटन लेखक, टुर अपरेटर्स, डकुमेन्ट्री निर्माताहरुलाई नेपाल सम्बन्धी आलेख, न्यूज, ट्राभल्स डकुमेन्ट्री आदि तयार गर्न नेपाल पर्यटन बोर्ड मार्फत नेपाल आमन्त्रण गरी विदेशी संचार माध्यमबाट प्रसारण गरिनेछ। | *संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय* | वर्षभरी | अन्तर्गत India का NSS Films - National Geographic/ Discovery Channel का ४ सदस्यीय छाँयाङ्कन टोली, Esperanto Congress मा सहभागी हुन आएका बैंङ्गलोरका Freelance का M.C Suresh सहित २ जना पत्रकार, Srishti पत्रिकाका २ जना पत्रकार, TTE लक्की ड्रका विजेता एक जोडी, मुम्बइका ६ जना पत्रकारहरू, Hongkong, Oriental Daily का पत्रकार Joshua Tong, Asia Adventure Magazine का प्रमुख सम्पादक Mr. Steve White तथा प्रसिद्ध म्यागाजीन Sister Live का ३ जना पत्रकारहरूलाई Thailand, ITV का ४ संचारकर्मीहरू तथा ७ जना संचारकर्मीहरू, Turkey का १६ जना प्रख्यात पत्रकारहरू, Germany, Door Prize का २ जना विजेताहरु, Malayasia, National News Agency का Free Lance Travel Writer Mr. P Vijian, United |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| | | | | Kingdom को प्रख्यात टेलिभिजन Rofgn Sky Travel TV का ३ जना संचारकर्मीहरू, China, Dragon TV का ५ जना संचारकर्मीहरू, Philippines का राफल पुरस्कार विजेता, Finland का १ जना फोटो पत्रकार, France का २ प्रख्यात पर्वतारोही तथा पत्रकारहरू Rene Tomio र Jacques Cordola लाई काठमाडौं लगायत पोखरा, चितवन, नगरकोट, जोमसोम, आदि क्षेत्रहरुको परिचयात्मक भ्रमण । |
| ९६ | हिन्दू तथा बौद्धमार्गीहरुलाई नेपालमा आकर्षण गर्न धार्मिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ। धार्मिक तथा क्षेत्रीय पर्यटनलाई अभिवृद्धि गर्न नेपाल पर्यटन बोर्डमार्फत भारत, चीन, थाइलैण्ड, सिंगापुर, मलेशिया, श्रीलंका जस्ता देशहरुमा विशेषरुपले प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ। | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | वर्षभरी | नेपालमा धार्मिक पर्यटनको ठूलो सम्भावनालाई मध्यनजर गरी नेपालय पर्यटन बोर्डले भारत, श्रीलंका, दक्षिण पूर्व एशियाली मुलुकहरुमा धार्मिक पर्यटनलाई प्रबर्द्धन गर्न विशेष पहल गरी कार्य सम्पन्न गरेको । जसमा भारतमा अखण्डब्ज्योती बाबा ट्रष्टद्वारा आयोजित महायज्ञ सम्पन्न गर्न सहयोग गर्नुका साथै धार्मिक पुस्तिका ‚Nepal: Abode of Peace and Salvation from Pouranic Age" प्रकाशन शालीग्राम उपहार वितरण, पशुपतिनाथको दर्शनका लागि भारतीय पर्यटकलाई विशेष व्यवस्था मिलाइएको, भारतीय धार्मिक पर्यटकहरुलाई लक्षित गरी प्याकेजहरु निर्माण, स्वामी रामदेवको प्रख्यात योग चिकित्सा शिविर सञ्चालन गर्न समन्वय गरिएको । थाईल्याण्ड बाट पत्रकारहरू आमन्त्रण गरी जनकपुर तथा लुम्बिनीको प्रबर्द्धनका लागि धार्मिक पर्यटन प्रबर्द्धन गरिएको । मलेशियामा विश्व हिन्दुमहा संघको कार्यकारी समितिको बैठकमा धार्मिक पर्यटन सम्बन्धी प्रस्तुतिकरण । पर्यटन प्रर्वद्धन सम्बन्धि अन्य कार्यक्रमहरु तयारीको क्रममा रहेको । |
| ९७ | खतराको सूचीमा परेका काठमाडौं उपत्यकाभित्रका विश्व सम्पदाहरुको सुधार तथा संरक्षण कार्य गर्नका लागि तयार पारिएको १० वर्षे कार्ययोजनालाई स्थानीय निकायहरु | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | वर्षभरी | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना अन्तर्गत ५ वटा कार्यक्रमहरुको बोलपत्र भई कार्य शुरु भइसकेको । स्थानीय निकायहरुसग समन्वय गरि ५५ |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| | संग साझेदारी गरी कार्यान्वयन गरिनेछ । | | | झ्याले दरवारको जीणोद्धार कार्य ६८%सम्पन्न, चाँगुनारायण अमात्य सत्तलको पछाडि टेवा पर्खाल लगाउने र विद्युतिकरण कार्य ४०% सम्पन्न, स्वयम्भुस्थित मञ्जुश्री सिंढी मर्मत, स्वयम्भुस्थित पाटीको मर्मत कार्य २५% सम्पन्न, पाटन संरक्षित स्मारक क्षेत्रको नेपाली र अंग्रेजी ब्रोसियरमा श्रव्यदृश्य तयार गर्ने कार्य ५०% सम्पन्न । |
| ९८. | भैरहवास्थित गौतम बुद्ध विमानस्थललाई ठूला जहाज (Wide-body Aircraft) अवतरण र उडान गर्नसक्ने गरी ३,००० मिटर लामो रन-वे बनाउन आवश्यक जग्गा प्राप्ति गर्ने र जग्गा सुधार गर्ने कार्य आर्थिक वर्ष २०६२/६३ मा सम्पन्न गरिनेछ । | संस्कृती, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | वर्षभरी | गौतमबुद्ध विमानस्थल विस्तारको लागि प्राधिकरणको चालु आ.व.मा आवश्यक जग्गा प्राप्त गर्ने कार्यक्रम रहेकोमा हालसम्म ६२ विगाहा १५ कट्ठा १८ धुर जग्गा अधिग्रहण कार्य सम्पन्न भै मिति २०६२।८।२६ देखि मुआब्जा वितरण कार्य प्रारम्भ भैसकेको । |
| १००. | घरजग्गा व्यवसाय सम्वन्धी कानूनी संरचना तयार गरी लागू गरीनेछ । काठमाडौं उपत्यकाको दीर्घकालीन विकासलाई समन्वयात्मक तथा प्रभावकारी ढंगले संचालन गर्न काठमाडौ उपत्यका शहरी विकास परिषद् गठन गर्ने कानूनी व्यवस्था मिलाइनेछ । शहरी क्षेत्रमा भूकम्पबाट धनजनको क्षति न्यून गर्न भवन संहितामा आधारित भूकम्प निरोधक प्रविधि अपनाई मात्र घर निर्माण गर्न पाउने कानूनी व्यवस्था अवलम्वन गरीनेछ । | भौतिक योजना तथा निर्माण मन्त्रालय | २०६२ फागुन मसान्त | घर जग्गा व्यवसाय ऐनको मस्यौदाको गृहकार्य पुरा भएको र सो मस्यौदालाई अन्तिम रुप दिन भौतिक योजना तथा निर्माण मन्त्रालयबाट मिति ०६२।९।१० मा सहमतीको लागि कानून, न्याय तथा संसदिय व्यवस्था मन्त्रालयमा पठाइएको ।<br>भवन ऐन २०५५ लागु गर्ने सम्वन्धमा सम्वन्धित क्षेत्रमा उक्त ऐन लागु गर्नका लागि श्री ५ को सरकार (मा.रा.मं. स्तर) को मिति ०६२।९।११ मा निर्णय भएको । |
| १०२ | पनौती, बनेपा, धुलिखेल, हेटौंडा, रत्ननगर र भरतपुर गरी ६ वटा नगरपालिकाहरुमा चालु रहेको शहरी तथा वातावरणीय सुधार आयोजन लाई विदुर र कमलामाई नगरपालिकामा समेत विस्तार गरीनेछ । | भौतिक योजना तथा निर्माण मन्त्रालय | वर्षभरी | पहिलो समूहको धुलिखेल, भरतपुर र हेटौडा नगरपालिकाहरुमा परामर्शदाता नियुक्ति भई सब प्रोजेक्टहरुको डिटेल डिजाइन कार्य करिव ७०% सम्पन्न भएको । दोस्रो समूहका रत्ननगर र बनेपा नगरपालिकाहरुमा परामर्शदाता नियुक्ति गर्ने सम्वन्धमा आर्थिक प्रस्ताव मुल्यांकनको कार्य भइरहेको । पनौतीको छोटो सूचि तयार गर्ने कार्य भईरहेको । तेस्रो समूहका नगरहरु विदुर र कमलामाईमा कार्यालय स्थापना गर्ने क्रममा अर्थ मन्त्रालयमा मिति ०६२।६।१० गते नगरपालिका र अर्थ मन्त्रालयबीच सहायक ऋण सम्झौता भएको । ADB र |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| | | | | नगरपालिका बीच आयोजना सम्झौता गर्न नगरपालिकाको आधिकारिक प्रतिनिधि तोकी ADB मा मिति २०६२।८।१३ (November 28, 2005) मा पठाएको । |
| १०७ | प्राथमिक तहमा अध्ययनरत सबै बालबालिकालाई विद्यालयले नै यथासमयमा निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन, विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धिका लागि आधारभूत शैक्षिक सामग्री लगायतका सिकाइ सामग्री उपलब्ध गराउन र अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराउन विद्यालय सुधार योजनाका आधारमा सबै सार्वजनिक प्राथमिक विद्यालयहरुलाई विद्यार्थी संख्याको आधारमा एकमुष्ठ अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइएको छ। यस प्रयोजनका लागि रु. १ अर्ब ४ करोड छुट्याइएको छ। | शिक्षा तथा खेलकुद मन्त्रालय | २०६३ जेठ | हिमाली, पहाडी तथा उपत्यका र तराई क्षेत्रका विद्यालयहरुलाई प्रति विधार्थी क्रमशः रु. ३२५,३०० र २७५ का दरले विद्यार्थी संख्याका आधारमा एकमुष्ठ अनुदान जिल्ला शिक्षा कार्यालयहरुलाई पठाइ सकिएको । |
| १११. | प्रवेशिका परीक्षामा राम्रो नतिजा ल्याउने ग्रामीण क्षेत्रका विद्यालयहरुलाई रु. ४ लाख प्रोत्साहन अनुदान दिने | शिक्षा तथा खेलकुद मन्त्रालय | वर्षभरी | विवरण संकल भई प्रमाणीकरणका लागि सम्वन्धित क्षे.शि.नि.मा पठाइएको । |
| ११२. | कक्षा १० मा अध्ययनरत विद्यार्थीलाई लक्षित गरी अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषयको विशेष कक्षा टेलिभिजन तथा रेडियोबाट संचालन गरीनेछ। | शिक्षा तथा खेलकुद मन्त्रालय | वर्षभरी | शैक्षक जनशक्ति विकास केन्द्रबाट गोर्खापत्रमा प्रकाशन आरम्भ भइसकेको । |
| १२०. | छाता विश्वविद्यालय अध्यादेश छिट्टै ल्याइन | शिक्षा तथा मन्त्रालय खेलकूद मन्त्रालय | वर्षभरी | विश्वविद्यालय छाता ऐनको मस्यौदामा सैद्धान्तिक सहमतिका लागि मन्त्री परिषदमा प्रस्ताव पठाइएको । |
| १२४ | स्थानीयस्तरमा औषधीको आपूर्ति व्यवस्थामा सुधार गरिनेछ। थप ९ जिल्लामा सामुदायिक औषधी विक्री कक्ष संचालन गर्न र बाँकी जिल्लाका प्रत्येक प्राथमिक स्वास्थ्य केन्द्रमा रु. २ लाखका दरले आवर्ति (Revolving) स्वरुपको औषधी कोष खडा गर्न आवश्यक रकम विनियोजन गरिएको छ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | वर्षभरी | स्थानीयस्तरमा औषधि आपूर्ति व्यवस्थामा सुधार गर्ने क्रममा ओखलढुंगा, सप्तरी, धनुषा, ललितपुर, भक्तपुर, लम्जुङ्ग, म्याग्दी, पर्वत, पाल्पा, सुनसरी, सिरहा, पर्सा, कपिलवस्तु, तनुहँ, नवलपरासी, बर्दिया, कञ्चनपुर जिल्लामा प्रशिक्षक प्रशिक्षण तालिम, सन्दर्भ सामग्रीको व्यवस्था गर्न टेण्डर फाराम मूल्यांकन भैरहेको ।<br>ओखलढुंगा, सप्तरी, धनुषा, ललितपुर, भक्तपुर, लमजुङ्ग, म्यादी, |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| | | | | पाल्पा र पर्वत जिल्लाहरुमा सामुदायिक औषधि कार्यक्रमको प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी तालिम कार्तिक महिनामा सम्पन्न गरिएको, सामुदायीक औषधि कार्यक्रमको लागि तालीम सन्दर्भ सामग्रीको व्यवस्थाको टेण्डर मूल्यांकन भैरहेको, सामुदायिक औषधि कार्यक्रमको लागि आवश्यक सामान खरीदको टेण्डर गर्न स्वास्थ्य सेवा विभागमा पेश भएको ।<br>औषधि कोष सञ्चालक निर्देशिका तयार गर्ने क्रममा सि.डि.पि., युनिसेफ, वि.एण्ड एम.टी. को प्रतिनिधि बाट आर.डि.एफ.को निर्देशिका मस्यौदा तयार गर्ने निर्णय भएको । |
| १२६. | सुर्खेतमा एक क्षेत्रीयस्तरको अस्पताल निर्माण गरिने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | वर्षभरी | ▪ मध्य पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको नक्सा तयार भइ सकेको EIA तयार भइरहेको र सो कार्यको लागि Consultant सेवा समेत भवन विभागबाट लिएको जानकारी प्राप्त ।<br>▪ क्षेत्रीय अस्पतालको दरवन्दी मन्त्रालयस्तरबाट स्विकृत भईसके को र फागुन महिनामा उद्घाटन भई संचालनमा आउने ।<br>▪ रोल्पा र रौतहटमा अस्पताल पुर्ननिर्माण कार्य भवन विभागमार्फत चालु रहेको ।<br>▪ भवन विभाग मार्फत विभिन्न अस्पतालको निर्माण सुधार सम्पन्न भइरहेको । |
| १२७ | मानव विकास सूचकाङ्कले पछाडी परेका स्थानका २५ वटा स्वास्थ्य केन्द्रमा दुईवटा कोठाका दरले महिला सुत्केरी कक्षको स्थापना गरिनेछ । अधिराज्यका १० जिल्लाका सरकारी अस्पतालमा प्रसुती प्रतीक्षालय कक्ष निर्माण गरिनेछ । यसैगरी ६६ वटा जिल्ला अस्पतालहरु लाई उपकरण खरीद गर्न रु. २ लाखका दरले रकम उपलब्ध गराइनेछ । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | वर्षभरी | ▪ २५ वटा मानव सुचाङ्क कम भएका जिल्लाका ५० वटा हेल्थपोष्टमा Birthing Center (प्रसुती कक्ष) निमार्णको लागि नक्सा तयार भई जिल्लामा टेण्डर भएको जानकारीहरु प्राप्त भइरहेको ।<br>▪ १० वटा सरकारी अस्पतालमा प्रसुती प्रतिक्षालय कक्ष निर्माणको लागि Detail लगत इस्टमेट भइ रहेको र निर्माणको क्रममा रहेको<br>आवश्यकता पहिचान गर्ने कार्य भाद्र महिनामा सम्पन्न भएको, अत्यावश्वक उपकरणको सूची संकलन असोज महिनामा सम्पन्न भई सकेको, वजेट निकासा तथा अख्तियारी, टेण्डर आह्वान, |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| | | | | अत्यावश्यक उपकरण खरिद प्रकृयामा रहेको । |
| १२८ | यस वर्ष १६ जिल्लामा एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | वर्षभरी | जिल्लाको बस्तुस्थिति विश्लेषण तथा जिल्ला छनौट सम्बन्धमा जिल्लाको वस्तुस्थिति विश्ेषण गरी जिल्ला छनौट गरिएको छ । छनौट भएका जिल्लाहरु निम्न अनुसारका रहेका छन् ।<br>झापा, मोरङ्ग, सुनसरी सप्तरी धनुषा, पर्सा, चितवन, भक्तपुर, कास्की रुपन्देही, दाङ्ग, बाँके, कैलाली कञ्चनपुर डोटी र आछाम<br>DHO तथा जिल्ला एडस् सम्बन्वय समिति संग छलफल गरी कार्ययोजना तयार गर्ने सम्बन्धमा झापा, चितवन रुपन्देही, बाँके, डोटी र अछाम ६ वटा जिल्लाहरुमा DHO तथा जिल्ला एडस् समन्वय समिति संग छलफल गरी कार्ययोजना तयार भई सकेको छ ।<br>जिल्लामा जिल्ला स्तरिय HIV/AIDS अभिमुखिकरण (Orientation) गर्ने सम्बन्धमा Orientation कार्यक्रम संचालन भइरहेको छ ।<br>जिल्लास्तरिय HIV र AIDS रणनीति र कार्ययोजना तयार गर्ने सम्बन्धमा ६ जिल्लाको जिल्लास्तरिय HIV र AIDS रणनीति र कार्ययोजना तयार गर्ने काम भईरहेको छ ।<br>कार्ययोजना अनुसार का अन्यकार्य को सम्बन्धमा कार्ययोजना तयार गर्ने काम भईरहेको छ ।<br>सुपरिवेक्षण, मूल्याङ्कन तथा अनुगमन सम्बन्ध मा सुपरीवेक्षण, मूल्याङ्कन तथा अनुगमन कार्य तदारुकताकासाथ भईरहेको छ । |
| १३२ | विद्यार्थीहरुलाई बिरामी परी सरकारी अस्पतालमा सेवा लिन आउंदा दर्ता शुल्क र प्याथोलोजी सेवाका शुल्कहरुमा २० प्रतिशत छुट दिने व्यवस्था मिलाइएको छ। यसैगरी पाँच विकास क्षेत्रका १/१ जिल्लामा परीक्षणका रुपमा विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | विद्यार्थी सहुलियत साउनमा र कार्यक्रम वर्षभरी | स्वास्थ्य सेवा लिन आउने विद्यार्थीहरुलाई दर्ता शूल्क र प्याथोलोजी सेवाका शूल्कहरुमा २० प्रतिशत सहुलियत प्रदान गर्न मिति २०६२/८/८ को निर्णयानुसार सवै स्वास्थ्य संस्थाहरुमा निर्देशिका सहित सहुलियत प्रदान गर्ने फाराम पठाईएको ।<br>मोरङ्ग, चितवन, धादिङ्ग, नवलपरासि, पाल्पा, सुर्खेत र कञ्चनपुर जिल्लाहरुका सवै |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| | | | | विद्यालयहरुका एक देखि तीन कक्षासम्मका छात्र/छात्राहरुलाई TT खोप एक पटक र जुगाको औषधी खुवाउने कार्य सञ्चालन भई सतप्रतिशत प्रगति हासिल भएको । |
| १५२. | स्थानीय जनताको क्षमता अभिबृद्धि गर्दै विकेन्द्रित शासन प्रणालीलाई बल पुऱ्याउन ६५ जिल्लाका ७८७ गाउँ विकास समितिमा समुदायमा आधारित ग्रामीण विकास कार्यक्रम संचालन गर्ने व्यवस्था | स्थानीयविकास मन्त्रालय | वर्षभरी | DLGSP मार्फत ६० जिल्लाका ६६३ गा.वि.स.मा कार्यक्रम यथावत सन्चालन गरीएको ।<br>५६ गा.वि.स. मा कार्यक्रम विस्तारका लागि गा.वि.स. छनौट गर्ने कार्य प्रारम्भ भैसकेको ।<br>चालु बर्षमा थप हुने ५ जिल्ला (रोल्पा, गुल्मी, अर्घाखाँची, भोजपुर) का १२५ गा.वि.स.मा विस्तार गर्नका लागि संझौता हुन बाँकी |
| १६०. | निजामती सेवाको समग्र कार्यक्षमताको अभिवृद्धि गर्न कर्मचारीहरुको नियुक्ति देखि अवकाशवीच हुने वृत्ति विकासका लागि निर्देशिकाहरु बनाई पारदर्शी योजना तयारीको कार्य शुरु गरीनेछ । निजामती सेवामा उच्च व्यवस्थापन स्तरकोलागि नेतृत्व मूल्यांकन प्रणाली प्रारम्भ गरीनेछ । निजामती कर्मचारीहरुको काम, कर्तव्य, अधिकार र भूमिका समेत कानूनद्वारा नै निर्दिष्ट हुने गरी शासन व्यवस्था संचालन ऐन (Governance Act) कार्यान्वयनमा ल्याइनेछ । | सामान्य प्रशासन मन्त्रालय | २०६२ असोज भित्र | बृत्ति विकास योजनालाई पारदर्शी बनाउने उद्देश्यले बढुवा निर्देशिका, सरुवा नीति, विभागिय प्रमुखको पदस्थापना सम्बन्धी नीति, काजमा खटाउने नीति, राष्ट्रिय तालिम नीति, व्यवस्थापन परीक्षण निर्देशिका, शैक्षिक योग्यता प्रमाणीकरण नीति जस्ता नीति एवं निर्देशिका तर्जुमा भै कार्यान्वयनमा ल्याइएको । साथै निजामती सेवा ऐन दोश्रो संशोधनबाट सरुवा सम्बन्धी व्यवस्था बढी पारदर्शी र व्यवहारीक हुन आएको । |
| १६६ | आर्थिक वर्ष २०६२/६३ देखि नियुक्त हुने सबै निजामती कर्मचारीहरु अंशदान निवृत्तिभरण प्रणाली अन्तर्गत रहनेछन् । यो प्रणाली सबै सरकारी सेवा र सरकारी अनुदानमा आस्रित निकायमा पनि विस्तार गरीनेछ । सेवा निवृत्त कर्मचारीले श्री ५ को सरकारबाट पारिश्रमिक पाउने गरी नियुक्ति भएमा दोहोरो सुविधा लिन नपाउने व्यवस्था गरीएकोछ । | सामान्य प्रशासन मन्त्रालय<br>अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा<br>गृह, रक्षा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>संवैधानिक सेवाका निकाय | २०६२ फागुन भित्र | आर्थिक वर्ष २०६२।६३ देखि नियुक्त हुने सबै निजामती कर्मचारीहरु अंशदान निवृत्तिभरण प्रणालीमा रहने व्यवस्था निजामती सेवा ऐन २०४९ को दोश्रो संशोधन अध्यादेश २०६२ को दफा ३९ ख मा व्यवस्था गरी सोही ऐनको दफा ३७ (६) मा सेवा निवृत्त कर्मचारीले श्री ५ को सरकारबाट पारिश्रमिक पाउने गरी नियुक्ति भएमा दोहोरो सुविधा लिन नपाउने व्यवस्था गरीएको छ । |

## ख) कार्यान्वयन नभएका वा न्यून प्रगती भएका तथा समिक्षा अवधि सम्म पनि प्रगती विवरण प्राप्त हुन नआएका नीति तथा कार्यक्रम

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| ४३. | तीनवटा कृषि फार्महरु लीजमा संचालन गर्न कृषकहरुको सहकारी वा निजी क्षेत्रलाई दिइनेछ। कच्चा ऊन स्वदेशमै व्यवसायिक रुपमा उत्पादन गर्न निजी क्षेत्रलाई आवश्यक प्राविधिक सहयोग सहित सबै भेडा फार्महरु लीजमा उपलव्ध गराइनेछ। | ▪ कृषि तथा सहकारी मन्त्रालय | वर्षभरी | |
| ४७ | कृषि अनुसन्धानलाई परिणाममुखी बनाउन अनुसन्धान केन्द्रहरु र कृषकहरुवीच अन्तरक्रिया हुने परिपाटी शुरु गरीनेछ। अनुसन्धानकर्ताहरुले अनिवार्य रुपमा प्रत्येक वर्ष निश्चित अवधिसम्म कृषकहरुकै थलोमा गई अनुसन्धान आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था तुरुन्त लागू गरीनेछ। | ▪ कृषि तथा सहकारी मन्त्रालय | वर्षभरी | |
| ६३. | जमीनमाथिको दोहोरो नियन्त्रण अन्त्य गर्न मोही र जग्गाधनीहरुको आ-आफ्नो भागको हक-हिस्सा छुट्याउन दिएको निवेदन समेतको आधारमा मोही लागेको जग्गा जग्गाधनी र मोहीवीच बाँडफाँड गर्ने कार्य टुङ्ग्याइनेछ। | ▪ भूमि सुधार तथा व्यवस्था मन्त्रालय | २०६२ चैत मसान्तसम्म | कार्य तालिकाको आधारमा द्वैधनियन्त्रण कार्य सम्पन्न निर्देशन दिईएको र द्वैध नियन्त्रण सम्वन्धी निवेदन/मुद्दा फछ्यौंट भैरहेको। |
| १०१ | समय समयमा आएको भूकम्पबाट पीडित परिवारले घर बनाउन लिएको ऋणको रु. १०,०००।- सम्म आर्थिक वर्ष २०५५/५६ मा मिनाहा गरीएको थियो। तर अझैपनि धेरैले ऋण बुझाउन सकेका छैनन्। भूकम्पपीडितहरुले आधारभूत आवाश निर्माण गर्न लिएको यस्तो बाँकी पूरै ऋण मिनाहा गर्ने व्यवस्था गरीएको छ। | ▪ अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा<br>▪ कृषि विकास बैंक | २०६२ फागुन | |
| ११५. | यस वर्ष थप २,००० वटा विद्यालयहरु स्थानीय समुदायमा हस्तान्तरण गरीनेछ। | ▪ शिक्षा तथा मन्त्रालय खेलकूद मन्त्रालय | वर्षभरी | यस महिनामा प्राथमिक तह ७ को व्यवस्था हस्तान्तरण (यस आर्थिक बर्षमा हालसम्म १७५ तहको ) भएको। |
| १४८ | आर्थिक विकासको पूर्वाधार सिर्जना लगायत गरीबी निवारण, शिक्षा, स्वास्थ्य, सामाजिक कल्याणकारी कार्य, महिला, बालबालिका, जनजाती, दलित र पिछडिएका वर्गको उत्थान सम्वन्धी कार्यक्रम संचालनमा सुगमता ल्याउन आर्थिक वर्ष २०६२/६३ मा गुठी सम्वन्धी छाता कानून (Trust Act) तर्जुमा गरीनेछ। | ▪ महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय | वर्षभरी | मस्यौदा तयार भई मन्त्रिपरिषदमा पेश भएको छ। |
| १५० | स्थानीय स्वायत्त शासन ऐन बमोजिम स्थानीय निकायलाई सशर्त अनुदानको प्रावधान सहित शिक्षा, स्वास्थ्य, कृषि प्रसार र स्थानीय पूर्वाधारको सम्पूर्ण | ▪ राष्ट्रिय योजना आयोग<br>▪ स्थानीय विकास मन्त्रालय | २०६२ असोज | ▪ कार्यदल गठन भैसकेको।<br>▪ मन्त्रीपरिषदमा प्रस्ताव पेश भएको मं.प.को राजनितिक समितिबाट रायका लागि कानून |

| बजेट वक्तव्यको बुंदा नं. | नीति कार्यक्रमको सान्दर्भिक व्यहोरा | कार्यान्वयन गर्ने निकाय | सम्पन्न गर्नुपर्ने अवधि | पौष मसान्तसम्मको प्रगति विवरण |
|---|---|---|---|---|
| | कार्य निक्षेपण गर्ने काम आर्थिक वर्ष २०६२/६३ मा कम्तिमा १४ जिल्लामा सम्पन्न गरीनेछ। निक्षेपित कामसंग सम्वन्धित सबै सरकारी कर्मचारी सम्वन्धित जिल्ला विकास समितिमा काजमा खटिने छन् र त्यस्ता पद रिक्त भएपछि जिल्ला विकास समितिले नै पदपूर्ति गर्न सक्ने व्यवस्था मिलाइनेछ। यसबाट स्थानीय निकायले थप साधन र अधिकार पाउने भै सेवा प्रवाहमा स्थानीय जनताको सहभागिता बढ्न जानेछ। | ▪सम्बन्धीत मन्त्रालयहरु | | न्याय तथा संसदिय व्यवस्था मन्त्रालयमा पठाईएको जानकारी प्राप्त ।<br>▪ कार्यविधीको मस्यौदा कार्यदलले Steering committee मा पेश गरेको । |
| १५५. | ग्रामीण पहुँच कार्यक्रम अन्तर्गत संखुवासभा, भोजपुर, खोटाङ्ग, अछाम, दैलेख र डोटी जिल्लामा ५० कि.मि. सडकको निर्माण, ७५ कि.मी. गोरेटो घोडेटो बाटो निर्माण, १० वटा झुलुङ्गे पूल निर्माण, २०० कि.मी. बाटोको ट्र्याक खोल्ने कार्य गरीने । | ▪स्थानीय विकास मन्त्रालय | वर्षभरी | ▪ ३० कि.मी. सर्भेक्षण भएको<br>▪ निर्माण कार्य शुरु भएका ग्रामीण सडकहरुमा उपभोक्ता समूहको गठन गरी अभिमुखिकरण कार्य भैरहेको ।<br>▪ आवश्यक निर्माण सामग्रीको परिमाण पहिचान गरी खरिदको प्रकृया अगाडि बढाइएको ।<br>▪ हालसम्म ३८ कि.मी. Track खोलिएको र क्रमागत रुपमा निर्माण कार्य भैरहेको ।<br>▪ सामाजिक परिचालन सम्बन्धी कार्य सन्चालन क्रमागत रुपमा भैरहेको ।<br>**कैफियत:**<br>▪ दातृसंस्थाबाट सोझै भुक्तानीको माध्यमद्वारा कार्यकम संचालनका लागि श्री ५ को सरकारलाई जानकारी गराई सकिएको र यस आर्थिक बर्ष मा अनुदान प्राप्त हुन नसकेको हुँदा यस विषयमा टुंगो नलागे कार्यकम संचालनमा कठिनाई हुने |
| १८४ | उमेर छंदै कमाएको रकमबाट केही रकम बचत गरी वृद्धावस्थाको सुरक्षा गर्ने संस्थागत तथा कानूनी व्यवस्था नभएकोले वृद्धावस्थामा आयस्रोत नभै सन्ततीको कमाईमा आस्रित हुनुपर्ने वा गरीबीको कुचक्रमा फस्नुपर्ने अवस्था विद्यमान छ। यस्तो समस्या निराकरण गर्न निजी उद्यम वा व्यवसायबाट आय आर्जन गर्ने व्यक्तिहरुले पनि आफ्नो आयको केही अंश वृद्धावस्थामा पाउने गरी जम्मा गर्न एक नागरीक निवृत्तिभरण योजना नागरीक लगानी कोष मार्फत संचालन गर्ने व्यवस्था मिलाइनेछ। | ▪ अर्थ मन्त्रालय, आ.का.वि तथा नी.वि. महाशाखा<br>▪ नागरीक लगानी कोष | २०६२ मंसिर | अध्ययन पुरा भई मस्यौदा मन्त्रिपरिषदमा निर्णयार्थ पेश हुने चरणमा छ। |

# ७.    अर्धवार्षिक खर्च र खर्चका स्रोतहरुको विश्लेषण

विकास कार्यक्रमका पहिलो प्राथमिकता प्राप्त आयोजनालाई भौतिक प्रगतीका आधारमा रकम निकासा दिने व्यवस्था अख्तियारी पत्रमा नै उल्लेख गरी आर्थिक बर्षको शुरुमै यस मन्त्रालयबाट सबै मन्त्रालयलाई परिपत्र गरीएको हुँदा यस व्यवस्थाबाट आयोजनाको कार्यक्रम संपादनमा तिव्रता आई आयोजना समयमै संपन्न हुने अनुमान गरीएको छ । साथै रकमको अभावमा आयोजनाको कार्यक्रम संचालनमा कठीनाई पर्न जाने भएकोले बैदेशिक श्रोत तर्फका डि.आर.एफ, आई.डि.ए–पि.आर.एस.सि., ए.डि.वि.पि.एस.एम, ए.डि.वि.जि.आर.पि.बाट व्यहोर्ने गरी बिनियोजन भएको बैदेशिक श्रोत तर्फको बजेटका सम्बन्धमा पहिलो प्राथमिकता प्राप्त आयोजनाका हकमा पुरै रकम सम्बन्धीत दाताकै श्रोतबाट निकासा दिने, दोश्रो र तेश्रो प्राथमिकताका आयोजनाहरुको हकमा २ चौमासिक सम्मको रकम सम्बन्धीत दाताकै श्रोतबाट निकासा दिने र चालु आर्थिक बर्ष भित्र दाताबाट रकम प्राप्त नभएमा श्री ५ को सरकारको तर्फबाट श्रोतान्तर गर्ने गरी निर्बाधरुपमा रकम निकासाको व्यवस्थापन गरीएको छ ।

सार्वजनिक संस्थानहरुमा श्री ५ को सरकारबाट गरीने शेयर लगानी तथा ऋण लगानी वापत निकासा भएका रकमहरुको अख्तियारी नदिई हालसम्म पटके निकासा दिने व्यवस्था भएकोमा गत आर्थिक वर्षको अख्तियारी प्रदान गर्दा यस्तो लगानी वापतको रकमको मुनाफा तथा साँवा ब्याज भुक्तानी तालिका समेत बनाई निकासा दिने व्यवस्था यथावत कायम गरीएको छ ।

आयोजनाहरुको भौतिक प्रगतिका आधारमा निकासा दिने व्यवस्था सहित माघ मसान्तसम्म पनि निर्माण सम्वन्धी कामहरुको ठेक्का सम्झौता गरी नसक्ने वा प्रथम चौमासिक भित्र कार्यक्रम स्वीकृत नगर्ने आयोजनाहरुको निकासा रोक्का गर्ने तर्फ कार्यवाही अगाडी बढाउन राष्ट्रिय योजना आयोगको राय माग गरीएकोमा अब दोश्रो चौमासिक अवधि सम्म कार्यक्रम स्वीकृत गर्ने आयोजनाहरुको निकासा स्वीकृत गर्ने निर्णय भएको छ ।

वित्तीय जवाफदेहिता बढाउने उद्देश्यले सबै सरकारी कार्यालयहरु र अनुदान निकासा लिने निकायहरुको आम्दानी, खर्चको विवरण मासिक रुपमा र प्रथम प्राथमिकता प्राप्त आयोजना र स्थानीय विकास कोषको भौतिक प्रगतिको विवरण चौमासिक रुपमा प्रकाशित गर्ने व्यवस्था यथावत कायम गरीएको छ ।

यस वर्ष आई.डि.ए.पि.आर.एस.सि.र ए.डि.वि.पि.एस.एम.बाट प्राप्त हुने नगद ऋण प्राप्त हुने सम्भावना क्षीण रहेकोले खर्च व्यवस्थापनमा चुनौती देखिएको छ । बैदेशिक श्रोत तर्फको रकमहरुमा निश्चितता नभएको कारणले प्रथम चौमासिक भित्र कार्यक्रम स्विकृत नगर्ने आयोजनाहरुमा जाने निकासा रोक्का गरी खर्च व्यवस्थापन गर्नुपर्ने स्थिती रहेको भएता पनि सो गर्न भने सकिएन ।

## ७.१    पुस मसान्तसम्मको खर्चको स्थिति

पुस मसान्तसम्म नगद बजेटतर्फ कूल खर्च रु. ३७ अर्ब ६९ करोड ०८ लाख भएको छ । यो शुरु विनियोजनको २९.७ प्रतिशत हो । सोझै भुक्तानी अन्तर्गत रु.२ अर्ब ५८ करोड ३८ लाख खर्च भएको छ । यो समेत जोड्दा पुस मसान्तसम्मको खर्च रु. ४० अर्ब २७ करोड ४६ लाख हुन आउँछ । जुन गत वर्षको सोहि अबधिको सोझै भुक्तानी समेतको खर्च (रु ३६ अर्ब ९९ करोड ८० लाख) को तुलनामा ८.९ प्रतिशत ले बढी छ । गत वर्ष सोझै भुक्तानीबाट रु. ४ अर्ब ४० करोड खर्च भएको थियो ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्म चालु खर्चको नगद बजेटतर्फ रु. २८ अर्ब ५४ करोड २५ लाख खर्च भएको छ, जुन चालु विनियोजनको ३७.६ प्रतिशत हुन आउँछ । गत वर्ष सोही अवधिमा रु. २४ अर्ब ८२ करोड ७८ लाख खर्च भएको थियो । यस अवधिमा नगद पूँजीगत तर्फ रु. ४ अर्ब ९० करोड ९९ लाख खर्च भएको छ । जुन पूँजीगत विनियोजनको १३.२ प्रतिशत हुन आउँछ । गत वर्ष सो अवधिमा रु.३ अर्ब ३८ करोड

४१ लाख पूँजीगत खर्च भएको थियो । यस अवधिमा साँवा भुक्तानीमा रु. ४ अर्ब २३ करोड ८४ लाख खर्च भएको छ ।

## ग्राफ ६ पुस मसान्तसम्मको नगद खर्चको तुलनात्मक स्थिति (रु. लाखमा)




गत वर्ष यस अवधिमा रु.४ अर्व ३८ करोड साँवा भुक्तानी गरेकोमा चालु वर्ष सो खर्चरु.१४ करोड ४२ लाखले घटन गएको छ।

क्षेत्रगत आधारमा प्रथम छ महिनामा सवैभन्दा बढी खर्च शिक्षा तर्फ रु.७ अर्व ८७ करोड ४८ लाख भएको छ । त्यसपछिको बढी खर्च हुने ५ मन्त्रालयहरु क्रमशः अर्थ मन्त्रालय वाह्य ऋण भुक्तानी, विविध, गृह अन्तर्गत प्रहरी प्रशासन, रक्षा, विद्युत र अन्य आर्थिक सेवाहरु रहेका छन् । यस सम्वन्धी विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

प्राथमिकता प्राप्त आयोजनाहरुमध्ये नगद बजेटतर्फ प्रथम, दोस्रो र तेस्रो प्राथमिकताका क्षेत्रहरुमा क्रमशः रु.३२ अर्व २८ करोड ५४ लाख,रु. ५ अर्व ६ करोड ३३ लाख र रु.३४ करोड २० लाख खर्च भएको छ । गत बर्षको पौष मसान्तसम्मको तुलनामा यो खर्च क्रमशः १३.४ प्रतिशत, ४३.५ प्रतिशत र ५७ प्रतिशत हुन आउछ ।

दशौं योजनाले अवलम्वन गरेको रणनीतिगत क्षेत्रका आधारमा उच्च, दिगो र फराकिलो आधार स्तम्भ अन्तर्गत नगद खर्च रु. ४ अर्व ४२ करोड ६८ लाख, सामाजिक क्षेत्र र पूर्वाधार विकास अन्तर्गत नगद खर्च रु.३ अर्व १७ करोड ३९ लाख, लक्षित कार्यक्रमतर्फ नगद खर्च रु.७३ करोड ६१ लाख र सुशासन अन्तर्गत नगद खर्च रु.१ अर्व ३५ करोड १८ लाख खर्च भएको छ भने साधारण प्रशासनतर्फ नगद खर्च रु.२८ अर्व २० करोड खर्च भएको छ । गत बर्षको पौष मसान्तसम्मको तुलनामा साधारण प्रशासनतर्फ १०.५ प्रतिशत ले खर्च वृद्धि हुन गएको छ ।

## ग्राफ ७ प्राथमिकता प्राप्त आयोजनाको बजेट विनियोजन र खर्च स्थिति (रु. लाखमा)




आर्थिक वर्गीकरण अनुरुप प्रथम ६ महिनामा भएको कूल खर्चमा सवैभन्दा बढी खर्च भएका ५ प्रमुख खर्च शीर्षकहरु र सो मा भएको खर्चको विवरण यस प्रकार रहेको छ ।

### तालीका ३ खर्चका प्रमुख शीर्षक र खर्चको स्थिति (रु. लाखमा)

| खर्च शीर्षक नं. | खर्च शीर्षकको विवरण | बजेट | नगद खर्च | |
|---|---|---|---|---|
| १.०१ | तलव | १८,७०,५० | ७,९६,६७ | I |
| ३.०३ | सामाजीक संस्थालाई अनुदान | १३.९१.२२ | ७,३१,८८ | II |
| १०.०२ | बाहृय ऋणको साँवा भुक्तानी | ६,५३,७७ | ४,२३,८४ | III |
| १.०७ | सेवानिवृत्त सुविधा | ५,०७,६१ | २,५२,०९ | IV |
| ७.०२ | ऋण लगानी | ६,१८,१७ | २,३९,६० | V |

साधारण र विकास वर्गीकरणवाट खर्चको प्रवृत्ति हेर्दा २०६२ पुस मसान्तसम्म साधारण खर्च रु. २८ अर्व २० करोड भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा रु. २५ अर्व ५१ करोड खर्च भएको थियो । यसरी गत वर्षको तुलनामा साधारण खर्च वढ्नुको कारण गत वर्ष माघ १ गते देखि लागु हुने गरी राष्ट्र सेवकहरुको तलवमा २० प्रतिशत को दरले प्रदान गरीएको भत्तालाई २०६२ श्रावण १ गते देखि तलबमा गाभिनु नै प्रमुख रहेको छ ।

ग्राफ ८ साधारण र विकास खर्चको तुलनात्मक स्थिति (रु. लाखमा)




विकास खर्चतर्फ गत आर्थिक वर्षको प्रथम ६ महिनामा नगद र वस्तुगत दुवै मिलाएर रु.११ अर्ब ४९ करोड खर्च भएको थियो । यो रकम कूल विकास बजेटको २४ प्रतिशत थियो । चालु आर्थिक वर्षको प्रथम ६ महिनामा नगद खर्च र उपलव्ध भएसम्मको वस्तुगत खर्च जोड्दा कूल विकास खर्च रु.१२ अर्ब २७ करोड २६ लाख भएको छ । यो रकम कूल विकास बजेटको २३.५८ प्रतिशत हो । तुलनात्मक दृष्टिकोणले गत आर्थिक वर्षमा भन्दा चालु आर्थिक वर्षमा विकास खर्च वृद्धिमा उल्लेखनीय परिवर्तन देखिदैन ।

## ७.२ पुससम्मको साधन परिचालन

### आर्थिक वर्ष २०६२/६३ को पुस महिना सम्मको राजस्व असूली विवरण

चालू आर्थिक वर्ष २०६२/६३ को पुस मसान्तसम्ममा रु.३१ अर्ब ५८ करोड ४९ लाख राजस्व संकलन भई गत आर्थिक वर्ष २०६१/६२ को सोही अवधिको तुलनामा ५.९ प्रतिशत ले बृद्धि भएको छ । गत वर्ष यसै अवधिको राजस्व संकलन १२.२ प्रतिशत ले वृद्धि भएको थियो । कूल राजस्व मध्ये कर राजस्व तर्फ रु.२६ अर्ब ७८ करोड असूली भै गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९ प्रतिशत ले वृद्धि भएको छ । गत वर्ष सोही अवधिमा कर राजस्व असूली रु. २४ अर्ब ५६ करोड थियो । गैरकर तर्फ रु.४ अर्ब ८० करोड ४९ लाख असूली भएको छ । यस अवधिमा कुल राजस्व असूलीमा कर राजस्वको अंश ८४.८ प्रतिशत र गैरकर राजस्वको अंश १५.२ प्रतिशत रहेको छ ।

#

}Clivxw#Bngi#**भंसार तर्फ** आर्थिक वर्ष २०६२/६३ को पुस महिनासम्ममा जम्मा रु.७ अर्ब ०१ करोड राजस्व संकलन भई गत आर्थिक वर्षको सोही अवधिको भन्सार राजस्व संकलन (रु.७ अर्ब ५४ करोड) को तुलनामा ७.१ प्रतिशतले घटन गएको छ । यसले कूल राजस्व असूलीमा २२.२% ले योगदान दिएको छ । **कर तर्फ (आय कर, घर जग्गा बहालकर र ब्याज कर)** आर्थिक वर्ष २०६२/६३ को पुस महिनासम्ममा रु.४ अर्ब ५२ करोड ५० लाख राजस्व संकलन भई गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.५% ले घटन गएको छ । कूल राजस्व असूलीमा करको योगदान १४.३% रहेको छ ।

यसैगरी **मूल्य अभिवृद्धि कर** तर्फ चालू आर्थिक वर्षको पुस महिनासम्ममा रु.१० अर्ब ४५ करोड ९६ लाख राजस्व संकलन भई गत आर्थिक वर्षको सोही अवधिको असूलीको तुलनामा ३०.१ प्रतिशत ले वृद्धि भएको छ । मूल्य अभिवृद्धि करले कूल राजस्व असूलीमा ३३.१ प्रतिशत ले योगदान दिएको छ । **अन्त:शुल्क** तर्फ यस आर्थिक वर्षको पुस महिनासम्ममा रु.३ अर्ब ९ करोड ९६ लाख राजस्व असूली भई गत आर्थिक वर्षको सोहि अवधिको

तुलनामा २.३ प्रतिशत ले वृद्धि भएको छ । यसले कूल राजस्व असूलीमा ९.८प्रतिशत ले योगदान दिएको छ । त्यसैगरी **सवारी साधन कर** तर्फ चालू आर्थिक वर्षको पुस महिनासम्ममा रु.४९ करोड ११ लाख असूली भई गत आर्थिक वर्षको सोही अवधिको असूलीको तुलनामा ७.५ प्रतिशत ले न्यून भएको छ । यसले कूल राजस्व असूलीमा १.६ प्रतिशत ले योगदान दिएको छ । यसैगरी **रजिष्ट्रेशन दस्तुर** तर्फ यस आर्थिक वर्षको पुस महिनासम्ममा रु.१ अर्ब १९ करोड ४१ लाख राजस्व संकलन भई गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २७.१ प्रतिशत ले वृद्धि भएको छ । यसले कूल राजस्व असूलीमा ३.८ प्रतिशत ले योगदान दिएको छ ।

ग्राफ ९ राजस्व असूलीको तुलनात्मक विवरण (रु.हजारमा)




**गैरकर राजस्व** तर्फ यस आर्थिक वर्षको पुस महिनासम्ममा रु.४ अर्ब ८० करोड ४९ लाख राजस्व असूली भएको छ । गत आर्थिक वर्षको समान अवधिको तुलनामा यो राजस्व असूलीमा ८.९% ले ह्रास आएको छ ।

## वैदेशिक सहायता

चालु आर्थिक वर्षको प्रथम ६ महिनामा वैदेशिक अनुदानबाट व्यहोरिने गरी नगद रु. ५४ करोड ९१ लाख खर्च भएकोछ । यसै गरी वैदेशिक ऋणबाट व्यहोरिने गरी नगद तर्फ रु. ८१ करोड २१ लाख खर्च भएको छ । सोझै भुक्तानी अन्तर्गत भएको खर्च समेत जोड्दा प्रथम ६ महिनामा रु. ३ अर्ब ९४ करोड ५१ लाख ऋण तथा अनुदान खर्च भएको छ । यसमध्ये अनुदान खर्च रु. २ अर्ब ४१ करोड ६७ लाख र ऋण खर्च रु. १ अर्ब ५२ करोड ८४ लाख रहेको छ ।

## आन्तरिक ऋण

२०६२ पुस मसान्त सम्म रु.३ अर्ब १३ करोड ५० लाख आन्तरिक ऋण उठाइएको छ । गत वर्ष सो अवधीमा रु.२ अर्ब २० करोड आन्तरिक ऋण उठाइएको थियो ।

## माथि उल्लिखित आय तथा व्यय खर्चहरुको विश्लेषण गर्दा खर्चको स्थिति निम्नानुसार रहेको छ :

- गत वर्षको दाँजोमा यस वर्षको समग्र खर्चस्थिति सन्तोषजनक नै छ ।
- आर्थिक बर्षको प्रथम ६ महिनाको राजस्व वृद्धि उत्साहप्रद मान्ने स्थिति रहेन । मूल्य अभिवृद्धि करमा २० प्रतिशत को वृद्धि देखिएता पनि गत वर्ष माघ १ गतेबाट मात्र मूल्य अभिवृद्धि करको दर १० बाट १३ प्रतिशत गरीएकोले वास्तविक वृद्धि शून्य प्राय छ । यसै गरी भन्सार राजस्व पनि गत वर्षको तुलनामा ७.१ प्रतिशत ले घट्न गएको छ । करतर्फको वृद्धि १.५ प्रतिशत ले नकारात्मक छ भने गैह्र करतर्फको वृद्धिमा ८.९ प्रतिशत ले ह्रास आएको छ । प्रथम ६ महिनाको राजस्व असुली लक्ष्यको तुलनामा ९०.३५प्रतिशत मात्र छ ।

- खर्च प्राथमिकिकरणका कारणले खर्च गर्ने क्षमतामा वृद्धि भएको देखिन थालेको छ । पहिलो प्राथमिकता प्राप्त आयोजनाको उच्च खर्च वृद्धिले यसलाई स्पष्ट पार्दछ ।
- ऋणको सावां भुक्तानीतर्फ बजेटको तुलनामा ३०.७ प्रतिशत खर्च भएको छ । ऋण तिर्ने समय तालिकाको कारणले मात्र यसमा न्यून खर्च हुन गएको हो । गत वर्षको खर्च प्रवृति विश्लेषण गर्दा यस शिर्षकको लगभग पुरै रकम खर्च हुने देखिन्छ ।
- यस बर्ष विश्व बैंकको गरीबी निवारण सहयोग ऋणवाट उपयोग गर्ने गरी विनियोजन गरीएको रु.२ अर्ब ३९ करोड मध्ये सरकारी स्रोतवाटै खर्च गर्दै गइएको छ, तर सो ऋणको रकम हालसम्म प्राप्त हुन सकेको छैन । यसैगरी एशीयाली विकास बैंकको सार्वजनिक क्षेत्र सुधार कार्यक्रम अन्तर्गतको बजेटरी सहायता ऋणको रु.१० करोड ९९ लाख पनि हालसम्म प्राप्त हुनसकेको छैन भने Non Budgetory खर्चतर्फ नेपाल आयल निगमलाई ऋण लगानीतर्फ रु. १ अर्व खर्च हुन पुगेको छ । माथि उल्लेखित दुई नगद ऋण सहायताहरु चालु आर्थिक वर्षमा प्राप्त हुने सम्भावना सून्य प्राय रहेकोले श्री ५ को सरकारको श्रोतबाट उक्त रकम व्यहोरिनु पर्ने हुन्छ । यसरी चालु आर्थिक वर्षको अन्त्यसम्ममा रु. ३.५ अर्वले अधिविकर्षकमा चाप पर्न जाने देखिन्छ ।
- वैदेशिक सहायता तर्फ अनुदान खर्च बृद्धि भएको भएपनि वैदेशिक ऋण र अनुदानबाट भएको समष्टिगत खर्च भने गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५० प्रतिशत ले कमि आएको छ ।
- तेस्रो चौमासिक अवधी र खास गरी जेष्ठ असार महिनाको अन्त्यतिर बढी खर्च हुने प्रवृत्तिमा सुधार ल्याउन प्रथम चौमासिक भित्र कार्यक्रम स्वीकृत नभएका आयोजनाहरुको निकाशा रोक्का राख्ने गरी श्रावण महिनाको सुरुमै अख्तियारी दिईएको भएता पनि राष्ट्रिय योजना आयोगको राय वमोजिम दोश्रो चौमासिकसम्म स्विकृत भएका कार्यक्रमहरुलाई निर्वाध रुपमा रकम निकासा दिईने भएको छ । यसबाट पुनः एक पटक आर्थिक वर्षको अन्त्यमा मात्र वढि खर्च हुने प्रथाले निरन्तरता पाएको छ ।
- चालु आर्थिक बर्षमा मुद्रास्फिति दर तुलनात्मक रुपमा उच्च रहने स्थिति देखिएकोले आयोजनाहरुको लागतमा थप चाप पर्ने देखिन्छ ।
- नगर निर्वाचन र शान्ति सुरक्षातर्फ अत्याधिक रकमको निकाशा माग र नेपाल आयल निगमलाई विनियोजन नभएको रकम ऋण लगानी गर्नु परेका कारण आगामी दिनमा आर्थिक क्षेत्रमा प्रष्टरुपमा वित्तीय व्यवधान देखा पर्ने अनुमान छ ।
- समग्रमा, राजस्व असूली लक्ष्य अनुसार हुन नसक्नु तर खर्चको वृद्धिमा भने कमि नआउंदा यस वर्ष वित्तिय सन्तुलन कायम राख्न बेलैमा मितव्ययीता सम्बन्धी नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

# ८. उच्च प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयन प्रगति

## गरीबी निवारण कोष (३०–३/४–२२०)

गरीव महिला, जनजाति, दलित र पिछडिएका समुदायको सक्रिय सहभागिता र नेतृत्वमा गरीवी निवारण सम्वन्धी कार्यक्रमहरु संचालन गराउने र गरीवी निवारण कार्यमा संलग्न निकायहरुलाई अनुदान र आवश्यक सहयोग उपलव्ध गराई मुलुकवाट गरीवी निवारण गर्ने श्री ५ को सरकारको प्रतिवद्धता अनुरुप गरीवी निवारण कोष अध्यादेश, २०६० वमोजिम यस कोषको स्थापना भएको हो । गरीवी निवारण कोष दशौ योजनाको तेस्रो आधारस्तम्भ "लक्षित कार्यक्रम" लाई मुर्त रुप दिन स्थापना भएको संस्था हो । कोषले गरीवी निवारण गर्नका लागि समुदायको मागमा आधारित पद्धति (Demand Driven Approach) अन्तर्गत काम गर्दछ । कोषले लक्षित समुदायलाई सामुदायिक सस्थाहरुमा संगठित गरेर समुदायकै नेतृत्वमा उनीहरुको जीवनस्तर सुधार्न प्रोत्साहित गर्दछ ।

आथिर्क वर्ष २०६१/६२ मा ६ वटा जिल्ला-दार्चुला, मुगु, प्युठान, कपिलवस्तु, रामेछाप र सिराहामा शुरु गरीएको यो कार्यक्रम आर्थिक वर्ष २०६२/६३ देखि थप १९ जिल्लामा विस्तार गरीएको छ । चालू आर्थिक वर्षदेखि थप गरीएका जिल्लाहरुमा अछाम, वैतडी, वझाङ, वाजुरा, डडेलधुरा, दैलेख, डोल्पा, डोटी, हुम्ला, जाजरकोट, जुम्ला, कालिकोट, महोत्तरी, रसुवा, रौतहट रोल्पा, रुकुम, सर्लाही र सिन्धुली रहेका छन् । कार्यक्रमको यो विस्तारसँगै अति विपन्न जिल्लामा बर्गीकृत २५ वटै जिल्लामा कोषको कार्यक्रम विस्तार भएको छ । यी जिल्लाहरुको अतिरिक्त गरीवी निवारणमा टेवा पुऱ्याउने सिर्जनशील प्रस्तावहरु अन्तर्गत अन्य १७ जिल्लामा पनि कोषको कार्यक्रम पुगिसकेको छ ।

चालु आर्थिक वर्षमा गरीवी निवारण कोषवाट संचालन गरीने क्रियाकलापहरु देहाय वमोजिम छन्:

**सामाजिक परिचालन र सशक्तिकरण (Social Mobilization and Empowerment)**

लक्षित समुदायहरू खास गरी गरीब, महिला, दलित तथा जनजाति र पिछडिएका समुदायहरुलाई सहयोगी संस्थाहरूका माध्यमबाट उत्प्रेरित गर्ने, परिचालन गर्ने र सामुदायिक संस्था/समूहहरूमा सङ्गठित हुन प्रोत्साहन गर्ने जस्ता कार्यक्रम संचालन गर्ने ।

**आय आर्जन र स्वरोजगारी (Income Generation and Self-employment)**

स्थानीय सम्भाव्यता, लाभान्वित सदस्यको रूचि, विश्वास र अनुभवका आधारमा पिछडिएका समुदाय- गरीव महिला, दलित र जनजातिहरुलाई आर्थिक रुपले सम्भाव्य र दिगो प्रकारको आय तथा रोजगारमूलक विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहित गर्ने । यस्ता कार्यक्रममा उत्पादन वृद्धि, प्रविधि हस्तान्तरण, प्रशोधन तथा सेवा क्षेत्र लगायतको बजार व्यवस्थापन जस्ता कृषि वा गैर कृषिमा आधारित गतिविधि रहने ।

**सामुदायिक पुर्वाधार विकास (Community Infrastructure)**

प्राथमिक विद्यालय, स्वास्थ्य चौकी, ग्रामीण सडक, गोरेटो, घोडेटो, कल्भर्ट, झोलुङ्गे पुल, ट्रस पुल, छोटो दुरीको केवल, सर-सफाइ लगायत खानेपानी प्रणाली, पानी व्यवस्थापन, प्लाष्टिक ट्याङ्क, फोहरा/थोपा सिँचाई प्रणाली र कृषकद्वारा व्यवस्थित साना सिँचाई प्रणाली, उत्पादन सङ्कलन केन्द्र र ग्रामिण उर्जा प्रणाली लगायत बजार व्यवस्थाका कार्यहरु सचालन गर्ने ।

**क्षमता अभिवृद्धि (Capacity Building)**

सहयोगी संस्था, स्थानीय निकाय, लघु वित्तीय संस्था र सामुदायिक संस्थाहरुको गरीवी निवारण कार्यक्रमको कार्यान्वयन र अनुगमन क्षमता अभिवृद्धिमा सहयोग गर्ने तालिम, भ्रमण तथा प्राविधिक सहयोग जस्ता कार्यक्रमहरु सचालन गर्ने ।

प्रस्तुत क्रियाकलापहरु अन्तर्गत आयमूलक कार्यक्रम तथा सामुदायिक पूर्वाधार सम्बन्धी जम्मा परियोजना संख्या १५१७ हुने, आयमूलक र सामुदायिक पूर्वाधार विकास कार्यक्रम संचालन गर्न सामाजिक परिचालन, सहजीकरण तथा क्षमता अभिवृद्धिका लागि करीव १५४ वटा सहयोगी संख्याहरु परिचालन हुने लक्ष्य राखिएको छ । यसैगरी नवीन सोचमा आधारित श्रृजनशील कार्यक्रम अन्तर्गत ८० वटा परियोजना संचालन गरीने र जसको सहजीकरणको लागी ६ वटा सहयोगी संस्थाहरु परिचालित हुने लक्ष्य रहेको छ ।

गत आर्थिक बर्ष २०६१/६२ मा शुरुका ६ जिल्लाहरु दार्चुला, मुगु, प्यूठान, कपिलवस्तु, रामेछाप र सिराहा लगायत श्रृजनशील कार्यक्रमहरु समेतमा ५९५ सामुदायिक संस्थाहरुसँग सम्झौता भई आरम्भ गरीएका आय आर्जन तथा सामुदायिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन यस समीक्षा अवधिमा सम्म चालु रह्यो । साथै समीक्षा अवधिमा थप ९७ सामुदायिक संस्थाहरुसँग सम्झौता भई कार्यान्वयन अगाडि बढाईएको छ ।

लक्षित समुदायहरुलाई संगठित गर्न उनीहरुको मागमा आधारित कार्यक्रम तर्जुमा गर्न सहयोग पु¥याउन, आवश्यक प्राविधिक टेवा पु¥याउन तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्न गत आर्थिक बर्षमा ६४ सहयोगी संस्थाहरुको छनौट गरी परिचालन गरीएकोमा समीक्षा अवधिमा थप १७ सहयोगी संस्थाहरुको छनौट गरी परिचालन गरीयो । कार्यक्रम लागू भएको ६ जिल्लाहरुमा करिब ५४,००० घर धुरी लाभान्वित हुने गरी २५३ गाँउ विकास समितिहरुमा सहयोगी संस्थाहरु कार्यरत छन् । हाल सम्म २३,८०७ घर परिवार सामुदायिक संस्थामा आबद्ध भएकोमा ५८% महिला र ४२ प्रतिशत पुरुष रहेका छन् जसमध्ये ६४.९ प्रतिशत घर अति गरीब (३ महिना भन्दा कम खान पुग्ने), २५.५ प्रतिशत मध्यम गरीब (६ महिना सम्म खान पुग्ने) र ९.६% घर गरीव (१२ महिना भन्दा कम खान पुग्ने) परिवारका मध्येका छन् । सामुदायिक संस्थामा आवद्ध घर परिवारहरुमध्ये ४४.३ प्रतिशत दलित, ३४.० प्रतिशत जनजाति र २१.७ प्रतिशत अन्य जातिका छन् ।

यस्तै चालू आर्थिक वर्षमा थप गरीएका १९ जिल्लाहरुमा सहयोगी संस्थाका लागि निवेदन गर्न आव्हान गरीएकोमा ५०५ सस्थाहरुवाट आवेदन प्राप्त भएकोमा हाल यी सस्थाहरुको प्रारम्भिक मुल्याङ्कन गर्ने कार्य भैरहेकोछ ।

चालु आर्थिक वर्षमा गरीबी निवारण कोषको वैदेशिक अनुदान (विश्व बैंक) तर्फ रु.४२ करोड ६१ लाख २६ हजार र श्री ५ को सरकारको तर्फबाट रु.८ करोड १९ लाख ७३ हजार गरी जम्मा रु.५० करोड ८१ लाख विनियोजन गरीएको छ । सो रकम मध्ये समीक्षा अवधिमा रु.८ करोड ३५ लाख ६५ हजार ३ सय ९० पैसा ३९ अर्थात् १६.४५ प्रतिशत मात्र खर्च भएको छ । हालसम्मको वित्तीय प्रगति सन्तोजनक नभएता पनि आर्थिक वर्षको वांकी अवधिमा लक्ष्य वमोजिमको प्रगति हासिल गर्ने अपेक्षा गरीएको छ ।

सामुदायिक संस्थाको दर्ता गरीवी निवारण कोषको नियमानुसार कोषमानै हुने गरेको तर वैधानिकताको कारणले सामुदायिक संस्थाको नाममा सम्पत्ति आर्जन गर्न कठिनाई भएकोले सामुदायिक संस्थाको वैधानिकताको लागि सामुदायिक संस्था दर्ता गर्ने प्रावधान गरीवी निवारण कोषको आध्यादेशबाटै व्यवस्था हुनु पर्ने सुझाव उक्त कोषबाट प्राप्त भएको छ ।

## बक्स १० : अर्थ मन्त्रालयको आफ्नै बारे ।

अर्थ मन्त्रालयको सिहंदरबार परिसर भित्र रहेको नबनिर्मित भवन अप्रर्याप्त भएकाले थप Anex Building निर्माणका लागि आर्थिक बर्ष २०६१।६२ मा रु. २ करोड ५० लाख बिनियोजन गरिएको थियो । लगत इष्टिमेट समेत हुन नसकी उक्त आर्थिक बर्षमा रकम फ्रिज हुन गएको छ । त्यसै गरी चालु आर्थिक बर्ष २०६२।६३ मा सोही भवन निर्माणमा रु. १ करोड ६० लाख बिनियोजन गरिएको छ । चालु आर्थिक बर्षको प्रथम ६ महिना सम्ममा पनि उक्त भवनको निर्माण कार्य प्रारम्भ हुने छनक समेत देखिएको छैन । खास गरी सिंहदरबार पून: निर्माण आयोजनाबाट नै निर्माण कार्यमा ढिलाई भईरहेको भन्ने बुझिन्छ र अर्थ मन्त्रालयको लागि भवन निर्माणमा छुट्याइएको रकम पुन फ्रिज हुने सम्भावना देखिएको छ । कतै श्रोत नपुगेर काम हुन सकेको छैन भने कतै श्रोत भएर पनि काम हुन सकेको छैन, त्यो पनि अर्थ मन्त्रालयकै ।

## विशेष आर्थिक क्षेत्र आयोजना (Special Economic Zone-SEZ) (३८–३/४–६५३)

निर्यात प्रवर्द्धनमा सहयोग गर्ने, निकासी व्यापारलाई बढवा दिने, वैदेशिक लगानी आकर्षित गर्ने, रोजगारीको अवसर अभिवृद्धि गर्ने, दीर्घकालीन रुपमा निर्यात उद्योग तथा व्यापार प्रवर्द्धन गर्नको निमित्त अत्यावश्यक भौतिक पूर्वाधारहरुको अतिरिक्त सूचना प्रविधि, वैकिङ्ग सेवा, सुरक्षा र सरलीकृत कर तथा भन्सार सेवा पुऱ्याउने व्यवस्था भएको करमुक्त निर्यात प्रशोधन क्षेत्र भैरहवामा र वीरगन्ज, काभ्रेको पाँचखाल तथा नुवाकोटको रातमाटे जिलिङ्ग देविघाट क्षेत्रमा विशेष आर्थिक क्षेत्रहरुको पूर्वाधार विकास गर्ने लक्ष्य तथा उद्देश्य रहेको यस आयोजनामा आर्थिक बर्ष २०६१।६२ सम्म १० करोड ५० लाख ३४ हजार खर्च भइ सकेको छ ।

आर्थिक वर्ष २०६२।६३ मा यस आयोजनाको लागि श्री ५ को सरकारको रु.४ करोड र वैदेशिक अनुदान १ करोड गरी जम्मा रु.५ करोड विनियोजन भएकोमा पौष महिनासम्म रु.१९ लाख ९६ हजार खर्च भएको छ । यस आर्थिक वर्षमा निर्यात प्रशोधन क्षेत्र भैरहवा अन्तरगत जग्गा अधिग्रहण कार्य पुरा गर्ने, EIA पूर्वाधार अध्ययन गर्ने, ३.५ विगाहामा जग्गा विकासको कार्य गर्ने, कार्यालय गार्ड भवनको कार्य पुरा गर्ने, डिप ट्युवेलको कार्य गर्ने, भूमिगत पानीटंयाकी निर्माण गर्ने, विद्युत लाईन प्रशारणको कार्य गर्ने, पार्किङ्ग क्षेत्र निर्माण गर्ने, फर्निचर, मेशीनरी औजार खरीद गर्ने र सुपरिवेक्षण गर्ने परामर्शदाता नियुक्त गर्ने कार्यक्रम रहेको र विशेष आर्थिक क्षेत्र वीरगन्ज अर्न्तगत विस्तृत सम्भाव्यता अध्ययन गर्ने, चिनको सेनजेन स्थित SEZ को अवलोकन भ्रमण गर्ने, नियमावली तयार गर्ने मुख्य कार्यक्रम रहेको छ ।

२०६२।४।११ मा अख्तियारी र २०६२।४।३० मा स्वीकृत कार्यक्रम पुगेको यस आयोजनाको डिजाइन, लागत २०६२।७।२२ मा स्वीकृत भई वोलपत्र आव्हान गरेकोमा रितपूर्वकको वोलपत्र नपरेकोमा पुन: वोलपत्र आव्हानको कार्य मात्र भएकोले निर्माण सम्बन्धी कार्यमा हालसम्म खर्च नभएको, चिनको सेनजेन स्थित SEZ को अवलोकन भ्रमण गर्ने कार्य मात्र भएको र सम्पूर्ण कार्यक्रमतर्फ रु.८ लाख ९८ हजार मात्र खर्च भएको देखिएको छ ।

चौमासिक विभाजन अनुसार प्रथम चौमासिकमा ८.२६ प्रतिशत दोश्रोमा २९.७४ प्रतिशत र तेस्रो चौमासिकमा ६२ प्रतिशत कार्य गर्ने कार्यक्रम रहेको यस आयोजनाको अर्धवार्षिक लक्ष्यको आधारमा ७४ प्रतिशत भौतिक र १८.४३ प्रतिशत वित्तिय प्रगति भएको देखिन्छ ।

## ग्राफ १० : विशेष आर्थिक क्षेत्रको भौतिक तथा वित्तिय प्रगति




भैरहवा स्थित SEZ को निर्माण कार्य पुरा भई सो संचालन हुने स्थितिमा यस आर्थिक वर्षमा पुग्ने भएता पनि हालसम्म सो SEZ भित्र कुनैपनि उद्योगहरु आइनसकेको अवस्थामा वीरगन्जमा SEZ निर्माण गर्न लगानी गर्नु अगाडि सो क्षेत्रमा उद्योगहरु आउन सक्ने नसक्ने, तयार नक्सा, डिजाइन अनुसार उनीहरुको आवश्यकता पुरा हुने नहुनेतर्फ पनि ध्यान दिई भैरहवाको SEZ को अवस्था हेरी थप लगानी गर्नुपर्ने देखिन्छ । भैरहवाको विशेष आर्थिक क्षेत्रभित्र उद्योगहरु नआएको र आउनको लागि ऐन पर्खिएको भनिएको अवस्थामा SEZ सम्बन्धी कानून पारित नभएकोले चांडो पास गर्न प्रयास हुनु पर्ने देखिएको छ । SEZ को कानून पारित नै नभई अब नयां SEZ निर्माण गर्दा त्यसमा लक्षित सेवाग्राही आकर्षित हुने नहुने सम्बन्धमा यकिन गर्न कठिनाई हुने हुंदा वीरगन्ज SEZ निर्माण कार्यको लागि थप लगानी गर्नु पूर्व नै कानूनको निर्माण, भैरहवा SEZ मा सेवाग्राहीले माग गरेको भौतिक सुविधाहरु र कमी कमजोरीलाई हेरी गर्नु पर्ने हुन्छ । अन्यथा यसमा गरेको लगानीको प्रतिफल उद्देश्य अनुरुप हासिल नहुने हुन्छ । बोलपत्र स्वीकृत समेत नभई सकेको र अब स्वीकृत गरी कार्यगर्दा भौतिक र वित्तीय प्रगति शत प्रतिशत हुने भनिएता पनि वार्षिक भौतिक र वित्तीय प्रगति ९०प्रतिशत को हाराहारीमा मात्र हासिल हुने अनुमान रहेको छ ।

## बाली विविधीकरण आयोजना (४०–३/४–२६२)

सहायक बालीको उत्पादन बढाई कृषकको आयवृद्धिद्वारा गरीवी घटाउने उद्देश्यले एशियाली विकास बैंकको ऋण सहायतामा आर्थिक बर्ष २०५८/५९ देखि बाली विविधीकरण आयोजना सञ्चालनमा ल्याइएको हो । सुदूर पश्चिमान्चलका ७ वटा र मध्य पश्चिमान्चलका ५ समेत गरी जम्मा १२ जिल्ला (बाँके, बर्दिया, दाङ, सुर्खेत, दैलेख, कैलाली, कन्चनपुर, डडेलधुरा, बैतडी, डोटी, दार्चुला, अछाम) मा सञ्चालन हुने यो आयोजनाको कूल लागत १४.०४ मिलियन अमेरिकी डलर (पछि संशोधित रुपमा १०.२ मिलियम अमेरिकी डलर) छ । यो आयोजनालाई JFPR को अनुदान सहयोग समेत प्राप्त भएको छ । आयोजना आर्थिक बर्ष २०६५।६६ मा पुरा हुनेछ । चालु वर्ष यो आयोजनाको लागि जम्मा रु.८६३०२ हजार बजेट विनियोजन भएको छ ।

वाली विविधीकरण आयोजनाले मुख्य ४ क्षेत्रमा कार्य गर्ने लक्ष्य लिएको छ ।

१. जिल्ला कृषि विकास कार्यालय मार्फत कृषक समूहमा कृषि प्रसार सेवा वृद्धि गर्ने ।
२. जिल्ला कृषि विकास कार्यालयबाट गैंह सरकारी संस्था मार्फत कृषि सेवा टेवा पुर्‍याउने ।

३. NARDF बाट सहभागितामूलक अनुसन्धान गर्ने ।
४. PCU बाट आयोजना व्यवस्थापनमा सहयोग पु¥याउने ।

चालु आर्थिक बर्षमा यस कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमहरु मध्ये अत्तरियामा क्षेत्रिय कृषि थोक बजार स्थल निर्माण गर्नको लागि र विकास कार्यालयहरुको भवन निर्माणको लागि टेण्डर प्रकाशन कार्य भईसकेको छ । GIS तालिमको लागि तालिम दिने संस्थाको छनौट कार्य पूरा भएको छ भने समुदाय परिचालन सम्बन्धी १६० जनालाई तालिम दिने कार्य सम्पन्न भइसकेको छ । साथै जे.टि/जे.टि.ए. अगुवा कृषक तालिम हाल क्रमिक रुपमा संचालन भइरहेको छ ।

अत्तरियाका क्षेत्रीय कृषि थोक बजार निर्माण गर्न वन तथा भू–संरक्षण मन्त्रालयबाट २.५ हेक्टर–जमीन उपलव्ध गराएकोमा ०.५ हेक्टरमा सुकुम्वासी बसिरहेकोले हाललाई २ हेक्टरमा थोक बजार निर्माण गर्न कृषि मन्त्रालयले एशियाली विकास बैकं मा अनुरोध गर्ने कुरा भइरहेको तर टुंगोमा पुग्न नसकिएको हुँदा निर्माण कार्य थालनी हुन सकेको छैन । ऋण सम्झौतामा विदेशमा उच्च अध्ययन र अवलोकन भ्रमण गर्ने भनिए तापनि श्री ५ को सरकारले वैदेशिक सहायता अनुसार ऋण रकमबाट वैदेशिक तालीम र भ्रमण गर्न नमिल्ने भएकोले अध्ययन र अवलोकनको काम हुन सकेको छैन । परामर्शदातालाई भुक्तानी गरीएको रकममा १५ प्रतिशत करकट्टीको अस्पष्टता रहेको, आयोजनाले उपलव्ध गराउने सामग्रीमा गर्ने वीमा शुल्क श्री ५ को सरकारले उपलव्ध गराउनु पर्नेमा सो को लागि बजेट अभाव भएको जस्ता समस्याहरु उक्त आयोजना संचालन गर्दा देखा परेकाछन् ।

प्रस्तुत आयोजनाको चालु वर्षको प्रथम चौमासिकमा जम्मा रु. ३ करोड ७७ लाख २६ हजार खर्च हुने लक्ष्यमा जम्मा रु. २ करोड ७९ लाख ७२ हजार खर्च भै सकेको छ । बांकी अवधिमा लक्षित कार्यक्रम सम्पन्न हुने र विनियोजित बजेटबाट कार्य सम्पन्न गर्न सकिने देखिन्छ ।

## सहकारी खेती, साना सिंचाई तथा मलवीऊ ढुवानी कार्यक्रम (४०–३/४–४६४)

खाद्य तथा पोषण सुरक्षाका दृष्टिबाट स–साना कृषक समुहहरुको पहुंचमा सिंचाइ सुविधा र मल वीऊ ढुवानी गरी खाद्य उपलव्धता वृद्धि लगायत आय आर्जन अवसर वृद्धिका लागि आर्थिक बर्ष २०५७।५८ देखि सालवसाली रुपमा यो कार्यक्रम संचालन भइ रहेको छ ।

**चालु आर्थिक वर्ष २०६२।६३ मा यस आयोजनाको मुख्य कार्यक्रमहरु निम्न वमोजिम रहेका छन् :**

१. सहकारी खेतीमा आधारित १५० वटा (प्रत्येक जिल्लामा कम्तिमा १/१ वटा) साना सिंचाइ स्किम संचालन गर्ने ।
२. १४०० वटा साना सिंचाइ निर्माण तथा मर्मत संभार गर्ने ।
३. सडक तथा यातायातको सुविधा नपुगेका २६ जिल्लामा ४७९७.५ मेट्रिक टन रसायनिक मल तथा ९७ मेट्रिक टन उन्नत वीऊ ढुवानी गर्ने ।
४. २७० पटक सिंचाइ आयोजना तथा कृषि सामाग्री आपूर्ति अनुगमन निरीक्षण गर्ने ।

उपरोक्ता अनुसारको कार्यक्रम संचालन गर्नको लागि चालु वर्ष यस आयोजनाको लागि रु.१६ करोड ४९ लाख ५ हजार रकम विनियोजन भएको छ जसमध्ये रु.१ करोड ५६ लाख ७५ हजार श्री ५ को सरकारको श्रोत तर्फ रहेको छ भने रु.१४ करोड ९२ लाख ३० हजार जापान KR2 को नगद अनुदान रहेको छ । चालु आर्थिक बर्षका लागि स्वीकृत कार्यक्रमहरु मध्ये अर्ध वार्षिक अवधिको प्रगति विवरण हेर्दा, सहकारी खेतीमा आधारित साना सिंचाइ स्किम संचालन गर्न र साना सिंचाइ निर्माण तथा मर्मत सम्भार गर्नको लागि सूचना प्रकाशन, निवेदन संकलन र आयोजना छनौट गर्ने कार्य पुरा भैसकेको छ भने रसायनिक मल तथा उन्नत वीऊ ढुवानीको लागि वोलपत्र आव्हान गरी हुम्ला, जुम्ला, कालीकोटको लागि १७ मे.टन रसायन मल ढुवानी भैसकेको छ र ओखलढुंगा, खोटाङ्ग, रुकुम, दैलेख, हुम्ला, मुगु, जुम्ला, कालीकोटको लागि १८.८६ मेट्रिक टन उन्नत वीऊ ढुवानी भैसकेको छ ।

## नदी नियन्त्रण आयोजना (४७–३/४–३४०)

नदी, भूक्षय, तटबन्ध, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट सुरक्षित बन र सम्भाव्य प्राकृतिक प्रकोपको रोकथामको उद्देश्यले प्रस्तुत कार्यक्रम/आयोजना जलश्रोत मन्त्रालय अन्तर्गत सालवसाली रुपमा सञ्चालन हुंदै आएको छ ।

**चालु वर्षको कार्यक्रम :**

१. आपत्कालीन सामग्री वितरण र निर्माण,
(यस अन्तर्गत अधिराज्यभर आवश्यकता र क्षमताको आधारमा तारजाली, नाइलनडोरी, पाइप, जस्ता सामग्रीको वितरण गरी निर्माण/रोकथाम गर्ने)

२. आयोजनाको अध्ययन,

३. सीमाना नदीको अध्ययन,

४. पहिरो नियन्त्रण,

५. सावो (भूक्षय) नियन्त्रण,

६. तटवन्ध मर्मत सुधार र

७. संस्थागत पूर्वाधार सुधार ।

उल्लेखित वार्षिक कार्य जल उत्पन्न प्रकोप नियन्त्रण विभाग र सो अन्तर्गतका ७ वटा डिभिजन र ५ वटा सव डिभिजनबाट आ–आफ्नो क्षेत्रमा पर्ने गरी सम्पन्न गरीनेछ । उदाहरणको लागि मोरङ डिभिजनले कन्काइ, रतुवा मेची लगायतका नदी नियन्त्रण गर्दछ भने भक्तपुर डिभिजनले वाग्मती, विष्णुमती जस्ता नदी नियन्त्रणको कार्य गर्दछ ।

नदी नियन्त्रण आयोजनाको निमित्त चालु वर्ष जम्मा रु. ६६ करोड ९७ लाख ३० हजार बजेट विनियोजन भएको छ । त्यसमध्ये श्री ५ को सरकारबाट रु.१८ करोड ९७ लाख ३० हजार जापान NPG बाट रु.३८ करोड (रु.२८ करोड वस्तुगत अनुदान र रु.१० करोड नगद अनुदान) र आइ.डि.ए., पि.आर.एस.सी. बाट रु.१० करोड ऋण उपलब्ध हुनेछ । प्रथम चौमासिकमा खर्च गर्न प्रस्तावित रु.६५ लाख १४ हजारमा १४.१६ प्रतिशत मात्र खर्च भएको छ । यसरी खर्च कम हुनुमा ढीलो गरी कार्यक्रम स्वीकृत हुनु, ठेक्का पट्टा भएर पनि भुक्तानी भै नसक्नु, उपभोक्तासंग सम्झौता सम्पन्न भए पनि कार्य सम्पन्न नभै भुक्तानी नहुने व्यवस्था हुनु, NPG स्रोतबाट प्राप्त हुने तार जाली प्राप्त नभएको हुंदा योजना बन्न नसक्नु जस्ता कारणहरु रहेका छन् । साथै कति डिभिजनहरुमा गोदाम घरको अभाव, अपर्याप्त सवारी साधन र शान्ति सुरक्षाको विग्रदों अवस्था पनि खर्च कम हुनुका कारण बन्न गएको देखिन्छ ।

बिगत आर्थिक बर्षहरुको अनुभव र खर्च एवं चालु आर्थिक बर्षमा भएका माग एवं अध्ययनहरुले चालु वर्षमा सम्पन्न गर्ने लक्ष्य लिइएका कामहरु यथा समयमा पुरा हुने देखिएको अभिव्यक्ति सम्बन्धीत अधिकारीबाट प्राप्त भएको छ ।

## भूमिगत डीप ट्युबवेल सिंचाई आयोजना (४७–३/४–३६३)

दीर्घकालीन कृषि नीति (APP) को उद्देश्य मुताविक प्रतिवर्ष ५० वटा डीप ट्युवेलबाट २००० हेक्टर (त्यस अतिरिक्त ८८०० स्यालो ट्युवेलबाट २२००० हेक्टर) जमीनमा सिंचाई सुविधा पुऱ्याउने लक्ष्य रहेको थियो । सिंचाई विभाग, कृषि विकास बैंक, कृषि मन्त्रालय र निजी क्षेत्र समेतको सक्रियतामा पुरा गर्नुपर्ने उल्लेखित परिमाणको सिंचाई सुविधा पुग्न नसकेको हुंदा दीर्घकालीन कृषि नीतिमा उल्लेखित सिंचाई सम्बन्धी लक्ष्य पुरा गर्न यो आयोजनाको तर्जुमा वि.सं. २०५५/५६ बाट भएको हो । भूमिगत जल सिंचाई योजनाबाट सम्पन्न गर्ने कामको लागि डीप र स्यालो गरी दुई कार्य इकाइ कार्यान्वयनमा छन् भने डीपतर्फ ८ वटा फिल्ड कार्यालयबाट काम भैरहेको छ ।

चालु आर्थिक बर्ष २०६२।६३ मा जम्मा रु.६ करोड बजेट विनियोजन भएको प्रस्तुत आयोजनाका प्रमुख वार्षिक कार्यक्रमहरुमा ११ वटा नयां डीप ट्युवेल जडान गर्ने, ३ वटा नयां डीप ट्युवेल इन्भेष्टिगेसन गरी जडान गर्ने, केही डीप ट्युवेलमा सिष्टम विकास गर्ने, कृषक तालीम र कृषक भ्रमण १–१ पटक २५–२५ जनालाई गराउने जस्ता कार्यक्रमहरु स्वीकृत भएका छन् । चालु बर्षका कार्यक्रमको कार्यान्वयनबाट प्रथम चौमासिक अवधिमा नयां ट्युवेल जडानको लागि टेण्डर सूचना प्रकाशित भैसकेको र केहीमा हुने क्रम जारी रहेको छ भने २ वटा ट्युवेल निर्माण पुरा भएको र चितवनमा सिष्टम विकास भैसकेको प्रगति विवरण प्रापत भएको छ ।

**समस्या र चुनौती** : नेपाल विद्युत प्राधिकरणसंग विद्युत जडानको डिमाण्ड चार्ज हटाउने कुरा भइरहेको र साथै TOD (Time of Day) मिटर राख्ने वारे प्रयास जारी रहेको छ भने, नेपाल विद्युत प्राधिकरणले माग गरेको शुन्य इक्तिटी विषयको कारवाही जारी रहेको छ । डीप ट्युबवेल जडान पश्चात् विद्युत मर्मतमा समस्या देखिएको छ । माग र आपूर्तिमा समन्वय र एकरुपता कायम गर्न कृषि मन्त्रालयबाट संचालन हुने कार्यक्रम डीप ट्युवेलसंग सम्बन्धित हुनुपर्ने जनाइएको छ । डीप ट्युवेलको निमित्त कृषि विकास वैंकले किसानलाई ऋण सुविधा उपलब्ध गराउने काममा उदासिनता देखाएको जन गुनासोलाई पनि समस्याको रुपमा दर्शाउन सकिन्छ ।

चालु वर्ष विनियोजित बजेट आयोजनाको वार्षिक कार्यक्रमसंग सामञ्जस्यता राख्ने देखिएको हुंदा बजेट बढी घटीको समस्या नहुने देखिन्छ ।

**बक्स ११ : अख्तियारीको विस्तार ?**

अर्थ मन्त्रालयले चालु आर्थिक बर्षको खर्च गर्ने अख्तियारी विभिन्न मन्त्रालय तथा निकायहरुलाई पठाउँदा उक्त अख्तियारी पत्रमा प्रथम चौमासिक भित्र राष्ट्रिय योजना आयोजनाबाट कार्यक्रम स्विकृत गराई सक्नु पर्ने प्रावधान राखिएको र उक्त अवधिभित्र कार्यक्रम स्वीकृत नगर्ने आयोजनाहरुको निकासा रोक्का गर्ने प्रावधान उल्लेख भएको थियो । तर आर्थिक बर्षको ६ महिना व्यतित भएपछि राष्ट्रिय योजना आयोगबाट दोश्रो चौमासिक सम्म स्वीकृत कार्यक्रमको निकासा दिने राय प्राप्त भए अनुरुप दोश्रो चौमासिक सम्ममा स्वीकृत भएका कार्यक्रमहरुको निकासा छाड्ने आदेश अर्थ मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयलाई दिइएको छ । दोश्रो चौमासिक अर्थात फागुन मसान्त सम्म कार्यक्रम स्वीकृत गर्ने अवधि प्रदान गर्दा कतिपय आयोजनाहरुको जेष्ठ मसान्त सम्म पनि टेण्डर प्रकृया जारी रहने हुन्छ । अब जेष्ठ मसान्त सम्म टेण्डर स्वीकृत गर्ने अवधि दिएर अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगबाट नै आर्थिक बर्षको अन्तमा मात्र अधिक खर्च गरी बजेट सिध्याउने प्रवृत्तिले निरन्तरता पाउने भएको छ ।

## विश्वेश्वर प्रसाद कोइराला राजमार्ग (बनेपा, सिन्धुली वर्दिवास) (४८–३/४–२०२)

राजधानीलाई पूर्वी तराईसंग जोड्ने बैकल्पिक मार्गको रुपमा आर्थिक वर्ष २०५३।५४ मा जापान सरकारको अनुदान सहयोगमा निर्माण कार्य शुरु भएको यो Turn Key आयोजना २०६५।६६ मा सम्पन्न हुने अनुमान गरीएको छ । १५८ किलोमिटर लामो यस सडकको शुरुको कूल लागत रु.६ अरब ५० करोड भएकोमा संशोधित लागत अनुमान रु.११ अरब गरीएको छ भने २०६१।६२ सम्म रु.८ अरब १५ करोड ७२ लाख खर्च भइसकेको छ ।

आर्थिक वर्ष २०६१।६२ सम्म १५८ किलोमिटर सडक मध्ये ११२ किलोमिटर. सडक निर्माण भई धुलिखेल–नेपालथोक ५० किलोमिटर, वर्दिवास–सिन्धुलीबजार ३७ किलोमिटर र सिन्धुलीबजार–खुर्कोट खण्ड १३ किलोमिटर मा गरी १०० किलोमिटरमा यातायात संचालन भईसकेको छ । आर्थिक वर्ष २०६२।६३ मा ३ किलोमिटर सडक निर्माण कार्य गर्ने र ४५ कि.मि. (तेस्रो खण्ड) खुर्कोट–नेपालथोक मध्ये १० किलोमिटर मा ट्र्याक खोल्ने र बाँकीमा वातावरणीय अध्ययन गर्ने, बनेपा सिन्धुली–वर्दिवास सडक ४.५ किलोमिटरमा स्तर उन्नती गर्ने, वर्दिवास–सिन्धुली बजारको सर्वे, डिजाइन तथा वातावरणीय अध्यन गर्ने मुख्य कार्यक्रम रहेकोमा २०६२ पौष महिनासम्म १ किलोमिटर सडक निर्माण भैसकेको, ८ किलोमिटर सडकमा ट्र्याक खोली सकेको, वातावरणीय अध्ययन, डिजाइनको कार्य अन्तिम चरणमा रहेको र लक्ष्य अनुरुप कार्य भएको जानकारी हुन आएको छ ।

चालु आर्थिक वर्षमा श्री ५ को सरकारको १ करोड ३५ लाख र सोझै भुक्तानी अनुदान २३ करोड गरी जम्मा रु.४० लाख गरी २४ करोड ७५ लाख विनियोजन भएकोमा पौष महिनासम्म रु.३२ करोड १२ लाख ६० हजार खर्च भएको जसमध्ये श्री ५ को सरकारको रु.२१ लाख २५ हजार र सोझै भुक्तानीतर्फ रु.३१ करोड ९१ लाख ३५ हजार रहेको छ । सोझै भुक्तानीतर्फ बढी खर्च भएकोले स्रोतान्तर गरी हिसाव मिलान गर्नुपर्ने देखिएको छ ।

प्रस्तुत आयोजनामा अख्तियारी २०६२।५।२९ मा र स्वीकृत कार्यक्रम २०६२।७।१० पुगेको देखिन्छ । यस आर्थिक वर्षमा लक्ष्य अनुरुपको भौतिक र वित्तीय प्रगति हुने भएकोले यो आयोजनाको कार्य प्रगति सन्तोषजनक रहेको छ ।

## कर्णाली राजमार्ग (सुर्खेत–जुम्ला खण्ड) (४८–३/४–२०४)

सुर्खेतबाट शुरु भई जुम्ला जिल्लाको सदरमुकाम जुम्ला खलङ्गा पुग्ने २२० किलोमिटर लम्बाई भएको यस सडकको प्रारम्भिक रेखाङ्कन गर्दा सुर्खेत सडकको पान्तडीबाट कालिकोट जिल्लाको सदरमुकाम मान्मा जोड्न २० किलोमिटर लिङ्क सडकको व्यवस्था भएकोमा हाल सो रेखाङ्कन परिवर्तन गरी सुर्खेतबाट कालिकोट मान्मा हुंदै जुम्ला जोड्ने गरी परिवर्तन गरीएको छ । यो परिवर्तन पछि यसको लम्बाई २३२ किलोमिटर हुने भएको छ । यो सडकको निर्माण कार्य आर्थिक वर्ष २०४८।४९ मा शुरु भएकोमा आर्थिक वर्ष २०६३।६४ मा निर्माण पूरा गर्ने संशोधित लक्ष्य लिइएको छ । यसको कूल लागत २ अर्व ४८ करोड ७२ लाख १८ हजार भएकोमा आर्थिक वर्ष २०६१।६२ सम्म रु. १ अर्व १ करोड ३३ लाख खर्च भएको छ ।

आर्थिक वर्ष २०६१।६२ सम्म ९८ किलो मिटर सम्म सार्वजनिक यातायात संचालन भइसकेको, ९८ देखि ११२ किलोमिटरसम्म माटेस्तर सडक निर्माण भएको, ११२ देखि १६२ किलोमिटरसम्म माटेस्तर सडक निर्माणधीन अवस्थामा रहेको, जुम्ला सदरमुकामबाट २० किलोमिटर सम्म माटेस्तरको सडक निर्माण भइसकेको छ ।

शाही नेपाली सेनाद्वारा ११२ किलोमिटर देखि १९७ किलोमिटरसम्म ० देखि ११२ र १९७ किलोमिटर देखि २३२ किलोमिटरसम्म सडक विभागबाट निर्माण कार्य गरीने यो सडकको लागि यस आर्थिक वर्षमा श्री ५ को सरकरको रु. ९ करोड र वैदेशिक ऋण रु. २७ करोड ५० लाख गरी जम्मा ३६ करोड ५० लाख विनियोजन भएको छ ।

अीर्थक वर्ष २०६२।६३ को मुख्य कार्यक्रममा ९८ किलो मिटर देखि ११२ किलोमिटरसम्म ग्राबेल गर्ने, बाँकी पुरै सडकमा ट्याक खोली माटेस्तर सडक निर्माण गर्ने, तिला नदीमा बेलिब्रिज निर्माण कार्य पुरा गर्ने, रामागाडमा पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिने रहेको छ ।

पौष महिनासम्म १९७ किलोमिटरदेखि २३२ किलोमिटर मध्ये बाँकी रहेको १५ किलोमिटर माटेस्तर सडक निर्माण गर्ने कार्य मध्ये ५ किलोमिटर सडक निर्माण भैसकेको, ९८किलोमिटर देखि ११२ किलो मिटिर सम्म ग्राबेल गर्नको लागि सम्झौता भई निर्माण कार्य शुरु भएको, १२७ किलोमिटर देखि सेरीघाट १४१ किलोमिटर सम्म भिर र चट्टान काट्ने कार्य ४०% सकिएको, सेरीघाटदेखि पिली १७१ किलोमिटर सम्म ट्याक्टर चल्ने भएको, पिलि देखि नैनी १८० किलोमिटर सडक खण्डमा ८० प्रतिशत कार्य पुरा भएको, नैनिदेखि चौखोला १८२ किलोमिटर सडक खण्डमा ६० प्रतिशत कार्य पुरा भएको, बेलिब्रिज निर्माण कार्य र रामागांडमा पुल निर्माण गर्ने कार्य भैरहेको जानकारी हुन आएको छ ।

बित्तीयतर्फ यस आर्थिक वर्षको पौषसम्म सडक बिभाग अन्तरगत ३ करोड १० लाख र शाही नेपाली सेनाबाट रु. १० करोड ४५ लाख ४६ हजार गरी रु. १३ करोड ५५ लाख ४६ हजार खर्च भएको छ ।

यस आर्थिक बर्षमा प्रस्तुत आयोजनामा आइ.डि.ए. तर्फ विनियोजन भएको रकम १७ करोड ५० लाख मध्ये ८ करोड बरावरको रकम मात्र जुम्ला खण्डमा खर्च हुने र ठेक्का पट्टा सम्पन्न भएको रकम र हालसम्मको खर्च समेत गर्दा २६ करोड जति खर्च भै ७२ प्रतिशत बित्तीय प्रगति र ८० प्रतिशत को हाराहारीमा भौतिक प्रगति हासिल हुन सक्ने बुझिन आएको छ ।

## सडक संजाल विकास आयोजना (४८-३/४–५८४)

जिल्ला सदरमुकाम जोड्ने नयाँ सडक निर्माण, स्तरोन्नति एवं मर्मत सुधार गरी सामानको ढुवानी र मानिसहरुको आवत जावतमा सुधार ल्याई आय आर्जन, रोजगारी शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रहरुमा पहुंच वृद्धि गराउने, सडक मर्मत संभार कार्यमा निजी क्षेत्रको दक्षता वृद्धि गराउने उद्देश्य रहेको यो आयोजनाको कार्य क्षेत्रले १३ जिल्ला पाँचथर, झापा, संखुवासभा, तेह्रथुम, सुनसरी, मोरङ्ग, सप्तरी, सिराहा, मकवानपुर, चितवन, सिन्धुपाल्चोक, बाँके, कन्चनपुरलाई समेटेको छ । एशियाली विकास बैंक, बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग र श्री ५ को सरकारको त्रिपक्षीय लगानीमा आर्थिक वर्ष २०५९।६० मा शुरु भई आर्थिक वर्ष २०६४।६५ मा सम्पन्न हुने यो आयोजनाको शुरुको कूल लागत रु.५ अर्व ४४ करोड भएकोमा आर्थिक वर्ष २०६१।६२ सम्म रु.५६ करोड २० लाख खर्च भएको छ ।

यस आर्थिक वर्षमा देहाय अनुसारको मुख्य कार्यक्रमहरु संचालनको लागि श्री ५ को सरकारको २६ करोड, वैदेशिक अनुदान र ऋण गरी रु.१ अरब ४ करोड सहित जम्मा रु.१ अरब ३० करोड विनियोजन भएकोमा पौष महिनासम्म रु.२५ करोड ७४ लाख ५८ हजार खर्च भएको छ ।

<u>यस आयोजनाको मुख्य कार्यक्रमहरु</u> :

बेलवारी – चोहरवा सडक सुदृढीकरण कार्य,
बिराटनगर – रंगेली – बरदंगा – उर्लावारी सडकको स्तरोन्नति कार्य,
दमक – गौरीगन्ज सडकको स्तरोन्नति कार्य
पौवा भञ्ज्याङ्ग – फिदिम सडकको स्तरोन्नति कार्य,
दोलालघाट – चौतारा सडकको स्तरोन्नति कार्य,
बसन्तपुर चैनपुर – खांदवारी सडक निर्माण,
हिले – बसन्तपुर सडकको स्तरोन्नति कार्य
Weighing Bridge खरीद गर्ने र
कार्य सम्पादनमा आधारीत मर्मत कार्य गर्ने ।

- कोहलपुर – महेन्द्रनगर (गडाचौकी)
- हेटौंडा – नारायणघाट ।

उपरोक्त सडक निर्माण कार्यक्रम अन्तरगत ६८ किलो मिटर कालोपत्रे सडक स्तरमा स्तरोन्नति, १० वटा कल्भर्ट निर्माण, ५२ किलोमिटर साइडड्रेन निर्माण, २७० किलोमिटर राजमार्ग तथा सहायक मार्गहरुमा कार्य सम्पादनको आधारमा मर्मत र वसन्तपुर–चैनपुर–खांदवारी सडकको पिलुवा खोला–सवाखोला खण्ड ३५ किलोमिटर मा ट्र्याक खोली जिल्ला सदरमुकाम खांदवारीसम्म माटेस्तरको सडक निर्माण गर्ने लक्ष्य रहेको छ ।

पौष महिनासम्म कार्य सम्पादनमा आधारित मर्मत कार्य अन्तरगत कोहलपुर – महेन्द्रनगर गड्डाचौकीको बोलपत्र स्वीकृत भै कार्य शुरु भएको, हेटौंडा – नारायणघाट सडकको बोलपत्र आव्हान गरीएको र बसन्तपुर मुढे सडकको बोलपत्र आव्हान भएको र माथि उल्लेखित अन्य कार्यक्रमहरुको सम्बन्धमा आर्थिक बर्ष २०६१।६२ मै सम्झौता भई कार्य आरम्भ भएकोमा सो कार्य यस आर्थिक बर्षमा पनि भैरहेको बुझिएको छ । पौषसम्म भौतिक प्रगति २१.५५ प्रतिशत र विनियोजित बजेटको १९.८ प्रतिशत वित्तीय प्रगति भएकोछ । यस आर्थिक बर्षको अन्तसम्म सत्प्रतिशत वित्तीय र भौतिक प्रगति हुने आयोजनबाट लेखि आएको छ ।

आर्थिक बर्ष २०६४।६५ मा सम्पन्न हुने भनिएको यो आयोजनाको कुल लागत रु.५ अरब ४४ करोड भएकोमा यस वर्ष विनियोजित रकम पुरै खर्च हुंदा पनि रु.१ अरब ८६ करोड खर्च हुने हुंदा बांकी २ आर्थिक बर्षमा रु.३ अरब ५८ करोडको कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ जसको लागि सोही अनुसार आगामी आर्थिक बर्ष बजेट विनियोजन

एवं कार्यक्रम तर्जुमा एवं कार्य तालिका बनाई सो अनुसार पुरा गर्न विशेष पहल भएको अवस्थामा मात्र यो आयोजना पुरा हुने देखिन्छ । हालको विनियोजन एवं कार्य प्रगतिको गति अनुसार भने यो आयोजना निर्धारित समय भित्त पुरा हुने सम्भव देखिदैन ।

## ग्रामिण खानेपानी तथा सरसफाई कोष (४८-३/४–७१२)

आर्थिक बर्ष २०५४।५५ मा प्रथम चरण शुरु भई सम्पन्न भएपछि आर्थिक बर्ष ०६१।६२ देखि दोश्रो चरण अन्तर्गत शुरु भई आर्थिक बर्ष ०६५।६६ मा सम्पन्न हुने यो आयोजनाको कुल लागत रु.२ अर्ब ६५ करोड ४० हजार रहेकोछ । ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समितिबाट संचालित यो कार्यक्रमको दोश्रो चरणको उद्देश्यमा ग्रामिण परिवारहरुलाई दिगो स्वास्थ्य सरसफाई तथा उत्पादनशील लाभ प्रदान गर्नाको लागि समुदायलाई स्थानीय रुपमा खानेपानी तथा सरसफाई उपभोक्ता समुहहरु गठन गर्न मदत पुऱ्याउने जसले योजना तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने छ र क्षेत्रगत सांगठित कार्य क्षमता अभिवृद्धि गरी समितिको अवधारणालाई श्री ५ को सरकारको कार्य पद्धतीमा समायोजन गरी लैजाने रहेको छ । दोश्रो चरण अन्तर्गत यस आयोजनामा आर्थिक बर्ष २०६१।६२ सम्म रु.२१ करोड ३७ लाख खर्च भएको छ ।

यस आर्थिक वर्ष २०६२।६३ को खानेपानी तथा सरसफाई आयोजनाको मुख्य कार्यक्रममा कार्यान्वयन चरण अन्तर्गत पांचौं समुहका ३४५ आयोजना सम्पन्न गर्ने र छैंठौं समूहमा ३२७ वटा खानेपानी तथा सरसफाई आयोजनाहरुको कार्यान्वयन चरणको कार्य प्रारम्भ गर्ने, छैठौं समूहका ४४३ आयोजनाहरुमा निर्माण पूर्वका सामुदायिक तयारी विकास चरणको कार्य प्रारम्भ गर्ने र सांतौं समुहका लागि पूर्व विकास चरणको कार्य प्रारम्भ गरी ४६० वटा आयोजनाको छनौट गर्ने, विभिन्न विषयमा ३०२० जनालाई तालिम दिइने, विकास तथा कार्यान्वयन चरणका प्रत्येक आयोजनाको २/२ पटक अनुगमन तथा मूल्यांकन गरीने, सातौं समुहका लागि सहयोगी संस्था छनौट का लागि स्थलगत अध्ययन तथा ४१० आयोजनाहरुको पूर्व सम्भाव्यता अध्ययन गर्ने, ७०० आयोजनाहरुको पानीको गुणस्तर परीक्षण गर्ने रहेको छ ।

आर्थिक बर्ष २०६२।६३ को उपरोक्त कार्यक्रमको लागि श्री ५ को सरकारको रु.२ करोड ७६ लाख ६८ हजार र वैदेशिक स्रोत अन्तर्गत डि.एफ. आई. डि. को अनुदान रु. ९ करोड ६० लाख एवं विश्व बैंकको ऋण रु.३९ करोड ५७ लाख ७१ हजार गरी जम्मा रु.५१ करोड ९४ लाख ३९ हजार विनियोजन भएकोमा २०६२ पुषसम्म रु. १६ करोड ४८ लाख ३८ हजार खर्च भएको छ ।

आर्थिक बर्ष २०६२।६३ को लक्ष्य मध्ये २०६२ पौषसम्ममा पांचौं समुहका ३४२ विकास चरणका आयोजना मध्ये र सुदुर पश्चिमान्चल विकास क्षेत्रमा संचालन भईरहेका आयोजनाहरुको कार्य ९०प्रतिशत सम्पन्न भएको, छैठौं समुहका ४४३ आयोजनाहरुमा निर्माणपूर्वका सामुदायिक तयारी (विकास चरणको) कार्य अन्तरगत पूर्व सम्भाव्यता स्थलगत अनुगमन अध्ययन सम्पन्न भएको, सातौं समुहका लागि सहयोगी संस्था छनौट गर्नको लागि आवेदन आव्हान गरी प्राप्त आवेदन वमोजिम संस्था छनौट गर्ने कार्य शुरु भएको, ३०० वटा आयोजनाको पानीको गुणस्तर परिक्षण गरीएको र विभिन्न विषयमा सहयोग संस्थाहरुका १३१३ जना र सेवामुलक निकायका २६५ जना गरी जम्मा १५७८ जनालाई तालिम दिइएको छ । पौषसम्म को लक्ष्यको ८२.२५ प्रतिशत भौतिक प्रगति हासिल भएको बुझिन आएको छ ।

शान्ति सुरक्षाको हालको अवस्थाको कारण आयोजना चक्र अनुसार सञ्चालन नभएकोमा आयोजना चक्र अनुरुप संचालन हुने व्यवस्था मिलाएको र लक्ष्य अनुरुपको भौतिक र वित्तीय प्रगति हासिल गरीने जानकारी हुनआएको छ ।

## मेलम्ची खानेपानी आयोजना (४८-३/४–७१८)

काठमाडौं उपत्यकाको खानेपानीको समस्यालाई समाधान गर्न दैनिक १७ करोड लिटर पानी मेलम्ची खोलावाट ल्याउने उद्देश्यले आर्थिक वर्ष ०५५/५६ मा शुरु भई ०६४/६५ मा सम्पन्न गर्ने लक्ष्य लिएको तर संशोधित तालिका अनुसार अव आर्थिक वर्ष २०६७/६८ मा मात्र पूरा गर्ने लक्ष्य लिइएको यस आयोजनाको शुरुको कूल लागत रु. ३२ अर्ब ४८ करोड (४६ करोड ४० लाख अमेरिका डलर) रहेकोमा आर्थिक वर्ष २०६१/६२ सम्ममा रु.२ अर्व ९९ करोड ८८ लाख १० हजार खर्च भइसकेको छ ।

आर्थिक बर्ष २०६१।६२ सम्म यस आयोजना अन्तर्गत मूल प्रवेश मार्गमा पर्ने नौ वटा पूलहरुको निर्माण कार्य सम्पन्न भएको, मेलम्ची– तालामाराङ्ग खण्डको २.५ किलोमिटर बाटोमा ग्राभलिङ्ग तथा संरचनाहरुको ९० प्रतिशत कार्य सम्पन्न भएको, ग्याल्थुम– चनौटे खण्डको २ किलोमिटर बाटोमा माटो खन्ने कार्य भएको, सिन्धुअडिटको २७०० एडिट मार्गको ट्र्याक खुलेको, मूल प्रवेशमार्गमा पर्ने ४९२ र एडिट प्रवेश मार्गमा ७५३ कित्ताको र अन्य ६५६ कित्ताको क्षतिपूर्ति भुक्तानी भएको, सामाजिक उत्थान तथा वातावरणीय कार्यक्रम अन्तर्गत मेलम्ची उपत्यकाका १४ गाउँ विकास समितिका ८९ विद्यालयहरुमा आधारभूत शैक्षिक तथा खेलकुद सामाग्री वितरण गर्ने, इन्द्रेश्वरी उच्च माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण गर्ने, उक्त क्षेत्रमा यस सम्बन्धीत अन्य विभिन्न क्रियाकलापहरु संचालन भएको छ । यो आयोजनाको मुख्य कार्यक्रमहरु मध्ये आर्थिक वर्ष २०६१।६२ सम्म सम्पन्न भएको कार्य प्रगति र यस आर्थिक वर्षमा गरीने लक्ष्य तालिकामा दिइएको छ । यस आर्थिक वर्षको कार्यक्रमको लागि श्री ५ को सरकारको रु.३६ करोड, वैदेशिक अनुदान १२ करोड र वैदेशिक ऋण रु.१ अरब ३ करोड ९७ लाख गरी जम्मा रु.१ अर्व ५१ करोड ९७ लाख विनियोजन भएको छ ।

### मेलम्ची आयोजनाको कार्य प्रगति

| मुख्य मुख्य कार्यहरु | आर्थिक वर्ष ०६१।६२ सम्मको प्रगति विवरण (% मा) | ०६२।६३ को लक्ष्य (% मा) | ०६२।६३ को पौषमहिना सम्मको प्रगति (% मा) |
|---|---|---|---|
| मुल प्रवेश मार्ग निर्माण | ६७.९ | १२.१२ | ४.५ |
| मुल प्रवेशमार्ग स्तर सुधार | २२.२५ | २२.७१ | ७.९४ |
| एडिट प्रवेश मार्ग निर्माण | ११.२७ | ५७.१८ | २०.४४ |
| ३३ के.भि. विद्युत प्रशारण लाइन निर्माण | १५ | १९.७७ | ० |
| टनेल डिजाइन प्रतिवेदन तयार गर्ने र सुपरिवेक्षण खर्च | ४७.६६ | १३.२७ | ६.१२ |
| सामाजिक उत्थान तथा वातावरिणीय प्रभाव न्यूनीकरण तथा पुनर्वास कार्ययोजना | ४०.०१ | ६.३३ | १.२८ |
| सुरुङ निर्माण तथा सुपरिवेक्षण परामर्शदातृको खर्च | १५.०० | ३९.६८ | १५.८८ |
| सामाजिक उत्थान तथा वातावरणीय प्रभाव न्यूनीकरण तथा पुनर्वास कार्ययोजना | - | १०० | ० |
| काठमाडौं उपत्यका डेमोन्शट्रेशन प्रोजेक्ट / परामर्श | - | १०० | ० |
| क्याम्प साइट निर्माण | - | १९.७७ | ६.६७ |
| जग्गा प्राप्त तथा क्षतिपूर्ति | ४१.०७ | १७.७७ | २.६४ |

यस आर्थिक बर्षको कार्यक्रम मध्ये पौषमसान्त सम्म मुख्य प्रवेश मार्ग मेलम्ची पुल बजार - चनौटे खण्डमा ग्राभेलिङ कार्य सम्पन्न, चनौटे - टिम्बु खण्डमा नाली र स्ट्रक्चर निर्माणको काम र माटो सम्वन्धी कार्य भएको, एडिट प्रवेश मार्ग सिन्धु अडिटको, ग्याल्थुम अडिटको मार्गमा नाली निर्माण टेवा पर्खाल तथा ग्राभेलिङ कार्य भएको, जोरपाटी- सुन्दरीजल खण्डको प्रवेश मार्ग स्तर सुधारको कार्य सम्पन्न भएको, लामिडाडा-मेलम्ची पुलबजार खण्डको वोलपत्र स्वीकृत भई कार्य आरम्भ भएको, विद्युत प्रशारण लाइन ३३ के.भि. को पुनः वोलपत्र आव्हान गर्ने क्रममा रहेको, सामाजिक उत्थान कार्यक्रम कार्यान्वयनको लागि परामर्शदाता छनौट गर्ने क्रममा रहेको मेलम्ची पुल बजारमा क्याम्प साइटको निर्माण कार्य भईरहेको छ ।

यस आर्थिक वर्षको लक्ष्य अनुसार पुससम्मको प्रगतिलाई हेर्दा, मूल प्रवेशमार्ग निर्माण ४.५ प्रतिशत, मूल प्रवेशमार्ग स्तर सुधार ७.९४ प्रतिशत, एडिट प्रवेशमार्ग स्तर सुधार २३.४४ प्रतिशत, टनेल डिजाइन प्रतिवेदन तयार गर्ने कार्य ६.१२ प्रतिशत र सामाजिक उत्थान तथा वातावरणीय प्रभाव न्यूनीकरण तथा पुनर्बास कार्य योजना १.२८ प्रतिशत, क्याम्प साइट निर्माण १५.८८ प्रतिशत, जग्गा प्राप्ति तथा क्षतिपूर्ति २.६७ प्रतिशत प्रगति भएको छ ।

सुरुङ (टनेल) निर्माण कार्यबाट नर्वे सरकारको वहिर्गमन भएपछि २ करोड ८० लाख अमेरिकि डलरको Funding Gap को खोजी गर्नुपर्ने समस्या मेलम्ची आयोजनामा सृजना भएको छ । टनेलको निर्माण कार्य शुरु भएपछि कार्य तालिका अनुसार कम्तिमा ४.५ वर्ष समय लाग्ने र टनेलको प्रस्ताव आव्हान गर्न सो पूर्व पुरा गर्नुपर्ने भनिएका शर्तहरु पुरा हुनैपर्ने भएकोले आर्थिक बर्ष २०६७।६८ मा पनि अव यो आयोजना पुरा नहुने देखिन आएको छ । यस अवस्थामा पुरा गर्नुपर्ने भनिएको पूर्व शर्तहरु पुरा गर्न विशेष पहल गर्नुपर्ने देखिन्छ । अन्यथा आयोजना सम्पन्न हुन अझ ढिलाई हुने र लागत अरु बढने सम्भावना छ ।

व्यवस्थापन करार अन्तरगत खानेपानी संस्थान संचालन नभएसम्म एवं अन्य शर्त पुरा नभएका कारण यस आर्थिक बर्षमा गरीने भनिएको कतिपय कार्यहरु नहुने र केही कार्यक्रमको वोलपत्र आव्हान गर्न दातृ संस्थाबाट सहमति ढिला प्राप्त भएको वा हुने अवस्थाबाट लक्ष्य अनुरुप प्रगति नहुने बुझिएको छ । यस आर्थिक बर्षको अन्त सम्म भौतिक प्रगति ८१ प्रतिशत र वित्तीय प्रगति ८० प्रतिशत सम्म हुने आयोजनाबाट अनुमान भएको भनिएतापनि पौषसम्मको प्रगति एवं अन्य कार्यक्रमको सम्वन्धमा छलफल गरी बुझिए अनुसार हासिल हुने भनिएको प्रगति भन्दा कम नै प्रगति हुने हालको अवस्थामा देखिन आएको छ ।

## भूमि सुधार कार्यक्रम तथा मुक्त कमैया पुनर्स्थापना (५५–३/४–२६०)

मुक्त कमैयाहरुलाई पुनर्स्थापन गर्ने, शीपमुलक व्यावसायिक तालीम प्रदान गर्ने, समुहगत कार्यक्रमबाट क्षमता अभिवृद्धि गर्ने तथा आय आर्जन प्रवर्धन गर्ने उद्देश्यबाट पश्चिम तराईको दाङ्ग बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लामा आर्थिक बर्ष २०५१।५२ देखि सालवसाली रुपमा यो कार्यक्रम संचालन भई रहेको छ ।

आर्थिक बर्ष २०६२।६३ मा ७१४ मुक्त कमैया परिवारको पुर्नस्थापनाको लागि उपयुक्त जग्गाको खोज र सट्टा भर्ना मिलान गर्ने १४८७ परिवारलाई परिचयपत्र वितरण गर्ने, ४२ वटा सीपमुलक तालीम संचालन गर्ने साथै २४ वटा उद्यमी विकास कार्यक्रम र समूह व्यवस्थापन तथा कोष परिचालन तथा त्यसको अनुगमन गर्ने कार्यक्रम संचालन गरी सोबाट मुक्त कमैयाहरुको रोजगार अवसरका लागि क्षमता विकास हुने अपेक्षा गरीएको छ । यसका साथै भूमिसुधार कार्यक्रमतर्फ भूमि बैंकको अवधारणालाई अगाडी बढाई कृषि विकास बैंक मार्फत भूमिहीन मुक्त कमैयाहरुलाई जग्गा खरिद गर्न सहुलियत पूर्ण व्याज दरमा ऋण उपलव्ध गराउन रु. ५ करोड छुटचाइएकोछ ।

चालु आर्थिक बर्षमा ७१४ मुक्त कमैया परिवारको पूर्नस्थापनाको लागि उपयुक्त जग्गाको खोज र सट्टा भर्ना मिलान गर्ने कार्यक्रम रहेकोमा स्थलगत समस्याले गर्दा पौष मसान्त सम्ममा उपलव्धी देखिने कार्य हुन नसकेको, यसको लागि लगत लिने कार्य भै छानवीन प्रक्रिया अगाडी बढेकोछ । आर्थिक बर्षको अन्त्य सम्ममा लक्ष्य अनुसारको उपलव्धी हासिल हुने अपेक्षा गरीएको छ । सीपमूलक व्यावसायिक तालीमलाई प्रभावकारी बनाउन २४ वटा उद्यमी विकास र ४०० सम्मको समूह व्यवस्थापन गर्ने लक्ष्य रहेकेमा समीक्षा अवधिसम्म १७ वटा उद्यमी विकास तालीम

सम्पन्न भई सकेको र ३ वटा चालु अवस्थामा रहेको छ । ४०० समूह व्यवस्थापनको लक्ष्य मध्ये ११९ वटा सम्पन्न भैसकेको छ ।

१४८७ परिवारलाई मुक्त कमैयाको परिचय पत्र दिने लक्ष्य रहेकोमा समीक्षा अवधिमा २५० परिवारलाई त्यस्तो परिचय पत्र वितरण गरीसकिएको र वांकी परिवारलाई आर्थिक बर्षको अन्त्यसम्ममा वितरण गरी सक्ने गरी कार्य भैरहेको छ । त्यस्तै सीप विकास तथा दक्षता वृद्धिको ४२ वटा कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोमा १७ वटा सम्पन्न भएको छ । मुक्त कमैया परिवारको पुर्नस्थापन कार्यक्रम संचालन गर्ने सिलसिलामा स्थानीय स्तरमा आवश्यक पर्ने संख्यामा उत्प्रेरक तथा सहायक उत्प्रेरकहरु समयमा उपलव्ध हुन नसक्नु नै मुख्य समस्याको रुपमा रहेको छ ।

## भूमि बैंक

भूमिहिन मुक्त कमैयालाई सहुलियतपूर्ण ब्याज दरमा भूमि खरिद गर्न दीर्घकालीन ऋण उपलब्ध गराउन आर्थिक बर्ष २०६१।६२ मा स्वीकृत कार्यक्रम अनुसार भूमि बैंक स्थापना नभएसम्म अल्पकालीन कार्यक्रमको रुपमा कृषि विकास बैंकलाई एकमुष्ट रु. ५ करोड उपलब्ध गराइएको थियो । तर आर्थिक बर्षको अन्त्यतिर मात्र कार्यक्रम स्वीकृत भई रकम निकासा भएको ऋण वितरणको विस्तृत कार्यविधिको अभावमा उक्त बर्ष मुक्त कमैयाहरुलाई ऋण उपलब्ध गराउन सकिएको थिएन । चालु आर्थिक बर्षमा ऋण प्रवाहका लागि थप कार्यविधी स्वीकृत भई सो कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्नको लागि कार्यक्रम तथा कार्यतालिका भूमिसुधार कार्यालय बाँके र कैलालीलाई पठाइएकोमा समीक्षा अवधीसम्म ऋण प्रवाह हुन सकेको छैन । यसमा एकातिर कार्यविधि तर्जुमा गर्नमा भएको ढिलाई र अर्कोतिर मुक्त कमैयाहरु ऋण लिनको लागि हिचिकचाएको अवस्था जस्ता कारणले ऋण प्रवाह हुन नसकेको बुझिएको छ । भूमि सुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त जानकारी अनुसार २०६२ फाल्गुण महिना देखि बाँके जिल्लामा ऋण प्रवाह शुरु हुने भएको छ ।

चालु आर्थिक बर्ष २०६२।६३ को लागि भूमि बैंक सम्बन्धी कार्यक्रम संचालन गर्नको लागि रु. ५ करोड बजेट विनियोजन गरीएको तर हालसम्म कार्यक्रम नै स्वीकृत भएको छैन । बाँकी अवधिमा कार्यक्रम स्वीकृत गराई सम्बन्धित निकायहरुको दक्षता अभिबृद्धि र लक्षित समूहलाई कार्यक्रम प्रति उत्प्रेरीत गराई दुई बर्षको विनियोजित रु.१० करोड ऋण वितरण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

चालु आर्थिक बर्षमा श्री ५ को सरकारको स्रोततर्फ रु.२ करोड १२ लाख ९९ हजार र वैदेशिक अनुदान जापान DRF तर्फ रु.४ करोड गरी जम्मा रु.६ करोड १२ लाख ९९ हजार विनियोजन गरीएको छ । भूमि बैंकको लागि छुटचाईएको रु. ५ करोड बाहेकको रकमको प्रथम चौमासिकको वित्तीय लक्ष्यमा ७२.६५ प्रतिशत प्रगति भएको छ ।

## तराइ तथा शिवालिक क्षेत्रका लागि जैविक विविधता कार्यक्रम (५९–३/४–३५२)

नेदरलैण्ड सरकारको अनुदान सहायतामा सञ्चालित प्रस्तुत आयोजनाको मूल उद्देश्य तराइ तथा शिवालिक क्षेत्रका रहेका वन क्षेत्रको समग्र विकास गरी समतामूलक आर्थिक विकासको लागि वन क्षेत्रबाट टेवा पुऱ्याउनु हो । सन् २००२ देखि सञ्चालन भएको यो आयोजना सन् २००६ को अप्रिलमा पुरा हुनेछ । प्रस्तुत आयोजनामा आयोजना अवधि भरमा युरो १३११५२४७ खर्च हुने अनुमान छ । प्रस्तुत योजनाको लागि चालु वर्षमा जम्मा रु.४ करोड ९७ लाख ५९ हजार बजेट विनियोजन भएको छ ।

वन क्षेत्रको दिगो उपयोग र समानुपातिक वितरणको लागि वन व्यवस्थापन नमूनाहरुको विकास गरी यसबाट प्राप्त हुने नतिजालाई क्रमिक रुपमा अन्य क्षेत्रमा पनि लागु गर्दै जाने र तराइका चक्ला वनलाई सरोकारवालाहरुको संलग्नतामा साझेदारी वन व्यवस्थापन प्रणालीबाट बन व्यवस्थापन गर्ने नीति रहेको छ । यस अनतर्गत बारा, पर्सा र रौतहट जिल्लामा परीक्षणको रुपमा १/१ वटा वनको साझेदारी व्यवस्थापन गर्न स्थानीय सरोकारवाला समूहलाई हस्तान्तरण गरीएको छ । त्यसैगरी चुरे क्षेत्रको वन व्यवस्थापनबाट तराइ क्षेत्रको कृषि उत्पादन, सिंचाइ तथा भूमिगत जल भण्डारणमा पर्न सक्ने नकारात्मक असर घटाउन भू तथा

जलाधारका कार्यक्रम पनि सञ्चालन भएका छन् । जैविक विविधता संरक्षणको निमित्त वासस्थान संरक्षण, दह पोखरी सुधार, वनस्पति सर्वेक्षण, जडीवुटी खेती सम्बन्धी तालिम र डकुमेन्टेसन कार्यक्रम पनि सञ्चालन भएका छन् ।

२० किलोमिटर अग्निरेखा निर्माण गर्ने, ३० किलोमिटर बनपथ बनाउने लगायतका काम लगायतका चालु बर्षको कार्यक्रममा समेटिएका छन् । यसै गरी ६१५००० विरुवाको उत्पादन र वितरण गर्ने, ६५ हेक्टर क्षेत्रमा वृक्षारोपण गर्ने, ३ वटा गैर काष्ठ वन पैदावारको नमूना ल्पट स्थापना गर्ने, कुरिलो जस्ता १५००० गैर काष्ठ विरुवा वितरण गर्ने, चेक डयाम, वायोइञ्जिनीयरिङ्ग क्रियाकलाप, वाटर हार्भेष्ट डयाम जस्ता चूरे संरक्षण सम्बन्धी कार्यक्रम पनि यसै आर्थिक बर्ष भित्र सम्पन्न गर्ने लक्ष्य निर्धारण गरीएको छ । उल्लेखित कार्यक्रमहरु मध्ये चालुवर्षको प्रथम चौमासिकको प्रगति Micro Watershed योजना १६ मा १६ पुरा भएको छ भने ११५००० विरुवा उत्पादन भै समष्टिमा प्रथम चौमासिक लक्ष्यको ८५.८२ प्रतिशत कार्य पुरा भएको विवरण प्राप्त भएको छ।

**समस्या/चुनौती** :_शान्ति सुरक्षाको प्रतिकूलताले फिल्ड कार्यक्रम सञ्चालनमा वेला वेलामा समस्या हुने गरेको छ भने Propoor र Outside forestry Sector मा जान कठिनाई भइरहेको छ ।

## सामुदायिक वन विकास कार्यक्रम (५९-३/४–८०१)

वन क्षेत्रको गुरु योजना (२०४८–२०७३) अनुसार स्थानीय जनताको प्रत्यक्ष सहभागितामा वन जंगलको व्यवस्थापन गर्ने, वन पैदावरलाई सुलभ तरीकाले उपलव्ध गराउने, वन तथा वन पैदावारको व्यवस्थापन र न्यायोचित वितरणको माध्यमबाट गरीवी निवारणमा टेवा पुऱ्याउने उद्देश्य लिएर आर्थिक बर्ष २०५५।५६ देखि Danida को सहयोग अन्तर्गत ३८ जिल्लामा सामुदायिक वन विकाश कार्यक्रम संचालन भई आएको छ । २०६१।६२ देखि Danida को सहयोग समाप्त भएकोले हाल श्री ५ को सरकारको श्रोतबाट उक्त आयोजना संचालन भइरहेको छ ।

चालु वर्षको मुख्य मुख्य कार्यक्रम र प्रगति हेर्दा २०८ वटा वन उपभोक्ता समिति गठन गरी २६३ वटा वन कार्य योजना तयार गरी समूहमा हस्तान्तरण गर्ने लक्ष्यमा क्रमश: ३४ वटा समूह गठन र ४२ वटा वन कार्य योजना हस्तान्तरण भएका छन् । ७७७ वटा वन कार्य योजनाको पुनरावलोकन गर्ने लक्ष्य रहेकोमा सोको लागि प्रथम चौमासिक सम्म ८७ वटाको पुनरावलोकन पुरा भएको छ । ३५ जनालाई रेकर्ड किपिङ्ग तालीम दिने लक्ष्य रहेकोमा सोको लागि सहभागी छनौटको कार्य पुरा भएकोछ । उपभोक्ता समूह मूल्यांकन र पुरस्कार वितरण गर्ने लक्ष्यमा तथ्यांक संकलनको काम सपन्न भएको छ।

उपरोक्तानुसारको कार्यक्रम संचालन गर्न चालु वर्ष १ करोड ६३ लाख ५१ हजार रकम विनियोजन भएको छ । जनसहभागिता र उपभोक्ता समुहको सक्रियतामा संचालन भएको यो योजनाले आफूले लक्ष्य लिए अनुसारको उद्देश्य हासिल गर्ने अपेक्षा गरीएको छ ।

**आयोजनाले सामना गर्नुपरेका समस्या/चुनौतीहरु** : असहज परिस्थितिको कारण सामुहिक भेला गराइ गर्नुपर्ने कार्यहरु जस्तै वन उपभोक्ता समुह गठन एवं कार्य योजना तयारी र पुनरावलोकनमा कठिनाई भएको छ भने पुनरावलोकन कार्य गर्न श्रोत व्यक्तिको अभाव पनि त्यत्तिकै जटिल समस्याको रुपमा देखा परेको छ ।

**समस्या समाधान गर्न गरीएका प्रयासहरु** :

१. सामुदायिक वन विकाश कार्यक्रमको मार्गदर्शन (२०५८) लाई परिमार्जन गर्न कार्य दल गठन गर्ने कार्य भईरहेको ।
२. वन कार्य योजना पुनरावलोकन कार्यको लागि श्रोत व्यक्त उत्पादन गर्न तालिम तथा पाठ्यक्रम लगायत विभिन्न कार्यको पहल भइरहेको ।

३. सामुदायिक वन सम्बन्धी कार्य गर्ने सरकारी/गैर सरकारी संघ संस्था, आयोजना समेतको सहभागितामा अन्तरक्रिया कार्यक्रम संचालन भइरहेको ।

## सूचना प्रविधि पार्क–सूचना प्रविधि उच्चस्तरीय आयोग समेत (६१–३/४–२३०)

विश्वमा सूचना तथा संचार प्रविधिको क्षेत्रमा तीव्र विकास भैरहेको परीप्रेक्षमा सूचना प्रविधि सम्बन्धी कार्य गर्ने व्यक्ति तथा कम्पनीहरुलाई एउटै छाना मुनी गुणस्तरीय सुविधाहरु उपलब्ध गराई सूचना प्रविधि व्यवसायको विकास र यसको औद्योगिकरण प्रबर्द्धन गर्ने अभिप्रायले सूचना प्रविधि पार्क को अबधारणालाई मूर्तरुप दिएर श्री ५ को सरकारले सूचना प्रविधिको क्षेत्रमा लगानी गरेको छ।

सूचना प्रविधि पार्क आयोजना उद्योग मन्त्रालय अन्तर्गत २०५२ साल देखि सञ्चालन भएको थियो । २०५६ देखि विज्ञान तथा प्रविधि मन्त्रालयको एक ईकाईको रुपमा पार्क निर्माण आयोजना सञ्चालन हुँदै आएकोमा श्री ५ को सरकार मन्त्रिपरिषदको २०५६/५/८ को निर्णयानुसार यस आयोजनको व्यवस्थापन सूचना प्रविधि उच्चस्तरीय आयोगले गर्ने गरी तोकिएको छ ।

पार्क निर्माणको लागि १३७ रोपनी निजी जग्गा र सरकारी बन क्षेत्र १०० रोपनी कूल २३७ रोपनी जग्गा अधिग्रहण गरी काभ्रे जिल्लाको बनेपाबाट १.५ किलो मिटर दक्षिणतर्फ बनेपा–पनौती सडक खण्डमा पार्क निर्माण कार्य भई रहेको छ ।

सूचना प्रविधि पार्कले कम्प्यूटर सफ्टवेयर तथा ICT सँग सम्बन्धित अनय बस्तु तथा सेवाको उत्पादन, विकास, प्रवर्द्धन र निर्यातको लागि सुविधा उपलब्ध गराउने, सफ्टवेयरसँग सम्बन्धित दक्ष जनशक्ति एवं विशेषज्ञ तयार गर्ने सूचना प्रविधि क्षेत्रमा वैदेशिक लगानी आर्कषित गर्ने, लगानीकर्ताहरुलाई एकद्धार सेवा उपलब्ध गराउने गैर वासिन्दा नेपाली (NRN) लाई IT क्षेत्रमा लगानी गर्न प्रोत्साहान गर्ने, सूचना प्रविधिको क्षेत्रमा आवश्यक अनुसन्धानको लागि सुविधा उपलब्ध गराने उद्देश्य राखी आयोजना कार्यान्वयन चरणमा रहेको छ ।

आर्थिक बर्ष २०५२।५३ देखि आर्थिक बर्ष ०६१।६२ सम्मा सूचना प्रविधि पार्कको पूर्वाधार निर्माणमा श्री ५ को सरकारले रु. २५ करोड २७ लाख ८ हजार लगानी गरी सकेको छ। उक्त लगानीबाट २०० मी दोहारे लेन (Double Lane) र ३०० मीटर एकोहोरो लेन (Single Lane) सडक निर्माण १८१२.५४ वर्ग मीटर (१४४ कार्य स्थल) क्षेत्रफलको ववसायिक भवन निर्माण ५८५.६० वर्ग मीटरको पुस्तकालय र मीटिङ्ग हल समेतको प्रशासकीय भवन, ७०६.४२ वर्ग मीटरको आवासीय भवनको निर्माण सम्पन्न भएको छ। साथै विद्युत वितरण प्रणालीको स्थापना र ३०० KVA क्षमताको Standby Diesel Generator जडान गरी सकिएको छ । संचार सुविधा अन्तर्गत World Class Fiber Optic र VSAT जडान भै सकेको छ । त्यसैगरी २४ सै घण्टा पानी वितरण हुने व्यवस्था मिलाइएको छ ।

### सूचना प्रविधि पार्क

- सूचना प्रविधि पार्कको उद्देश्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस बर्ष तीन प्रकारको रणनीति प्रस्ताव गरीएको छ ।
  - (क) व्यापारीक संगठनको रुपमा सूचना प्रविधि पार्क संचालन गर्ने स्वरुप निर्माण ।
  - (ख) आई.टि.सप्लाई चेनका प्राथमिक ग्राहकहरुको बजारबाट प्रतिनिधित्व गर्ने मुख्यत : उत्तरी अमेरीका, युरोप, जापान र अष्ट्रेलिया देशहरुबाट कम्पनीहरुलाइ पार्कमा भित्राउने व्यवस्था ।
  - (ग) सूचना प्रविधि पार्कलाई Value=added Nitce मार्केट, दक्ष, विश्वसनिय र कम लागतको जनशक्तिको विशेष गन्तव्य स्थलको रुपमा प्रवर्द्धन गर्ने ।

- चालु आ.ब. २०६२।६३ मा पार्कको संचालनार्थ आवश्यक उपकरणहरु खरीद गर्ने कार्यक्रम रहेकोमा उपकरण खरीदको लागि सम्झौता भइ सकेको, पार्क भित्रका भवनको सुरक्षा बगैंचा निर्माण र जग्गा बाँडफाँड योजना बनाउने कार्यक्रम रहेकोमा सुरक्षा व्यवस्थाको प्रबन्ध मिलाईएको, सूचना प्रविधि पार्क सुदृढीकरण कार्यक्रम अन्तर्गत Niche Market पत्ता लगाउन Country Marketing भई रहेको र प्रवर्द्धनात्मक सामग्री तयार भई रहेको एवं सूचना प्रविधि पार्क संचालन तर्फ कम्यूनिकेशन गेट वे स्थापना गर्ने कार्य भइरहेको तथा सरसफाईको लागि टेण्डर मूल्याङ्कनको प्रक्रियामा रहेको छ ।

सूचना प्रविधि उच्चस्तरीय आयोग समेत यस आयोजनाको लागि श्री ५ को सरकारको श्रोत तर्फ रु.४ करोड र वैदेशिक ऋण तर्फ रु.१ करोड समेत जम्मा रु.५ करोड विनियोजन गरीएकोमा सूचना प्रविधि पार्क तर्फ मात्र जम्मा रु.२ करोड ६९ लाख ५० हजार छुट्याईको छ । सो मध्ये समीक्षा अवधिमा रु.२९ लाख मात्र खर्च हुन सकेको छ। आर्थिक बर्षको अन्त्य सम्म विनियोजित रकम पुरै खर्च हुने अपेक्षा गरीएको छ ।

**बक्स १२ : लगानीकर्ताको पर्खाइमा छ IT पार्क**

श्री ५ को सरकारले IT पार्कको पूर्वाधार विकासमा लगानी गरी पार्कको निर्माण कार्य सम्पन्न हुने चरणमा प्रवेश गरेको छ । यसलाई पूर्णरुपमा संचालनमा ल्याई घोषित उद्देश्य हासिल गर्नको लागि स्वदेशी तथा विदेशी निजी लगानीकर्ताहरुको सहभागिता हुनु जरुरी छ । सरकारले मात्र यसको संचालन गर्न संभव छैन । उपयुक्त नीतिको तर्जुमा, प्रचार प्रसार एवं प्रवर्द्धनात्मक क्रियाकलाप संचालन गरी यसमा भै सकेको करीब रु.२५ करोड खर्चको सहि उपयोगको प्रमाणित गर्नुपर्ने छ ।

श्री ५ को सरकारले सूचना प्रविधि पार्क निर्माण र संचालनलाई उच्च प्राथमिकता दिई यसका पूर्वाधार विकासमा ठूलो धनराशीलगानीगरी सकेको भएता पनि हालसम्म यसको संचालन हुन सकेको छैन । पार्क संचालनमा आई निर्धारीत उद्देश्य हासिल गर्न सकिएन भने हाल सम्मको लगानी खेर जाने सम्भावना रहन्छ । यसको व्यवस्थापनको जिम्मा लिएको सूचना प्रविधि उच्चस्तरीय आयोग पार्कको भौतिक संरचना पूरा गरी पूर्ण संचालन गर्न कार्यमा तदारुकतासाथ लागि परेको छ ।

## पार्कको उद्देश्य प्राप्त गर्न सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु :

| उद्देश्य | सञ्चालन गर्नुपर्ने क्रियाकलाप |
|---|---|
| कम्प्यूटर सफ्टवेयर उत्पादन, विकास, प्रवर्द्धन र निर्यातको लागि सुविधा उपलब्ध गराउने साथै उत्पादन र सेवा (उपभोक्ता) बीच सूचना पूल (इन्फरमेसन हाइवे) को रुपमा कार्य गर्ने । | पार्कको निर्माण कार्य सम्पन्न गरी सञ्चालन गर्नुपर्ने,<br>व्यावसायिक प्रवर्द्धन कानूनी एवं सांगठनिक पूर्वाधार विकास । |
| दक्ष जनशक्ति तयार गर्ने, सफ्टवेयरसँग सम्बन्धित विशेषज्ञ तयार गर्ने, सूचना प्रविधि क्षेत्रमा कार्य गर्ने उपयुक्त वातावरण तयार गर्ने । | पार्क सञ्चालनका लागि आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरी तालिम कार्यक्रम संचालन गर्नुपर्ने । |
| सूचना प्रविधि क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्नुका साथै राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाहरुको क्रियाकलापहरुको सूचना स्थापित गर्ने , | आवश्यक वैदेशिक लगानी पहिचान गरी वैदेशिक लगानीलाई आकर्षित गर्न आवश्यक पर्ने पूर्वाधार विकास गरी आव्हान गर्नुपर्ने । |
| सूचना प्रविधि पार्कलाई नमूनाको रुपमा स्थापित गरी निजी क्षेत्रलाई देशको अन्य स्थानहरुमा यस्तै पार्कको स्थापनाको लागि लगानी गर्न प्रोत्साहित गर्ने , | निर्माण कार्य सम्पन्न गरी मोडल संस्थानको रुपमा विकास गरीनुपर्ने । |
| सूचना प्रविधि सम्बन्धी लगानीकर्ताहरुलाई एकद्धार सेवा उपलब्ध गराउने र सूचना प्रविधिको क्षेत्रमा आवश्यक अनुसन्धानको लागि सुविधा उपलब्ध गराउने। | लगानीकर्तालाई आकर्षित गरी एकद्धार सेवा दिनुपर्ने । |

## बिद्यालय हस्तान्तरण तथा प्रोत्साहन कार्यक्रम (CSSP) (६५–३–४१२)

विद्यालयहरुको व्यस्थापनमा समुदायको भूमिका अझै सुदृढ गर्ने र समुदाय मार्फत शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने उद्देश्यले सामुदायिक विद्यालयहरुको व्यवस्थापनमा समुदायलाई नै उत्तरदायी बनाउने नीति अनुरुप विश्व बैंकको ऋण सहयोगमा आर्थिक बर्ष २०६०।६१ (जुलाई,२००३) देखि प्रारम्भ भएको यो कार्यक्रम आर्थिक बर्ष २०६३।६४ (सेप्टेम्बर,२००६)मा सम्पन्न हुँदैछ । यस आयोजनाले निर्धारण गरेका मुलभूत उद्देश्यहरु यस प्रकार छन् :

- सामुदायिक विद्यालयमा विद्यार्थी एवं अभिवाकहरुको संलग्नता बढाउने ।
- सामुदायिक विद्यालयमा पहुँच, गुणस्तर एवं सक्षमता अभिबृद्धि गर्ने।
- सामुदायिक विद्यालयका काम कारवाहीमा पारदर्शिता बृद्धि गर्दै सम्बन्धित सबैको जिम्मेवारी बोध गराउँने ।

तीन बर्ष अवधिको प्रस्तुत कार्यक्रममा श्री ५ को सरकारको श्रोतबाट रु.१ करोड ४० लाख ४० हजार र विश्वबैंकको ऋणबाट रु.३९ करोड गरी जम्मा रु.४० करोड ४० लाख ४० हजार खर्च हुने अनुमान छ ।

आर्थिक बर्ष २०६१।६२ सम्मको मुलभूत भौतिक प्रगति तर्फ दृष्टिगत गर्दा २०१५ वटा विद्यालय समुदायमा हस्तान्तरण भई ती विद्यालयहरुमा रु.१ लाखका दरले प्रोत्साहन अनुदान वितरण भएको उल्लेख गरीएको छ भने वित्तीय प्रगतिको हकमा ७४ प्रतिशत खर्च भएको औल्याइएको छ ।

चालु आर्थिक बर्षका लागि निर्धारित कार्यक्रम लाई हेर्दा, राष्ट्रिय योजना आयोगबाट आषाढ, २०६२ मा प्रकाशित "आर्थिक बर्ष २०६२।६३ को बार्षिक कार्यक्रम" मा उल्लिखित कार्यक्रम र शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्रस्तुत भई राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएको भनिएको कार्यक्रममा नै फरक देखिएको छ । उदाहरणका लागि, राष्ट्रिय योजना आयोगबाट प्रकाशित पुस्तिकाको पृष्ठ १८८ मा यस कार्यक्रम अन्तर्गत १००० वटा विद्यालय हस्तान्तरण गर्ने व्यहोरा उल्लेख छ भने शिक्षा मन्त्रालयबाट प्रस्तुत भएको स्वीकृत कार्यक्रममा ५०० वटा विद्यालयका लागि मात्र प्रोत्साहन अनुदान दिने भनिएको छ। यसका अतिरिक्त हस्तान्तरित विद्यालयका १२१०० विद्यार्थीहरुलाई वितरण गरीने विभिन्न छात्रबृत्तिबाट विद्यार्थी भर्नादर र शैक्षिक गुणस्तरमा सघाउ पुग्ने अपेक्षा गरीए तापनि जम्मा ९१०० जना विद्याथलाई मात्र छात्रबृत्ति दिने कार्यक्रम स्वीकृत छ ।

उपरोक्ता अनुसार कार्यक्रममा केही फरक पाइए तापनि २०६२ पौष मसान्त सम्मको भौतिक प्रगति तर्फ दृष्टिगत गर्दा १९० वटा विद्यालय समुदायमा हस्तान्तरण भएकाले तिनीहरुलाई रु.१ लाखका दरले अनुदान उपलब्ध गराइएको भर्नादर बृद्धिको अनुपातमा दिइने अनुदान रु.१,५८,०००।– निकासा भएको, उत्तीर्ण प्रतिशतका आधारमा दिइने अनुदान रु.१,३४,०००।– निकासा भएको विद्यालय शिक्षक सहयोग अनुदान वापत रु.४,७९,०००।– निकासा भएको दलित, उत्पीडित र गरीबीको रेखामुनि रहेका विद्यार्थीको छात्रबृत्ति वितरणतर्फ ९०प्रतिशत कार्य सम्पन्न भएको तालीम प्याकेज, ब्रोसयर, सामुदायिक विद्यालय आवाज नामक पत्रिका,गैह सरकारी सहयोग गाइडलाइन लगायतका छपाई कार्य ५० प्रतिशत सकिएको बाँकी अन्य कामहरु ६० प्रतिशत सकिएको बताइएको छ ।

प्रस्तुत आयोजनाको कार्यक्रम मिति २०६२/४/४ स्वीकृत भएको र २०६२/७/११ सम्ममा सम्बन्धित निकायहरुमा अख्तियारी पुगिसकेको जनाइएको छ । अर्द्धवार्षिक अवधिमा ३८ प्रतिशत भौतिक प्रगति र ३३ प्रतिशत वित्तीय प्रगति भएको औल्याउँदै देशको असहज अवस्थाका कारण कार्यक्रम अनुगमन तथा निरीक्षणको कार्य प्रभावकारी हुन नसकेको बताइएको छ । बिद्यालयका व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने मुलमूत कार्यक्रम रहेको यो आयोजनाको प्रतिफल त्यस्ता विद्यालयहरुको सफलतामा प्रतिविम्बित हुनुपर्ने हो तर हाल हस्तान्तरण भइसकेका विद्यालयहरुको संचालनमा पनि समस्या देखिएको र बाँकी विद्यालयहरुको हस्तान्तरण प्रति पनि उत्सुकता नरहेको अवस्था देखिएको छ । यो बर्ष प्रस्तुत कार्यक्रमको अन्तिम बर्ष भएकाले पनि प्रस्तुत नीतिगत व्यवस्थाको उपादेयताको छुट्टै मूल्याङ्कन हुनु अपरिहार्य छ ।

## सबैका लागि शिक्षा कार्यक्रम (६५–३/४–४१७ र ६५–३/४–८०४) :

प्राथमिक शिक्षामा पहुँच र समता सुनिश्चित गर्ने, प्राथमिक शिक्षाको गुणास्तर तथा सान्दर्भिकता अभिबृध्दि गर्ने र विद्यालय शिक्षा क्षेत्रका सम्पूर्ण संयन्त्रहरुको संस्थागत क्षमता र कार्य दक्षतामा सुधार ल्याउने मुलभूत उद्देश्य लिई २०६१ श्रावण १ (जुलाई १६,२००४) देखि प्रारम्भ भएको "सबैको लागि शिक्षा (Education for All )" कार्यक्रम २०६६ असार मसान्त (जुलाई १५, २००९) मा सम्पन्न हुनेछ । यसको कुल लागत ११ अर्ब ६९ करोड रहेको छ र Pool Donar (डेनमार्क, फिनल्याण्ड, नर्वे, डिफिड र विश्व बैङ्क) को अनुदान रु. ७ अर्ब ९९ करोड र ऋण रु. ३ अर्ब ७० करोड खर्च हुने अनुमान छ ।

चालु आर्थिक बर्षको प्रथम प्राथमिकता भित्र परेको यस कार्यक्रम अन्तर्गत केन्द्रीय तहमा प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक शिक्षाको अभिबृद्धि, सबैलाई पहुँचको सुनिश्चितता, सबैका सिकाई आवश्यकताको परिपूर्ति, निरक्षरताको न्यूनीकरण, लैङ्गिक असमानताको निर्मूलन, गुणस्तरीय शिक्षाका सबै पक्षमा सुधार, शैक्षिक व्यवस्थापन, विद्यालय भौतिक विकास एवं पूर्वाधार गरी ८ वटा शीर्षकहरुमा कार्यक्रमहरु तय गरीएका छन् । तय भएका कार्यक्रमहरु सम्पन्न गर्नका लागि केन्द्रीय स्तरमा रु.८ करोड र जिल्लास्तरमा रु.२ अर्ब ६२ करोड ४९ लाख ८९ हजार गरी जम्मा रु.२ अर्ब ७० करोड ४९ लाख ८९ हजार बिनियोजन भएको छ ।

बजेट कार्यान्वयनको अर्ध बार्षिक स्थिति हेर्दा,मिति २०६२/४/५ मा नै कार्यक्रम स्वीकृत भई स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मिति २०६२/४/१८ मा नै कार्यक्रम कार्यान्वयन स्थलमा पुगेको जनाइएको छ । साथै, कार्यक्रम कार्यान्वयन निर्देशिका बनाई सोही अनुरुप काम भइरहेको र निर्माण तर्फ रु.२ करोड ९० लाखको ठेक्का स्वीकृत भइसकेको जनाइएको छ ।

केन्द्रीय स्तरमा कार्यक्रमगत रुपमा मुलभूत भौतिक प्रगतिहरु समीक्षा गर्दा ,कार्यक्रम कार्यन्वयन पुस्तिका २०० प्रति, विद्यालय अनुदान कार्यान्वयन निर्देशिका ५०० प्रति, भौतिक सेवा सम्बन्धी कार्यान्वयन पुस्तिका २०० प्रति प्रकाशन गरीएको, ६२ जना इन्जिनियर ओभरसियरको ३ दिने कार्यशाला सम्पन्न भएको, अनौपचारिक प्राथमिक शिक्षाका पाठयपुस्तक, नमूना प्रश्नपत्र, तालीम सामग्री ५६ हजार प्रति छपाई र वितरण कार्य सम्पन्न भएको, ४२ जनालाई लैङ्गिक समविकास शिक्षा सम्बन्धी ६ दिने तालीम दिने कार्य सम्पन्न भएको, ३८ जनालाई लेखा जोखा संयोजकको तालीम दिइएको, १९०० प्रति शैक्षिक पत्रिका तथा शैक्षिक बुलेटिन प्रकाशन भएको, प्राथमिक शिक्षा पाठयक्रमलाई अन्तिम रुप दिई सि.आर.सि.तयारी कार्य सकिएको, ४० हजार महिला शिक्षा प्रथमका लागि र ३० हजार महिला शिक्षा द्धितीयका लागि पाठयपुस्तक तालिम पुस्तिका तथा अनुगमन फाराम पुस्तिका छपाई र ढुवानीको कार्य सम्पन्न भएको, आयमूलक कार्यक्रमको तालीम प्याकेज, सामुहिक खाता, व्यक्तिगत पासबुक जस्ता सामग्री तयारी र प्रकाशनको कार्य सकिएको, शिक्षा विभागमा शैक्षिक सामग्री प्रदर्शन कक्ष स्थापना गरीएको, Flash I र II का लागि फारम विकास , Data Entry, Child Tracking, Action Research एवं प्रतिवेदन प्रकाशन (३ पटकमा १५०० प्रति) कार्य सम्पन्न  ४८० जनाको लागि प्रगति समीक्षा, अनुगमन, कार्यक्रम कार्यान्वयन, जस्ता अल्पकालीन गोष्ठीमा ४८० जनाको सहागिता रहेको जनाइएकोछ ।

सबैका लागि शिक्षा अर्न्तगत जिल्लास्तरका कार्यक्रमहरुको ६ महिनाको कार्यान्वयन प्रगति सम्बन्धित निकायले उपलब्ध गराउन सकेन । प्रथम चौमासिक अवधिको प्रगति मात्र उपलब्ध भएको छ, त्यो पनि ५५ जिल्लाको मात्र । उपलब्ध भएको मध्ये मुलभूत प्रगतितर्फ हेर्दा, ३७५१ मध्ये २६१ वटा नयाँ बाल विकास केन्द्रको स्थापना गर्ने कार्य भएको, ९३२० मध्ये ४०५ वटा नयाँ तथा पुराना बाल विकास केन्द्रका लागि शैक्षिक सामग्री पुऱ्याइएको, ५८५ जना नयाँ बाल बिकास केन्द्रका सहयोगी कार्यकर्ताका लागि तालिम दिइएको, प्राथमिक शिक्षा विस्तार कार्यक्रम अन्तर्गत २२६ वटा कक्षाका लागि शैक्षिक सामग्री उपलब्ध गराइएको, २०५ वटा कक्षा व्यवस्थापन गरीएको, अनौपचारिक र प्राथमिक शिक्षा अन्तर्गत १७७ वटा कक्षा व्यवस्थापन गरी ती कक्षालाई शैक्षिक सामग्री उपलब्ध गराइएको, विशेष आवश्यकता भएका बाल बालिका लागि २२९ वटा श्रोत कक्षा संचालन गरीएको, ७९८० जना मध्ये ५९१७ जना विशेष आवश्यकता भएका बाल बालिकालाई छात्रबृत्ति उपलब्ध गराइएको, दलित परिवारका ४,२६,८७३ जना बालबालिकाका लागि छात्रबृत्ति उपलब्ध गराइएको, ४,३३,०५९ जना आर्थिक रुपले विपन्न छात्राहरुलाई छात्रबृत्ति वितरण गरीएको, कर्णाली अंचलका २३७४६

बिद्यार्थीलाई छात्रबृत्ति उपलब्ध गराइएको, विद्यालय सुधार योजना कार्यान्वयनका लागि विद्यार्थी संख्याका आधारमा दिइने अनुदान ४६ लाख २३ हजार वितरण भएको, १२२८० वटा विद्यालयलाई ११ हजारका दरले विद्यालय व्यवस्थापन अनुदान उपलब्ध गराईएको, १९ वटा विद्यालय समुदायमा हस्तान्तरण भएको, ४६८ मध्ये २ वटा अस्थायी कक्षा कोठा निर्माण भएको जस्ता उपलब्धीलाई प्रगतिको रुपमा औल्याइएको छ ।साथै, रु.५ करोड ०५ लाख ०५ हजार बित्तीय प्रगतिको रुपमा उल्लेख गरीएको छ । कार्यक्रम संचालनमा देखिएका मुख्य मुख्य समस्याको रुपमा परामर्श तथा निर्माणको इन्जिनियरिङ्ग कार्य करारमा लिनु परेकोले कार्यसम्पादनमा कठिनाई परेको र देशको असहज अवस्थाका कारण कार्यक्रम अनुगमन तथा निरीक्षणको कार्य स्थलगत रुपमा अपेक्षा गरीए अनुरुप प्रभावकारी रुपमा हुन नसकेको व्यहोरा औल्याउँदै बाँकी अवधिमा वित्तीय प्रगति ९८ प्रतिशत र भौतिक प्रगति सत प्रतिशत हुने जनाइएको छ ।

माथि उल्लिखित विवरणको आधारमा हेर्दा आर्थिक बर्षको करीब ७ महिना व्यतित हुँदा समेत ४ महिनाको प्रगति विवरण पनि सम्पूर्ण रुपले उपलब्ध नहुनुबाट शिक्षा तथा खेलकूद मन्त्रालय र शिक्षा विभागमा जिल्लागत प्रगति विवरण समयमै आउने संयन्त्रको विकास भइन सकेको तथ्यलाई थप पुष्टि गर्दछ । प्रगति विवरणको उल्लिखित ढिलाईबाट अनुगमन र मूल्याङ्कनको प्रभावकारितामा असर पर्न गई अपेक्षित उपलब्धी हासिल गर्ने मार्गमा अवरोध श्रृजना नहोला भन्न सकिन्न । यसका अतिरिक्त काठमाडौ उपत्यकामा संचालित केही सामुदायिक विद्यालयहरुमा टेलिफोनबाट लिइएको जानकारी अनुसार माघ मसान्तसम्म पनि दलित विद्यार्थीहरुको छात्रबृत्ति रकम, छात्राहरुको छात्रबृत्ति रकम र विद्यालय सुधार योजनाका आधारमा विद्यार्थी संख्या अनुरुप दिइने अनुदान रकम (जसबाट निशुल्क पाठयपुस्तक समेत उपलब्ध गराइन्छ )समेत सम्बन्धी विद्यालयहरुमा निकासा भइसकेको छैन । यस्तो रकम श्री ५ को सरकारले उपलब्ध गराएको व्यहोरा समेत ती विद्यालयलाई जानकारी छैन । यसबाट लक्षित वर्गका लागि लक्षित कार्यक्रमको कार्यान्वयन उपेक्षित रहेको यथार्थतालाई नकार्न सकिन्न ।

प्राप्त भएको विवरणमा भौतिक प्रगति सत प्रतिशत हुने व्यहोरा औल्याइएबाट प्राप्त भएकै प्रगति विवरण पनि यथार्थमा आधारित छैन भन्ने देखिन्छ । उदाहरणका लागि, समुदायमा विद्यालय हस्तान्तरण गरीने कार्य लक्ष्य अनुसार नहुने र हालसम्मको कार्य प्रगति हेर्दा, निर्माण कार्य पनि अपेक्षित रुपमा सम्पन्न नहुने यथार्थ देख्दा देख्दै पनि सत प्रतिशत भौतिक प्रगतिको अपेक्षा राखिएको छ।

यसका अतिरिक्त सबैका लागि शिक्षा अन्तर्गतका कार्यक्रमहरु मुलतः तालीम, गोष्ठी, छपाई, अनुगमन, मूल्याङ्कन, मसलन्द, तलब, भत्ता जस्ता साधारण प्रशासन प्रकृतिका छन् तर विद्यालय भवन, निर्माण, फर्निचर खरिद, खेल मैदान निर्माण जस्ता पूँजीगत कार्यमा तुलनात्मक रुपमा न्यून विनियोजन भएको छ। विद्यार्थी भर्नादरमा देखिएको बृद्धि सँगसँगै विद्यालय भवन निर्माणको कार्यलाई उच्च प्राथमिकतामा नराख्दा कतिपय विद्यालयमा विद्यार्थीहरु खुल्ला मैदानमा अध्ययन गरीरहेको अवस्था विद्यमान छ । तसर्थ यो कार्यक्रमको कुल विनियोजनको एक तिहाई रकम पूँजीगत खर्चमा लगाउन आवश्यक भइसकेको छ । अर्कोतिर, विद्यालय भवन निर्माणको हालको पद्धति बढी प्रकृयामुखी र महँगो समेत देखिएको हुँदा, विद्यालय निर्माणको रकम सिधै विद्यालयको नाममा अनुदान दिई विद्यालय व्यवस्थापन समितिबाटै निर्माण कार्य गराउन उपयुक्त देखिन्छ । साथै, विद्यालयहरुमा जाने अनुदान रकमलाई बढी पारदर्शी बनाउँनु प्रचार/प्रसार सामग्री मार्फत सरोकारवालाहरुलाई जानकारी गराउन सके समयमै कार्यक्रम कार्यान्वयनमा सघाउ पुग्न जाने स्पष्ट छ ।

## माध्यमिक शिक्षा सहयोग कार्यक्रम (Secondary Education Support Programme (SESP) (६५–३/४–४३० र ६५–३/४–८३०)

गुणस्तरयुक्त शिक्षाका लागि आवश्यक पर्ने शिक्षकहरुलाई तालीम प्रदान गर्नु र दुर्गम जिल्लाहरुमा माध्यामिक विद्यालयहरुको सुधार तथा पुनः स्थापना गर्नु यस कार्यक्रमको मुलभूत उद्देश्य हो । यस कार्यक्रमको कार्यान्वयनबाट निम्न माध्यमिक विद्यालय तथा माध्यमिक विद्यालय तहको सहजै देखिने भर्नादर क्रमशः ५५ प्रतिशत देखि ६५ प्रतिशत र ३५ प्रतिशत देखि ५५ प्रतिशत सम्म पुऱ्याउने, निम्न माध्यमिक विद्यालय तथा माध्यमिक विद्यालयमा छात्रा संख्याको सहभागितामा ४० प्रतिशत देखि ५० प्रतिशत सम्म पुऱ्याउने र ती तहहरुमा विद्यार्थीहरुको उत्तीर्ण अनुपातमा बृद्धि गर्ने जस्ता उपलब्धीहरु हासिल हुने अपेक्षा राखिएको छ ।

२०६० साल श्रावण (जुलाई,२००३) देखि प्रारम्भ भएको यो कार्यक्रम २०६५ चैत्र (मार्च २००८) मा समाप्त हुनेछ । करीब ५ बर्ष अवधिको प्रस्तुत कार्यक्रमका लागि रु.७ करोड ४८ लाख ३० हजार अमेरिकी डलर ( संभौता अवधिको बिनिमय दरमा ५ अर्ब ५३ करोड ८९ लाख १६ हजार नेपाली रुपैया) खर्च हुने अनुमानको आधारमा विश्व बैङ्कको ऋण सहयोग ३ करोड, डेनमार्कको अनुदान सहयोग रु.३ करोड र श्री ५ को सरकारको श्रोत रु.१ करोड ४८ लाख ३० हजार अमेरिकी डलर छुटयाइएको छ ।

चालु आर्थिक बर्षमा केन्द्रस्तरको कार्यक्रमको लागि रु.२० करोड १२ लाख ६१ हजार र जिल्ला स्तरको कार्यक्रमहरुको लागिरु.१ अर्ब २४ करोड ८६ लाख ९० हजार गरी जम्मा रु.१ अर्ब ४४ करोड ५१ लाख विनियोजन भएको छ । मिति २०६२।४।२८ सम्ममा स्वीकृत कार्यक्रम सहित खर्च गर्ने अख्तियारी कार्यक्रम स्थलमा पुगिसकेको जनाइएता पनि जिल्लास्तरको मार्ग मसान्तसम्मको प्राप्त खर्च विरण समेतको आधारमा वित्तीय प्रगति रु.८ करोड १८ लाख ४३ हजार मात्र भएको औंल्याइएको छ ।

चालु आर्थिक बर्षका लागि केन्द्रस्तरमा तय भएका कार्यक्रमहरुको अर्द्धबार्षिक रुपमा भौतिक प्रगति हेर्दा २० जनाका लागि समाहित शिक्षा सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको, मागमा आधारित तालीमका लागि १२०० प्रति निर्देशिका विकास र छपाइको कार्य सकिएको, निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालय तहका ३,००० शिक्षकका लागि ४५०० प्रति तालिम प्याकेज छपाई र वितरण कार्य सम्पन्न भएको, ६ वटा प्रशिक्षक प्रशिक्षण निर्देशिका बनाइएको, एक महिने प्रध्यानाध्यापक व्यवस्थापन तालीमका लागि प्रशिक्षक पुस्तिका २०० प्रति र प्रशिक्षार्थी पुस्तिका १५०० प्रति छपाई कार्य सकिएको, ३५० जना प्रश्नपत्र निर्माताका लागि र ६८० जना उत्तर–पुस्तिका परीक्षक/संपरिक्षकका लागि अभिमुखीकरण तालीम एवं २४० जना योजना अधिकृत एवं लेखापालहरुका लागि बार्षिक रणनीतिक कार्यान्वयन योजना (ASIP) सम्बन्धी गोष्ठी एवं सधन विद्यालय सम्बन्धी कार्यक्रम समीक्षा कार्यशाला सम्पन्न भएको देखिन्छ । बाँकी कार्यक्रमहरु कार्यान्वयनकै चरणमा रहेको जनाइएको छ । जिल्लास्तरको भौतिक प्रगति भने शिक्षा विभागबाट उपलब्ध हुन सकेन ।

परामर्श तथा निर्माणको इन्जिनियरिङ्ग कार्य करारमा लिने प्रकृयामा विलम्ब हुने कारणले समयमा कार्य सम्पादनमा कठिनाई हुने र देशको असहज अवस्थाका कारण कार्यक्रम अनुगमन तथा निरीक्षणको कार्य प्रभावकारी रुपमा हुन नसकेको अवस्थालाई आयोजना संचालनमा देखिएका मुख्य मुख्य समस्याहरुको रुपमा औंल्याइएको छ, तापनि सम्बन्धित निकायले समग्रमा आर्थिक बर्ष भित्र सतप्रतिशत भौतिक र वित्तीय प्रगति हासिल हुने अपेक्षा राखेको देखिन्छ। जिल्लास्तरको भौतिक प्रगति उपलब्ध नभएको अवस्थामा प्रस्तुत कार्यक्रमको स्थिति विश्लेषण गर्न नसकिए तापनि, विद्यालयहरुमा अनुदानको रुपमा पुग्नुपर्ने छात्रबृत्ति रकम हालसम्म पुग्न नसकेको, वित्तीय प्रगति पनि ज्यादै कम देखिएको र कार्यक्रम कार्यान्वयनमा समन्वयको अभाव खट्किएको वर्तमान अवस्थामा कार्यान्वयन पक्षमा विशेष गम्भीर हुनु अवश्यक देखिएको छ ।

## ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्र (६९–३/४–८१०)

श्री ५ को सरकार र विश्व खाद्य कार्यक्रमको संयुक्त सहयोगमा अधिराज्यका २५ जिल्लामा संचालित ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रमको प्रमुख उद्देश्य ग्रामीण क्षेत्रका गरीव परिवारको खाद्य सुरक्षा स्थितिमा सुधार ल्याउनु, त्यस्ता क्षेत्रहरुमा सामुदायिक पूर्वाधारहरुको निर्माण तथा सुधार गर्नु, ग्रामीण समुदायको स्वाबलम्बन क्षमताको अभिवृद्धि गर्नु र समुदायको कार्यक्रम कार्यान्वयन क्षमता वृद्धि गर्नु रहेको छ । यस कार्यक्रम अन्तर्गत ग्रामीण सडक, साना सिंचाई, घोडेटोबाटो, नदी नियन्त्रण, सामुदायिक बन, कृषि बन, सामुदायिक भवन, कमैयाहरुका लागि आवास निर्माण जस्ना कार्यहरु संचालन भैरहेका छन् ।

गत आर्थिक बर्ष २०६१।६२ सम्ममा यस कार्यक्रमबाट ३१७७.७२ किलोमिटर ग्रामीण सडक, १५३९.१८ किलोमिटर घोडेटो बाटो, ३०४.५५६ किलोमिटर सिंचाइ, १६४.५६९ किलोमिटर नदी नियन्त्रण र ११४.९५३ हेक्टर माछा पोखरी कार्य सम्पन्न भएको छ ।

चालु आर्थिक बर्ष २०६२।६३ मा यस कार्यक्रम अन्तर्गत ६१४.०२१ किलोमिटर ग्रामीण सडक, ५ किलोमिटर घोडेटो बाटो र ४.२ किलोमिटर नदी नियन्त्रणको कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा समिक्षा अवधिमा ८२.३२ किलोमिटर अर्थात् १३.४१ प्रतिशत मात्र ग्रामीण सडक कार्य सम्पन्न भएकोछ  र अन्य घोडेटो बाटो र नदी नियन्त्रण कार्यको प्रगति शून्य रहेको छ । यसको प्रमुख कारणमा अख्तियारी समयमा नपुग्नु तथा आन्तरिक द्वन्द र असुरक्षाका कारण उपभोक्ता समूह परिचालन कार्यमा कठिनाई रहेको  देखिन्छ ।

चालु आर्थिक बर्षमा  यस कार्याक्रमको लागि श्री ५ को सरकराको श्रोततर्फ रु.१३ करोड ३९ लाख ०७ हजार तथा विश्व खाद्य कार्यक्रमको वस्तुगत सहायता अनुदानतर्फ रु.२१ करोड गरी जम्मा रु.३४ करोड ९ लाख ०७ हजार विनियोजन भएकोमा समीक्षा अवधिभित्र रु.३ करोड ८३ लाख १७ हजार अर्थात् ११.१४ प्रतिशत मात्र खर्च भएको छ । मातहत विभाग, कार्यालय र आयोजनाहरुलाई साधारण प्रशासनको हकमा बजेट बाँडफाँड र विकास कार्यक्रमको हकमा स्वीकृत कार्यक्रम र बजेट बाँफाँड सहित २०६२ श्रावण १५ गते भित्र अख्तियारी दिई सक्नु पर्ने उल्लेख भै अख्तियारी सम्बन्धित मन्त्रालयमा गएकोमा यस कार्यक्रमको लागि २०६२ आश्विन २० गते मात्र आयोजना स्थलमा अख्तियारी पुगेको देखिन्छ ।

आर्थिक बर्षको अन्त्य सम्ममा लक्षित उपलव्धी हासिल हुन सक्ने अपेक्षा गरीएको छ साथै श्रोतको बचत तथा न्यूनताको सम्भावना देखिदैन ।

## पश्चिमी उच्च पहाडी क्षेत्र गरीवी निवारण आयोजना (६९–३/४–८३४)

मध्यपश्चिम तथा सुदूर पश्चिमका उच्च पहाडी जिल्लाहरुमा वसोवास गर्ने अति विपन्न जनताको गरीवी निवारण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले यो आयोजना आर्थिक बर्ष २०५९।६० देखि IFAD को सहयोगमा संचालनमा रहेको छ । शुरुमा यो कार्यक्रम जुम्ला, हुम्ला, बझाङ्ग, वाजुरामा संचालन भएकोमा आर्थिक बर्ष २०६२।६३ देखि मुगु, डोल्पा, कालिकोट,जाजरकोट जिल्लाहरुमा कार्यक्रमको कार्यक्षेत्र विस्तार गरी ८ जिल्ला पुऱ्याइएकोछ । यस कार्यक्रम अन्तर्गत स–साना पूर्वाधार विकास खासगरी समुदायमा आधारित खानेपानी, सिंचाई, विद्यालय, हेल्पपोष्ट, बाटो, सामुदायिक भवन, लघु जलविद्युत जस्ता पूर्वाधार विकास निर्माण, कवुलियती बन तथा गैर काष्ठ बन पैदावार, कृषि तथा पशु विकास, लघु वित्त तथा बजरीकरण र संस्थागत विकास सम्बन्धी कार्यक्रमहरु संचालन भएका छन् ।

चालु आर्थिक बर्षमा यो कार्यक्रम अन्तर्गत मागमा आधारित स–साना पूर्वाधार विकास निर्माण (खानेपानी, हेल्पपोष्ट भवन निर्माण, विद्यालय भवन निर्माण आदि), कबुलियती बनमा मागमा आधारित कम लागतमा लघु सिंचाई प्रणाली निर्माण, कबुलियती बन जग्गा हस्तान्तरण, कबुलियति बन समूहद्वारा कबुलियती बनमा वृक्षारोपण, कबुलियती बन सम्बन्धी प्रारम्भिक तालीम, जडिबुटी बन समूह सदस्यहलाई जडिवुटी खेती सम्बन्धी तालीम, जडिबुटी खेती तथा बजार विकास, महिला तथा दलित कृषकलाई पोषण तथा करेसावारी तालीम,

मौरी पालन तालीम, विरुवा वितरण, भेंडाबाखा पालन तालीम, डालेघांस तथा भुईघास विकास तथा संरक्षण तालीम संचालन गर्ने लक्ष्य रहेको छ ।

मागमा आधारित स–साना पूर्वाधार निर्माण कार्यतर्फ चालू आर्थिक बर्षमा ४३ वटा योजना सम्पन्न गर्ने लक्ष्य रहेकोमा समिक्षा अवधिमा ४ वटा योजना सम्पन्न भएको र ११ वटा योजना उपभोक्ता समितिसंग सम्झौता सम्पन्न भै कार्य चालू रहेको साथै अन्य योजनाहरु पनि छनौट भै लगत इष्टिमेट गरी सम्झौता गर्ने क्रममा रहेको छ । कवुलियती बन तथा गैर काष्ठ बन पैदावरतर्फ कबुलियती बन उपभोक्ता समूहको ४११ जना सदस्यहरुलाई तालिम, कबुलियती जग्गा व्यवस्थापन तालीम, गैर काष्ठ बन पैदावर उत्पादन, संकलन र व्यवस्थापन तालीम, नेतृत्व विकास र लैङ्गिक समता सम्बन्धी तालीम उपलव्ध गराईएको छ । त्यस्तै कबुलियती बन उपभोक्ता समूहहरुका लागि ३ वटा ग्रामीण नर्सरी स्थापना गरी २ वटा पुराना नर्सरीको मरमत सम्भार गर्ने कार्य सम्पन्न भएकोछ । उपभोक्ता समितिका ११ जना सदस्यहरुलाई कार्य योजना तयारी, योजनाको मरमत सम्भार सम्बन्धी, १७ जना महिलाहरुलाई पोषण सम्बन्धी, सामुदायिक संस्थाका २३ जनालाई लघु उद्यम सम्बन्धी, १८ जनालाई स्वास्थ्य तथा सरसफाई सम्बन्धी, ६० जनालाई बाखापालन सम्बन्धी, १६ जनालाई ग्रामीण कृषि कार्यकर्ताको ५१ दिने तालीम क्षेत्रीय कृषि तालीम केन्द्र नेपालगन्जमा संचालन भैरहेको छ । कार्यक्रम संचालन भएका पुराना ४ जिल्लाहरुमा कवुलियती बन हस्तान्तरण गर्नका लागि गैर सहकारी संस्था छनौटको कार्य तयारी अन्तिम चरणमा पुगेको र छिट्टै छनौट कार्य पुरा गरी कार्य प्रारम्भ गरीनेछ भने ४ नयाँ जिल्लाहरुको लागि कबुलियती बन हस्तान्तरणको लागि जग्गा उपलव्धता सर्भेक्षणको लागि गैर सरकारी संस्था छनौट गर्ने कार्य प्रारम्भ भएकोछ ।

चालु आर्थिक वर्ष २०६२।६३ मा यस कार्यक्रमको लागि श्री ५ को सरकारको श्रोततर्फ रु.१ करोड २३ लाख ४० हजार, वैदेशिक अनुदान IFAD श्रोततर्फ रु.८८ लाख ०९ हजार र वैदेशिक ऋण IFAD श्रोततर्फ रु.६ करोड ३० लाख ३७ हजार गरी जम्मा रु.८ करोड ४१ लाख ८६ हजार विनियोजन भएकोछ । २०६२ पौष मसान्तसम्म आयोजनाको कूल विनियोजित बजेट मध्ये २०% खर्च भएको छ । २०६३ आषाढ मसान्तसम्म ८० देखि ९० प्रतिशत वित्तीय प्रगति हुने अनुमान गरीएकोछ । प्रथम ६ महिनामा वित्तीय प्रगति कम देखिनुमा उक्त आयोजनाको भैपरीमा विनियोजित रु.१ करोडको कार्यक्रम स्वीकृत हुन समय लाग्नु, दुर्गम जिल्लाहरुमा आर्थिक वर्ष शुरु हुनासाथ कार्यक्रम शुरु हुन नसक्नु रहेको देखिन्छ । आयोजना संचालन भएका जिल्ला ज्यांदै दुर्गम भएकोले अनुगमन गर्न, सूचना आदान प्रदान गर्न कठिनाई रहेको छ । आर्थिक वर्षको अन्त्यसम्ममा ८० देखि ९० प्रतिशतसम्म वित्तीय र भौतिक प्रगति हुन सक्ने र १० देखि २० प्रतिशतसम्म बजेट बचत हुन सक्ने अनुमान गरीएको थियो ।

## एड्स तथा यौनरोग नियन्त्रण (७०-३–४०२)

विश्वव्यापी महामारीको रुपमा फैलिएको एड्स तथा यौनरोग नियन्त्रण गर्ने उद्देश्यले राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम संचालन भएको छ । यस कार्यक्रमवाट एड्स तथा यौनरोग नियन्त्रण तथा रोकथाम गर्न सघाउ पुर्‍याउने अपेक्षा गरीएको छ ।

विभिन्न कार्यक्रमहरु मार्फत HIV/AIDS सम्वन्धी व्यापक जनचेतना ल्याई प्रतिकारात्मक र उपचारात्मक विधि अपनाई यो रोगलाई महामारीका रुपमा फैलनबाट जोगाउन र यो रोगबाट पीडितलाई उपचार गरी सहज जीवन यापन गर्न सक्ने वातावरण तयार गर्ने उद्देश्यले यस आर्थिक बर्षको मुख्य कार्यक्रममा रेडियो र टेलिभिजन विज्ञापन उत्पादन प्रसार २० पटक, पत्र पत्रिकामा विज्ञापन ५० पटक, ART ओषधि खरिद तथा वितरण ७५ जनालाई, STI औषधि खरिद तथा वितरण ५० संस्थालाई, OIS रोकथाम औषधि ७५ जनालाई, एड्स समाचार,पोष्टर, व्रोसियर र सोभिनियर गरी ३५५०० प्रति छपाई र वितरण, २० जना एच.आई.भीं एड्स भएकाहरुलाई स्वरोजगार मूलक तालिम दिने, १०० जनालाई एच.आ.ई.भी. र एडस सम्वन्धी ओरिएन्टेसन दिने, विश्व एडस दिवस मनाउने, ५० वटा विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने, ६५० जना लाई HIV/AIDS सम्वन्धी Care and support सेवा प्रदान गर्ने, १६ जिल्लामा युवा तथा चलायमान जनसंख्या समूहमा HIV रोकथाम तथा नियन्त्रण गर्ने साथै महिला तथा पुरुषलाई कण्डम वितरण गर्ने, ५० हजार प्रति HIV सम्वन्धी सूचना, शिक्षा तथा संचार प्रदान गर्ने आदि रहेका छन् ।

यस आर्थिक बर्ष को उपरोक्त कार्यक्रम संचालनका लागि श्री ५ को सरकारको रु.१ करोड २ लाख ६७ हजार, विश्व स्वास्थ्य संगठनको रु.७ लाख, ग्लोबल फण्डबाट रु.१६ करोड १८ लाख ५४ हजार दाताको संयुक्त कोषबाट रु.१४ करोड १० लाख ८० हजार गरी जम्मा रु.३१ करोड ३९ लाख १ हजार विनियोजन भएको छ ।

यस आयोजनाको लागि DFID बाट सन् २००५ देखि सन् २००९ सम्मको लागि प्राप्त हुने १५ करोड स्टरलिंग पाउण्ड सहयोगको कार्यक्रम मध्ये चालु आर्थिक बर्षमा सम्पन्न गर्न बांकी कार्यक्रम आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रममा समावेश गर्नु पर्ने र यस वर्ष संयुक्त कोषको स्रोत अन्तर्गत विनियोजन भएको रकमको स्रोत DFID सोझै भुक्तानी हुनु पर्ने भएकोले स्रोत परिवर्तन गर्नुपर्नेतर्फ कारवाही चलाउनु पर्ने देखिएको छ ।

त्यस्तै ग्लोबल फण्ड अन्तर्गत पहिलो चरण सन् २००४ देखि २००६ मार्च ३१ सम्मको लागि ४३ लाख ६५ हजार ९९६ अमेरिकी डलर प्राप्त हुनेमा पहिलो चरणको कार्य सम्पन्न गर्नको लागि २००६ सेप्टेम्बरसम्म म्याद थप भएको र मार्च २००६ सम्म ८० प्रतिशत र २००६ सेप्टेम्वरसम्म १०० प्रतिशत प्रगति हासिल गर्नु पर्ने र सो शर्त पूरा भएमा दोस्रो चरण वापत ७० लाख यु.एस डलर सहयोग प्राप्त हुने हुंदा यस आर्थिक बर्षमा ग्लोबल फण्ड अर्न्तगत विनियोजित रकम रु.१६ करोड १८ लाख ५४ हजारको कार्यक्रम मात्र स्विकृत भएको हुंदा ६ करोड ३३ लाख २३ हजारको कार्यक्रम थप संचालन गर्न कार्यक्रम स्विकृत गर्नु पर्ने भएको जसको लागि DFID स्रोतमा खर्च नहुने रकमबाट स्रोतान्तर तथा रकमान्तर गर्नेतर्फ कारवाही अगाडि बढाइएको जानकारी हुन आएको छ । आर्थिक बर्ष २०६१।६२ सम्म ग्लोबल फण्ड अन्तर्गत प्राप्त हुने सहयोग ४३६५९९६ अमेरिकी डलरमध्ये ८२८९५ मात्र खर्च भएको र २००६ सेप्टेम्वरसम्म बाकी ४२८३१३६ अमेरिकी डलर खर्च गर्नु पर्नेमा पौषसम्म ५ लाख ४० हजार मात्र खर्च भएकोले बांकी ९ महिनामा ३७४३१३७ डलर कार्यक्रम संचालन गरी खर्च गरीने भन्ने कुरा हालसम्मको आयोजनाको प्रगति र यसको गति हेर्दा सम्भव हुने अवस्था देखिदैन । आयोजनामा २०६२।४।१२ मा अख्तियारी पुगे पनि स्वीकृत कार्यक्रम मध्ये ग्लोबल र श्री ५ को सरकारको श्रोतको कार्यक्रम २०६२।५।२८ मा र DFID तर्फको कार्यक्रम सम्वन्धमा पुरा गर्नुपर्ने प्रकृयामा ढिलाई भएकोले कार्यक्रम मिति २०६२।९।२ मा मात्र स्विकृत भई माघ २ गते मात्र प्राप्त भएकोले पौष सम्म रु.१४ करोड १० लाख ८० हजार सम्वन्धी कार्यक्रम कुनै नभएको र ग्लोबल फण्ड तर्फ पनि पौषसम्मको प्रगति २५ प्रतिशत को हाराहारीमा रहेको जानकारी हुन आएको छ ।

यस आर्थिक बर्षको पौष सम्म ART औषधि खरिद तथा वितरण २५ जनालाई, STI औषधि खरिद तथा वितरण १० संस्थालाई, OIS रोकथाम औषधि २५ जनालाई वितरण गरीएको, एडस समाचार पोष्टर, ब्रोसियर सोभिनियर १६,०००प्रति वितरण गरीएको, १० वटा विद्यालयमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरीएको, २ वटा जिल्लामा युवा तथा चलायमान जनसंख्या समुहमा HIV रोकथाम तथा नियन्त्रण कार्यक्रम संचालन गरीएको, १०५ जनालाइ HIV/AIDS सम्वन्धी Care and Support सेवा प्रदान गरीएको, विश्व एड्स दिवस मनाइएका जस्ता उपलब्धी औल्याइएको छ । यी कार्यक्रमहरुको लागि पौष सम्म रु.४ करोड ४० लाख ५५ हजार खर्च भएको छ । जुन वार्षिक लक्ष्यको तुलनामा २५.६५ प्रतिशत भौतिक प्रगति र १३.२१ वित्तीय प्रगति रहेकोछ । यस आर्थिक बर्षको अन्तसम्म हाल स्विकृत भएको लक्ष्यको भौतिक प्रगति ७० प्रतिशत सम्म वित्तीय प्रगति ६० प्रतिशत सम्म हुने अनुमान रहेको जानकारी हुन आएको छ ।

## विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप कार्यक्रम (७०-३/४–४७० र ७०-३/४–८५५)

सन् २००८ सम्म पोलियो रोग उन्मुलन गर्ने, सन् २००५ सम्म मातृ तथा नवशिशु धनुषटंकार निवारण गर्ने, दादुरा रोग नियन्त्रण गर्ने, १ वर्ष मुनिका शिशुहरुलाई खोप सेवा दिई खोपबाट रोक्न सकिने रोगबाट हुने रोगदर र मुत्युदर घटाउने र गर्भवती महिलाहरुलाई टि.टि. हेपाटाइटिस वी - डि.पि.टि. सेवा संचालन गर्ने मुख्य उद्देश्य रहेको खोप कार्यक्रमको केन्द्रिय स्तर संचालनको कार्यक्रम संचालनको लागि आर्थिक बर्ष २०६२।६३ मा रु.४० करोड ९० लाख ९७ हजार र जिल्ला स्तरको कार्यक्रमको लागि रु.२ करोड ५१ लाख २१ हजार बजेट विनियोजन भएकोछ ।

उपरोक्त उद्देश्य पुरा गर्न यस आर्थिक बर्षमा दादुराको ३ लाख भायल, वि.सि.जि. को ३ लाख भायल, टि.टि विरुद्धको भ्याक्सीन ३ लाख २५ हजार भायल खरीद गर्ने , डि.टि.पि.-हेपाटाइटिस.बि.को भ्याक्सीन ३,३२,९४० भायल र विभिन्न किसिमका सिरिन्जहरु ५४,५४,६०० गोटा वस्तुगत सहायता अन्तर्गत प्राप्त गर्ने, ३००० प्रति खोप सम्वन्धी तालिम पुस्तिका तयार तथा छपाई गर्ने, अभिलेख तथा प्रतिवेदन प्रणालीमा सघाउ पु-याउन ३२ थान कम्प्यूटर, ३० थान प्रिन्टर, ३० थान यु.पि.एस, खरीद गर्ने, खोप सेवा सुदृढिकरण कार्यक्रमको लागि परामर्शकर्ताहरु र सहायकहरुको परिचालन ९ जना, सुपरिवेक्षण ४५० पटक र पोलियो निर्मुलिकरण अन्तर्गत २ लाख ५० हजार जनालाई खोप दिने थप कार्यक्रम र क्षेत्रिय गोष्ठी गर्ने आदि कार्यक्रम रहेकोछ । जिल्ला स्तरिय कार्यक्रममा १ वर्ष मुनिका ७,३५,३३९ जना वालकलाई वि.सि.जि. को १ मात्रा, डि.पि.टि. ३ मात्रा, पोलियोको ३ मात्रा, दादुराको १ मात्र दिने र ४,६३,८२४ जनालाई हेपाटाइटिस वि भ्याक्सिनको ३ मात्रा, ९,२०,६४८ जना गर्भवती महिलालाई टि.टि. खोप २ मात्रा दिने, ७५ वटै जिल्ला, गाउँ विकास समिति, नगरपालिकामा ओरियन्टेशन १ पटक संचालन, सुपरिवेक्षण गर्ने आदि कार्यक्रम रहेको छ । यसरी केन्द्रीयस्तर कार्यक्रम मुख्यतः खोप र खोपसंग सम्बन्धित सामाग्री खरिद र आपूर्ति गर्ने, सुपरिवेक्षण गर्ने र जिल्लास्तरीय कार्यक्रमतर्फ खोप दिने कार्यक्रम रहेको देखिन्छ ।

अर्ध वार्षिक प्रगति हेर्दा केन्द्रीयस्तरको कार्यक्रतर्फ वस्तुगत सहायता अन्तर्गत डि.पि.टि.–हेपाटाइटिस् बि भ्याक्सिन १६६४७० भाइल र बिभिन्न किसिमको सिरिन्ज ३८,४२,८०० प्राप्त गरेको, ५८,३४४ जनालाई पोलियो खोप दिईएको, सुपरिवेक्षण ३१ पटक र परामर्शकर्ताहरु र सहायकहरुको परिचालन ५ जना गरीएको जसअनुसार समग्रमा केन्द्रियस्तरतर्फ भौतिक प्रगत्ति ४१ प्रतिशत र वित्तीय प्रगति ३८.३३ प्रतिशत भएको छ । जिल्लास्तरतर्फको भौतिक प्रगति ५३ प्रतिशत भएको र वित्तीय प्रगति भने संकलन भै नसकेको औंल्याइएको छ । प्रस्तुत आयोजनामा अख्तियारी स्वीकृत कार्यक्रम ०६२।४।१७ मा पुगेको र यस आर्थिक बर्षमा लक्ष्य अनुरुप भौतिक र वित्तीय प्रगति हुने भनी आयोजनाबाट भनिएतापनि जिल्लास्तरीय कार्यक्रमतर्फ ६ महिनाको प्रगति हेर्दा लक्ष्य अनुरुप प्रगति हासिल हुने भने देखिदैन ।

## जिल्लास्तरीय खोप कार्यक्रमको लक्ष्य र प्रगति

इपिडेमियोलजी, औलो कालाज्वरा नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन ७०-३/४–५१० र ८५५



कीटजन्य रोग महामारी तथा जुनोटिक रोग नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्य पुरा गर्न यस आर्थिक बर्षको केन्द्रीय स्तरको कार्यक्रम संचालनको लागि श्री ५ को सरकारको रु.६ करोड ४३ लाख ८० हजार र वैदेशिक अनुदान रु.३२ करोड ११ हजार गरी जम्मा रु.३८ करोड ४३ लाख ९१ हजार र जिल्ला स्तरको कार्यक्रमको लागि रु.१ करोड ७६ लाख ८९ हजार र बैदेशिक अनुदान रु.३ करोड ९५ लाख ७२ हजार गरी जम्मा रु.५ करोड ७२ लाख ६१ हजार विनियोजन भएकोछ । श्रोत गत रुपमा निम्नानुसार विनियोजन भएको छ ।







प्रस्तुत आयोजनको स्वीकृत कार्यक्रम हेर्दा श्रोत अनुसार छुट्टा छुट्टै रुपमा कार्यक्रम बनाएको देखिन्छ । श्री ५ को सरकारको श्रोतबाट संचालन हुने केन्द्रीय स्तरको मुख्य कार्यक्रममा औलो, कालाज्वर सर्भिलेन्सको लागि चौमासिक रुपमा आवश्यक सामग्री तथा औषधि ३ पटक खरिद गर्ने, औलोको महामारी हुने सम्भावना भएका क्षेत्रमा किटनाशक विषादी खरिदको व्यवस्था गरी वर्षमा २ पटक औलो स्प्रेइङ गर्न विषादी उपलव्ध गराउने, त्यस्तै कालाज्वरको वाहुल्य तथा महामारी भएको क्षेत्रमा पनि २ पटक कालाज्वर स्प्रेइङ्ग गर्न कीटनाशक विषादी उपलव्ध गराउने, ५००० पोजेटिभ र नेगेटिभ स्लाइडको छडके जाँच गर्ने, ८ जिल्लामा हात्तीपाइले रोग निवारणार्थ प्रचार प्रसार सामग्री, रजिष्टर तालिम सम्वन्धी निर्देशिकाहरुको छपाई तथा वितरण गर्ने, रेविज

रोगको रोकथामको लागि २५०००० मि.लि. ५ प्रतिशत BPL-ARV खरिद गरी १० हजार जनालाई निशुल्क उपलव्ध गराउने, रेविज रोगको अति जोखिम हुने २००० जनालाई टिसुकल्चर ए.आर.भि. ७५०० भायल निशुल्क उपलव्ध गराउने, १० हजार भुस्याहा कुकुर नियन्त्रणार्थ स्ट्रीकनिन् सल्फेट ६०० फायल, विषालु सर्पदंशबाट पिडितका ७०० जनाका लागि ए.एस.जी. १७ हजार फायल खरिद गरी जिल्लाहरुमा उपलव्ध गराउने, १२० जना विभिन्न तहका स्टाफ नर्सलाई सर्पको टोकाई व्यवस्थापन सम्वन्धी तालिम दिने, महामारीको रुपमा देखापर्ने रोगको रोकथाम र नियन्त्रणको लागि औषधिको व्यवस्था गर्ने, सरुवा रोगहरुको अति प्रभावित १८ जिल्लाहरुमा एकिकृत सुपरिवेक्षण, सर्भिलेन्स गर्ने, जापानिज इन्सेफ्लाइटिसबाट वढि प्रभावित ३ जिल्लामा जनचेतना अभिवृद्धि गर्न ३ वटा गोष्ठी गर्ने, आकस्मिक रुपमा प्राकृतिक प्रकोप दुर्घटना भएका स्थानका जनताहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न औषधि खरिद गरी आपूर्ति गर्ने लगायतका कार्यक्रम रहेका छन् ।

ग्लोबल फण्डको रु.८ करोड ९५ लाख ५८ हजार मध्ये रु.७ करोड ९८ लाख २१ हजार PSI, WHO, Unicef लाई कार्यक्रम संचालनको लागि गएको भनिएकोमा सो रकमबाट के कस्तो कार्यक्रम संचालन गर्ने हो र के कति प्रगति भयो सो सम्बन्धमा आयोजनालाई जानकारी नभएको पाइयो । ग्लोबल फण्डको रकम मध्ये रु.९७ लाख ३७ हजारको कार्यक्रम आयोजनाले संचालन गर्ने भनिएकोमा ६ महिनाको अवधिमा प्रशासनिक खर्च रु.२३ लाख मात्र भएको भौतिक प्रगति तर्फ दाता पक्षबाट सहमति भै नआइसकेकाले कुनै पनि कार्यक्रम संचालन नभएको जानकारी हुन आएको छ ।

दाताको संयुक्त कोष (World Bank and DFID ) : बाट संचालन हुने भनिएको रु.२२ करोड ६२ लाख १८ हजारको कार्यक्रम अर्न्तगत इपिडिमियोलोजि,जुनोटिक रोग नियन्त्रण सम्बन्धी कार्यक्रमको लागि रु.१५ करोड ५३ लाख ६८ हजार, औलो नियन्त्रण सम्बन्धी कार्यक्रमको लागि रु.३ करोड २० लाख, कालाजार नियन्त्रण सम्बन्धी कार्यक्रमको लागि रु. ३ करोड र हात्तीपाइले रोग निवारण क्रियाकलाप लागि रु.८८ लाख ५० हजारको विभिन्न कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेको मा अर्धबार्षिक अवधी सम्म खरिद गर्नु पर्ने उपकरण, औषधीको खरिद प्रक्रियामा रहेको भनिएकोमा यस अवधी सम्मको भौतिक प्रगति ७% र वित्तीय प्रगति १.५९ प्रतिशत रहेको देखाइएको छ ।

विश्व स्वास्थ्य संगठन तर्फ रु.४२ लाख ३५ हजारको रकमबाट तालिम, गोष्ठी, अनुगमन,अध्ययन, कार्यशाला लगायतका कार्यक्रमहरु संचालन गरीने रहेकोमा यस अवधीमा भौतिक र वित्तीय प्रगति शतप्रतिशत हासील भएको जनाइएको छ ।

जिल्ला स्तरको कार्यक्रम तर्फ ग्लोबल फण्ड तर्फको रु.२ करोड २६ लाख १ हजार कुनै पनि कार्यक्रम संचालन हुन नसकेको र श्री ५ को सरकारको र दाताको संयुक्तकोषबाट संचालन हुने कार्यक्रम मध्ये औलो सर्भिलेन्स अन्तर्गत १५ लाख रक्त नमूना संकलन गर्ने बार्षिक कार्यक्रम मध्ये रु.१० लाखको रक्त नमुना संकलन गरीएको, औलो स्प्रेइङ्ग र कालाजार स्प्रेइङ्ग दुई पटक गर्ने बार्षिक लक्ष्य रहेकोमा १ पटक गरीएको छ । यस अवधीमा जिल्लास्तरीय कार्यक्रम तर्फ २० प्रतिशत भौतिक प्रगति र वित्तीय प्रगति जिल्लाबाट प्राप्त भई नसकिएको जानकारी हुन आएको छ ।

उपरोक्त अनुसार बार्षिक कार्यक्रम मध्ये केन्द्रीयस्तरमा श्री ५ को सरकारको श्रोत तर्फको कार्यक्रममा ४६ प्रतिशत प्रगति भएको समग्रमा (PSI, WHO, Unicef लाई कार्यक्रम संचालनको लागि गएका रकम बाहेक) पौष महिना सम्म भौतिक प्रगति १७.२३ प्रतिशत, बित्तिय प्रगति ४.७१ प्रतिशत मात्र रहेको छ । जिल्लास्तरमा २० प्रतिशत मात्र भौतिक प्रगति हासिल भएको छ । बार्षिक लक्ष्य/अर्धबार्षिक लक्ष्यको तुलनामा यो प्रगति ज्यादै न्यून देखिन्छ । हालसम्मको कार्य प्रगतिको आधारमा बार्षिक लक्ष्य अनुसारको भौतिक तथा वित्तीय प्रगति हासिल हुने अवस्था देखिदैन । गत आर्थिक बर्ष २०६१/६२ मा पनि भौतिक प्रगति ५२ प्रतिशत र वित्तीय प्रगति ३० प्रतिशत मात्र हासिल गरेको यस आयोजनाले लक्ष्य अनुसारको कार्य संचालनमा विशेष तदारुकता नदेखाएको अवस्थामा अब हासिल हुने भौतिक प्रगति बार्षिक लक्ष्य भन्दा निकै टाढा रहने देखिन आएको छ ।

## मध्य मर्स्याङदी जलविद्युत आयोजना (८७–४–६०३)

७० मेगावाट जडिट क्षमता भएको मध्य मर्स्याङदी जलविद्युत आयोजना नेपालको चालु ठूला योजना मध्ये एउटा योजना हो । कूल रु.१३ अर्व ३५ करोड लागत (शुरुको) अनुमान भएको यो योजना मित्रराष्ट्र जर्मन सरकार (KFW) श्री ५ को सरकार र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा निर्माण भइरहको छ । मर्स्याङदी नदीको करीव ८० क्युसेक पानीलाई ५.२ किलोमिटर लामो सुरुङ मार्गबाट ल्याइ सतहगत विद्युत गृहका २ वटा ३५ मेगावाट क्षमताको फ्रान्सिस टर्वाइन द्वारा विद्युत उत्पादन गर्ने लक्ष्य राखिएको छ । आयोजना २००१ जुनमा शुरु भएको थियो भने २००७ मार्चमा पूरा हुने लक्ष्य रहेको छ ।

२०६२ मंसिरसम्म आयोजनाको भौतिक निर्माण कार्य ६९ प्रतिशत सम्पन्न भएको छ भने वित्तीय प्रगतिमा २०६२ असारसम्म जम्मा रु.१० अर्व ५९ करोड ३९ लाख ८३ खर्च भैसकेको छ । जसमध्ये श्री ५ को सरकारतर्फ रु.३५ करोड ८५ लाख, नेपाल विद्युत प्राधिकरणतर्फ रु.१ अर्व ७ करोड ५५ लाख र KFW जर्मनतर्फ रु.९ अर्व १५ करोड ९९ लाख ८० हजार रहेको छ ।

चालु वर्ष जम्मा रु.२ अर्व ७९ करोड बजेट विनियोजन भएको यस आयोजनामा पहिलो ६ महिनामा वार्षिक लक्ष्य मध्ये २०६२ पौषसम्ममा रु.१ अर्व ८३ करोड ३४ लाख  ७६ हजार (रु.४६ करोड ९२ लाख ८३ हजार श्री ५ को सरकार र नेपाल विद्युत प्राधिकरणतर्फको र रु.१ अर्व ३६ करोड ४१ लाख ९३ हजार KFW तर्फको) खर्च भएको छ भने यसवाट भौतिक लक्ष्य ५ प्रतिशत प्राप्त भएको छ ।

### चालु वर्षका मुख्य कार्यक्रम र प्रगति :

| कार्यक्रम | | प्रगति | |
|---|---|---|---|
| १. | River Diversion | १. | River Diversion कार्य सत्प्रतिशत पुरा भएको छ । |
| २. | Intake tunnel / Controll Building | २. | ३ वटा Intake tunnel खन्ने काम पूरा भएको छ । |
| ३. | Spillway and dam | ३. | ६०० वटा विभिन्न rock counter install गरीएको, नदीको देव्रे किनारामा EL ५७९ सम्म खन्ने काम पूरा, Head Works मा ६०२ घन मी. मध्ये हालसम्म करीव ९५% खन्ने काम पूरा भएको छ । |
| ४. | Desanding Cavern | ४. | ३ वटा Desender हरुको उत्खनन् कार्य ९९% पूरा भएको छ । |
| ५. | Power tunnel | ५. | Power Tennel खन्ने काम मंसिर महिनामा २३३ मी. पूरा भई हालसम्म ४७९१ मी. (९३%) पूरा भएको छ । |

**चुनौती/समस्याहरु :**

१. पटक पटकको वन्द र नाकावन्दीको कारणले निर्माण सामाग्री ओसारपसारमा वाधा भएको,

२. ठेकेदारवाट विगतमा भएको वन्दको कारणले नोक्सानी भएको भनी सोको क्षतिपूर्ति माग गरेको,

३. Transmission Line नहुँदा परियोजनाको उपयोगितालाई प्रयोग गर्न नसकिने स्थिति रहेको, र

४. २००५ मा भएको Revised estimate अनुसार निर्माण लागत २४८.७५ m EURO हुने अनुमान भएकोमा यो अनुमानित लागतमा वैदेशिक  मुद्रा २१६.९४ m EURO तथा स्वदेशी मुद्रा ३१.८१ m EURO रहेको छ । जसमा वैदेशिक मुद्रा २१६.९४ m मध्ये KFW बाट ११६.६६ m श्री ५ को सरकारबाट ७.५ m र ने.वि.प्रा. बाट २०.०४ m (Bridge financing बाट ३ m Euro समेत) गरी जम्मा

१८९.२० m Euro को Commitment भएको छ । यसरी वैदेशिक मुद्रा २७.७४ m Euro नपुग हुने जस्ता चुनौति तथा समस्याहरु सामान गर्नुपर्ने देखिन्छ । यस्ता समस्या समाधानको लागि आयोजनाले विभिन्न उपायहरु अपनाएर आफ्नो लक्ष्य प्राप्ती उन्मुख भएको छ ।

**समस्या समाधानका लागि अपनाइएका उपायहरु :**

१. परियोजनाको सुरक्षा सम्बन्धी समस्यामा २३२ जना सल्लाहकारबाट तयार गरीएको CMT (Crisis Management Team) बनाई समस्या समाधानार्थ समय समयमा छलफल गरी आवश्यक कार्य भैरहेको छ ।

२. रात्री सिफ्ट संचालनको लागि CAR (Contractors all Rise) विनालेख उपलव्ध भई रात्रीसिफ्ट संचालनको लागि विद्यमान कार्य हटाई काम शुरु गरीएको छ ।

३. परियोजनाको सुरक्षा धारणा अनुरुप सवारी साधनको नम्वर प्लेट पहेंलोबाट रातोमा परिवर्तन गर्न सम्बन्धित निकायमा आवश्यक पहल जारी रहेको छ ।

४. Transmission Line को लागि भएको टेण्डरमा ठहर भएको न्यूनतम रकम वोल कवोल गर्ने SAG संग सम्झौता वार्ता गरी कार्य अघि वढाउन KFW बाट सहमति प्राप्त भएकोले ठेकेदारसंग सम्झौता वार्ता गरी MOU सम्पन्न भई KFW को सहमति अनुसार आवश्यक कार्य चालु रहिरहेको छ ।

५. Funding Gap को वैकल्पिक व्यवस्था वारे १८ जुलाई ,२००५ मा अर्थ मन्त्रालयमा Stackholder Meeting सम्पन्न भएको । परियोजनाको लागि आवश्यक न्यून रकमको वित्तीय श्रोत पूर्तिको निमित्त नेपाल विद्युत प्राधिकरणले स्थानिय वजारमा Power Bond को निश्कासनवाट पूरा गर्ने कुरा भएको छ ।

## सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण (८७–४–७२०)

सामुदायिक ग्रामीण विद्युतीकरण र अन्य ग्रामीण विद्युतीकरणको रुपमा संचालित योजना नै सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण योजना हो । जनस्वामित्वको अवधारणा अन्तर्गत ग्रामीण विद्युतीकरण गर्नको लागि २०५९ सालमा सामुदायिक ग्रामीण विद्युतीकरण विभागको स्थापना भई आर्थिक बर्ष २०६०/६१ को श्री ५ को सरकारको नीति तथा कार्यक्रम अनुसार सामुदायिक ग्रामीण विद्युतीकरण र वितरण प्रणाली कार्यक्रम संचालन भइआएको छ । यसको लागि नेपाल विद्युत प्राधिकरणले "विद्युत वितरण व्यवस्थापन तथा संचालन नीति २०६०" लागु गरी संचालनमा ल्याएको छ ।

यो कार्यक्रम संचालन गर्नको लागि जनसहभागितावाट २० प्रतिशत र श्री ५ को सरकारबाट ८० प्रतिशत लागत बेहोर्ने नीति रहेको छ । यसरी प्राप्त हुने रकम नेपाल विद्युत प्राधिकरणको सामुदायिक ग्रामीण विद्युतीकरण कोषमा जम्मा भएपछि नेपाल विद्युत प्राधिकरण सामुदायिक विद्युतीकरण विभागबाट विद्युतीकरण कार्य संचालन हुनेछ ।

आयोजनाद्धारा संचालित कार्यक्रमहरुमा ग्रामीण विद्युतीकरणको लागि निवेदन माग तथा संकलन गर्ने, त्यसलाई स्वकित गर्ने, ट्रान्सफरमर लाइन जडान गर्ने, विभिन्न समुदायका पदाधिकारीहरु र नेपाल विद्युत प्राधिकरणका स्थानीय शाखा, वितरण कोषका पदाधिकारीहरुको क्षमता अभिबृद्धि गर्ने विभिन्न तालिम संचालन गर्ने आदि रहेका छन् । उल्लेखित बार्षिक कार्यक्रमको कार्यान्वयनबाट ग्रामीण विद्युतीकरणको लागि हालसम्म संकलित ३४७ वटा निवेदन मध्ये १४९ वटा निवेदन स्वीकृत भएका छन् ।

उक्त स्वीकृत १४९ वटा निवेदनबाट कार्यक्रम संचालन गर्नको लागि कूल लागत रु.१ अर्व ३० करोड ९५ लाख रकम आवश्यक हुनेमा आर्थिक बर्ष २०६०/६१ मा रु.१० करोड ४४ लाख, २०६१/६२ मा रु.३१ करोड र २०६२/६३ मा रु.३५ करोड गरी जम्मा रु.७६ करोड ४४ लाख मात्र रकम विनियोजन भएकोले बजेट अभावको कारणले हाल १०९ वटा कार्यक्रम मात्र संचालनमा आएका छन् । यसै गरी आर्थिक बर्ष २०६१।६२ मा २० वटा

जिल्लाको ५४ वटा संस्थामा रु.४३ करोड ४८ लाखको लागतमा २१५ वटा ट्रान्सफर्मर जडान तथा १२२१ किलोमिटर लाइन (एच.टी/एल.टी.) निर्माण कार्य हाल संचालनमा रहेको छ भने आर्थिक बर्ष २०६२।६३ मा थप २३ वटा जिल्लाको ५३ वटा संस्थामा रु.३४ करोड ६६ लाखको लागतमा १६० वटा विभिन्न क्षमताको ट्रान्सफर्मर जडान तथा ९८५ किलोमिटर लाइन (एच.टी./एल.टी) निर्माण कार्य संचालन गरीने छ । चालु वर्षको कार्यक्रमबाट २०६२ पौष सम्ममा नेपाल विद्युत प्राधिकरणका स्थानीय शाखा/वितरण कोष र समुदायका पदाधिकारीहरु गरी कुल ५५१ जना प्रशिक्षार्थीलाई विभिन्न प्रकारको क्षमता अभिवृद्धि तालिम प्रदान गरीसकेको छ भने यस वर्षको अन्त्य सम्ममा थप २५० जना प्रशिक्षार्थीलाई यो तालिम प्रदान गर्ने लक्ष्य रहेको छ । प्रस्तुत आयोजनामा पर्याप्त बजेटको अभाव, सूचना आदान प्रदान व्यवस्थाको अभाव,क्षमता वृद्धि तालिमको अभाव, नियमन तथा अनुगमन मूल्यांकन गर्ने निकायको अभाव एवं दरिलो व्यवस्थापन र दक्ष जनशक्तिको अभाव जस्ता चुनौती र समस्या रहेका छन् ।

चालु वर्ष अन्य ग्रामीण विद्युतीकरण तर्फ जम्मा ७४ जिल्लामा (सोलु वाहेक) विद्युतीकरण गर्ने लक्ष्य रहेको छ र त्यसको निमित्त गाउँ विकास समितिको छनौट पुरा भएको छ । चालु वर्ष अन्य ग्रामीण विधुतीकरणको लागि रु.२४ करोड विनियोजन भएको छ । जसमध्ये रु.१० करोड NPG जापानको अनुदान (रु.४ करोड बस्तुगत सामुदायिकको लागि र रु. ६ करोड नगद, धनकुटाको अन्यतर्फ) रहेको छ ।

**बक्स १३ : समन्वय अभावको नमुना**

गृह मन्त्रालय अन्तर्गत केन्द्रीय कारागारमा रहेको अस्पतालका लागि आर्थिक बर्ष २०६१/६२ मा एक्सरे मेशिन खरिद गर्न यस मन्त्रालयबाट रु.१६ लाख विनियोजन गरिएको थियो । उक्त विनियोजन रकमबाट केन्द्रीय कारागार अस्पतालमा एक्सरे मेशिन जडान गरि सकेकोछ । तर उक्त एक्सरे मेशिन संचालन गर्ने जनशक्तिको अभावमा गत १ बर्ष देखि मेशिन थन्किरहेको छ । आवश्यक जनशक्तिको सेवा करारमा लिन श्री ५ को सरकारले करार निर्देशिका समेत जारी गरेको र कारागार कार्यालयहरुमा परामर्श सेवामा प्रयाप्त रकम समेत विनियोजन गरिसकेको अवस्थामा श्री ५ को सरकारले माग बमोजिमको श्रोत उपलब्ध गराएपनि करार सेवामा यस्ता प्राविधिकहरुको दरबन्दी लिन सकिनेमा गृह मन्त्रालय र कारागार व्यवस्थापन विभागको बीच आवश्यक समन्वय हुन नसकेको कारणले केन्द्रीय कारागारमा रहेको एक्सरे मेशिन खिया लागि रहेछ ।

## पेन्सन सुधार आयोजना

सामाजिक सुरक्षाका दृष्टिकोणबाट निवृत्तीभरण प्रणालीलाई मूल संयन्त्रको रुपमा लिने गरीन्छ । रोजगार दाताको तर्फबाट मात्र व्यहोर्ने गरी परिचालन गरीएको निवृत्तीभरण प्रणाली हालको बर्षहरुमा बोझीलो हुँदै गएको यर्थाथलाई सार्वजनिक खर्च पूनरावलोकन आयोगको प्रतिवेदन २०५७ ले उल्लेख गरेको छ । निजामती सेवा ऐन दोश्रो संशोधन अध्यादेश २०६२ ले निजामती सेवामा प्रवेश गर्ने नयाँ निजामती कर्मचारीहरुको हकमा योगदान सहितको निवृत्तीभरण प्रणालीको शुरुवात गरेको छ । निवृत्तभरण सम्बन्धी खर्चको विवरण संलग्न चार्टमा उल्लेख गरीएको छ । प्रस्तुत चार्टको विश्लेषण गरी हेर्दा योगदान सहितको निवृत्तभरण प्रणाली शुरु गर्न आवश्यक भई सकेको हुँदा सोही अनुरुप श्री ५ को सरकारले योगदान सहितको निवृत्तभरण प्रणाली शुरुआत गरेको हो ।

## तालिका नं. ४ निबृत्तभरण खर्चको विवरण

(रु. हजारमा)

| आ.ब. | २०५६।५७ | २०५७।५८ | २०५८।५९ | २०५९।६० | २०६०।६१ | २०६१।६२ |
|---|---|---|---|---|---|---|
| कुल निवृत्तिभरण खर्च | १२०००००० | १३९५७९६ | २७१००४२ | ३०६२६८२ | ३२६४९१४ | ३४७७००८ |
| निजामती तर्फको निवृत्तिभरण खर्च | ७१५००० | ७५३३७६ | १६३९६८० | १८४२८९३ | १९५१४९४ | १८४३७०९ |
| जम्मा चालु खर्च | ३५५७९१०० | ४५८३७३०० | ४८८६३९०० | ५२०९०५०० | ५५५५२१०० | ६१६४१९४६ |
| कूल राजश्व | ४१०९४००० | ४८८९४००० | ५०४४६००० | ५६२३०००० | ६२३३१००० | ७०१२२७५८ |
| जम्मा चालु खर्च मध्ये जम्मा निवृत्तिभरण खर्च प्रतिशत | ३.३७ | ३.०५ | ५.५५ | ५.८८ | ५.८८ | ५.६४ |
| राजश्वसंग निवृत्तिभरण खर्च | २.९२ | २.८५ | ५.३७ | ५.४५ | ५.२४ | ४.९६ |
| जम्मा चालु खर्च मध्ये निजामती तर्फको निवृत्तिभरण खर्च प्रतिशत | २.०१ | १.६४ | ३.३६ | ३.५४ | ३.५१ | २.९९ |
| कुल निवृत्तिभरण खर्च मध्ये निजामती तर्फको निवृत्तिभरण खर्च प्रतिशत | ५९.५८ | ५३.९७ | ६०.५० | ६०.१७ | ५९.७७ | ५३.०३ |

प्रर्याप्त गृह कार्य विना संचालनमा ल्याइएको योगदान सहितको निवृत्तीभरण प्रणालीको व्यवस्थित कार्यान्वयन गर्न अर्थ मन्त्रालयमा एक अध्ययन कार्य टोली गठन भई योगदान सहितको निवृत्तीभरणका सम्बन्धमा अध्ययन गरी यस सम्बन्धी प्रतिवेदन समेत प्राप्त भइसकेको छ । साथै नेपालमा निवृत्तीभरण सम्बन्धमा देखिएका चुनौतीहरु र निवृत्तीभरण व्यवस्थापनमा सरकारले चाल्नु पर्ने कदमका सम्बन्धमा अन्तराष्ट्रिय परामर्श दाताहरुबाट आवश्यक अध्ययन एवं अनुसन्धान गरी सुझाव दिन विश्व बैंकको अनुदान सहयोगमा अर्थ मन्त्रालय अर्न्तगत पेन्सन सुधार आयोजना कार्यरत रहेको छ ।

उक्त आयोजनाले चालु आर्थिक बर्षको प्रथम ६ महिनामा आयोजना कार्यान्वयन सम्बन्धमा विश्व बैकका पदाधिकारीहरुसंग समेत छलफल गरी modality तय गरी सकेको,परामर्शदाता नियुक्ति गर्ने सम्बन्धमा सूचना प्रकाशन गरी आशय पत्र माग गरी प्राप्त आशय पत्रहरुको मुल्यांकन भै सकेको,आशय पत्रहरुको मुल्यांकनवाट छनौट भएका परामर्शदाताहरुवाट प्रस्ताव माग गर्न प्रस्ताब आग्रह पत्रको मस्यौदा तयार गरी प्रतिकियाको लागि विश्व बैकमा पठाइ सकिएको छ । साथै आग्रह पत्रको मस्यौदा उपर विश्व बैकवाट प्राप्त प्रतिकियालाई समावेश गरी छानिएका परामर्शदाताहरुबाट प्रस्ताव आव्हान गर्ने तयारीमा रहेको छ ।

**बक्स १४ : प्रतिवद्धताको उदाहरण !**

सशस्त्र प्रहरी बल अस्पताल बलम्बु १४ महिना भित्र तयार गर्ने सशस्त्र प्रहरीबलको प्रतिवद्धता अनुरुप गत आर्थिक बर्ष २०६२/२/१२ मा निर्माण कार्य शुरु भएको थियो । उक्त अस्पताल निर्माणको कुल लागत १५ करोड ३९ लाख रहेको छ । गत आर्थिक बर्षमा रु. ३ करोड विनियोजन बाट शुरु भएको अस्पताल निर्माणलाई चालु आर्थिक बर्षमा विनियोजित ७ करोड र थप २ करोड समेत जम्मा ९ करोड रुपैया छुट्याईएको छ । १४ महिना भित्रमा अस्पताल निर्माण गरी संचालनमा ल्याउने सशस्त्र प्रहरी बलको प्रतिवद्धता आफैमा सह्रानिय छ, तर अब उक्त ११० शैयाको अस्पताल यही फागुन मसान्त सम्म मै निर्माण सम्पन्न भै सक्ने अवस्थामा पुगेको भन्ने सम्बन्धितको भनाई छ । सबै तिर यस्तै जाँगर भै दिए, आँटेको काम नहुने कहाँ हुन्थ्यो र?

## लैङ्गिक उत्तरदायि बजेट

लैङ्गिक समानता प्रति नेपालले गरेको राष्ट्रिय तथा अन्र्तराष्ट्रिय प्रतिवद्धता कार्यान्वयन गर्न सरकारी खर्चलाई लैङ्गिक उत्तरदायी बनाउने सोच अनुरुप चालु आर्थिक बर्षको बजेट व्यक्तव्यबाट लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budget Initiative) को शुरुवात गरीएको छ । यस प्रयोजनका लागि अर्थ मन्त्रालयमा एक समिति समेत गठन भै सकेको छ । संयुक्त राष्ट्रसंघीय महिला विकास कोषको आर्थिक तथा प्राविधिक सहयोगमा श्री ५ को सरकारको बजेट र कार्यक्रमलाई लैङ्गिक रुपमा सन्तुलित तथा समानुपातीक बनाउन यस सम्बन्धी अध्ययन कार्य शुरु भै सकेकोछ । यस समितिले लैङ्गिक समानताका सम्बन्धमा सार्वजनिक खर्चहरुलाई लैङ्गिक दृष्टिकोणबाट मूल्याङ्कन गदै जाने सिलसिलामा श्रम तथा यातायात व्यवस्था मन्त्रालय र वन तथा भू–संरक्षण मन्त्रालयको लैङ्गिक बजेट सम्बन्धी अडिट गर्ने कार्य भइरहेको छ ।

आर्थिक बर्षको प्रथम ६ महिनामा बिभिन्न मन्त्रालयका लैङ्गिक सम्पर्क विन्दु र योजना महाशाखा प्रमुख तथा बजेट निर्माणमा संलग्न हुने पदाधिकारीहरुको लैङ्गिक उत्तरदायी क्षमता अभिबृद्धि गर्न, विभिन्न तालिम संचालन हुनाको साथै शिक्षा तथा संचार (Information, Education and Communication) सामग्री तयार भइरहेको छ ।

राष्ट्रिय योजना आयोगबाट तयार गरीने योजना तथा कार्यक्रम तर्जूमा सम्बन्धी मार्गदर्शन र अर्थ मन्त्रालयबाट तयार हुने बजेट तथा कार्यक्रम निर्देशिकामा बजेटको लैङ्गिकीकरण गर्ने देहाय बमोजिमका सूचकहरु समावेश गरीने भएको छ ।

- लैगिक समानतामा प्रत्यक्ष रुपमा योगदान गर्ने ।
- लैगिक समानतामा अप्रत्यक्ष रुपमा योगदान गर्ने ।
- लैगिक समानता निरपेक्ष ।

चालु आर्थिक बर्षको दोश्रो र तेश्रो चौमासिकमा श्री ५ को सरकारको बजेट तथा कार्यक्रमलाई लैङ्गिक उत्तरदायी तुल्याउन बजेट विनियोजन तथा कार्यान्वयन दुबै पक्षको लैङ्गिक दृष्टिकोणबाट अनुगमन गर्ने, लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी सूचना, शिक्षा तथा संचार सामग्री (IEC Materials) तयार गर्ने, श्री ५ को सरकारको बजेट मार्ग दर्शन र दिग्दर्शनलाई लैङ्गिकिकरण गर्न सुझाव तथा सिफारिस (Frame Work) तयार गर्ने, आर्थिक सर्वेक्षणलाई लैङ्गिकिकरण गर्न सिफारिस र सुझाव (ँचकभ ध्यचप) तयार गर्ने जस्ता कार्यहरु सम्पादन गरीनेछ । यसबाट आगामी बजेटलाई लैङ्गिक समानतामुखी तुल्याउनमा सघाउ पुग्ने देखिन्छ ।

# ९. संशोधित आय व्यय अनुमान र सोका आधारहरु

यस वर्षको प्रथम ६ महिनाको आय व्ययको स्थिति, विगत वर्षहरुको चालु तथा पूजींगत खर्चको प्रवृत्ति, खर्च व्यवस्थापन सम्वन्धमा लिइएका नीतिहरु, स्थलगत अध्ययनवाट प्राप्त सूचनाको विश्लेषण, २०६२ माघ १ गतेको आर्थिक अध्यादेशबाट जारी गरीएका राजस्व सुधार सम्बन्धी नीतिहरु समेतका आधारमा विश्लेषण गरी यस वर्षको कूल गार्हस्थ उत्पादन, मूल्यवृद्धि दर, सरकारी आय तथा व्ययको संशोधित खर्च अनुमान र बांकी अवधिमा स्रोत परिचालन गर्न अपनाउनु पर्ने नीतिहरुको विषयमा तल उल्लेख गरीएका छन् ।

## ९.१ समष्टिगत आर्थिक वृद्धि

यस वर्षको मुख्य बाली धानको उत्पादनमा ह्रास आएको कारण कृषि क्षेत्रको उत्पादनमा ह्रास आउने भै समग्र आर्थिक वृद्धिदर ३.५ प्रतिशतले बढ्ने संशोधित अनुमान छ । उक्त वृद्धिदर कृषि क्षेत्रवाट २.५ प्रतिशतले र गैर कृषि क्षेत्रवाट ३.४ प्रतिशतले हासिल हुने अनुमान गरीएको छ ।

यस वर्षको प्रथम ६ महिनामा ७ प्रतिशतले मूल्य वृद्धि भएकोमा चालु आर्थिक वर्षमा खाद्य तथा पेय पदार्थमा ३.९ प्रतिशत, गैर खाद्य तथा सेवामा ३.५ प्रतिशतले मूल्यवृद्धि भई समग्र मूल्यवृद्धि दर ७ प्रतिशत रहने अनुमान गरीएको छ । २०६१ पौष र माघ महिनामा क्रमशः पेट्रोलियम पदार्थको मूल्य वृद्धि र मूल्य अभिवृद्धि करको दरमा भएको वृद्धिको प्रभाव २०६२ पौष महिना पछि क्रमशः घट्दै जाने हुंदा चालु आर्थिक वर्षको पछिल्लो ६ महिनाको औषत मूल्य वृद्धि दर ७ प्रतिशत रहने अनुमान छ । यद्यपि भरखरै मात्र पेट्रोलियम पदार्थमा स्वचालीत मूल्य प्रणाली लागु भई त्यस्ता पदार्थहरुको मूल्य बढ्न गएकोले यसबाट मुद्रास्फिति बृद्धिमा थप चाप पर्न जाने देखिन्छ । मुद्रा प्रदायतर्फ, विस्तृत मुद्रा प्रदाय र संकुचित मुद्रा प्रदाय क्रमशः १२.५ प्रतिशत र ११ प्रतिशतले बढ्ने अनुमान गरीएको छ । चालु आर्थिक वर्षमा कूल निर्यात ११.५ प्रतिशतले बढ्ने अनुमान छ भने कूल आयात २० प्रतिशतले वृद्धि हुने अनुमान छ । निजी क्षेत्रको विप्रेषण आय र वैदेशिक अनुदान आय प्राप्तिबाट उच्चस्तरमा रहेको व्यापार घाटा पुरा गरी चालु खातामा रु.१७ अर्व बचत हुने अनुमान छ । विदेशी मुद्राको संचिति रु.१३७ अर्व ४७ करोड पुग्न गै १०.६ महिनाको वस्तु आयात र ९ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने अनुमान छ ।

अघिल्लो छ महिनाको तुलनामा केहि छिटपुट घट्ना बाहेक शान्ति सुरक्षाको स्थिति यथा स्थितिमा रहने संकेत देखा परेका छन् । यद्यपी, बाँकी अवधिमा शान्ति सुरक्षाको स्थितिमा थप सुधार आउंछ भन्ने अनुमान गरी आय तथा व्ययको संशोधित अनुमान तयार गरीएको छ ।

चालु आर्थिक वर्षको अर्ध वार्षिक अवधिसम्म भएको खर्च र अघिल्लो आर्थिक वर्षको खर्च प्रवृतिको आधारमा चालु आर्थिक वर्षको कुल खर्च रु. ११३ अर्व ३९ करोड ७९ लाख हुने अनुमान छ । कूल खर्चमा चालु खर्चको अंश रु. ७० अर्व ९९ करोड ५६ लाख, पूँजीगत खर्च रु. २८ अर्व ६७ करोड ०१ लाख र सावां भुक्तानी रु. १३ अर्व.७३ करोड २२ लाख रहने अनुमान छ । यो खर्च विनियोजनको चालु खर्चमा ९३.६ प्रतिशत, पूजीगत खर्चमा ७७ प्रतिशत, सांवा भुक्तानीमा ९९.५ प्रतिशत र कूल खर्चमा ८९.३७ प्रतिशत रहने अनुमान छ । पूजींगत खर्च विनियोजनका आधारमा न्यून देखिए पनि चालु वर्षको प्रथम ६ महिनाको खर्चको प्रवृत्ति र विगतका खर्च समेतका आधारमा खर्च अनुमानको ७७ प्रतिशत मात्र यथार्थ खर्च भए पनि सन्तोषप्रद नै मान्नुपर्ने हुन्छ ।

**बक्स १५ : बजेट निकासा, खर्च र राजश्वको पछिल्लो लक्षण :**

यो प्रतिवेदन तयार गर्दा गर्दै माघ महिना सम्मको बजेट निकासा, खर्च र राजश्व परिचालन समेतको विवरण प्राप्त भई सकेको छ । प्राप्त विवरणको आधारमा कुल निकासा रु.५३ अर्ब ४४ करोड भएको छ । जसमध्ये चालु खर्चमा रु.३३ अर्ब ३२ करोड, पूँजीगत खर्चमा रु.५ अर्ब ९७ करोड र साँवा भुक्तानी मा ४ अर्ब ३९ करोड गरी जम्मा रु.४३ अर्ब ६८ करोड खर्च भएको छ ।

२०६२ माघ मसान्त सम्ममा राजश्व तर्फ रु.३५ अर्ब ८२ करोड असूल भएको छ । यस्तै बैदेशिक अनुदान सहायता रु.५ अर्ब ८७ करोड प्राप्त भएको छ । ऋण सहायता अर्न्तगत रु.२ अर्ब ४२ करोड प्राप्त भएको छ । आन्तरिक ऋण रु.३ अर्ब १४ करोड उठाइएको छ । समष्टिगत रुपमा खर्च तथा राजश्व परिचालनको प्रबृत्तिलाई विश्लेषण गर्दा नगद प्रवाह ऋणात्मक हुन जाने सम्भावना प्रबल रहेको छ ।

नेपाली रुपैंयाको विदेशी मुद्रासंगको विनिमय दरमा खास परिवर्तन नआएमा र ट्रेजरी बिलको व्याजदर यथास्थितिमा रहि रहेमा व्याज भुक्तानी वापत विनियोजित बजेटमा केही बचत हुन आउने हुंदा सो रकम आन्तरिक ऋणको म्याद पुगिसकेको सांवा भुक्तानीमा प्रयोग गर्न सकिनेछ । यस्तो भुक्तानीले चालु र सांवा भुक्तानी खर्चको बनोटमा असर पारे पनि कूल खर्चमा असर नपार्ने अनुमान गरीएको छ ।

## ९.२ राजस्व अनुमान

प्रथम ६ महिनाको ५.९ प्रतिशत राजस्व असूलीमा कर राजस्व तर्फ मूल्य अभिवृद्धि कर र भन्सार राजस्वको योगदान उच्च रहेको छ । २०६२ माघ १ गतेको आर्थिक अध्यादेशबाट अघि सारिएका राजश्व सुधारका नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनबाट चालु आर्थिक वर्षको बाँकी अवधिमा शुरु लक्ष्य बमोजिमको पूरै राजस्व असूल हुने संशोधित अनुमान गरीएको छ । माघ १ गतेको आर्थिक अध्यादेशबाट भन्सार दरहरुमा कटौती गरीएकोले भन्सार राजश्व तर्फ शुरु अनुमानको लगभग ९२ करोड रुपौया कम असुली हुने देखिएको भए तापनि, मूल्य अभिबृद्धि करमा मौज्दात घोषणा र यथार्थ विल विजक जारी गर्ने प्रणालीको प्रभावकारी अनुगमनबाट भन्सार राजश्वमा आउने कमी समेत यसबाट परिपूर्ति भै लक्ष्य अनुसारकै राजश्व असुली हुने अनुमान गरीएको हो । राजश्व सुधारमा चालिएको कदम एवं बाँकी अवधिमा सुरक्षा स्थिति दिन प्रतिदिन सुधंदै जानेमा आशावादी हुन सकिने अवस्था देखिएकोले पनि लक्ष्य अनुसार राजश्व असुली हुन सक्ने बलियो आधार बन्न गएको हो । यस आधारमा कूल राजस्व असूली लक्ष्यको तुलनामा १०० प्रतिशतले भै रु.८१ अर्ब ८१ करोड ६६ लाख पुग्ने अनुमान छ । यो राजस्वमा प्रत्यक्षकरबाट रु.१४ अर्ब १८ करोड ८२ लाख, अप्रत्यक्षबाट ४९ अर्ब ६४ करोड ९५ लाख, गैरकरबाट रु.१६ अर्ब ४२ करोड २९ लाख र सावां फिर्ता प्राप्तिबाट रु.१ अर्ब ५५ करोड ६० लाखको योगदान रहने अनुमान गरीएको छ । कर राजस्व तर्फ मूल्य अभिवृद्धि करको बृद्धि उच्च रहे पनि भन्सार,आयकर,अन्तशुल्क, रजिष्ट्रेशन दस्तुर, सवारी साधन कर असूली भने सामान्य नै रहने देखिन्छ । गैरकर राजस्व तर्फ भने टेलिफोन स्वामित्व शुल्क र क्यासिनो रोयल्टीमा शुरु अनुमान भन्दा केही बढी असुली हुन जाने र सो बढी असुली हुने राजश्वले आयकर राजश्वमा न्यून हुन जाने रकम परिपूर्ति गर्ने भै कुल राजश्व असुली लक्ष्य अनुसार नै हुन जाने देखिन्छ ।

चालु आर्थिक वर्षमा वैदेशिक अनुदान स्रोतबाट रु. १३ अर्ब ३ करोड खर्च हुने अनुमान छ । यो अनुमान प्रथम ६ महिनाको खर्च प्रगति र विगत दुई वर्षका खर्चको प्रवृत्ति हेर्दा सहजै हासिल गर्न सक्ने देखिन्छ । वैदेशिक ऋणको IDA-PRSC र एशियाली विकास बैंकवाट प्राप्त हुनुपर्ने सार्वजनिक क्षेत्र सुधार कार्यक्रमहरुको रकम नआउने देखिदा रु.२ अर्ब ५० करोड श्री ५ को सरकारकै श्रोतबाट खर्च गर्नुपर्ने हुन्छ । बाह्य ऋणमा हुने कमी पुरा गर्नका लागि खर्चको स्रोत जुटाउन आन्तरिक ऋण उठाउनु पर्ने भएको र प्रथम ६ महिनामा गत वर्षभन्दा बढी आन्तरिक ऋण उठाइ सकिएकोले बांकी अवधिमा लक्ष्य अनुरुपको पूरै आन्तरिक ऋण लिनुपर्ने अनुमान गरीएको छ ।

**बक्स १६ : २०६२ माघ १ गते जारी आर्थिक अध्यादेशले अवलम्ब गरेको राजस्व सम्बन्धी नीतिगत व्यवस्थाहरु**

१. २०६२ साउन १ गते जारी भएको अध्यादेश अनुसारको राजस्वतर्फको नीतिगत व्यवस्थालाई निरन्तरता दिदै आउँदा दिनमा राजश्व परिचालनमा थप प्रभावकारीता ल्याउन मूल्य अभिबृद्धिकर उठाउन विशेष प्रयास गरिने ।
२. श्री ५ को सरकारले राजश्व प्रशासनको क्षेत्रमा चालेका तथा चालिने विभिन्न सुधारका कार्यक्रमहरुबाट राजश्व परिचालन लक्ष्य अनुरुप हुन सक्ने अनुमान गरिएको ।
३. आर्थिक बर्ष २०६२।६३ को दोश्रो ६ महिनाको राजश्व सम्बन्धी नीतिहरु निर्माण गर्दा फराकिलो दायरा, उपयुक्त दर, सरल प्रक्रिया र सुदृढ प्रशासन जस्ता बिषयमहरुलाई आधार लिइएको ।
४. देशको समग्र आर्थिक विकास र राजश्व संकलनको क्षेत्रमा निजी क्षेत्रसँगको सहकार्यमा अभिबृद्धि गरी कर प्रशासनलाई करदाता मैत्री बनाई इमान्दारीपूर्वक कर तिर्ने वातावरण बनाइने ।
५. करको दायरा भित्र नपरेका करदातालाई करको दायरा भित्र ल्याउने प्रयास गरिने ।
६. राजश्व परामर्श समितिले दिएका सुझावहरु, निजी क्षेत्रका विभिन्न संघ संस्था तथा आर्थिक क्षेत्रसँग सम्बद्ध सबै पक्षबाट प्राप्त राय सुझाव र प्रतिवद्धताहरुको आधारमा राजश्व सम्बन्धी नीतिगत, कानूनी एवं प्रशासनिक व्यवस्थामा समयानुकूल सुधार तथा संशोधन गरिने व्यवस्था मिलाइएको ।
७. वस्तु विनिमय प्रथा अन्तर्गतको व्यापारलाई व्यवस्थित गर्न तोकिएको मूल्य भन्दा बढी को कारोवार वैकिङ्ग प्रणाली अर्न्तगत गर्ने व्यवस्था मिलाइएको ।
८. स्वदेशी रोजगारी दिनेलाई प्रोत्साहन दिन आयकरतर्फ पनि केही सुविधा दिने व्यवस्था गरिएको ।
९. उपभोक्ताहरुको बृहत्तर हित तथा मुल्य अभिबृद्धि करको संकलनलाई ध्यान दिदै भन्सार महशुलमा समयसापेक्ष सुधार गरिएको छ भने राजस्व परिचालनमा ह्रास आउन नदिन कार्यान्वयनमा जोड दिइने ।
१०.राजश्व प्रशासनको कार्यक्षमतामा गुणात्मक सधुार गर्न विगत बर्षहरु देखि शुरु गरिएका सुधारका कार्यक्रमहरुलाई निरन्तरता दिइएको ।
११. करपाटीको व्यवस्थालाई सुदृढ गर्ने व्यवस्था गरिएको ।
१२. प्रति महिना २ लाखको विक्री हुने व्यवसायीलाई मु.अ.करको दायरा भित्र ल्याउने व्यवस्था गरिएको ।
१३. जागरुक उपभोक्ता कार्यक्रमको अतिरिक्त विक्रेता कार्यक्रम पनि सञ्चालन गरिने ।
१४. राजस्वका दरहरु बढाएर मात्र राजस्व संकलन गर्ने दृष्टिकोण नराखी राजस्व असुल गर्ने कार्यलाई बढी सरलीकरण गर्ने, राजस्व चुहावट रोक्ने तथा सम्बद्ध सबै पक्षको सहभागिता बृद्धि गराउने प्रयास गरिएको ।
१५. अनियमित क्रियाकलाप तथा कारोवारकबाट चुहावट हुने राजस्वलाई नियन्त्रण गर्न तथा राजस्व संकलन बृद्धि ल्याउन निरीक्षण, अनुगमन र अनुसन्धान सम्बन्धी काम कारवाही तीब्रता ल्याइने ।
१६. आर्थिक अध्यादेश एव अन्य प्रचलित कानूनले गरेका विभिन्न व्यवस्थाहरुका बारेमा समयमै सम्बन्धित सबैलाई जानकारी गराउन निजी क्षेत्रको सहभागितामा छलफल, गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गर्ने र संचारका विभिन्न माध्यम मार्फत् प्रचार–प्रसार गर्ने कामलाई प्राथमिकता दिइने ।

## ९.३ स्रोत परिचालनका लागि बांकी अवधिमा गर्नु पर्ने काम

- वैदेशिक ऋण सहयोगमध्ये गरीवी निवारण रणनीति कर्जा अन्तर्गत विश्व बैंकवाट प्राप्त हुनुपर्ने रु. २ अर्व ३९ करोड र सार्वजनिक क्षेत्र सुधार कार्यक्रम अन्तर्गत एशियाली विकास बैंकवाट दोश्रो किस्ता वापत प्राप्त हुने रकमबाट उपयोग गर्ने गरी बजेटमा प्रावधान गरीएको रु. १० करोड ९९ लाख समेत गरी बजेटमा प्रावधान गरीएको रु. २ अर्व ५० करोड यसै आर्थिक वर्षभित्रै प्राप्त गर्ने

सम्भावना एकदमै क्षीण रहेको छ । यी ऋणका रकम प्राप्त नहुदा मात्र पनि रु २ अर्व ५० करोड जतिले अधिविकर्षमा चाप पर्न सक्ने देखिन्छ भने यस अतिरिक्त Non Budgetary निकासा स्वरुप नेपाल आयाल निगममा ऋण लगानी हुन गएको रु. १ अर्व समेतको भार थपिदा लगभग रु. ३ अर्व ५० करोडले अधिविकर्षमा चाप पर्ने देखिन्छ ।

- राजस्व परिचालनको लक्ष्य गत वर्षको असूलीको तुलनामा प्रथम ६ महिनाको असूली उत्साहप्रद नभएकोले बाँकी अवधिमा लक्ष्यानुरुप असूली गर्न निरन्तर अनुगमन र सकृय प्रयासको खाँचो छ । खास गरी २०६२ माघ १ गतेको आर्थिक अध्यादेशद्वारा राजस्व परिचालनको लागि अपनाइएका उपायहरुको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ । संशोधित राजस्व अनुमान लक्ष्यको शतप्रतिशत कायम भएको आधारमा यथास्थितिमा बस्न उपयुक्त हुँदैन ।
- श्री ५ को सरकारको स्रोतवाट व्यहोरेपछि दाताहरुवाट सोधभर्ना लिने रकमको अंश ठूलो रहने गर्दछ । वर्षभरीमा यस्तो स्रोतवाट भएको खर्चमध्ये आर्थिक वर्षको अन्त्यमा सोधभर्ना लिन बाँकी रहने करिव रु. २ अर्व ५० करोड रुपैंयाले श्री ५ को सरकारको स्रोतमा चाप पर्ने देखिन्छ ।
- राशन ठेक्का बन्दोवस्त प्रत्येक वर्षको पुष अगावै हुने गर्दछ । ठेक्का प्रक्रिया प्रतिस्पर्धात्मक हुने व्यवस्था भएपनि प्रत्येक वर्ष यस्तो राशन दर औसतमा बढ्न गै थप निकासा माग हुने गरेको छ र यस सम्वन्धी थप निकासा माग हुन सक्ने संकेत प्राप्त भएका छन् । यसैगरी विभिन्न सरकारी निकायवाट आर्थिक वर्षको बीचमा नयाँ कार्यक्रम थप गरी बजेट माग्ने वा नपुग निकासा माग गरेका छन् । त्यस्तो थप निकासालाई व्यवस्थित गर्नुपर्ने चुनौती रहेको छ ।
- राष्ट्र सेवकहरुले पाई आएको २० प्रतिशत भत्तालाई तलवमा गाभ्दा सोही प्रतिशतले संचय कोष कट्टि रकम र दशैं खर्च वापतको थप रकम प्रवन्ध नभएकोले उक्त रकम आन्तरिक व्यवस्थापन गर्न नसकेमा केही रकम नपुग हुने सम्भावना छ ।
- शाही नेपाली सेनाको थप ७ हजार दरबन्दीको लागि मात्र बजेट विनियोजन भएकोमा थप ३ हजार दरबन्दीको समेत सहमति दिइएकोले यसबाट पर्न जाने थप आर्थिक दायित्वको पनि व्यवस्थापन गर्नु पर्ने भएको छ ।

साधनमाथिको दवाव एकातिर छ भने अर्कोतर्फ घोषित कार्यक्रमहरुको कार्यान्वयनलाई पनि प्राथमिकताका साथ अगाडी लैजानु परेको छ । तसर्थ यी दुवै स्थितिबीच समन्वय कायम गरी चालु वर्षको बजेट कार्यान्वयन गर्न निरन्तर अनुगमन र मूल्याङ्कन गरीरहनु पर्दछ । आगामी केही महिना निरन्तर वस्तुपरक मूल्याङ्कन गरी साधन परिचालनमा दक्षता हासिल गर्न नसकिएमा यस वर्ष बजेट घाटा बढ्न जाने सम्भावना देखिएको छ ।

# १०. सुधार कार्यक्रमहरुको समीक्षा

## १०.१ शासकिय सुधार कार्यक्रम

मूलत सार्वजनिक प्रशासनको क्षेत्रमा निजामती सेवालाई नतिजामुखी, जनमुखी र लैंगिक दृष्टिले संवेदनशील बनाई देशमा दिगो आर्थिक वृद्धि र गरीवी न्यूनीकरण गर्ने जस्ता उद्देश्यले सन् २००१ डिसेम्वरमा श्री ५ को सरकार र एशियाली विकास बैंक बीच शासकिय सुधार कार्यक्रम संचालन सहयोग (ऋण) सम्झौतामा हस्ताक्षर भई कार्यक्रम संचालन भै आएको छ । शासकिय सुधार कार्यक्रमले केवल प्रशासकिय क्षेत्रको मात्र नभई अन्य क्षेत्रमा पनि सुधारको परिकल्पना गरेको छ । सो अन्तर्गत श्री ५ को सरकारले निजामती सेवालाई सुदृढीकरण गर्दै जनतालाई प्रवाह गर्ने सेवा सुविधा सर्वसुलभ बनाउन देहाय वमोजिम उद्देश्यहरु रहेका छन् :

१. सुधार कार्यक्रमलाई गति प्रदान गर्न आन्तरिक सस्थागत क्षमता तथा नेतृत्व विकास गर्ने,
२. निजामती सेवाको कार्यदक्षता अभिवृद्धि गर्ने,
३. सवै निकायहरुमा भ्रष्टाचारलाई घटाउने र सुशासनलाई वढावा दिने,
४. निजामती कर्मचारीहरुको कार्यक्षमता तथा उत्प्रेरणा अभिवृद्धि गर्ने र
५. कार्यक्षमता अभिवृद्धिका लागि सम्बन्धित मन्त्रालयमा उपयुक्त सयन्त्रको विकास गर्ने।

उक्त उद्देश्य परिपूर्तिका लागि श्री ५ को सरकारले विभिन्न १८ वटा क्रियाकलापहरु समेटेर ७३ वटा जिम्मेवार निकाय तोकिएको शासकिय सुधार कार्यक्रम कार्यान्वयन मार्गचित्र (GRP Roadmap) तयार गरी सोही अनुसार कार्य गर्दै आइरहेको छ भने यसको संस्थागत संरचना अन्तर्गत प्रधानमन्त्रीको अध्यक्षतामा "प्रशासन सुधार समन्वय तथा अनुगमन समिति" गठन भएको छ । कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा समन्वयका लागि सामान्य प्रशासन मन्त्रालयमा सहसचिवको संयोजकत्वमा शासकीय सुधार समन्वय इकाई, अर्थ मन्त्रालयमा सहसचिवको संयोजकत्वमा कार्यदक्षता एकाई कृषि तथा सहकारी, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा जनसंख्या, भूमिसुधार तथा व्यवस्था एवं स्थानिय विकास मन्त्रालयमा सहसचिवहरुको संयोजकत्वमा परिवर्तन व्यवस्थापन ईकाइहरु गठन भएका छन् । सो मध्ये भूमिसुधार तथा व्यवस्था र स्थानिय विकास मन्त्रालय पछि थप गरीएका छन् । यस कार्यक्रमका लागि एशियाली विकास बैंकले सरकारलाई उपलव्ध गराउने रकम ३ किस्तामा उपलव्ध गराउने द्विपक्षिय सम्झौता भए अनुसार पहिलो किस्ता उपलव्ध गराई सकेको र दोश्रो तथा तेश्रो किस्ता उपलव्ध गराउन श्री ५ को सरकारले कबोल गरे अनुरुप सुधार गतिविधि संचालन गर्नुपर्ने हुन्छ । शासकिय सुधार कार्यक्रम तथा तिनको हालसम्मको कार्यान्वयनको अवस्थालाई अनुसूची १० मा प्रस्तुत गरीएको छ ।

## १०.२ सार्वजनिक क्षेत्र व्यवस्थापन कार्यक्रम (PSMP)

सार्वजनिक क्षेत्रको सुधार गर्ने श्री ५ को सरकारको नीति अन्तर्गत सार्वजनिक संस्थानहरुको सरकार माथिको अत्याधिक भारलाई कम गर्ने, सार्वजनिक संस्थानहरुको वढ्दो विविध दायित्वलाई कम गर्दै जाने, सरकारको बजेटबाट संचालन हुने आयोजना संख्या घटाउने, राजस्व परिचालनको वृहत् नीति तर्जुमा गर्ने र सो सम्बन्धी कार्यटोलीको सुझाव अनुसार आय कर, मूल्य अभिवृद्धि करको संकलन दायरा वढाउने, छुट घटाउने, राजस्व कार्यालयहरुमा दक्ष कर्मचारी पूर्ति गर्ने, कम्पनी अध्यादेश, सुरक्षित लगानी अध्यादेश, टाट पल्टने अध्यादेश जारी गर्ने, सार्वजनिक संस्थानका संचालक समितिलाई पुनर्गठन गर्ने, सार्वजनिक संस्थानहरुमा कर्मचारी संख्या कम गर्ने, श्रम व्यवस्थापन गर्ने, लेखा परीक्षण गराउने, कृषि विकास बैंक र नेपाल औद्योगिक विकास कर्पोरेशनलाई कार्य योजनाका आधारमा पुनः संरचना गर्ने, ७५०० निजामती कर्मचारी दरवन्दी घटाउने, राजपत्र अनङ्कित तहका खाली पदमा भर्ना नगरी दरवन्दी कटौती गर्ने, स्थानीय निकायमा जाने अनुदानलाई गरीबीमा आधारित फर्मुला अनुसार वांडफाड गर्ने, स्थानीय सरकारको सेवालाई स्थानीय स्वायत्त शासन ऐन २०५५ को प्रावधान अनुसार लागु गर्ने, सरकारी विद्यालयको व्यवस्थापन स्थानीय निकायमा हस्तान्तरण गर्ने, जिल्ला स्तरीय विकास सम्बन्धी कार्यालयहरुलाई जिल्ला विकास समितिसंग उत्तरदायी बनाउने, भ्रष्टाचार

दुरुत्साहन रणनीति लागु गर्ने, राष्ट्रिय लेखा तथा लेखापरीक्षण बोर्ड गठन गर्ने जस्ता सुधारात्मक कदमहरु समेटिएका छन् । उल्लेखित सुधारात्मक कार्यक्रम संचालन गर्न एशियाली विकास बैंकबाट जम्मा अमेरिकी डलर ३५ मिलियन ऋण र DFID को अमेरिकी डलर ८ मिलियनको प्राविधिक अनुदान सहायता प्राप्त हुने गरी १० जुलाई २००३ मा श्री ५ को सरकारसंग वैंकको सम्झौता भएको थियो । सम्झौता भएकै दिन पहिलो किस्ताबापत अमेरिकी डलर २० मिलियन रकम प्राप्त भएकोमा वैंकको रिभ्युमिसनले शर्त अनुसार काम पुरा नभएको टीप्पणी गरेको हुंदा दोश्रो किस्ता रकम फुकुवा भएको छैन । ३० जुन २००५ सम्मको लागि भनी हस्ताक्षर भएको प्रस्तुत कार्यक्रम ३० जुन २००६ सम्मको लागि म्याद थप भएको छ ।

**आयोजनाको प्रगति :**

आयोजना शुरु भए पछि ऋण सहयोगको पहिलो किस्ताको लागि पुरा गर्नु पर्ने प्रायः सबै शर्तहरु पुरा भएका छन् । दशौं योजनाको स्वीकृतिदेखि लिएर विकास आयोजनाको संख्या कम गर्ने, पहिलो प्राथमिकता प्राप्त आयोजनामा बजेट समस्या हुन नदिने, कार्य सम्पादनको आधारमा बजेट निकासा गर्ने जस्ता शर्तहरु पुरा भएका छन् । राजस्व परिचालनको लागि कार्यटोली गठन गर्ने, आन्तरिक राजस्व विभाग अन्तर्गत दक्ष जनशक्ति नियुक्त गर्ने, भन्सार कार्यालयका कामको भार निरुपण गर्ने, जस्ता कार्यहरु सम्पन्न भएका छन् । संस्थान निजीकरण र संस्थान सुदृढीकरण तर्फ कार्य जारी छन् । मन्त्रिपरिषदबाट संस्थान संचालक समितिका सदस्यहरुको पेशागत दक्षता सम्बन्धी मापदण्ड स्वीकृत भएको, संस्थानहरुमा नयां भर्ना रोकिएको, खाली पदका दरवन्दीहरु कटौती हुंदै गएको अवस्था छ । सरकारी विद्यालयहरु समुदायमा हस्तान्तरण हुंदै गएका, स्थानीय निकायमा सरकारी अनुदान वितरण गर्ने आधार निश्चित गरीएको, राजपत्राङ्कित द्वितीय श्रेणी सम्मका कर्मचारीहरुले कानून वमोजिम भर्नु पर्ने सम्पत्ति विवरण भर्ने कामको कार्यान्वयन भएको, लेखा र लेखापरीक्षण वोर्ड गठन भएको, चार्टर्ड एकाउन्टेन्ट ऐनको अधिनमा रही नियमावली तर्जुमा भएका जस्ता प्रगतिहरु उल्लेखनीय छन् । आयोजनाको थप भएको कार्यावधि जुन ३०, २००६ सम्ममा अन्य शर्तहरु पनि पुरा हुने अपेक्षा गरीएको छ ।

# ११. निश्कर्ष

चालु आर्थिक वर्ष २०६२।६३ को बजेटले तय गरेका उद्देश्यहरु हासिल गर्नमा वितेका ६ महिनामा भएका प्रगतिहरुको यथार्थता प्रस्तुत गर्ने र आर्थिक वर्षको बांकी अवधिमा उल्लिखित उद्देश्यहरु हासील गर्न चाल्नुपर्ने थप कदम पहिचान गर्ने उद्देश्यले प्रस्तुत मध्यावधि मूलयाङ्कन प्रतिवेदन तयार गरिएको हो ।

चालु आर्थिक वर्षको प्रथम ६ महिनाको समष्टिगत आर्थिक स्थितिको मूल्यांकन गर्दा प्रक्षेपित आर्थिक वृद्धिदर हासिल हुन नसक्ने संशोधित अनुमान छ । यसमा प्रमुखतः कृषि क्षेत्रको आर्थिक वृद्धिदर घट्नु एवं गैर कृषिक्षेत्रको वृद्धिदर पनि लक्ष्य अनुरुप हुन नसक्नु नै प्रमुख कारण रहेको छ । गत आर्थिक वर्षको प्रथम चार महिनाको तुलनामा यस आर्थिक वर्षको सोही अवधिमा विस्तृत मुद्रा प्रदाय तथा संकुचित मुद्रा प्रदाय दूवैको वृद्धिदरमा विस्तार आएको छ । मुद्रा प्रदायको विस्तारकारी कारक, खुद वैदेशिक सम्पत्ति पनि गत आर्थिक वर्षको प्रथम चार महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा बढ्न गएको पाइयो । यसैगरी, आन्तरीक कर्जा र खासमा पनि निजी क्षेत्रमा जाने आन्तरिक कर्जामा पनि वृद्धि भएको पाइएको छ । यस वर्ष गत वर्षको अर्ध वार्षिक अवधिको तुलनामा मुद्रास्फिर्ति दर भने उच्च रहन गएको छ ।

समीक्षा अवधिमा शोधानान्तर बचत  तर्फ गत आर्थिक वर्षको तुलनामा वृद्धि भएको छ । खासगरी बैंकिङ्ग क्षेत्र मार्फत आउने निजी क्षेत्रको विप्रेषणमा वृद्धिको कारण शोधानान्तर बचत हुन गएको हो । वैदेशिक व्यापारतर्फ भने निर्यातको तुलनामा आयातको वृद्धिदर बढेको कारण व्यापार घाटा उच्च रहेको छ । यद्यपि, निजी क्षेत्रको विप्रेषण र अनुदानमा वृद्धि हुने आधारमा चालु खातामा बचत सृजना हुने तथा समग्र शोधानान्तर स्थिति सन्तोषप्रद रहने र तदनुरुप विदेशी मुद्रा संचितिमा पनि वृद्धि हुने देखिएको छ ।

सार्वजनिक संस्थानहरुको निजीकरण तर्फ समीक्षा अवधिमा लुम्बिनी चिनी कारखाना खारेज गरिएको छ भने अन्य केही संस्थानहरुको सम्पत्ति बेचबिखन एवं निजीकरण प्रकृया शुरु भएको छ । यसैगरी, विगत वर्षहरुदेखि निजीकरण र खारेजीमा रहेका संस्थानहरुको लेखापरीक्षण एवं बांकी दायित्वहरु फरफारक तथा पहिलो चरणमा निजीकरण भएका संस्थानहरुको लिक्वीडेशन कार्य सम्पन्न भएको छ । यसैगरी संस्थान सुधारका लागि विभिन्न संस्थानहरुवाट अनावश्यक दरबन्दी कटौती गरिएका छन् भने संस्थानहरुका संचालक समितिका अध्यक्ष एवं कार्यकारी प्रमुखसंग गरिएका कार्य सम्पादन संम्झौताको मूल्यांकन गर्न थालिएको छ ।

बजेटका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन स्थितिको प्रगति सामान्य खालको छ । यद्यपि, यस वर्ष अर्थ मन्त्रालयमा उक्त नीतिहरुसंग सरोकार राख्ने पदाधिकारीहरु संलग्न गराई बारम्बार अनुगमन र समीक्षा गरिएकोले यस वर्ष नीति कार्यान्वयनमा सरोकारवालाहरुको स्वामित्व (Ownership) बढ्न जाने देखिएको  छ । बजेट कार्यान्वयन तथा खर्चको अर्ध वार्षिक प्रगतिले गत वर्षको सोही अवधिको तुलनामा यस वर्ष खर्च गर्ने क्षमतामा वृद्धि भएको पाइएको छ । वैदेशिक श्रोतबाट खर्च स्रोत प्रवन्ध गरिएको तर उक्त स्रोतबाट रकम भने प्राप्त नभएको अवस्थामा पनि पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुको निकासा श्री ५ को सरकारकै स्रोतबाट पठाउने व्यवस्था गरिएको छ । साधन परिचालनतर्फ समष्टिगत रुपमा यस वर्षको प्रथम ६ महिनाको राजस्व संकलन गर्त वर्षको सोही अवधिको तुलनामा वढी नै भएको भए पनि राजस्व वृद्धिदर भने सन्तोषजनक रहेको छैन । यद्यपि, २०६१ माघ १ गते जारी गरिएको आर्थिक अध्यादेशबाट राजस्व सुधारमा गरिएको नीतिगत परिवर्तनहरुबाट राजस्व असूलीमा सकारात्मक परिवर्तन आउने अपेक्षा छ ।

समीक्षा अवधिमा राजस्व असूली वृद्धिको तुलनामा खर्च वृद्धि अधिक रहेको छ । तसर्थ, साधन परिचालनमा विशेष सतर्कता अपनाउन पर्ने हुन्छ । भएको खर्चको पनि गुणात्मक परिणाम बारे अनुगमन गर्ने उपयुक्त संयन्त्रको अभावमा खर्च र भौतिक प्रगति बीचको अन्तं सम्बन्ध भने आंकलन गर्न कठिन भएको छ । यसैगरी, आर्थिक वर्षको अन्त्यतिर अत्याधिक खर्च हुने प्रवृतिमा सुधार गर्न अख्तियारी पठाउंदै यसमा सजगता अपनाइएको भएता पनि यसमा अड्न भने सकिएको पाइएन । अतः विगत वर्षहरु झै यो वर्ष पनि जेठ–असार महिनामा अधिक खर्च हुने स्थिति छ ।

**बक्स १७ : आर्थिक बर्षको बाँकी अवधिका लागि चाल्नु पर्ने मितव्ययिता सम्बन्धी कदमहरु :**

चालु खर्चमा परेको अत्याधिक चापका कारण खर्च व्यवस्थापनका लागि आर्थिक बर्षको बाँकी अवधिमा मितव्ययीता सम्बन्धी देहाय बमोजिमका थप कदम चाल्नु पर्ने देखिन्छ :

- कुनै पनि निकायबाट श्री ५ को सरकारलाई थप आर्थिक दायित्व पर्ने बिषयमा निर्णय लिनु पूर्व अर्थ मन्त्रालयको पूर्व स्वीकृती लिने व्यवस्था अनिवार्य कार्यान्वयन गर्ने ।
- बजेट विनियोजनमा नपरेको बिषयमा थप निकासा नपठाउने ।
- चालु आर्थिक बर्ष भित्र थप दरबन्दीहरु स्वीकृत नगर्ने ।
- मन्त्री परिषदको निर्णय अनुसार दिइने आथिक सहायता तथा औषधि उपचार सम्बन्धी सहायता वितरण कार्यमा नियन्त्रण गर्ने ।
- चालु आर्थिक बर्षको बाँकी अवधिमा तलब र तलब जस्तै अन्य अनिवार्य दायित्व बाहेक अन्यको हकमा थप निकासा नदिई खर्च नियन्त्रण गर्ने ।
- सुरक्षा निकाय बाहेक अन्य निकायहरुबाट सवारी साधन खरिदमा नियन्त्रण गर्ने ।
- कुटनीतिक प्रयोजन र अर्न्तराष्ट्रिय सम्झौता अर्न्तगतको अवस्था परेमा बाहेक श्री ५ को सरकारको श्रोत र बजेट सहयोग अन्तर्गतको ऋण वा अनुदानबाट अध्ययन अवलोकन तालीम आदिका लागि बैदेशिक भ्रमणमा नपठाउने ।
- आय आर्जन तथा सिप विकास सम्बन्धी तालीम बाहेक अन्य तालीम, गोष्ठी, सेमिनार श्री ५ को सरकारको श्रोत तथा बजेट सहयोग अर्न्तगतको ऋण अनुदानबाट खर्च नगर्ने ।
- सार्वजनिक समारोह आयोजना गर्दा मितव्ययिता अवलम्बन गरी खर्चमा नियन्त्रण गर्ने ।
- जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिहरुले दोश्रो चौमासिक सम्मको निकाशा मध्ये खर्च हुन बाँकी रहेमा खर्च तथा भौतिक प्रगतीको आधारमा मात्र तेश्रो चौमासिक निकासा दिने ।
- अस्थायी तथा आयोजनाका कर्मचारीलाई दिई आएको उपदान तथा औषधी उपचार रकम प्रदान नगर्ने ।
- दोश्रो र तेश्रो प्राथमिकतामा परेका आयोजना तथा कार्यक्रमहरुको अनिवार्य दायित्व बाहेकको तेश्रो चौमासिक निकासा रोक्का गर्ने ।
- चालु आर्थिक बर्षको तलब भत्ता बाहेकको उपभोग खर्च, कार्यालय संचालन सम्बन्धी खर्चमा विनियोजित रकम मध्येको निकासा हुन बाँकी रकम मध्येबाट ५% रकम कट्टा गरी रकम निकासा दिने ।

यसैगरी श्री ५ को सरकारले खासगरी वहुपक्षीय दाताहरुसंग गरेका प्रतिवद्धता अनुरुप कार्य हुन नसक्दा, वैदेशिक सहयोग प्राप्ति उत्साहजनक देखिएन । सार्वजनिक क्षेत्र व्यवस्थापन कार्यक्रम एवं शासकीय सुधार कार्यक्रमको कार्यान्वयन स्थिति सामान्य रहेको छ ।

**समग्र रुपमा हेर्दा चालु आर्थिक वर्षको बांकी अवधिमा निम्न विषयमा विशेष ध्यान पुऱ्याउन पर्ने देखिन्छ :**

- वित्तीय घाटा लक्षित सीमा भन्दा बढि हुन नदिन साधारण प्रशासन खर्चमा तत्काल मितव्ययीता सम्बन्धी उपायहरु अवलम्बन गर्ने
- मुद्रास्फिर्ति दरलाई वाञ्छित सीमा भित्र राख्ने र व्याजदरमा स्थायीत्व ल्याउने दृष्टिकोण लिई मौद्रिक नीति परिचालन गर्नु पर्ने
- घट्दो निर्यात र वढ्दो आयात प्रवतिमा सुधार ल्याउने वातावरण तयार गर्ने
- राजस्व सम्बन्धमा २०६२ माघ १ गतेको साहसिक परिवर्तनको प्रभावकारी कार्यान्वयन गरिनु पर्ने
- विकास खर्च प्रवृतिमा सुधार ल्याउन स्थानीय स्तरमा उपभोक्ता समितिहरुबाट काम गराउने
- अाीर्थक वर्षको अन्त्यमा अत्याधिक खर्च हुने प्रवृतिमा निरुत्साहित गर्न छिटो कार्यक्रम स्वीकृत गर्ने कडा पहल हुनुपर्ने ।